नेपाल उपत्यकाका केही जात्रा

प्रा.डा. वीणा पौड्याल
प्रा.डा. डिल्लीराज शर्मा
प्रा.डा. गोपाल पोखरेल विवश

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल उपत्यकाका केही जात्रा

लेखक

प्रा.डा.वीणा पौड्याल

प्रा.डा.डिल्लीराज शर्मा

प्रा.डा.गोपाल पोखरेल विवश

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल उपत्यकाका केही जात्रा

लेखक	:	प्रा.डा. वीणा पौड्याल प्रा.डा. डिल्लीराज शर्मा प्रा.डा. गोपाल पोखरेल विवश
प्रकाशक	:	नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादी, काठमाडौँ
सर्वाधिकार	:	नेपाल प्रज्ञा–प्रतिष्ठान
संस्करण	:	पहिलो, वि. सं. २०७८ (१,२०० प्रति)
कम्प्युटर सज्जा	:	सीताराम राई
मूल्य	:	रु. २४०।-
मुद्रण	:	प्रज्ञा छापाखाना कमलादी, काठमाडौँ

ISBN : 978-9937-723-83-1

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत्विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौं। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि हामी प्रतिबद्ध छौं । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौं । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौं ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन/अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्व सामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभागहरू छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्। युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ।

वि.सं. २०१४ मा नेपाल साहित्य, कला ऐकेडेमीका रूपमा स्थापित नेपाल ऐकेडेमीले क्रमशः रोयल नेपाल ऐकेडेमी, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र नेपाल प्रज्ञा-प्रतिष्ठान नामबाट भाषा, साहित्य, कला, संस्कृति मूर्त र अमूर्त सम्पदाको विकासमा अध्ययन-अनुसन्धान र प्रकाशन गर्दै आएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तकहरूको माग स्वदेश र विदेशमा रहेको जानकारी गराउन पाउँदा खुसी लागेको छ। विश्वमा पुस्तकालयको इतिहास निकै पुरानो छ। नेपालमा वि.सं. १८६९ भाद्र १५ मा "पुस्तक चिताई तहविल" स्थापना गर्न गीर्वाणयुद्ध विक्रम शाहले जारी गरेको लालमोहरका आधारमा थालनी भएको पुस्तकालयको इतिहासले २०८ वर्ष पार गरिसकेको छ। यस "नेपाल उपत्यकाको केही जात्रा"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षकको यस पुस्तकले पुस्तकालयको शोभा बढाउनका साथै औपचारिक, अनौपचारिक एवम् अनियमित सबै प्रकारका शिक्षालाई सहयोग गर्दछ भन्ने पूर्ण विश्वास छ ।

तनावमुक्त हुन पुस्तक पढ्नु पर्ने सुझाव ना.वि.सो.से विब्लियो थेरापिस्टहरू अर्थात् किताबको सहयोगले मानसिक स्वास्थ्य सन्तुलन राख्न सहयोग गर्नेहरूबिच चलाएको छलफलबाट निस्केको छ । राम्रो पुस्तक पढ्न पाइयो भने, त्यसले हामीलाई ऊर्जा दिन्छ र संसारलाई हेर्ने नयाँ दृष्टिकोण पाउँछौं । तीनजना प्राध्यापकहरूको स्थलगत र पुस्तकालय अध्ययनबाट जन्मिएको यस पुस्तकले नेपालका केही जात्राहरूको बारेमा जान्न मद्दत पुऱ्याउँछ भन्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको अपेक्षा रहेको छ । यस सन्दर्भमा उक्त कृति प्रकाशनका निम्ति अहोरात्र खट्नुहुने विद्वान् लेखकहरू र प्रकाशनसंग सम्बद्ध नेपाल प्रज्ञा-प्रतिष्ठानका कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभागीय मन्तव्य

"नेपाल उपत्यकाका केही जात्रा" शीर्षकको पुस्तक प्रकाशन गर्न पाउँदा हामीले गौरवको अनुभूति गरेका छौं । नेपाल प्रज्ञा-प्रतिष्ठान संस्कृति विभागको योजनाअन्तर्गत त्रिभुवन विश्वविद्यालय प्राध्यापकहरू प्रा.डा. वीणा पौड्याल, प्रा.डा. डिल्लीराज शर्मा र प्रा.डा. गोपाल पोखरेलद्वारा अध्ययन-अनुसन्धान गरी यो पुस्तक प्रकाशनमा ल्याइएको छ ।

नेपालका चाडपर्व, जात्रा बारे जानकारी राख्न खोज्ने देश, विदेशका पाठकहरूलाई यस कृतिले मद्दत गर्ने छ ।

पुस्तक किन पढ्ने ? भन्ने नयाँ संस्कृतिको विकास भइरहेको बेला यस्ता पुस्तकले पाठकलाई एकपल्ट सोच्न बाध्य बनाउँछ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानले नेपाली साहित्य र संस्कृतिका विभिन्न ग्रन्थहरू प्रकाशन गर्दै आएको छ । यसै क्रममा "नेपाल उपत्यकाका केही जात्रा" पनि प्रकाशन गरिएको हो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति डा.विष्णुविभु घिमिरे संस्कृति विभाग प्रमुख हुनुभएका बखत यस कार्यले अहिले पुस्तकार स्वरूप ग्रहण गर्न सफल भएकोमा सन्तोष लागेको छ । यस पुस्तकले सम्बन्धित सबैलाई लाभान्वित तुल्याउने विश्वास व्यक्त गर्दछु ।

कमलादी, काठमाडौं

(डा. जगमान गुरुङ)
उपकुलपति एवम्
प्रमुख
संस्कृति विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखकीय

नेपाल सभ्यता-संस्कृतिको सर्वप्राचीन राष्ट्र हो । नेपाली संस्कृतिका अवयव चाडपर्व, उत्सव, जात्रा, मेला आदि नेपालका राष्ट्रिय सम्पत्ति हुन् । नेपाल विश्वमा असङ्ख्य र अनौठा चाडपर्व-जात्राहरूले रङ्गिएको, विविध सम्पदाले भरिएको र असङ्ख्य देवदेवीहरूको बासस्थल मानिएको अद्‌भुत राष्ट्र हो । मानवपुर्खाको बसोबास र मानवसभ्यताको उद्‌गमस्थल नेपालका अतीतका गौरव वा सांस्कृतिक वैभव भन्नु नै पुर्खाहरूले नासोको रूपमा हामीलाई छोडेर गएका चाडपर्व, उत्सव, जात्राहरू हुन्, जसले युगौँयुगदेखि धार्मिक समन्वय, सहिष्णुताको नीति अवलम्बन गरी जीवनलाई सरल, सुन्दर र रोमाञ्चित बनाइरहेको छ। हाम्रा प्रायः पर्वहरूको नेपाली समाजमा प्रत्यक्ष प्रभाव रहेको, प्रकृतिसँग सामीप्य गाँसिएको र अलौकिक अनुभवबाट राष्ट्रिय भावना जागृत गर्न निःसन्देह सहयोग पुगेकोमा दुईमत रहँदैन । जात्रा-यात्रा-उत्सवहरू, मानवजातिका लागि अभिन्न अङ्गजस्तै भएका छन् भने यिनीहरू पुर्खाले सुम्पिएको समाजको विरासद नै हुन् ।

यसरी असङ्ख्य मात्रामा विद्यमान जात्राहरू एकातिर धार्मिक भावनालाई प्रत्यक्षरूपमा अनुसरण गर्न सहायकसिद्ध छन् भने अर्कोतिर मनोरञ्जनलाई पनि सँगसँगै पछ्याइएको देखिन्छ । यसमा अरू महत्त्वपूर्ण पक्ष त सामाजिक-सांस्कृतिक सद्‌भाव आत्मसात् गर्नु नै हो । यसबाट आपसी सम्बन्धलाई बलियो बनाउँदै प्रत्येक परिवार, टोल र क्षेत्रभित्र बसोबास गर्ने मानवसमुदाय बीचको परस्पर एकतालाई कायम राख्न सहयोग पुगेको महसुस हुन्छ।

नेपालभित्र मनाउँदै आएका जात्राहरूमा देखिन थालेको परिवर्तनबाट पहिलेको अवस्थाको चित्र स्पस्ट नहुन सक्छ। केही जात्रा लोप हुने अवस्थामा रहेबाट हाम्रा सन्ततिको लागि भोलि बाँकी नहुन सक्छ। यसैले यस्ता सांस्कृतिक परम्परालाई कायम राख्नुपर्ने अर्को जिम्मेवारी पनि छ । यसरी सांस्कृतिक सम्पदाभित्रको अमूर्त (Intangible) पक्षलाई आज संसारभरि महत्त्व दिनुको साथै सजिलैसँग बिलाउन सक्ने मानवको सम्पदामा गणना गरिएकोले यसको संरक्षण, संवर्द्धनतर्फ ध्यान केन्द्रित हुनु आवश्यक देखिन्छ।

आज विश्वकै धेरै अमूर्त सम्पदा खतरामा परिरहेका छन्। नेपालका धेरै अमूर्त सम्पदा लोप नै भईसके। हामी सचेत नभएमा अधिकांश नै लोप भएर जाने छन्। सन् २००३ मा युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदा संरक्षण महासन्धि प्रकाशित गऱ्यो । त्यसमा दिइएको परिभाषाले अमूर्त सम्पदालाई चिनाउन सजिलो बनाइदिएको छ। अलिखित परम्पराको खोज, अन्वेषण, अभिमुखीकरण र सम्बर्द्धन गर्दै सन्ततिलाई बुझाउने बाटोको जिम्मेवारी बोध र त्यसको उल्लेख युनेस्कोको महासन्धिमा गरिएको छ (UNESCO:2003)। खतरामा रहेको अमूर्त सम्पदा, प्राकृतिक प्रकोपको मारले पनि सधैँ जोखिममा पर्दछ। २०७२ वैशाख १२ गते नेपालमा आएको भुइँचालोले काठमाडौँका धेरै सांस्कृतिक सम्पदा नष्ट भए। मूर्त सम्पदा ढलेसँगै अमूर्त परम्परा पनि मासिने, लोप हुने डर हुन्छ।

नेपालको राजधानी काठमाडौं उपत्यका असङ्ख्य रङ्गीचङ्गी उत्सव-जात्राहरूको भूखण्ड पनि हो । यहाँ जीवन्त रहेका सयौं जात्राको सूचीबाट केहीलाई छनोट गरी तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक-दुई उपत्यकासंग जोडिएका जिल्लाबाट पनि लिएर यो सङ्गृहित रूप प्रस्तुतिमा आएको हो । काठमाडौं उपत्यकाभित्र नै अझै प्रशस्त उत्सव-जात्रा रहेका छन् । विशेष काठमाडौं उपत्यकाभित्र र केही बाहिर पनि एउटै नामका, एउटै देव-देवीको नामबाट एउटै तिथिमितिमा वा अन्य मितिमा समेत मेला-जात्रा वा धार्मिक क्रियाकलाप सम्पन्न हुन्छन् । भैरव, खड्ग, लाखे, महालक्ष्मी, गणेश, नारायण, नवदुर्गा आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ । यथासम्भव शिघ्रातिशिघ्र अरू पर्व-जात्राको तथा काठमाडौं उपत्यकाबाहिरका क्षेत्रीय, स्थानीय मेला-जात्रा-उत्सवहरूको समेत अध्ययन-लेखन-प्रकाशन गर्नु हामी सबैको कर्तव्य हो । वास्तवमा नेपाली रीतिथिति-संस्कृतिको संरक्षण, संवर्द्धन हामी नेपालीले नै गर्ने हो ।

कुनै पनि पर्व-उत्सव, जात्रा, मेला आदिको उद्भव अर्थात् प्रारम्भ हुनुको पछाडि कुनै न कुनै घटना जोडिएकै हुन्छ । सुरुवात हुनुको कारण खोज्दै जाँदा सांस्कृतिक, धार्मिक, सामाजिक, ऐतिहासिक वा अन्य कुनै पनि विषयसम्बद्ध घटना प्रस्तुत भएको देख्न सकिन्छ । विगतका आफ्नै मातृभूमिका कथ्य, तथ्य, सत्य विषयवस्तुको जानकारी हुनु आवश्यक पनि हो । अतीतका यस्ता परिघटनामाथि अझैं पनि ठुलो समुदायको विश्वास प्रबल रूपमा रहिरहेको छ ।

यो यथार्थ हो, प्रामाणिक सामग्रीहरूको अभाव हुँदाहुँदै पनि **नेपाल उपत्यकाका केही जात्रा** विषयक यो प्रस्तुतिले सभ्यता-संस्कृतिप्रति रुचि राख्ने जो कोहीलाई केही न केही सहयोग पुऱ्याउने छ भन्ने हाम्रो ठहर छ । सङ्कलन-लेखनमा जेजस्ता स्रोतहरूको प्राप्ति भयो आवश्यकता र सान्दर्भिकता हेरेर लिइएको छ । अध्ययन क्रममा अभिलिखित वा कुनै पनि माध्यममा प्रकाशित सामग्री, पत्रपत्रिका तथा वेबसाइट आदिबाट समेत आलेख, फोटो आदि सङ्कलन गरिएको हुँदा सम्बद्ध निकायप्रति धन्यवाद-ज्ञापन गर्दछौं । प्रकृतिमा समेत विश्वव्यापी परिवर्तन भइरहेको आजको अवस्थामा मनवले अङ्गीकार गर्दै आएका सामाजिक, सांस्कृतिक-धार्मिक क्षेत्रमा पनि यसले तीव्र गतिमा प्रभाव पारिरहेको स्पष्ट देख्न सकिन्छ । परिवर्तनबाट सतर्क रहँदै समयसापेक्ष भएर हाम्रा संस्कृति-परम्पराका सार्थक र गरिमामय पक्षलाई आत्मसात् गर्दै अक्षुण्ण राख्नु हामी सबैको दायित्व नै हो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुसन्धान परियोजनाअन्तर्गत नै यो अध्ययन प्रस्तुति आएको हो । यो परियोजना प्रदान गर्नुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति श्री गङ्गाप्रसाद उप्रेतीज्यू तथा उपकुलपति डा.विष्णुविभु घिमिरेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं तथा प्रज्ञा-प्रतिष्ठानका सम्बद्ध विभागीय मित्रहरूको सहयोगलाई पनि हामी बिर्सन सक्तैनौं । त्यसैगरी पुस्तक तयारी गर्ने क्रममा टाइपिङ कार्यमा विशेष भूमिका निर्वाह गर्ने हाल का.म.न.पा.-२६, रानीदेवी मार्गमा ओपनआई डिजिटल फोटो स्टुडियो सञ्चालक बेलकोटगढी-७, नुवाकोट निवासी भोजकुमार (कुमार) लामा तामाङको सहयोगको पनि स्मरण गर्दछौं । लेखन-प्रकाशनमा आउने छुटपुट गल्ती, अशुद्धिमा क्षमाप्रार्थी छौं र सल्लाह, सुझावको निरन्तर अपेक्षा गर्दछौं ।

प्रा.डा. वीणा पौड्याल
प्रा.डा. डिल्लीराज शर्मा
प्रा.डा. गोपाल पोखरेल विवश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

१.	इन्द्रायणी-विष्णुदेवी खट प्रतिष्ठापनः सातगाउँलेजात्रा	१३
२.	चोभार थुम्कोमाथिः आदिनाथजात्रा	१७
३.	वर्षदिनभित्रका दिवङ्गत संस्मरणः गाईजात्रा	२१
४.	जोतेको-रोपेको अभिनयः रोपाइँजात्रा	३१
५.	कीर्तिपुर डाँडामा खटपरिक्रमाः बाघभैरवजात्रा	३३
६.	वैशाख सङ्क्रान्तिको महिमाः टोखा सपनतीर्थजात्रा	३६
७.	सिद्धेश्वर उद्भवः ललितपुर गोदावरी बह्रबर्सेजात्रा-मेला	४०
८.	योगिनीको माइतीघर साँखुः वज्रयोगिनीजात्रा	४५
९.	देशयात्रा, श्रीस्वस्थानी र शालीनदी प्रसङ्गः साँखु माधवनारायणजात्रा	५३
१०.	इन्द्रको तपस्या-संस्मरणः पनौती बाह्रबर्से मकरमेला-जात्रा	६१
११.	चण्डासुर वधः बनेपा चण्डेश्वरीजात्रा	६४
१२.	पिशाच-चतुर्दशीः पाहाँचह्रे-घोडेजात्रा	६८
१३.	खट उत्सव : फर्पिङ हरिशङ्करजात्रा	७१
१४.	बालकुमारी बत्तिसखट : सिन्दूर बर्साउनेजात्रा	७७
१५.	बिस्का-बिसिका-बिस्केटः लिङ्गो, रथ तानातानजात्रा	७९
१६.	बिस्केट सप्ताहः केही गुमनाम जात्रा	८८
१७.	चारसय टोखा, सातसय फेराः टोखा बिस्केटजात्रा	९१
१८.	धामीप्रभावी नुवाकोट भैरवी-सिन्दूरजात्रा	९४
१९.	कहीं नभएको जात्रा हाँडीगाउँ : ब्रह्मा, विष्णु, महेश्वर खटयात्रा	९८
२०.	सुरापान गराई नगर परिक्रमा : भक्तपुर राँगो (खःमेय्) जात्रा	१०१
२१.	बडादसैं नमान्ने खोकना : सि(श्री)काली-सिद्धिकालीजात्रा	१०३
२२.	सुइरोले जिब्रो-छेड्नेः बोडेको अद्भुतजात्रा	१०६
२३.	विश्वसम्पदा स्थल : पशुपतिनाथ क्षेत्रका केही प्रमुख जात्रा	१०९
	पशुपति क्षेत्रको त्रिशूलजात्रा	१०९
	पशुपति क्षेत्रको गङ्गामाईजात्रा	११४
	पशुपति क्षेत्रको गाईजात्रा	१२०
	पशुपति क्षेत्रको खड्गजात्रा	१२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुपति क्षेत्रको रोपाइँजात्रा १२४
पशुपति क्षेत्रको वामन द्वादशीपर्व (उपागो बनेगु:) १२५
पशुपति क्षेत्रको इन्द्रजात्रा १२६
पशुपति क्षेत्रको माधवनारायणजात्रा १२८
२४. विश्वसम्पदा भूमि : चाँगुनारायणभित्रका जात्रा-यात्रा १३२
चाँगुनारायण खटजात्रा १३३
चाँगुनारायण चम्पारोहण (चाँपको फूल चढाउने) यात्रा १३५
चाँगुनारायण महास्नानयात्रा १३७
चाँगुनारायण कलशयात्रा १३९
चाँगुनारायण माधवनारायणयात्रा १४१
चाँगुनारायण वंशगोपालयात्रा १४२
२५. विनाश नहुने अक्षयतृतीया: परशुराम संस्मरण पर्व १४४
२६. मिश्रित संस्कृतिको प्रतीक: ललितपुरको रातो मत्स्येन्द्रनाथजात्रा १४९
यो भोटो कसको हो ? भोटोजात्रा १५६
मत्स्येन्द्रनाथ : बाहबर्से रथयात्रा १६०
मत्स्येन्द्रनाथ जात्राभित्र: जीवित कुमारी १६४
मीननाथ रथयात्रा १६६
२७. देवराज इन्द्रलाई पाता कस्ने : इन्द्रजात्रा १६९
२८. दीपङ्खा यात्रा: उपत्यका परिक्रमा १७६
२९. दसैँको रौनकसँग गाँसिएको खड्गजात्रा (पाया:) १८०
३०. आठदिने महालक्ष्मीजात्रा, लुभू १८४
३१. जैसीदेवलकेन्द्रित कुमार खटजात्रा १८९
३२. घ्याम्पोमा स्वच्छन्दभैरव प्रतिमा: पचलीभैरवजात्रा १९२
३३. पचलीभैरव-देवदेवीगणको बाहबर्से नाच: खड्गसिद्धि १९८
३४. चार भन्ज्याङभित्रका अन्य केही जात्रा: नामावली २००
३५. सन्दर्भ-सामग्री २०२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रायणी-विष्णुदेवी खट प्रतिष्ठापन: सातगाउँलेजात्रा

नेपालमा प्रचलित जात्राहरूमा कुनै जात्रा टोल वडासँग सम्बन्धित रहेका छन् भने कुनै नगर-सहरको साथै गाउँको समूहमा केन्द्रित देखिन्छन्। यसै परिप्रेक्ष्यमा महत्त्वपूर्ण क्षेत्रसँग सम्बन्धित जात्रामा सातगाउँले जात्राको सर्वाधिक महत्त्व रही आएको छ। सातै गाउँलाई एकै समयमा गोलबन्द गरी मनाउने जात्रासूचीमा यो सातगाउँले जात्राको व्यापकता रहेको हो। यसो त सातओटै गाउँमा आ-आफ्नो ठाउँका एक निश्चित समयभित्र आफूले मान्दै आएका देव-देवीहरूका नाममा जात्रा मनाउने गरिन्छ। सबैको केन्द्र एक ठाउँमा जम्मा भई पूजाआजा, प्रार्थना गर्दै हर्षबढाइँसाथ आ-आफ्नो ठाउँमा फर्किने मौलिक अनौठो परम्परा सायदै अरू ठाउँमा देख्न सकिन्छ।

काठमाडौं उपत्यकाको दक्षिणपश्चिम क्षेत्रका टोल-बस्ती प्राय: विभिन्न जात्राहरूबाट रङ्गिएकै हुन्छन्, यसमा सातगाउँलेजात्राको ठुलो प्रसिद्धि रहिआएको छ। स्थानीय नेवारी भाषामा यस जात्रालाई 'न्यगय जात्रा' भनिन्छ। स्थानअनुसार यो जात्रालाई कसैले इन्द्रायणीजात्रा भन्दछन् भने कसैले विष्णुदेवीजात्रा। मार्ग शुक्ल अष्टमीदेखि ३ दिनसम्म मनाइने भए पनि दशमीको दिन भने धुमधामले खटजात्रा गर्ने चलन छ। जात्राको अवसरमा कीर्तिपुरवरिपरिका सातगाउँहरू पनि समावेश हुनाले "सातगाउँलेजात्रा" भनिएको हो। सात गाउँमा कीर्तिपुर, नगाउँ, पाँगा, सतुङ्गल, मच्छेगाउँ, बोसीगाउँ र ल्होखा पर्दछन्। यस अवसरमा कीर्तिपुरमा इन्द्रायणीको जात्रा गरिन्छ, नगाउँमा बालकुमारीको जात्रा हुन्छ भने पाँगा, मच्छेगाउँ, सतुंगलमा वैष्णवी र बोसीगाउँ र ल्होखामा भैरवको जात्रा हुन्छ। यसैले आ-आफ्ना स्थानका देवीदेवतालाई पूजा गरी खटयात्रा गरे तापनि सबैको जमघट विष्णुदेवीमा भई सामूहिक पूजा गर्ने चलन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलो दिन अर्थात् मङ्सिर शुक्ल सप्तमीदेखि यो जात्राको सुरुवात हुन्छ। पहिलो दिनलाई 'न्हुतन' भनिन्छ। यो जात्राको तयारीको अवस्था हो। तर पञ्चमीदेखि नै नगाउँमा भेलुथ्वं (एक प्रकारको जाँड) बनाउने गरिन्छ। सप्तमीको दिन घर लिपपोत गर्ने र ध्वजापताका टाँग्ने कार्य हुन्छ। यसै दिन देवताको मूर्तिलाई सफा गरी ढकियामा राखिन्छ। साँझतिर 'छोयला भू' गरिन्छ। यस अवसरमा आगोमा मासु पोलेर भोज खाइन्छ। यो भोजको सुरुवात हो। यस दिन विष्णुदेवी मन्दिरमा राँगाको बलि दिइन्छ। भनिन्छ, यस दिनदेखि भात खानु हुँदैन। यसै दिनको राति कीर्तिपुरमा सनाः गुठीको वार्षिक पूजा हुने गर्दछ। गुठीको पूजाको अवसरमा गुठियारको पालो फेर्ने, देवता हस्तान्तरण गर्ने गरिन्छ। देवता हस्तान्तरणको कार्यक्रम राति हुन्छ। यसै दिनदेखि विष्णुदेवी मन्दिरमा बत्ती बाल्ने गरिन्छ। यसमा खास गरेर 'आरती गुठी' आयोजक रहेको देखिन्छ।

दोस्रो दिन नगाउँमा रहेको बालकुमारी द्यःछेंमा पूजा हुन्छ। साँझतिर बालकुमारीको मूर्तिलाई खटमा राखी बाजागाजासहित पिंग अर्थात् बालकुमारीको शक्तिपीठमा लैजाने गरिन्छ। त्यहाँ बालकुमारीलाई स्थापना गरिन्छ। यसपछि कालो बोका बलि दिई 'धाल्चा-खाकेगु' गरिन्छ। यसमा पाँच जना पुरुषलाई योगिनीका रूपमा राखी कम्पन गराउने कार्य हुन्छ। पाँच जनालाई नै सेतो फेटा बाँधिन्छ। यस अवसरमा गरिने होम मध्यरातमा गर्नुपर्दछ। पाँच जना व्यक्तिले एक-एकओटा कलश हातमा लिने परम्परा छ। ती कलशभित्र दुध, दही, जाँड, रक्सी र रगत क्रमैले राखिन्छ। यस अवसरमा चर्यागीतसहित कांहा बाजा, नायखीं बाजा बजाउने गरिन्छ। यसैबिचमा व्रत बसेका योगिनीमा कम्पन पनि सुरु हुन्छ। पछितिर धाल्चालाई गुरुजुहरूले खोस्ने गर्दछन्। यसपछि समयबजी खान दिइन्छ। कीर्तिपुरमा भने यस दिन 'मूभू (मूल भोज) गरिन्छ। यस अवसरमा टाढाटाढाका आफन्तहरूलाई बोलाई भोज खुवाउने गरिन्छ (श्रेष्ठ र शर्मा, २०७५: १६०-१६२)।

तेस्रो दिन बालकुमारीको पूजा गर्न मानिसहरूको जमघट रहन्छ भने कीर्तिपुरमा इन्द्रायणीको जात्रा हुन्छ। यस दिन बिहानदेखि इन्द्रायणीको स्थानमा पूजा गरिन्छ। पूजा समाप्त भएपछि खटमा देवीको मूर्ति राखिन्छ र खटलाई बोकेर तानेर लायकुमा ल्याइन्छ। लायकुमा खट आइपुग्दा राजाको प्रतिनिधिले भेडाको बलि दिई पूजा गर्दछन्। यही खटलाई टोलटोलबाट ल्याएको पूजा सामग्री र फूलहरूले सजाउने काम गरिन्छ। द्वारेले काठमाडौँबाट ल्याएको खड्ग समाउछन्। यसपछि मात्र खट जात्राको सुरुवात हुन्छ। कीर्तिपुरका विभिन्न टोलमा उल्लासका साथ खट घुमाएपछि खटलाई धुमधामका साथ इन्द्रायणीमा लगिन्छ। तेस्रो दिन खटलाई विष्णुदेवी पुऱ्याएपछि वल्खुमा सिलन गुठियारहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगोमा होम बलि दिने कार्य गर्दछन्। यस अवसरमा "सर्प, भँगेरा, माछा र भ्यागुताको जोडीसमेत होम गर्ने गरिन्छ। तर परेवाको जोडीलाई भने स्वतन्त्र छोडिन्छ। परेवालाई अग्निमा आहुति नदिएको कुरामा एउटा लोकोक्ति यस प्रकार छ, पहिल्यैदेखि परेवाको होम गरिने स्थान काठमाडौं इन्द्रायणी मन्दिरमा थियो। एक दिन होम गर्ने समयमा एक परेवाको जोडी फुत्केर उडी कीर्तिपुर आएर बस्यो। कीर्तिपुरवासीले यसलाई राम्रो लक्षण मानी इन्द्रायणी स्थानमा गरिने होमको आयोजना गरे। तर परेवालाई आहुति नदिई उडाउने कार्य भएको थियो" (स्थानीय व्यक्तिसँगको कुराकानीमा आधारित)। यसैले इन्द्रायणीमा जस्तो परेवाको होम दिने कार्य यहाँ गरिँदैन।

यसै समयमा बल्खुमा अरू गाउँबाट ल्याइएका खटहरूको पनि जमघट हुने गर्दछ। दिनभर नै गाउँका नाइकेहरूले ती खटलाई पूजा गर्दछन्। यसपछि ल्याइएको खटलाई साँझपख आ-आफ्नो गाउँतिर लैजाने गरिन्छ। यसको भोलिपल्ट जात्राको समाप्ति हुन्छ। यसबेला देवीलाई खटबाट बाहिर ल्याई आफ्नो मूल स्थानमा राखिन्छ। यसको तिन दिनपछि 'पेन्हु विचा' गरिन्छ जसमा गाउँलेहरूको तर्फबाट देवीको पूजा हुन्छ। यो दिन बल्खुस्थित विष्णुदेवी मन्दिरको प्राङ्गण भक्तजनहरूले भरिभराउ हुन्छ।

इन्द्रायणी जात्राको अवसरमा आयोजना गरिने भजन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिपुरमा यसै समयमा मनाउने इन्द्रायणीजात्राको आफ्नै महिमा छ र यस सम्बन्धमा पनि एउटा लोकोक्ति प्रचलित छ। उक्त कथाअनुसार -"कोतभ्फ नामक जङ्गलमा बस्ने राक्षसले कीर्तिपुरवासीलाई धेरै दुःख दिएको हुनाले त्यस राक्षससँग कीर्तिपुरवासीले एउटा सम्झौता गरे, त्यसमा दिनको एकजना मानिस राक्षसको आहाराको लागि पठाउनुपर्ने भयो। एक दिन एक वृद्धाको घरको पालो आयो। पालोमा आहाराको लागि वृद्धाले आफ्नो छोराभन्दा आफैँ जाने निधो गरिन्। बुढीले बाटामा देवी इन्द्रायणीको प्रार्थना गर्दै गइन्। देवीको शक्तिले ती बुढीले राक्षसलाई मार्न समर्थ भइन्।" यसर्थ इन्द्रायणी देवीले कीर्तिपुरवासीलाई संरक्षण गरेकोले उनको सम्मानमा यो जात्रा मनाउन थालिएको हो भनिएको छ (माली, २०७५:१०)। यसैको स्मरणमा उक्त राक्षसलाई खुवाउन जङ्गलमा जाने प्रचलनअनुसार आजसम्म पनि एउटा व्यक्ति इन्द्रायणीको चउरमा गएर रात बिताउने गर्दछन् र भोलिपल्ट खटजात्रासँगै उसको सिन्दूरजात्रा गरी नगर परिक्रमा गरिन्छ। यस सम्बन्धमा अन्य लोकोक्ति पनि रहेका छन्।

इन्द्रायणीजात्राको अवसरमा द्वारेको प्रमुख भूमिका रहन्छ। निजको अनुमति लिएर मात्र रथजात्राको सुरुवात हुन्छ। खटको अगाडि खुकुरी लिएर द्वारे अगिल्तिर लाग्ने गर्दछन्। सबै टोलबाट लोग्ने मानिस-स्वास्नी मानिस ठाँटिएर लायकुमा जम्मा हुने र त्यसपछि प्रत्येक टोल परिक्रमा गर्ने गरिन्छ।

समग्रमा सातगाउँलेजात्राले आपसी सद्भावको भावनालाई अगाडि बढाएको महसुस हुन्छ। यस्तै सद्भावको एउटा उदाहरणको रूपमा पाँगामा हुने सातगाउँले जात्राको अवसरमा बालकुमारी र विष्णुदेवीको खट उठाउन कीर्तिपुरबाट द्वारे पूजा सरिक हुनुलाई लिन सकिन्छ।

सातगाउँलेजात्राको अर्को मौलिक विशेषता यस अवसरमा बौद्ध-तान्त्रिक पद्धतिको पूजालाई पनि समावेश गर्नु देखिन्छ। यसै क्रममा बौद्ध-तान्त्रिकहरूद्वारा सम्पन्न गरिने 'धाल्चा खाकेगु' र 'बलि उपेग' पूजामा भात छर्किने गरिन्छ, जसबाट अदृश्य शक्तिलाई तृप्त गराएको र यसबाट टोलवासीको रक्षा हुने जनविश्वास रहेको छ (श्रेष्ठ र शर्मा, २०७५:१६३-१६४)। आ-आफ्ना गाउँबाट विभिन्न तामझामका साथ खटहरू विष्णुदेवीकहाँ पुऱ्याउने र त्यहाँ पूजा गरिने परम्परा काठमाडौँकै अनौठो छ। पाँचओटा खट खटको आकारमा रहेका हुन्छन् भने दुईओटा खट भैरवको स्वरूप भेलुक्व (ठुलो तामाको घ्याम्पो र त्यसभित्र जाँड भरिएको) लाई मानिन्छ। यस प्रकार विष्णुदेवीमा धुमधामले पूजा सम्पन्न गरी फिर्ता हुने चलन छ।

पाटनको प्रसिद्ध रातो मत्स्येन्द्रनाथ रथजात्राको समयमा रथ जाउलाखेल पुगेपछि एक दिन देवताको पूजा गर्नको लागि सातगाउँलेलाई छुट्याइन्छ। यसै अनुसार सातगाउँबाट पूजा सामग्रीसहित मत्स्येन्द्रनाथको पूजा गरिने प्रचलन छ। यसवाट यो महत्त्वपूर्ण क्षेत्रमा धार्मिक सहभागिता रहेकोमा दुई मत छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोभार थुम्कोमाथि: आदिनाथजात्रा

नेपाल उपत्यकाभित्र रहेका चारओटा लोकेश्वरमध्ये आदिनाथलाई आनन्दादि लोकेश्वरको नामले पनि चिनिन्छ। वंशावलीले क्षितिगर्भको सम्झनामा आनन्दायी लोकेश्वरको पूजा गर्ने पद्धति सुरु भएको उल्लेख गरेको छ (Vaidya, 1986:274)। यस सम्बन्धमा प्रचलित जात्राको कथामा भनिएको छ :- एक पटक कर्कोटक नागकी पत्नीलाई उनले गरेको कर्तुतको फलस्वरूप नन्दगोवा नामक गोठालाले पिट्न पुगे। नागिनीले रिसाउँदै यो घटना पति नागलाई भनिन् र नागले पनि एक दिन साँच्ची नै के भएको रहेछ भनेर बुझ्न आफै चियो बस्न पुगे। त्यसै वेला गोठालाले आफ्नी श्रीमतीलाई सबै विवरण सुनाउँदै गरेको कुरा नागले गोप्य रूपमा सुने। यसमा गल्ती नागिनीकै रहेको नागले पनि थाहा पाए। तर आफ्नी पत्नीलाई चित्त बुझाउन ती गोठालालाई अपहरण गरेर आफ्नो स्थान टौदहमा लगेर राखे। त्यस वेला गोठाला नन्दलाई नाग-नागिनीले जनावरको भाषा सिकाउन थाले। एक दिन यिनै गोठालाले एउटा सालिक नदीमा डुबेको देखी त्यसलाई उठाई हेर्दा लोकेश्वर रहेको रहस्य फेला पऱ्यो। त्यसैले तिनै गोठालाको सूचनाअनुसार पूजा गरी सो सालिकलाई माथि मन्दिरमा स्थापना गरियो र त्यसै वेलादेखि चोभारस्थित आनन्दादि लोकेश्वरको जात्रा सुरु भयो भनिएको छ।

नेपाल चाडपर्व जात्रा, मन्दिर, देवदेवीका प्रतिमाहरूले भरिएको देश हो। यसै क्रममा काठमाडौं उपत्यकाभित्रका असङ्ख्या मन्दिर-जात्राको सूचीमा आदिनाथजात्रा पनि सूचीकृत छ। चोभारको उच्च पहाडी थुम्कोमाथि आदिनाथको मन्दिर छ जहाँ आदिनाथ अर्थात् आनन्दादि लोकेश्वरको मूर्ति स्थापित छ। यिनै लोकेश्वरसम्बद्ध जात्रा यस भेकमा धेरै पहिलेदेखि प्रसिद्ध रहँदै आएको छ। वंशावलीअनुसार राजा शङ्करदेवको समयमा सेतो मत्स्येन्द्रनाथसँगै चोभारको लोकेश्वरको रथ बनाई दुवैलाई संयुक्त रूपमा सहर परिक्रमा गर्ने प्रचलन सुरु भयो। यो रथजात्रा काठमाडौंबाट चोभार ल्याएर समाप्त गरिन्थ्यो। एक वर्ष त्यो रथ बाग्मती र बल्खु खोलाको दोभानमा डुब्यो। देवता रथजात्रा बन्द भयो। बन्द भएको रथजात्रालाई राजा गुणकामदेवले कलिगत संवत् ३८३४ मा 'आदिनाथको रथजात्रा' भनी चलाए। यसबाट यो जात्रा वि.सं.७९० तिर सञ्चालन भएको देखिन्छ। तर यति वेलासम्म लिच्छवि शासन नै चलेको हुनाले यसलाई विश्वासिलो रूपमा लिन सकिँदैन। गुणकामदेवको शासन वि.सं. १०४३ देखि १०४७ सम्म मानिएको छ (वज्राचार्य, २०६४:७)। देवमाला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वंशावलीअनुसार राजा अंशुवर्मले कलिगत संवत् ३४०३ मा स्वप्न भए बमोजिम लोकेश्वरको मूर्ति बनाई चैत्र सुदी ८ देखि स्नान गराई जात्रा चलाएको उल्लेख छ (योगी, २०१३: १०१)। यसमा दिएको संवत् ३४०३ लाई विक्रम संवत्मा गणना गर्दा वि.सं. ४५३ देखिन आउँछ। यसमा पनि ठिक तिथि रहेको कुरामा विश्वास गर्न कठिन छ।

आनन्दादि लोकेश्वरको जात्रा चैत्र शुक्ल अष्टमी र नवमीको दिन हुन्छ। जात्राको लागि भने अगाडिदेखि नै तयारी गर्नुपर्दछ। लोकेश्वरको स्नान र दशकर्म सम्पन्न गर्नुको साथै माटोको कलश बनाउने कार्य आदि तयारी गर्नुपर्ने हुन्छ (स्थानीय रामबहादुर महर्जन, चोभारसँगको कुराकानीमा आधारित)।

जात्राको तयारीको लागि माघशुक्ल पञ्चमीको दिन माटाको पूजा गरिन्छ। पूजा पुरोहित पान्जु र धन्जुद्वारा सम्पन्न हुन्छ। यस पूजापछि मात्र माटो शुद्ध हुने र कलशको लागि उपयुक्त मानिन्छ। माटोको लागि पाटनका च्यासलटोलका कुमालेकहाँ जानुपर्ने परम्परा छ। यसरी माटो पूजा सम्पन्न भएपछि सोही माटोबाट कलश तयार हुन्छ। यसपछि क्रमशः विधिपूर्वक जात्राका कार्यक्रमहरू अगाडि बढ्दै गएको देख्न सकिन्छ।

माटोपूजा अर्थात् कलश तयार भएको केही दिनमा 'पिपूजा' गर्नु पर्दछ। यसमा गणेश, इष्टदेवता र गुह्येश्वरी साधना गरी माटाका पालामा सुपारी राखी निमन्त्रणा गरिन्छ। ती माटाका पालालाई अर्को पालाले छोपिन्छ र त्यसलाई धागोले बाँधिन्छ। यसैसँग अर्को माटोको पाला कलशमाथि राखी लोकेश्वरको आह्वान गरिन्छ।

चैत्र शुक्ल प्रतिपदाको दिन आनन्दादि लोकेश्वरको प्रतिमाबाट जीवन्यास निकालेर कलशमा राखिन्छ। यसपछि मूर्तिलाई स्नान मण्डपमा लैजाने काम हुन्छ। स्नानको लागि वज्राचार्यबाट अभिषेक हुन्छ। यसपछि मूर्तिलाई पाटीमा राखेर पूजापाठ गरिन्छ। यस पूजामा धेरै सङ्ख्यामा भक्तजनहरू सहभागी हुने परम्परा छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूर्तिमा रङ्गरोगन गर्ने कार्य चैत्रशुक्ल द्वितीयाका दिन हुन्छ। यस कार्यमा थसीटोलका नेमकूल (नेकु) संलग्न हुनैपर्दछ। रङ्गरोगन गर्ने कार्यलाई 'लँपुई छायेगु' भनिन्छ। रङ्गरोगनको कार्य सम्पन्न गर्न ६ दिनसम्म लाग्दछ। रङ्गरोगनको कार्य सप्तमीको रातीसम्म समाप्त पार्नु पर्दछ। यसै राती लोकेश्वरको मूर्तिलाई इही मण्डपमा राखिन्छ। राख्दा उनको मुख पश्चिम फर्काउनुपर्दछ। यसै बेला वज्राचार्यले दशकर्म क्रिया गर्दछन्। यसपछि मात्र मूर्तिलाई 'पञ्चबुद्ध मुकुट' पहिराइन्छ। अर्को दिन अर्थात् अष्टमीको दिन बिहानै देवता लिन नख्खु खोला र बाग्मतीको दोभान तीर्थमा जानुपर्दछ। ज्योतिषीको साइतमा थःपा आजुबाट द्रोणपुष्प, दुध, दही, मही खोलामा बगाउने गरिन्छ। यो बगाएको द्रोणपुष्प ग्वाला खलकका गुठियारले आफूले लगेको कलशमा राख्त छन्। कलश दिनभर नख्खु र बागमती सङ्गमनेर निर्माण गरेको पाटीमा राखिन्छ। यहाँ दिनभरजसो पूजा गर्न आउने मानिसको भिड हुन्छ। त्यही पाटीसँगैको स्थानमा कुमारी पूजा पनि गरिन्छ।

यस अवसरमा आदिनाथ भजन खलःले भजन गाउने गर्दछन्। यसपछि स्यावजी खाएपछि भगवान्लाई उठाउने काम हुन्छ। यस अवसरमा बाजागाजाका साथ भव्य रूपमा कलशलाई लिएर गुरुजुहरू अगाडि लाग्दछन्। उनीहरूको पछाडि श्रद्धालुहरूको भिड हुन्छ। बाटामा सेतो कपडा बिछ्याई त्यसै कपडामा कलश समाउने र अरू गुरुजुले पाइला राख्दै अगाडि बढ्दछन्। साथै कुस्ले बाजाको समूहले जात्राको शोभा बढाएको देख्न सकिन्छ। यसमा लोकेश्वरको भजन गाउँदै भजनमण्डली पनि समावेश हुन्छन्। यो दिन कलशलाई बाहिर राखिन्छ।

लोकेश्वरको दशकर्म विधि समाप्त भएपछि अर्को दिन उनको मूर्तिलाई खटमा राखी ३ पटक विहारको परिक्रमा गरिन्छ। यसै बेला मूर्तिलाई विहारको तीन कुनामा रहेको मण्डपमा बिसाइन्छ। यसपछि मूर्ति फेरि उही मण्डपमा राखिन्छ। यसै बेला मन्दिरभित्र प्रवेश गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाजागाजासहित 'छेरावली' पूजा पनि गरिन्छ। यो पूजा खास गरेर भूत मन्छाउन गरिएको हो। साथै यस अवसरमा भक्तजनले पुरोहित, पान्जु, नेकु आदिलाई दान दक्षिणा दिने गरिन्छ। यसपछि मूर्तिलाई नेकुजुहरूले मन्दिरभित्र प्रतिष्ठापित गरेपछि जात्रा सम्पन्न भएको मानिन्छ। जात्रा सकिएको १५ दिनपछि जलविनायकको पूजा (क्वयना पूजा) र कुमारी पूजा पनि गर्नुपर्दछ। यसरी आनन्दादि लोकेश्वरको जात्राले नख्खु र बागमतीको नदीको सङ्गममा बगेको मूर्ति फेला पारेको कथासँग तादात्म्यता राखेको देखिन्छ। यस जात्राको अवसरमा नेवार जातिको अतिरिक्त ब्राह्मण-क्षत्रीहरू पनि समावेश हुने गर्दछन्। यसरी यो जात्रामा सबै जातजाति र विविध धर्म मान्नेहरूको सहभागिता रहेकोले आदिनाथ जात्रा एक अग्रणी जात्राकै रूपमा परिचित छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्षदिनभित्रका दिवङ्गत संस्मरण: गाईजात्रा

काठमाडौँ उपत्यकाभित्रका जात्रासूचीमा भाद्रकृष्ण प्रतिपदामा मनाउने गाईजात्राले आजभोलि राष्ट्रव्यापी रूपमा मान्यता पाएको छ। एकातिर यो जात्राले आफ्ना दिवङ्गत पितृप्रतिको सम्मान देखाएको छ भने अर्कोतिर वर्सौं नैराश्यताको भूमरीमा अल्भिरहेको समाजलाई मनोरञ्जनको माध्यमबाट क्रियाशील बनाउन मद्दत गरेको छ। गाईजात्रामा देखापर्ने पारस्परिक नाचहरू हुन् अथवा धार्मिक दायित्वमाथि गरिएको पितृहरूको सम्मान होस् यसको महत्त्वपूर्ण पक्ष भनेको परापूर्वकालदेखि प्रचलनमा आएको सांस्कृतिक परम्परा हो। यस जात्राको महत्त्वपूर्ण पक्ष भनेको काठमाडौँ उपत्यकाभित्र रहेका प्रत्येक टोल र क्षेत्रहरू तथा उपत्यकाभन्दा बाहिर रहेका सहरमा आ-आफ्नो मान्यताअनुसार केही फरक शैलीमा मनाउनु पनि हो। यसबाट यस जात्राको महत्त्वलाई सबैले स्वाभाविक रूपमा स्वीकार गर्दै आएका छन् भन्ने कुरा स्पष्ट हुन्छ। उदाहरणको लागि काठमाडौँ, पाटन, भक्तपुर, बुङमती, चापागाउँ, साँखु, टोखा आदि क्षेत्रमा गाईजात्राका विविध रूपहरू देखिन्छन्। यसका साथै पोखरा, पाल्पा, डोटी, धनकुटा आदि सहरहरूमा पनि गाईजात्रा विविध विधिविधान साथ धुमधामसँग मनाएको पाइन्छ। यसर्थ ठाउँपिच्छे केही फरकपन रहेको देखिनु स्वाभाविक हो।

गाईजात्राको ऐतिहासिकतालाई पहिल्याउँदै जाँदा मध्यकालको प्रारम्भतिर सजिलैसँग जान सकिन्छ। गोपालराज वंशावलीको पत्र ६१ (ख) मा "सायत कोहनु" शब्द परेको छ (Vajracharya and Malla, 1985:69)। यसलाई विद्वान्हरूले वर्तमान समयमा नेवारीमा प्रयोग हुने शब्द 'सापारु' को पूर्व रूप मानेका छन्। यसका साथै गोपालवंशावली, पद्मपुराण र गरुडपुराणअनुसार यमलोकको ढोका एक वर्षसम्म बन्द भएकोले ढोका कुरेर बसेका मृतात्माहरू यस दिन घुमाइने गाईको सिङले ढोका खुल्छ भन्ने विश्वासका साथ रहेका र सबै मृतात्माले सहज महसुस गरी यमलोकमा प्रवेश पाउँछन् भन्ने धारणा रहेको देखाएको छ (Nepali, 1965: 353-354)। यसबाट मध्यकालमै गाईजात्रा मनाइने प्रचलन रहिसकेको अनुमान हुन्छ।

यस सम्बन्धमा प्रचलित लोककथन एकै रूपको देखिए तापनि प्रचलन गर्ने राजामा कुनैमा जयस्थिति मल्लको पालादेखि सुरू भएको बताइएको छ भने कुनै प्रताप मल्लको समयतिर देखाइएको छ। परम्परालाई आत्मसात गर्दा बिफरको कारणले मृत्यु भएका पुत्रको शोकबाट विह्वल भएकी जयस्थिति मल्लकी रानीको मन बुझाउन राजाले प्रत्येकको घरबाट वर्षदिनभित्र मृत्यु भएका पुरुषहरू भए जोगीको भेष र महिला भए गाईको भेषमा उपास्थित हुने उर्दी जारी गरे। प्रदर्शनमा आउनेहरूले हास्य क्रियाकलापलाई पनि प्रदर्श

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्ने थियो । यस्तो विविध भेषभा देखापर्ने प्रहसनले रानीलाई केही हलुका महसुस भयो र यो प्रचलन पछि जात्राकै रूपमा चल्न थाल्यो (जोशी, २०३९:१००) । यस कथालाई प्रताप मल्लसँग जोडेको प्रसङ्ग पनि पढ्नमा पाइन्छ । कथाअनुसार प्रताप मल्लका छोरा चक्रवर्तेन्द्रमल्लको एक्कासि मृत्यु भएको र पुत्रशोकमा डुबेकी रानीलाई सान्त्वना दिन प्रत्येक मृत्यु हुनेको परिवारबाट प्रहसनसहित प्रदर्शन गर्नुपर्ने राजाको आदेशमुताबिक यो जात्राले लोकप्रियता हासिल गरेको हो भन्ने विश्वास गरिन्छ ।

काठमाडौंमा मनाउने परम्परामा गाईलाई सिँगार गरी सहर परिक्रमा गर्ने प्रचलनको साथै ससाना केटाकेटी तथा युवालाई राम, लक्ष्मण, सीता, हनुमान, कृष्ण, राधाको रूपमा विभिन्न आकर्षक पहिरनमा सहर परिक्रमा गराउने प्रचलन छ । यसको साथै यस अवसरमा रामायण पाठ गर्ने प्रचलन पनि त्यत्तिकै महत्त्वका साथ देख्न सकिन्छ । यसमा मृत व्यक्तिको नाममा रामायणकै शैलीमा उसको गुण र चरित्रसम्बद्ध गाना गाउँदै श्लोकहरू निकालिने प्रचलन छ। यसबाट काठमाडौँमा यसको स्वरूप पाटन र भक्तपुरभन्दा फरक देखिन्छ। यसको साथै काठमाडौँमा र कतिपय अरू ठाउँमा पनि गाईलाई पीत वस्त्र ओढाई घुमाउने पनि गरिन्छ। खास गरेर कुमारी केटीलाई सुन्दर जामा, चोलो, शिरवन्दी, तिखेमाला, तारा, पञ्चरङ्गी चुल्या (चुरा) लगाई सेतो मलमलको पटुका जाँधको दुवैतिरबाट लट्काएर 'बासा लुइकेगु' गरी सहर परिक्रमा गराइन्छ। कुमारी केटा र केटीहरू अगाडि-अगाडि र पछि परिवारजनहरू र वाद्ययन्त्र समूह रहेका हुन्छन् । ससाना केटाकेटीहरूले शिरमा गाईको चित्र कोरिएको कागजको मुकुट पहिरिएका हुन्छन् ।

गाईको महत्त्वलाई सबैले बुझेकै छन् । माथि भनेझैँ गाईको सिङले यमराजको दरबारको ढोका खुल्ने विश्वास गरिन्छ । साथै मानिसको मृत्यु हुँदा वैतरणी नदी पार गर्न गाईको सहयोग पुग्ने विश्वास रहेको छ । मृत आत्मा गाईको पुच्छर समाई पार गर्ने विश्वासका साथ मानिसको मृत्यु भएपछि गाईदान दिने परम्परा लोकप्रिय भएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठमाडौँ उपत्यकाको उत्तरमा अवस्थित पुरानो सहर टोखामा आफ्नै पारम्पारिक शैलीमा गाईजात्रा मनाउने गरिन्छ। टोखाको गाईजात्राको महत्त्वपूर्ण विशेषता यो रहेको छ कि यस अवसरमा गाईलाई जात्रामा समावेश गर्ने प्रचलनको साथै प्रत्येक मृतकका आफन्तहरू सेता लुगासहित आफैँ सरिक हुने गर्दछन्। यस अवसरमा बाजागाजासहित नगरको परिक्रमा गरिन्छ। गाईजात्राको शुभारम्भ हुनु अगावै लाक्षीमा रहेको एउटा गोलो ढुङ्गामाथि एउटा काठमा पेरुङ्गो झुन्ड्याउने र भुइँमा १३ ओटा साना कपडाका पुतलीहरू राखी पूजा गर्ने परम्परा छ। पुजारीवाट त्यसमा फलफूल र धूपबत्ती गरी पूजा सम्पन्न हुन्छ। भनिन्छ, पुतलीहरू घरघरबाट यहाँ ल्याउने गरिन्छ। घरमा राख्दा यसले दुःख दिने हुनाले यसलाई विधिवत् सेलाउने गरिएको हो। गोपालराज वंशावलीमा 'सायात कोन्हु भ्वांपानस थङाव मुलनन्न यो ठंङ मुलकास चोय' वाक्य रहेकोले यो जाईजात्राको समयमा गरिने कार्यमा पुतली उठाउने कार्य पनि त्यस वेला गरिएको प्रमाणित हुन्छ (Vajracharya & Malla, 1985:117)। आजभोलि यसलाई स्थानीय बोलीमा 'भ्यालीचा चुइका वनेव' (पुतली सेलाउने) भनिन्छ। टोखामा यसपछि मात्र गाईजात्रा सुरु भएको मानिन्छ। यहाँ स्मरणीय छ कि गाईजात्राको अवसरमा मृतकका आफन्तहरू स्वयम् सेता लुगासहित उपस्थित भई सहर परिक्रमा गर्दछन्। यस अवसरमा ३६५ ओटा मिठाईका पोका मृतकको परिवारको तर्फबाट बाँड्ने गरिन्छ (व्यक्तिगत अवलोकन)। मिठाईका पोकालाई मृतकको वर्षभरिको खाना रहेको विश्वास गरिन्छ। यसरी अरू स्थानमा जस्तै गाईजात्राको अवसरमा मुखमा पोती कपाल बनाई, लुगा झुम्राहरू जस्तै अनौठो गरी प्रस्तुत हुने चलनले एकातिर सबै हँसीमजाकमा रहेको देखाएको छ भने अर्कोतिर मृतकको सम्झनामा आफन्तहरूको रोदन पनि यहाँ मिश्रित रहेको देख्न सकिन्छ।

कीर्तिपुरमा मनाउने गाईजात्राको अनौठो परम्पराले पनि सबैको ध्यान खिच्न पुग्दछ। कीर्तिपुरको गाईजात्रा हेर्दा यहाँ तीनजना गाईजात्रे र आठजना नर्तक समावेश हुन्छन्। यिनीहरूसँगै बाजागाजाको समूह हुने गर्दछ। यी तीनै जनाको मकुन्डो पनि फरक-फरक देख्न सकिन्छ। यसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रातो, च्याउको जस्तो चाउरी परेको र माछाको थुतुनो जस्तो आकारका हुन्छन्। कसैले बालकको अनुहारको मकुन्डो पनि समावेश गर्दछन्। यिनीहरूले टोल टोलमा घुमी विभिन्न प्रहसन प्रदर्शन गर्दछन्।

गाईको स्थान यो जात्रामा सर्वोपरि रहेको हुन्छ। यसैले गाई सहर परिक्रमाको लागि पठाउँदा मृतकको आत्माले शान्ति पाउने जनविश्वास छ। एकातिर गाईलाई नै परिक्रमा गराउने चलन चलि नै रहेको छ भने अर्कोतिर गाईको प्रतीक मानिसलाई शृङ्गारपटार गरी पठाउने चलन पनि छ। मानिसलाई गाईको भेषमा पठाउँदा छाता पनि ओढाइन्छ। यस अवसरमा बाजाहरूको पनि महत्त्वपूर्ण भूमिका रहन्छ। बाजामा खिं, को चाखिं, पचिका, बाँसुरी, ढोलक र धिमेबाजा रहेका हुन्छन्। गाईको स्वरूपमा सिँगारेर जानेले अनिवार्य रूपमा गाईको चित्रअङ्कित कागजको टोपी लगाएका हुन्छन्। साथै कम्मरमा बाँधेको सेतो कपडाको दुईओटा फुर्का तल झारेर गाईको खुट्टा (चार खुट्टा) को साङ्केतिक रूप दिन खोजेको देखिन्छ। परिवारले मृतकको नाममा झाँकी निकाल्दा कुनै सन्यासीको भेषमा त कुनै कृष्णको स्वरूपसँगै उनकी सहचारिणी रुक्मिणी र सत्यभामा समेत शृङ्गारका साथ समावेश गरिएको देख्न सकिन्छ।

कीर्तिपुरको गाईजात्रामा माथिको परम्पराको साथै पुरुषहरूले महिलाको लुगा लगाएर नाच्नेको सङ्ख्या नौ जोडी रहेको हुन्छ। यी 'तीर्था ख्वापा' (नौ जोडी लुगा लगाएको व्यक्ति) अग्रपङ्क्तिमा लहरै हिँडेका हुन्छन्। प्रायः जुलुससँगै यिनीहरू हिँडेको देख्न सकिन्छ। यसरी यहाँको गाईजात्रामा 'तीर्था ख्वापा' को महत्त्वपूर्ण स्थान छ। यसको साथै अरू भेषधारी मानिसहरू आफ्नै ढङ्गको लुगा जस्तो–जोगी, महादेव, कृष्ण, बौलाहा, नेता आदिको भेषमा अभिनयमा सामेल भएका हुन्छन्।

यी ध्वाक खलकभित्र सीं ख्वापा, म्हुकं ख्वापा, न्यांत्वा ख्वापा, र वापात्या ख्वापाका समूह समावेश भएको देख्न सकिन्छ। यसरी मुख्य मुख्य टोलमा नृत्य प्रहसन-प्रदर्शन गर्दै जाने गरिन्छ। तीर्था मकुन्डो लगाउनेको पटुकाको फेरो समातेर अघिपछि लाग्ने बालिका पनि नगर परिक्रमामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामेल गरिन्छन्। यसलाई किन 'तीर्था' अर्थात् तीर्थ भनियो भन्ने सम्बन्धमा यहाँ तीर्था शब्दले तीर्थ अर्थात् घाटलाई भनेको हो भन्ने अभिमत रहेको छ (श्रेष्ठ, २०७०: २१)। यिनै तीर्थलाई साङ्केतिक रूपमा मुकुटहरूबाट प्रतिनिधित्व गराइएको छ।

भनिएको छ कि मकुन्डो मानिसको बलि दिएर तान्त्रिक पूजा गरी वनाइएको हो। यसैले यो मकुन्डोलाई नाच सकिनासाथ सम्बन्धित घरमा गोप्य रूपमा कसैले नदेख्ने गरी राखिन्छ। गाईजात्राको दिन जसलाई आवश्यकता छ ती व्यक्ति चोखो रही व्रत बसी गणेशको पूजा गर्ने र पुरोहितबाट मोहनी टीका (कालो टीका) लगाएपछि मात्र सो मकुन्डो पहिरिन अनुमति पाउँछन्।

कीर्तिपुरको गाईजात्रा विभिन्न टोल र स्थानमा प्रदर्शन गर्ने गरिन्छ जसमा कुतुभ्mोल, बाहिरी गाउँ, पाउली (पागु टोल), कुतुभ्mोलको कुनामा, कुतुसाःल (मान्नधर टोल), समल ढोकाको अगाडि, देव ढोकाको अगाडि, गाँछें अँध्यारो पाटीअगाडि, लायकु दरबारअगाडि, बाघ भैरव मन्दिर प्राङ्गण, तः ननी चोक, सिंदुवा (सिंह दवु), तजा फल्चा, ल्हो देगल, दे पोखरी पश्चिम, फेरी कुटुभ्mोल पर्दछन्। यसरी जम्मा १६ स्थानमा यो नाच नाचिन्छ। यसैगरी साँखु'मा पनि ८ ओटा टोलहरूमा घुमाई क्रमशः समापन गरिन्छ। यसको साथै भक्तपुरमा र टोखामा पनि आ-आफ्ना टोलहरू परिक्रमा गराइन्छ।



गाईजात्राको समयमा नाच सकेपछि यसै दिन गरिने सडक नाटकको कार्यक्रमले पनि कीर्तिपुरको पृथक् विशेषतालाई इङ्गित गर्दछ। यसलाई नाय्खिं च्वयेकेगु भनिन्छ। नाय्खिं एक बाजा हो खड्गीहरूले बजाउँछन्। बाजासँगै एउटा पुरुषको अभिनयमा र अर्को महिलाको अभिनयमा हुन्छन्। यिनीहरूले टोल टोलमा गई व्यक्तिपिच्छे नाम उच्चारण गरेर उसको बारेमा संवाद सुरु गर्दछन्। यस प्रकारको संवाद प्रहसनसहितको हुन्छ र यो मनोरञ्जनपूर्ण मानिन्छ। साँखुको गाईजात्राको अवसरमा निकालिने वनमान्छे नाचको पनि मौलिक महत्त्व छ। वनमान्छे भेषमा निकाल्दा डोरीले बाँधेको अवस्थामा देखाइने गरिन्छ (Sharma and

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Shrestha, 2016:359)। हिमाली यतीको सम्झनामा यस प्रकारको नाच निकालिने प्रचलन भएको हो भनिन्छ।

धुलिखेलमा पनि गाईजात्रा सम्पन्न गरिने तरिका झन्डै भक्तपुरको जस्तो देखिन्छ। यहाँ लामालामा बाँसका टुप्पामाथि छ्वालीबाट मानव कृति बनाई रङ्गीचङ्गी कपडाले सुसज्जित पार्ने गरिन्छ। यसलाई स्थानीय रूपमा ताःसा भनिन्छ। पहिले मृतकको काजकिरिया गर्ने व्यक्तिले परालको घाँघर र परालकै फेटा लगाउने र उनीहरू चोच्छे टोल र ओटोल टोल बिच परालको पोसाक र लट्ठी विसर्जन गरेर फर्किने यस स्थानको विशेषता रहेको छ। यस अवसरमा एउटा सह्नाई मात्र बजाई सहर परिक्रमा गर्ने गरिन्छ (श्रेष्ठ, २०४३:३८)।

चापागाउँमा पनि गाईजात्राको अवसरमा साया : वनेगु भन्दै गाईसहित मृतकका परिवारले नगर परिक्रमा गर्ने प्रचलन छ। यस अवसरमा त्यहाँ रहेको इखापुखु परिक्रमा गर्ने चलन पनि महत्त्वपूर्ण रहेको छ (मानन्धर, २०५९:५२)।

कीर्तिपुरको देय्पुखु परिसरमा साँझतिर अर्को महत्त्वपूर्ण कार्यक्रम हुन्छ जसमा सहरभित्रका युवाहरू सहभागी हुन्छन् र राँगाको टाउको र खुट्टा लिन पोखरीमा तँछाडमछाड गर्दछन्। यो कार्यक्रममा पूर्वतर्फको क्षेत्र सम्हालेको लाखे र कोटझाको लाखेसहित अन्य टोलीहरू बाघभैरव दक्षिण रहेको देय्पुखुमा सम्मिलित भई सङ्गीत र नृत्यसँगै परिक्रमामा पङ्क्तिबद्ध हुन्छन्। 'थाचिने' गरिएको टोलबाट टोली आएपछि कार्यक्रम सुरु हुन्छ। यस जात्रालाई 'ट्वाना जात्रा' भनिन्छ। माथि भने जस्तै यसमा दुई लाखे सहभागी रहन्छन्, एउटा बाघभैरव मन्दिरको पश्चिम-उत्तरपट्टिको सानो वन (न्याःम्ह सीमा) को कोटझाको लाखे र अर्को पूर्वतर्फको जिफागालको लाखे। लाखेलाई बलि दिएको राँगाको एक/एक ओटा टाउको दिने गरिन्छ। यो दिने क्रममा टोलको व्यक्तिले सो टाउको लिई पोखरीमा हामफाल्छन्, अनि मात्र सो टाउको लिन पर्खिरहेको लाखेलाई दिइन्छ। यसपछि टोल-टोलबाट राँगोको खुट्टा पनि वितरण गरिन्छ। यसपछि गाईजात्राको समाप्ति भएको मानिन्छ। यसै अनुरूपको राँगोको खुट्टा पोखरीमा फाली त्यसलाई पौडेर लिने प्रतिस्पर्धा बोडेमा पनि गाईजात्राकै अवसरमा हुन्छ। यो कार्यक्रम बोडेको लाक्षीटोलमा गरिन्छ (श्रेष्ठ, २०५७:६१)।

यस प्रकार गाईजात्राको उल्लेख गर्दा कसैले यसको आरम्भ राजा जयस्थिति मल्लद्वारा भएको उल्लेख गरेका छन् भने कसैले प्रताप मल्लको पालादेखि सुरू भएको कुरालाई अगाडि सारेका छन्। बौद्ध धर्मावलम्बीहरूका अनुसार बुद्धलाई मार नामक राक्षसले आक्रमण गर्दाको समयलाई इङ्गित गर्दै त्यसैको स्मरणमा मनाइएको हो भनी बताइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। एउटा गाईजात्रापद्धति नामक ठ्यासफूमा भाद्र कृष्ण प्रतिपदाको दिन वृषभलाई उपर्युक्त विधिअनुसार पूजाअर्चना गरी देशपरिक्रमा गराई सायंकालमा भित्र्याउने परम्परा रहेको उल्लेख गरिएको छ। यसैले यस पर्वलाई नेवार भाषामा सायाः भनिनु उपयुक्त मानिन्छ।

विक्रमको पन्ध्रौं शताब्दीमा लेखिएको गोपाल राजवंशावलीमा 'सायत' (अर्थात् गाईजात्रा) को उल्लेख आएको छ (Vajracharya & Mall, 1985:117)। यसै गरी अरू ठ्यासफूहरूमा पनि यस जात्राबारे चर्चा छ। काठमाडौं सम्पन्न गरिने गाईजात्रामा हनुमान ढोकाको प्राङ्गण भएर जानुपर्ने हुन्छ। यसबाट त्यस वर्ष मृत्यु भएका व्यक्तिहरूको गणना गर्ने उद्देश्य रहेको भनाइ पनि छ (वज्राचार्य, २०३३:१६४)।

भक्तपुरमा मनाइने गाईजात्रामा केही फरकपन रहेको देखिन्छ। भक्तपुरमा कालो माटोको बसाहा अर्थात् द्वँसाः बनाई खटमा बोकेर परिक्रमा गराइन्छ। परिक्रमा गर्दा मृतकको घरघरमा बिसाई पूजा गर्ने परम्परा छ। सहरको परिक्रमापश्चात् सो वृषभलाई नदीमा सेलाइन्छ।

अर्को यहाँको मौलिकता भनेको 'डोकचा साः' हो। यसमा डोकोमाथि कपडा बेरी परालको सिङ बाटेर कागजमा लेखिएको गाईको शिरको चित्र टाँसेर बनाइन्छ। डोकचा साः स-साना बालकहरूको सम्झनामा ल्याइने गाईजात्रा हो। बालक दिवङ्गत भए डोकोमा बालकको अर्थात् केटोले पहिरिने खालको कपडा बेरिन्छ। बालिका भए उनले लगाउने खालको लुगाले डोको बेरिन्छ।

गाईजात्राको अवसरमा यहाँ चारओटा लामा बाँसबाट ताहामचा वा ताहाःसा बनाइन्छ र बाँसमाथि कपडा मोडिन्छ। महिलाको मृत्युमा सारी, चोलो, कपडा, खास्टो बेरिन्छ। लोग्नेमान्छे भए धोती, दौरा, सुरुवाल र सेतो खास्टो बेराइन्छ। ताःहासाको सबैभन्दा माथि पनि गाईको शिर बनाई परालबाट सिङ बनाइन्छ। यसमा भैरवनाथ तथा कालीका गरी दुईओटा ताहाःसा बनाउने परम्परा यहाँ देखिन्छ। यो ताहाःसा भैरवनाथको मन्दिरबाट निकालेपछि अरूले निकाल्न निषेध गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तपुरमा गाईजात्राको एक अर्को विशेषता रहेको छ जसलाई स्थानीय भाषामा 'घिंताघिसी' भनिन्छ। धेरै केटाकेटी, युवायुवती, उमेर पाकेका मानिसहरू अनेक किसिमको रङ्ग पोती, लुगा लगाई हातमा विभिन्न ज्यावलहरू लिई घिंतांघिसी नाच्छन् र नगर परिक्रमा गर्दछन्। यस प्रकारको आकर्षक नाच हेर्न उपत्यकालगायत विभिन्न क्षेत्रका मानिस यहाँ एकत्रित हुन्छन्। मुख्य जात्रापछि पनि सात दिनसम्म 'घिन्ताङछिसीताङ' नाच र व्यङ्ग्य गर्ने परम्परा यहाँ रहेको देखिन्छ।

मतया :

गाईजात्राको भोलिपल्ट पाटन सहरमा मनाउने मतया: अर्को यहाँको विरासदपूर्ण जात्रा हो। बौद्ध धर्ममा आधारित जात्राको रूपमा यसलाई मानिन्छ। स्थानीयअनुसार बुद्ध स्वयम्ले तपस्या गर्दा तपस्या भङ्ग गर्न आएको मारको हुलको प्रतीक यस जात्रालाई स्मरणस्वरूप मनाउन थालिएको हो। बौद्धग्रन्थमा यसलाई मारविजय भनी उल्लेख गरिएको छ। यस अवसरमा विविध भेषका पहिरनसहित महिला-पुरुष सहभागी भई सहर परिक्रमा गराइन्छ। यसमा महिलाले पुरुषको पहिरन, बौलाहा जस्तो भेष, जोगीको भेष आदिमा अनुहारमा विभिन्न रङ्ग पोती पाटन सहरका विभिन्न टोलमा परिक्रमा गर्ने र सहभागी सबैले हातमा लट्ठी लिने गरिन्छ। यिनीहरूलाई मारको सैनिक समूहको रूपमा व्याख्या गर्न सकिन्छ। बुद्धले आफ्नो ध्यानमा कत्ति पनि विचलित नभई मारको शक्तिमाथि विजय प्राप्त गरेकोले त्यसैको सम्झनामा यो पर्व मनाउन थालिएको भन्ने बौद्धमार्गीहरूको विश्वास रहेको छ। स्मरणीय छ, पाटनमा मात्र मनाउने यो गरिमामय जात्रा हो। अरू स्थानमा यस प्रकारको जात्रा परम्परा रहेको पाइदैन। यस जात्राको अवसरमा विशेष गरेर पाटन क्षेत्रभित्रका बौद्ध विहार मन्दिर र मूर्तिहरूको प्रदक्षिणा गरी पूजा गर्ने परम्परा रहेको छ।

मतयालाई 'दीपजात्रा' तथा 'नेकुजात्रा' पनि भनिन्छ। यस अवसरमा खास गरेर ललितपुर सहरका चारै कुनामा रहेका मठ-मन्दिर, विहार आदिको प्रदक्षिणा, पूजा गरिन्छ। भनिन्छ, यस अवसरमा पाटनभित्र रहेका करिब एक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजार चार सय तीर्थस्थलको प्रदक्षिणा हुन्छ। यसको नेतृत्व पुजारीले लिने गर्दछन्। बिहानैदेखि सुरु हुने यो जात्रामा महिलाले टोपी र दौरासुरुवाल लगाएर हातमा बत्ती लिएका हुन्छन् भने लोग्नेमानिसहरू कालो दौरासुरुवालमा सजिएर बाँसुरी बजाउन अग्रसर हुन्छन्। जात्रामा सहभागी हुनेहरूलाई स्थानीयले चिसो पेय पदार्थ खुवाउने गर्दछन्। मतया:मा व्यक्तिले आफ्नो जीवनमा एक पटक भए पनि सहभागी हुनुपर्ने परम्परा रहेको स्थानीय व्यक्तिहरूबाट थाहा हुन आउँछ। ने.सं. ७९३ को धर: पौमा मता पूजाको उल्लेख छ। ललितपुर नगरका दश ठाउँबाट क्रमश: पालो-पालो गरेर गो यात्राको सञ्चालन गरिन्छ जुन स्थलहरू हुन् : (क) कोवहाल (ख) सौगल (ग) न: वहिल (घ) मङ्गलबजार (ङ) ज्यावहावही (च) नागवहाल (छ) गावहाल (ज) हौगल (झ) ओकुवहा (ञ) इखालखु (जोशी, २०६०:८८-८९)। यस जात्रामा पाटनका युवा पुस्ताको पनि उल्लेखनीय सहभागिता रहन्छ।

सत्यमोहन जोशीको प्रस्तुतिअनुसार यो जात्राको प्राचीनता लिच्छवि कालसम्म नै पुग्ने जिकिर देखिन्छ। वंशावलीअनुसार राजा बालचन्द्रदेवका छोरा गुणकामदेवले पाटनभित्रका १० टोल र अरू भागहरू जस्तो मङ्गलबजार, चक्रवहिल, ईखाछें, बुवहाल, हौगल, ओकुवहालको वहाल सौगल र नकवहिलका जनतालाई सम्मिलित गरेर यो जात्रा सुरु गरेका हुन्। यसबारे यकिन प्रमाणको आवश्यकता त रहेकै छ तथापि वंशावलीको अनुश्रुतिलाई इन्कार गर्न पनि सकिँदैन। जे होस्, नेपाली संस्कृतिमा बौद्ध धर्मावलम्वीको दृष्टिकोणबाट पनि यसको महत्त्व उच्च रहेकै छ।

यसैले मतया: को अवसरमा गरिने प्रस्तुतीकरणमा छुट्टै विशेषता बोकेको छ भन्दा अत्युक्ति हुँदैन। निश्चित टोलबाट सुरु भई सहरका विभिन्न देवमन्दिर, चैत्य आदि परिक्रमा गरिने भएकोले वर्षेपिच्छे यो जात्रा प्रत्येक टोलबाट पालैपालो आयोजना गरिन्छ। भैंसीको सिङ फुकी हिंड्ने प्रचलनले यसको मृत्युसंस्कारसँगको सम्बन्ध देखाउँछ। यससम्बन्धी विवरणलाई बौद्धग्रन्थहरूमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सविस्तार वर्णन गपिरएको छ (Vaidya, 1986:65-66)। विंसती अवदानमा उल्लिखित कथाअनुसार शशिपट्टनका राजा सिंहकेतु सिकारका अत्यन्त सौखिन थिए। उनी दिनहुँ जसो सिकारमा गई जनावरहरू मारेर खाने गर्दथे। तर यो कुरो रानीलाई पटक्कै मन परेको थिएन। रानी सलखानीले राजा सिंहकेतुको यो आदत छोडाउन भरमग्दुर प्रयास गरिन् तर उनको केही सिप लागेन। समय बित्दै गयो, राजारानी वृद्ध हुँदै गए र एक दिन राजारानीको मृत्यु पनि भयो। राजा पापको भागिदार भएकाले भैँसीको जन्म लिन पुगे भने रानीको धर्मले ब्राह्मण कुलमा जन्म लिई भैँसीको रेखदेख गर्न थालिन्। एकदिन पूर्व जन्मकी रानीले भैँसी चराउदा बोधिसत्त्वको भविष्यवाणी सुनिन्। भर्खरै जन्मिएको भैँसी वास्तवमा उनको पूर्वजन्मको पति अर्थात् सिंहकेतु नै हुन्। भैँसीलाई पहिला जन्मको पापस्वरूप ठुलो भएपछि जङ्गली जनावरले खाइदियो। रानी यो देखी अत्यन्त दुःखित भइन्। यसै अवस्थामा भविष्यवाणी भयो कि "तिमीले चिन्ता लिनु पर्दैन उक्त भैँसीको हाडखोर जम्मा गरेर एउटा-एउटा चैत्य बनाउनू र चैत्यको पूजा गर्दा एउटा सिङ्को जल छर्किने र अर्को सिङ फुकेर प्रदक्षिणा गर्नू।" उनले त्यसैअनुसार गरिन्। ब्राह्मण कन्याले यसरी २१ दिनसम्म पूजा गर्दा त्यो चैत्य रत्नचैत्यको रूपमा परिणत भयो र यस पुण्यले उनको पतिको पूर्वजन्मको पाप पनि मोचन भयो। यस प्रकार त्यस वेलादेखि नै सिङ् फुक्ने र चैत्य घुम्ने परम्परा कायम भएको हो भनिएको छ। यस प्रकार गाईजात्रा काठमाडौँ भित्र रहेका सहरहरूमा एक हप्तासम्म विविध कार्यक्रमका साथ मनाउने गरिन्छ। गाईजात्राको भोलिपल्ट काठमाडौँको देवपत्तनमा खड्गजात्रा गरिन्छ। यसमा २०।३० जना युवाहरूले महिलाले लगाउने चोली-फरिया काँधमा राखेर दुवै हातमा खड्ग लिई दौडँदै, नाच्दै अगाडि बढ्दछन्। कुनै विजय उल्लासको रूपमा यो जात्रा मनाउन सुरु गरिएको हुनुपर्छ भन्ने धेरैको अनुमान छ। गाईजात्राको यस प्रकारको विविधताले हामी सबैलाई यस चाडभित्रको महत्तालाई बुझ्न सजिलो भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जोतेको-रोपेको अभिनयः रोपाइँजात्रा

रोपाइँ-जात्राको रोपाइँसँग सम्बन्धित छ। नेपाल कृषिप्रधान देश रहेको र काठमाडौँ उपत्यका पनि कृषिको लागि प्रसिद्ध रहेकोले मनसुनको सुरुवातसँगै धान रोप्ने चटारो हुन जान्छ। कृषिलाई प्रश्रय दिन तथा तमाम जनतामा कृषि उपार्जनप्रति ध्यान केन्द्रित गर्न यो चाडलाई अङ्गिकार गरेको देखिन्छ। यसैले रोपाइँजात्राले कृषिमा गरिने परिश्रमको शिक्षा दिएको छ। हिलेजात्रालाई पनि रोपाइँ जात्रा पनि भनिन्छ। यस जात्रालाई पूर्ण रूपमा हाँस्य व्यङ्ग्यको रूपमा मनाएको देखिन्छ। जात्राको अवसरमा टोखामा 'नाय्खी च्वयकेगु' गर्ने गरिन्छ। तर कीर्तिपुरमा भने यो कार्यक्रम गाईजात्राकै दिनमा हुन्छ। यसमा वर्षभरिको घटनालाई लिएर व्यङ्ग्य गीतको माध्यमबाट मनोरञ्जन गरिन्छ। यसका साथै रोपाइँको प्रतीक अगाडि-अगाडि गोरु जोतेको अभिनय गर्ने र पछिपछि रोपाईंको शैलीमा हरियो घाँस हातमा लिई रोप्न थालेको अभिनय पनि यसको रमाइलो पक्ष हो। टोखामा हिलेजात्राको सूचना दिनको लागि बाजा बजाएर टोलहरू घुम्ने गरिन्छ। यस अवसरमा गुंला बाजाको अगुवाइमा कनाठ बाजा फुक्ने गरिन्छ। जात्राको अगुवाई गर्ने एक समूहले शरीरमा सेतो जामा, कालो कोट, शिरमा सेतो फेटा धारण गरेका हुन्छन्। यिनीहरू अगाडि-पछाडि गर्दै बाजाको तालमा नाच्ने गर्दछन्। यसपछि मुखमा ध्वाँसो दलेका हलीले कहिले पछाडि, कहिले अगाडि गर्दै गोरुको अभिनय गरेका व्यक्तिलाई धपाउने गर्दछन्। यसैसँग हातमा कोदालो लिएका

मानिसको समूहले खन्ने र सम्याउने अभिनय गर्दछन्। यसको पछिपछि हातमा हरियो घाँस लिएका महिलाको भेषमा धान रोपेको अभिनय हुन्छ। टोखाको लाक्षीटोलबाट सुरु भई विभिन्न टोल घुमेर फेरि लाक्षीमै आई समापन गरिन्छ। यस प्रकार यस अवसरमा देखा पर्ने महत्त्वपूर्ण पक्ष भनेको पहेँलो कपडा लगाएका र शृङ्गार गरेका युवाहरूको समूहले कहिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अगाडि र कहिले पछाडि गीतको तालको आधारमा पाइला चाल्दै नाचेको आकर्षक दृश्य पनि हो। यसैले पनि यो चाड साँच्चि नै मनोरञ्जनपूर्ण देखिन्छ। खास गरेर रोपाइँजात्रालाई सिमसिमे राजा र सुमती रानीको खेतमा रोपाइँ गर्ने झाँकीको प्रस्तुतिको रूपमा लिइएको बताइन्छ।

यसको नाम नै हिलेजात्रा भएकोले गोरु जोतेको तथा रोपाइँ गरेको अभिनय गर्ने कार्य यसको पृथक् पक्ष हो। साँखुमा पनि रोपाइँजात्रा रसिकपूर्ण ढङ्गबाट धुमधामले मनाउने गरेको देखिन्छ। साँखुमा विभिन्न व्यक्तिहरू आआफ्नै शैलीमा प्रस्तुत भएको देख्न सकिन्छ। लोग्ने मानिसहरू महिलाको पोसाकमा र महिला पुरुषको पोसाकमा नाच्ने गर्दछन्। बाजाको तालमा लयबद्ध भई हास्य शैलीमा नाचेको दृश्य मनोरञ्जनात्मक देखिन्छ। यस अवसरमा बाउसे, रोपाहारको अभिनयको साथै पालामा ऐला (रक्सी) खन्याएको दृश्य र बाजाको तालमा रोपाइँको दृश्य आकर्षक रहेको देख्न सकिन्छ।

अझ ठाउँ ठाउँमा हिलो छ्याप्ने, प्रहसन गर्ने, विभिन्न वस्तु र व्यक्तिको अभिनय गरी हँसाउने गरिन्छ। यसैले पनि रोपाइँजात्रालाई पूर्ण रूपमा प्रहसनयुक्त जात्राको रूपमा लिन सकिन्छ। गाईजात्रामा देखिने दिवङ्गतप्रतिको सम्झनाले दुःखित वा मलिन अनुहार देखापरेको अवस्थालाई विर्सेर यो दिन भरपुर आनन्दमयी बनाउने प्रयास सान्दर्भिक लाग्दछ। साथै यस अवसरमा लाखे नाच पनि टोलटोलमा घुमेर नाच्दै रमाइलो गर्ने प्रचलन कतिपय ठाउँमा देख्न सकिन्छ। पशुपति क्षेत्रमा पनि रोपाइँको नक्कल गरेर मनाइने रोपाइँजात्रा सारै भव्य मानिन्छ।

दोलखामा लाखे नाचले ठुलो रौनक थपेको देखिन्छ। यहाँ नाचिने लाखे नाचमा ठुलो र सानो लाखे नाचले यस स्थानलाई उल्लासमय बनाउन मदत गरेको छ भन्दा अत्युक्ति नहोला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कीर्तिपुर डाँडामा खटपरिक्रमाः बाघभैरवजात्रा

कीर्तिपुरमा अवस्थित बाघभैरव मन्दिर विशेष गरी कीर्तिपुरवासीको एक विरासद नै हो। कीर्तिपुर बस्तीको बिचमा पर्ने डिलमा ३ तले भव्य मन्दिर टाढैबाट अवलोकन गर्न सकिन्छ। बाघभैरवको स्थापना कहिले भएको हो भन्ने कुरा यकिन भने हुन सकेको छैन। तर यहाँ रहेका अभिलेखहरूको आधारमा १५ औँ शताब्दीपछि यसको प्रसिद्धि बढेको उल्लेख गरिएको छ। पहिले बाघभैरव मन्दिर रहेको स्थान 'गुदे' को नामबाट प्रसिद्ध रहेको थियो। यसर्थ लिच्छवि कालपछि नै यस क्षेत्रको विकास भएको मान्न सकिन्छ। यसो भए तापनि बाघभैरवको स्थापनासम्बन्धी रोचक जनश्रुतिलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन जान्छ। यस अनुसार धेरै अगाडि बाघभैरव मन्दिर रहेको क्षेत्र जङ्गलले घेरिएको थियो। भेडाबाखा चराउनको लागि केटाकेटीहरू दिनहुँ यहाँ आउने गर्दथे। एक दिन गोठाला गएका केटाकेटीहरू भैँडाबाखा जङ्गलमा छोडिदिई आफू माटाको बाघ बनाई खेल्न मस्त रहे। सो माटोको बाघलाई जिब्रो राख्नको लागि नजिकको जङ्गलमा गई पात लिई फर्कंदा माटाको बाघले आफ्ना भैँडाबाखाहरू खाइसकेको थियो। गोठालाहरूले पछि आफ्ना भैँडाबाखा खोजी गर्दा त्यहाँ रहेको माटोको बाघले मुख रातै बनाई खाएको देख्दा गोठालाहरूले हाम्रा भैँडाबाखा यसैले खाएछ भनी जिब्रो नै नहाली भागेर आए। यसै बाघमा भैरव अवतरण भएकोले भैँडाबाखाहरू सबै खाएको हो भनी त्यसको मूर्ति बनाई बाघभैरव नामकरण दिई पूजा गर्न थालियो। यस प्रकारको कथालाई धेरै वंशावलीमा उल्लेख गरिएको छ। त्यस वेलाका गोठालाहरू नै गोपालीहरू रहेको धेरैको जिकिर छ। जे होस्, यस अनुश्रुतिले बाघभैरवको उत्पत्तिको बारेमा भन्नुपर्दा धेरै अगाडिको अस्तित्वलाई देखाउँछ।

तर बाघभैरवजात्राको सन्दर्भ भने स्रोतअनुसार धेरै पछि आएर मात्र सुरु भएको देखापर्छ। मन्दिरमा बाघभैरवको मूर्ति पितलको छ र यसमा जिब्रो रहेको छैन। यसैलाई मूलदेवताको रूपमा पूजा गरिन्छ। जात्राको लागि भने तामाको पातामा बाघको अनुहार चित्रित गरी खटमा राख्ने गरिन्छ। यसको लागि सानो खट रहेको हुन्छ। जात्राको रौनक भने भाद्र १ गतेको दिन मन्दिरको प्राङ्गणमा धेरै चहलपहल देख्न सकिन्छ। यसै दिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनभरजसो श्रद्धालुहरू मन्दिर परिक्रमा गर्दछन् । यसै अवसरमा बाघभैरव मन्दिरमा विभिन्न समयमा चढाएका गरगहना आदिको हरहिसाब रुजु गर्ने गरिन्छ । साथै गरगहना चढाउने व्यक्ति या व्यक्तिका परिवारका सदस्यलाई ती गहनाहरू केही समयका लागि सरसफाइ गर्न जिम्मा दिने र त्यसपछि साँझपख फिर्ता गरी मन्दिरकै ढुकुटीमा सङ्ग्रह गर्ने परम्परा छ । यसपछि मन्दिरमा पञ्चबलि दिने गरिन्छ । पञ्चबलि दिने कार्य मन्दिरको अगाडि रहेको भागमा हुन्छ । पञ्चबलिको कार्यपछि होम-पूजा सम्पन्न गरिन्छ ।

जात्रा सुरु हुनुअगावै बाघभैरवको स्वरूप अङ्कित गरिएको धातुको पातालाई जात्राको लागि मूल मन्दिरबाट निकाल्ने गरिन्छ । बाजागाजासहित मन्दिरदेखि केही तल रहेको सानो कुण्डमा स्नान गर्न लैजाने गरिन्छ । स्नानक्रिया समाप्त भएपछि कुण्डको अगाडि रहेको खोपामा मूर्तिलाई राखी सिन्दूर र अक्षताले पूजा गरिन्छ । यस अवसरमा सगुन पनि खाने गरिन्छ । यसपछि सो मूर्तिलाई मन्दिर भित्र राखिन्छ । खटयात्रा भने साँझपख सुरु गरिन्छ ।

कीर्तिपुरको एक गरिमाको रूपमा रहेको अग्रपङ्क्तिको जात्रा हो बाघभैरवजात्रा जुन प्रत्येक वर्षको भाद्र महिनाको १ गते मनाइन्छ । भन्ने प्रसङ्ग अगाडि नै आएको छ । यसर्थ विक्रम सम्वत्को हिसाबले मनाउने यो जात्रा काठमाडौं उपत्यकाको स्थानीय जात्रामा सम्भवत: पहिलो हो । यस अवसरमा बाघभैरवको मूर्तिलाई खटमा राखी सहर परिक्रमा गरिन्छ । बाघभैरव मन्दिरको इतिहास धेरै लामो भए पनि यस नामको छुट्टै जात्रा भने पछि आएर मात्र चलेको मानिन्छ । स्थानीय व्यक्तिहरूको भनाई अनुसार पहिले भाद्र महिनाको पहिलो दिनको साँझ बाघभैरव मन्दिरमा गई दीपावली मात्र गर्ने चलन थियो । पछि आएर भाद्र १ गते खटजात्रा गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रचलन भएको हो। यसै अवसरमा बाघभैरवको धातुको सानो मूर्तिलाई खटमा राखेर जात्रा गर्ने प्रचलन सुरु भयो। जात्रामा 'दाफा भजनको साथ महिला, स्थानीय भद्रभलाद्मी, स्कुलका केटाकेटीहरू हातमा बत्ती लिई जात्रामा सम्मिलित भई सहर परिक्रमा गर्दछन्। साँझमा मन्दिरको प्राङ्गणमा महादीप बाल्ने गरिन्छ जसमा धेरै सङ्ख्यामा स्थानीयहरूको जमघट हुन्छ। यस प्रकार मन्दिर परिक्रमाले ठुलो लोकप्रियता पाएको छ। यसो त बाघभैरवलाई इन्द्रायणी जात्राको अवसरमा सम्मिलित गराउने परम्परा पनि छ। अझ १२ वर्षे गथु प्याँखको अवसरमा विभिन्न देवदेवीलाई ठाउँ ठाउँबाट आवाहन गर्दा बाघभैरवलाई बाघभैरव मन्दिरबाट आवाहन गरी ल्याउने प्रचलन छ। यसबाट बाघभैरवलाई पनि अष्टमातृका, गणेश, भैरव आदिको समूहमा सम्मिलित गरेकोले यसको अधिक महत्त्व रहेको देखिन्छ (श्रेष्ठ र शर्मा, २०७५:१७७-१७९)। सम्भवतः कीर्तिपुर समाजमा अधिक प्रभावी अग्रणी जात्राको सूचीमा यसलाई आत्मसात गर्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैशाख सङ्क्रान्तिको महिमा: टोखा सपनतीर्थजात्रा

नेपालभरि नै छरिएका पोखरी, नदीसँगम र कुण्डहरूको धार्मिक मान्यता रहेको स्पष्ट छ। यहाँ सम्पन्न गरिने जलस्नानको परापूर्व कालदेखि नै ठुलो महिमा पनि छ। नदी, पोखरी र तालमा स्नान गरी नजिकै रहेको मन्दिर दर्शन गर्ने प्रचलन प्रत्येक जस्तो महिमाशाली विशेष दिन र धार्मिक पर्वमा सम्पन्न हुन्छ। यसै क्रममा काठमाडौं देखि उत्तरतर्फ अवस्थित सपनतीर्थको पनि स्नान र पूजनको लागि उच्च महत्त्व रहेको छ। खास गरेर विक्रम सम्वत् अनुसारको बैशाख महिनाको १ गते अर्थात् नयाँ-वर्षको दिन यहाँ ठुलो मेला लाग्दछ जसको महत्त्व भनेको स्नान र दर्शन नै हो। नयाँ वर्ष नयाँ कपडा लगाउने, मिठा परिकार खाने, नयाँ कार्य सुरु गर्ने आदि परम्परा मात्र नभई तीर्थस्थलमा स्नान र पूजन गरी धार्मिक पुण्य प्राप्त गर्ने अवसर पनि रहेको यसबाट स्पष्ट हुन्छ।

सपनतीर्थस्थल टोखा बजारदेखि उत्तर-पश्चिम दिशामा पहाडको फेदीमा अवस्थित छ। यहाँ एउटा सानो पोखरी रहेको छ जसलाई 'सपनाको पोखरी' अर्थात् 'सपनतीर्थ' भनिन्छ। मध्यकालिक कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लले रानीपोखरीमा तीर्थहरूको पानी हाल्ने सिलसिलामा यो सपनतीर्थको जल पनि हालेको कुरा एउटा अभिलेखमा परेको छ (योगी, २०१३:१७-१९)। यसले एउटा तीर्थको मान्यता पाएको कुरा यहाँ प्रत्येक नयाँ वर्ष अर्थात् वैशाख १ गते (मेष सङ्क्रान्ति) को दिन मेला लाग्ने परम्पराबाट स्पष्ट हुन्छ। यसलाई कसरी तीर्थको रूप दिइयो भन्ने कुरा थाहा पाउन किंवदन्तीहरू निकै सहयोगी हुने हुँदा यहाँ केहीलाई प्रस्तुत गरिएको छ।

सपनतीर्थ टोखा र यसवरिपरिको महत्त्वपूर्ण मेला-जात्रा हो। वैशाख १ गते बिहानैदेखि नै यहाँ रहेको पोखरीमा तीर्थयात्रीहरूले नुहाउने र नजिकैको महादेव मन्दिरमा दर्शन गर्दछन्। सङ्क्रान्तिको अघिल्लो दिन वाग्मतीको उद्‌गमस्थल वाग्द्वारमा नुहाएर आई यस तीर्थमा सामेल हुनेको सङ्ख्या पनि त्यत्तिकै महत्त्व छ। तीर्थस्थलको महिमा सम्बन्धमा बुढापाकासँग सम्पर्क गर्दा बताइएअनुसार-"धेरै अगाडि यहाँ सत्यवन्त राजाका ७ ओटा छोरी थिए। ती छोरीहरू आफ्नो समय आइपुगेपछि विवाह बन्धनमा बाँधिएर आ-आफ्नो घरजम गरेर बसे। तर कान्छी छोरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यकेशरीले भने एउटा अति नै कुरूप र रोगी व्यक्तिसँग विवाह गर्ने अठोट गरिन्। राजाले पहिले त इन्कार गरे। तर पछि छोरीको इच्छामा उनको केही चलेन। सत्यकेशरी आफ्नो पतिलाई पाटीमा राखी आफू माग्दै गाउँतिर पुग्दथिन् र यही क्रमले जीवन चलेको थियो। त्यो रुग्न अवस्थाको रोगीले एक दिन बाहिरतिर गोठालाहरूले त्यहाँको कुण्डमा फट्याङ्ग्राको खुट्टा निमोटेर पोखरीमा फ्याक्दै गर्दा ती फट्याङ्ग्राहरू जस्ताको तस्तै हिँडेको देखी अचम्म मानी आफू पनि एक पटक सोही कुण्डमा डुबुल्की मार्ने विचार गऱ्यो। यस अनुसार उसले डुबुल्की लगाएर हेर्दा त ऊ नौजवानको रूपमा परिणत भयो। आफ्नो श्रीमान्को यस्तो अवस्था देखेर पत्नी आश्चर्यचकित भइन्। यसपछि त त्यस स्थानको महिमा पनि बढ्न थाल्यो। त्यसै बेलादेखि नै उक्त पोखरीमा नुहाउने जात्रा परम्परा बस्यो। भनिन्छ, उक्त पोखरीमा नुहाउँदा केटाकेटीलगायतका घाउखटिरा तथा शरीरका कुनै पनि अङ्ग बिग्रिएमा निको हुने विश्वास गरिन्छ। अपाङ्गबाट सपाङ्गमा परिणत भएको घटनाको समाचार आउनासाथ राजा, भाइभारदार जाँचबुझ गर्न आइपुगे। घटना सत्य भएको थाहा पाई राजाले टोखानिवासी लगायत वरपरका सबैलाई सपनतीर्थमा नुहाउन लगाई सपाङ्गमा परिणत गरे (जोशी, २०३९:७६-७७)।

अर्को थरी तर यही आधारको किंवदन्तीमा पनि कुनै समयमा एकजना कुष्ठ रोगी आफ्नी पत्नीको साथ टोखा गाउँबाहिर रहन्थे। एक दिन तिनले नजिकैको पोखरीमा नुहाउँदा रोग निर्मूल भएको सपना देखे। सपनामा देखेको कुरा परीक्षण गर्ने सिलसिलामा एक दिन तिनले गोठालाहरू फट्याङ्ग्रासँग खेलिरहेको र एउटा पखेटा चुँडिएको फट्याङ्ग्रा पानीमा खस्नासाथ चम्किलो पखेटा लिई उडेको दृश्य अगाडि पर्न गयो। अझ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वस्त हुन तिनी आफैँले केही फट्याङ्ग्रालाई अङ्गभङ्ग गरी पानीमा चोपले । आश्चर्यजनक रूपमा ती फट्याङ्ग्राको शरीरको विकास भई झन् सुन्दर र स्वस्थ रूपमा परिणत भएको देखे । आफू पनि पोखरीमा डुब्न पुगे । पोखरीबाट निस्किँदा रोग हरण भई पुनर्जन्म पाएको कथा विविध कालखण्डमा निकै प्रचलित भयो । यो स्थलले जनमानसमा आफ्नो अमीट छाप पाऱ्यो । फलस्वरूप आजसम्म पनि मानिसहरू वैशाख १ गते यस तीर्थ स्थानमा ठुलो समूहसाथ भेला भई स्नान गरी पूजाआजा गर्दछन् । टोखास्थित चण्डेश्वरी मन्दिरदेखि पश्चिम रहेको सपनतीर्थनेर रहेको वासुकी नाग चार दिदीबहिनीमध्येकी एउटी रहेको भनाइ पनि छ । अर्को पनि भनाइ छ कि यहाँको पानी केही फोहर भई बस्न अनुकूल नभएकाले यहाँका नागहरू गोसाइँकुण्डतिर गएका थिए ।

सपनतीर्थमा स्नान गर्नुका पछाडि वैज्ञानिक कारण पनि रहेको स्थानीय मानिसहरूको विश्वास रहेको छ । उनीहरूको भनाइअनुसार पोखरीको उत्तरतर्फ फैलिएको पहाड र त्यहाँ रहेको जङ्गलमा धेरै उपयोगी जडीबुटी छन् । यस्ता जडीबुटीहरू दीर्घजीवी हुने खालका पनि रहेकोले यहाँबाट सञ्चित पानी पोखरीमा जम्मा भएको हुँदा मानिसमा हुने घाउ, खटिरा आदि निर्मूल हुन्छ भन्ने धेरैको विश्वास रहेकोले सपनतीर्थको उच्च श्रेष्ठता रहेकोमा सन्देह रहन्न ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिले यहाँ सानो कुण्ड मात्र थियो तर आजभोलि स्थानीय जनताको सहयोगमा र स्नानीय निकायले यहाँ पोखरीको चारैतिर पर्खाल लगाएर नुहाउन मिल्ने सिँढीको निर्माण गरेको छ। पोखरीमा नुहाएर नजिकैको शिव मन्दिरमा दर्शन गर्ने प्रचलन छ। सानो मन्दिरको रूपमा रहेको यो शिवालय आजभोलि सिमेन्टबाट ठुलो आकारमा निर्माण गरिएको छ। मेलाको अवसरमा गीत, भजन गाएर मनोरञ्जनपूर्ण कार्यहरू पनि गर्ने रमाइलो परम्परा रहेको देखिन्छ। यसै दिन टोखा बजारको माथिल्लो खण्डमा मानिसहरूको जमघट भई दोहोरी खेल्ने प्रचलन पनि रहेको छ। यसर्थ धेरै अगाडिदेखि सपनतीर्थको मेला एउटा चाडपर्वकै रूपमा विकास भएको मान्न सकिन्छ। सपनतीर्थमा स्नान-पूजा गरी यसै दिन बिस्केटजात्रा हेरेमा अझै फलदायी हुने जनविश्वास पनि रहेको छ। यसैले टोखाभित्र मनाउने बिस्केटजात्राभित्र यो जात्रा पनि समावेश गरिएको छ। यसबाट यसको रौनक अझ बढेको छ भन्दा अनुपयुक्त नहोला। यसर्थ दिनानुदिन यो तीर्थस्नानको महिमा बढ्दै गएको देखिन्छ। वरिपरिबाट मात्र श्रद्धालुहरू सहभागी नभएर टाढाटाढाबाट पनि स्नानका लागि मानिसहरूको भव्य जमघट हुने गर्दछ। साथै यसै अवसरमा स्थानीय गीत, भजन आदि सुन्न सकिन्छ। गीतको लयमा नाचगान गरी घरतिर फर्किने प्रचलन रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धेश्वर उद्‌भव: ललितपुर गोदावरी बह्रबर्सेजात्रा-मेला

ललितपुर सातदोबाटोबाट करिब १० किलोमिटर दक्षिण-पूर्वमा फुल्चोकी डाँडाको फेदमा रहेको गोदावरी धार्मिक तथा पर्यटकीय ख्याति कमाएको प्रसिद्ध स्थल हो । यस स्थललाई भारतमा अवस्थित गोदावरीभन्दा कम श्रेष्ठता मानिँदैन । अझ १२ वर्षको अवसरमा लाग्ने मेलाले यस क्षेत्रको वैशिष्ट्यता बढाउने काम गरेको छ ।

काठमाडौँ उपत्यकाका शीर्ष स्थानमा रहेका तीर्थस्थलमध्ये गोदावरीको ख्याति पनि कम छैन । गोदावरीको माथि अवस्थित फुलोच्चडाँडा (फुल्चोकी) माईको पनि पृथक् महत्त्व छ । भनिन्छ, राजा विक्रमादित्य दक्षिण दिशाबाट यहाँ आई गोदावरी तीर्थनजिक नीलबुद्ध पर्वत (फुल्चोकी) को फेदीमा रहन पुगेका थिए । राईट वंशावलीमा फूलोच्च पर्वतस्थित वसुन्धरा देवीले सर्वप्रथम गोदावरी कुण्डको माहात्म्यबारे वर्णन गरेको उल्लेख छ (लेभी, २००५:२०४) । गोदावरी मेलाबारेमा ब्रह्मपुराण र नारदपुराणमा वर्णन गरिएको छ । कथा प्रस्तुतिअनुसार गौतम ऋषिसँग अनिकाल परेको वेलामा पनि प्रशस्त मात्रामा अन्नपात र जल विद्यमान भएकाले अरू ऋषिलाई ईर्ष्या लागी अन्नपातलाई नष्ट गर्न खेतीमा गाई चर्न लगाए । यो चाल पाई गौतम ऋषिले कुशको झुप्पाले गाईलाई धपाउन खोज्दा एउटा गाईको मृत्यु भयो । ऋषिमाथि गोहत्याको आरोप लागेपछि पापमोचनका लागि उनी ठाउँ-ठाउँमा पुग्न थाले । उनी अन्तमा शिवको ध्यानमा बस्न पुगे । यसबाट शिव प्रसन्न भई शिवको जटाको जल गाईमाथि छर्किंदा मृतक गाई जीवित भयो । यसमा गाईले ऋषिलाई क्षमा दियो र लोप भयो । शिवको जटाबाट झरेको पानीले गाईलाई पुन:जीवन प्राप्त भएकाले यस स्थानलाई गोदावरी भनिएको हो । शिवको जटाबाट निस्केको जलमा स्नान गरेपछि पापमोचन हुनुका साथै पितृहरूको उद्धार हुने कुरा पनि उल्लेख गरिएको छ । यस्तै कुनै कथामा भगवान् श्रीकृष्णले गोलोकवासिनी गङ्गालाई यहाँ फर्काइदिएको भनाई पनि प्रसिद्ध छ ।

गोदावरीको मेला कहिलेदेखि सुरु भयो भन्ने कुरा यकिन भन्न सकिएको छैन । परम्परालाई नियाल्दा बाह्रबर्षे गोदावरी मेला १७ औँ शताब्दीको अन्तदेखि सुरु भएको मानिन्छ (जोशी, २०५४:२४) । पाटनका राजा महीन्द्रसिंहले गोदावरीकुण्डको नित्य पूजाका लागि १२ रोपनी जग्गा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुठीका रूपमा राखेका थिए। यसबाट मल्लकालमै गोदावरी क्षेत्रको महत्ता बढि सकेको देखिन्छ। पछिका समयमा अर्थात् १९०७ सालको एउटा लालमोहरमा श्री ५ सुरेन्द्रविक्रम शाहकी जेठी महारानीले यहाँ सत्तल बनाई बाह्रबर्षे मेलाको अवसरमा ब्राह्मणलाई दक्षिणा र फकिरलाई भोजन दिलाउनको लागि केही खेत गुठी राखिदिएकाले त्यस वेला यसको महात्म्य उच्च रहेको देखापर्छ (कोईराला, २०५२:८१)।

सूर्य र बृहस्पति सिंह राशिमा रहेको समयमा बाह्रबर्षे मेलाको शुभारम्भ हुन्छ। यसर्थ एक महिनासम्म लाग्ने गोदावरीको १२ बर्षे मेला नेपाल र भारतका हिन्दुका लागि ठुलो महिमाको मेला हो। दक्षिण भारतको नासिकमा रहेको गोदावरी, ललितपुरको गोदावरी र कैलालीको गोदावरीलाई गङ्गाहरूमा निकै पवित्र मान्दै यहाँ मेला लाग्ने परम्परा रहेको हो। अझ तीमध्ये पनि ललितपुरको गोदावरीको १२ बर्षे मेलको महिमा उत्तम मानिएकोले यहाँ लाखौं भक्तजनको अत्याधिक भिडका साथ सहभागिता रहन्छ। प्रत्येक १२ वर्षमा सूर्य र बृहस्पति सिंह राशिमा प्रवेश गरेको बेलामा गोदावरीमा विशेष मेलाले धेरै धर्मभीहरूलाई आकर्षित गरेको छ। यस मेलामा गोदावरी स्नान गर्नाले सम्पूर्ण पाप पखालिन्छ र रोग नाश हुन्छ भन्ने धार्मिक विश्वासले देश विदेशबाट भक्तजनहरू सहभागी हुन आइपुग्छन्। गोदावरी डाँडाको फेदीमा पहाडको खोँचबाट निक्लिएको पानीको मूललाई भित्री कुण्ड, बाहिरी कुण्ड र लामो कुण्ड गरी तीनओटा कुण्डमा जम्मा भई बग्ने व्यवस्था मिलाइएको छ। लामो कुण्डबाट निस्किएको पानी भने गोदावरी नदीको रूपमा बग्ने गर्छ। गोदावरी नदीको उद्गमस्थल भित्री कुण्डमा सिद्धेश्वर महादेवको मूर्तिका साथै त्यहाँ धेरै देवदेवीका मूर्तिहरू रहेका छन्। यसको साथसाथै यसवरपर विभिन्न देवालय र सत्तलहरू निर्माण गरिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल माहात्म्यमा उल्लेख भए अनुसार ललितपुरको गोदावरी अत्यन्त पवित्र भूमि हो। किंवदन्तीअनुसार "प्राचीनकालमा काठमाडौं उपत्यकाको दक्षिण भागमा हिरापुर नाम गरेको रमणीय स्थल थियो। करिव १३ औं शताब्दीतिर गौतम वंशका एक जना बहादुर पुरी नाम गरेका सिद्धले सधैं कामधेनु गाईको दुध चढाई यस हिरापुरमा रहेको सिद्धेश्वर महादेवको सेवा गर्न थाले। एक दिन गाई फुत्केर भागेछ। गाईलाई छेक्दै उनी दौडिएछन्। भिरबाट गाई फर्काउन खोज्दा गाई घिस्रिएर लडेर मरेछ। त्यसपछि पुरीले आफूलाई गोहत्या लागेको सम्झेर प्रायश्चित गर्ने उपाय खोजी गर्दै यत्रतत्र भौंतारिने र विभिन्न तीर्थस्थल धाउन थालेछन्। एक दिन सपनामा भगवान्बाट उनलाई दक्षिण भारतको गोदावरी नदीमा स्नान गरेमा गोहत्याको पापबाट मुक्ति मिल्ने कुरा व्यक्त भएछ। यसैअनुसार पुरी त्यहाँ गएर नित्य स्नान गर्न थाले। त्यसपछि गोदावरी प्रसन्न भएर ती सिद्धलाई तिम्रो भक्ति देखेर आफू प्रसन्न भएको कुरा बताएछन्। साथै उनले "तिमीलगायत अरू मानवको कल्याणको लागि अब म तिम्रो आश्रमनजिकै सिद्धेश्वर महादेव भएर म निस्कने छु" भन्ने भविष्यबाणीसमेत गरेछन्। त्यसैले अबदेखि तिमीले त्यहीं स्नान गर्नू र अरूलाई पनि यो सन्देश बाँड्नू, तिम्रो पाप नष्ट हुने छ। यदि तिमीले यो कुरा नपत्याएमा तिम्रो खराउ, चिम्टा र कमण्डलु यहीं छाडेर जाऊ, म जहाँबाट उत्पन्न हुने छु त्यहाँ तिम्रो खराउ, चिम्टा र कमण्डलु पनि निक्लने छ भनी उनले भनेछन्। अर्को अनुश्रुतिअनुसार उपत्यकामा शासन गर्ने सोमवंशी राजा निमिषको पालामा एकजना गोदावरीको भक्त भएकाले दैनिक गोदावरी स्नान गर्न जाने गर्थे। तर उनको मृगचर्य र माला त्यहाँबाट बग्दै यहाँ देखापर्न आएकाले उनकै पालादेखि नै यहाँको महत्त्व रहेको हो भनिन्छ (लेभी, २००५:२०४)।

यस प्रकारको अनुश्रुति कुन समयदेखि प्रचलित भएको भन्ने कुनै निश्चित प्रमाण छैन। तथापि बहादुर पुरीबाट यसको महत्ताको चर्चा फैलन थाल्यो। उनको समयलाई सोह्रौं सताब्दीतिर भनिएको छ (कोइराला, २०५२:७९)। यसैले शिवले यस भूमिमा तपस्या गरेको प्रसङ्ग पनि यस सन्दर्भमा उल्लेखनीय छ।

भनिन्छ, गोदावरीको आदेशलाई ग्रहण गर्दै बहादुर पुरी खुसी भएर आफ्नो आश्रम फर्के। केही दिनपछि जव सूर्य र बृहस्पति एकै पटक सिंह राशिमा प्रवेश हुँदा त्यसै बेला ठुलो मेघगर्जन भएझैं भयो र जमिन नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हल्लियो। के भयो भनेर बहादुर पुरी आफ्नो आश्रमबाट बाहिर निक्लिएर हेरे। आश्रमअगाडि सिद्धेश्वर महादेवको छेउमा जमिन फाटेर ठुलो पानीको मूल फुटेको देखे। एकछिनपछि त उनले भारतको नासिकमा रहेको गोदावरीमा छोडेको खराउ, कमण्डलु र चिम्टा त्यहीँबाट फुत्त निस्किन पुग्यो। त्यसपछि उनले "हरहर गोदावरी" भनेर त्यहीँ स्नान गर्न थाले र यो घटना हिरापुर गाउँका सबै बासिन्दालाई थाहा हुन गयो। त्यसपछि त्यहाँ स्नान गर्नेहरूको मेला लाग्न थाल्यो। त्यही बेलादेखि नै सूर्य र बृहस्पति सिंह राशिमा भएको बेलामा गोदावरीको १२ बर्से मेला लाग्न थाल्यो। भनिन्छ, गोदावरी नदी बग्न थालेपछि ललितपुरवासीलाई खान र सिँचाइको लागि पानी मिल्यो। त्योभन्दा अघि ललितपुरमा पानीको अभाव थियो।

गोदावरी कुण्डनजिक रहेको वि.सं. ८१९ को शिलालेखअनुसार पाटनका राजा योगनरेन्द्रमल्लले गोदावरीको भौतिक विकासमा सहयोग गरेको वर्णन छ। त्यसपछिका राजा योगप्रकाशले पनि गोदावरी मेलालाई व्यवस्थित गर्न सहयोग गरेको देखिन्छ। काभ्रेको पनौती र गोदावरीको यो मेला ठिक ६ वर्षको अन्तरालमा हुने गरेको छ। १२ बर्से मेला लाग्ने भएकाले गोदावरी तीर्थमा बेला बेलामा विभिन्न व्यक्तिको प्रयासस्वरूप विभिन्न भौतिक पूर्वाधार निर्माण भएका देखिन्छन्। गोदावरीको मूल फुटेको ठाउँवरपर भूक्षय नहोस् भनेर हाल पर्खाल लगाइएको छ। मूलबाट आएको पानीलाई जम्मा गर्न कुण्ड बनाइएको छ। त्यो कुण्डलाई भित्री कुण्ड भनिन्छ भने त्यसको बाहिर ठुलो बाहिरी कुण्ड बनाइएको छ। भित्री कुण्डको पानी बाहिरी कुण्डमा पाँचओटा ढुङ्गे धाराबाट झर्ने गर्छ। त्यो कुण्डको पानी पनि अझ बाहिर गएर एउटा लामो र ठुलो पोखरीमा जम्मा हुन्छ। यस लाम्चो आकारको पोखरीमा डुङ्गा सयर गर्न सकिने व्यवस्था पनि मिलाइएको छ। त्यो कुण्डबाट बाहिर निस्किएको पानी गोदावरी नदी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएर बगेको छ। श्रद्धालु भक्तजनका लागि भने बाहिरी कुण्डको पञ्चधारामा नुहाउने व्यवस्था मिलाइएको छ। कुण्डको उत्तरतर्फ डिलमा जलेश्वर महादेवको लिङ्ग प्रति ठापित छ।

गोदावरी नदी र महर्षि गौतमको सम्बन्धका बारेमा धेरै ग्रन्थमा व्याख्या गरिएको छ। भनिन्छ, महर्षि गौतमले यहाँ तपस्या गरेर धेरै समय व्यतीत गरे। धेरै पुराणमा गौतमको कुटी गोदावरी नदीकिनारमा रहेको उल्लेख छ। देवी भागवतका अनुसार प्राचीनकालको गोदावरी नदीको नाम पनि महर्षि गौतमसँग जोडिएको छ। गोदावरी नदी प्राचीन मिथिलानजिक पर्ने मिथिला उपवन हुँदै बग्दथ्यो। यो नदी र गङ्गा नदी प्राचीनकालमा करिब सँगसँगै भएर बग्ने गर्दथे।

गोदावरीको अर्को पृथक् विशेषता भनेको यहाँको जैविक र वनस्पतिका विविधता हुन्। यस दृष्टिले पनि यो क्षेत्र विश्वकै अनुपम क्षेत्र मानिन्छ। यससँगै रमणीय प्राकृतिक, स्वच्छ जलवायु र सुन्दरता यहाँका आकर्षण हुन्। यहाँ रहेको वनस्पति उद्यानमा बनाइएको हरितगृहभित्र अनेकौं खालका फूलका बिरुवा रहेका छन्। गोदावरी कुण्ड र नौधारा मन्दिर यहाँका थप विशेषता हुन्। सधैँ पानी बग्ने नौधारा देवीको मन्दिरमा हरेक शनिवार र बिहीबार भक्तजनको भिड लाग्ने गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगिनीको माइतीघर साँखु: वज्रयोगिनीजात्रा

काठमाडौँ देखि करिव १८ कि.मि. उत्तर-पूर्वमा अवस्थित साँखु एक प्राचीन विरासद बोकेको सहर हो। लिच्छवि कालदेखि नै उच्च महिमाशाली रहेको यो सहर अतीतमा नेपाल-तिव्वत व्यापारको केन्द्रको रूपमा विकसित थियो। तर योजनाबद्ध सहरका रूपमा विकसित भएको चाहिं मध्यकालदेखि हो। उपत्यकाकै एक अग्रणी मान्यदेवी वज्रयोगिनीको स्थापना भने लिच्छविकालको प्रारम्भतिर नै भएको अनुमान छ। साँखुको ठिक उत्तरको भिरालो पाखामा देवीको प्रतिमासाथ भव्य मन्दिर अवस्थित छ। यिनै देवीको हिन्दु, बौद्ध सबैले समान रूपमा अत्यन्त श्रद्धा गर्दै आएको हुनाले उनको प्रसिद्धि प्राचीनदेखि आजसम्म पनि ज्युँकात्युँ छ।

वज्रयोगिनीलाई साँखुवासीको मूल संरक्षक मानिन्छ। यसैले यिनलाई सम्बोधन गर्दा 'माई' शब्दको प्रयोग गरिन्छ। तर बोलीचालीको रूपमा तथा जात्रा अवधिमा देवीलाई साँखुकी छोरी, योगेश्वरलाई ज्वाइँ र सिंहिनी-व्याघ्रिनीलाई केटाकेटी मान्ने गरिन्छ। राइट वंशावलीले यहाँको रथ जात्राको सुरुवात सूर्य मल्लले गरेको उल्लेख गरेको छ (Wright, 1993:203)। भाषा वंशावलीले पनि वज्रयोगिनी, योगेश्वर, महाकाल, भैरव, सिंहिनी, व्याघ्रिनीका रथयात्रा राजा सूर्य मल्लले नै चलाएको उल्लेख गरेको छ (लम्साल,२०२३:५६)। यसबाट साँखुमा वज्रयोगिनीको जात्रा प्रारम्भ गर्ने श्रेय सूर्यमल्ललाई नै जान्छ। उनी यहाँ ६ वर्षसम्म बसेर जात्रा चलाएको विवरण पनि वंशावलीकारले उल्लेख गरेका छन्। तर यी पूर्णरूपेण प्रामाणिक सामग्री भने होइनन्।

वज्रयोगिनीको जात्रा चैत्र शुक्ल पूर्णिमाको दिनदेखि ८ दिनसम्म मनाइने भए तापनि जात्राको सुरुवात भने अगाडिदेखि नै हुन्छ। चैत्रशुक्ल पूर्णिमाको ८ दिनअगावै प्रत्येक टोलमा माईको जात्रा सुरु हुने सूचना दिइन्छ। साथै माई आफ्नो स्थानमा फर्किसकेपछि पनि विभिन्न पूजाआजा आदि कार्य सम्पन्न गरिन्छ। जात्राकै अवसरमा विवाह भएर बाहिर गएका छोरीचेलीहरूलाई निमन्त्रणा पठाइन्छ। साथै कामको सिलसिलामा सहर, देश छोडी बाहिर गएका व्यक्तिहरू पनि जात्राका लागि उपस्थित हुने प्रचलन छ।

वज्रयोगिनीलाई विभिन्न नामले पुकारिन्छ। यिनलाई हिन्दु अवधारणाअनुसार नीलतारा-सरस्वती भन्ने पनि गरिन्छ भने बौद्ध-धर्मानुसार एकजटी माई' को संज्ञा पनि दिइएको छ। यसैले हिन्दु-बौद्ध परम्पराको मिश्रण यहाँ सजिलै देख्न सकिन्छ भन्दा अत्युक्ति हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्राको विशेषतामा यहाँ चैत्यलाई पनि खटमा राखेर घुमाइन्छ। यसलाई स्थानीयले जोगेश्वर वा 'चिभाः' को नामले सम्बोधन गर्दछन्। यसैगरी सिंहिनी, व्याघ्रिनीको पनि अलग-अलग खट रहेको हुन्छ। तर तुलनात्मक रूपले माई र जोगेश्वरका खट केही ठुला र भव्य देखिन्छन्। जात्राको लागि पित्तलबाट निर्मित मूर्तिलाई आसनमा राखी खुला खटमा बोकेर परिक्रमा गराइन्छ। यसका लागि धेरै मानिसको सहभागिता आवश्यक हुन्छ।

यहाँ जात्रा गर्ने देवीहरूमा वज्रयोगिनी माई, चिभा (भगवान् आदिबुद्धको प्रतीक), सिंहिनी, व्याघ्रिनी, वसुन्धरा हुन्। काठमाडौंका अरू धेरै मन्दिरमा जस्तै यहाँ पनि मूल मन्दिरमा स्थापित मूर्तिलाई पुजारी बाहेक अरू कसैले छुन हुँदैन। यहाँ पनि मूल मन्दिरमा स्थापित मूर्ति र जात्रा गर्ने मूर्ति बेग्लाबेग्लै छन्। मूल मन्दिरमा स्थापित देवीको मूर्ति रक्तवर्णको छ भने जात्रा गर्ने देवीको मूर्ति धातुद्वारा निर्मित पीतवर्णको छ। स्थानीय भाषामा यिनीहरूलाई म्हासुख्वामाजु (पहँलो वर्णकी) र ह्याँउँख्वामाजु (रातो वर्णकी) भनिन्छ। मूल मन्दिरमा स्थापित चिभाः पनि पित्तलको पाताले मोडेको चैत्य नै हो।

माईको जात्रा सुरु हुनुभन्दा आठदिनअगाडि साँखु सहरमा देवीको जात्रा हुँदै छ भनी द्वारेले जानकारी दिने प्रचलन छ। साथै यस दिनदेखि नै साँखु क्षेत्रभित्र छालाको जुत्ता लगाउन, छाता ओड्न, घोडा चढ्न, झैझगडा कलह आदि गर्न नहुने भनी झ्याली पिट्ने प्रचलन छ। पहिले त सहरको टोलटोलमा बाजा बजाएर झ्याली पिट्ने गरिन्थ्यो तर हाल आएर बाजा बजाएर झ्याली पिट्ने चलन हराइरहेको छ। हाल परम्परालाई कायम राख्ने उद्देश्यले मात्र द्वारेले टोलटोलमा गएर मौखिक रूपले उक्त कुराको जानकारी दिने गर्दछन्। वज्रयोगिनी जात्रामा मूलतः साँखु सहरभित्रका आठ टोलका प्रायः सम्पूर्ण व्यक्तिको सहभागिता रहन्छ। जात्रा सञ्चालनको जिम्मा भने २/२ टोल मिली पालो गरी सम्पन्न गरिन्छ। यसमा चलाखु र दुर्गाहिटी, धुन्ला र साल्खा, सुनटोल र ईपाटोल तथा इन्ला र पुखुलाक्षीको संयुक्त समूह मिलाइएको हुन्छ। प्रत्येक वर्ष क्रमैसँग दुई टोल मिली यसरी नै जात्रालाई निरन्तरता दिएको देखिन्छ। जात्राको अर्को विशेषता यहाँ हिन्दु र बौद्ध धर्ममा आस्था राख्नेहरूको समान सहभागिता रहेको देख्न सकिन्छ। साँखु क्षेत्रमा पनि अरू स्थान जस्तै द्वारेको नियुक्ति गुठी संस्थानले गर्दै आएको छ। द्वारेको मुख्य कार्य भनेको धार्मिक कार्यमा संलग्न हुनु हो। तर अहिले आएर यहाँ द्वारेको परम्परा पनि हराउँदै जान लागेको देखिन्छ र द्वारेको स्थान बिस्तारै-बिस्तारै उक्त गाउ-नगर प्रमुखले लिन थालेको आभास हुन्छ। खास गरेर जात्राका वेलामा द्वारेको प्रमुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिकामा आठ दिनअगावै हनुमान ढोकाबाट खड्ग लिएर भित्र्याउने कार्य हुन्छ। जात्राको दिन यसै खड्गलाई द्वारेले हातमा लिई जात्राको अगाडि-अगाडि लागेको देख्न सकिन्छ।

श्रीवज्रयोगिनी माईका जात्राका क्रममा चैत्रशुक्ल अष्टमीका दिनमा द्योछेंमा वज्रयोगिनी देवीको मूर्ति अगाडि विशेष पूजा गरिन्छ जसलाई 'निमन्त्रणापूजा' भनिन्छ। यस पूजाको नामबाट नै देवीलाई साँखु पाल्नुहुनका लागि निमन्त्रणा गरिने हो। स्थानीय बासिन्दाका अनुसार मानिसहरूलाई भोज बोलाउनको लागि निमन्त्रणापत्र पठाए जस्तै देवीलाई आठ दिनसम्म तल साँखु सहरी क्षेत्रमा पाल्नुस् भनी निमन्त्रणा गरिन्छ। यसै दिन बिहान मूल मन्दिरमा नित्यपूजा सकिएपछि यहाँ पालो पर्ने पुजारीले अक्षता, फूल, सिन्दूर, धूप, पञ्चामृत, फलफूल, हाँसको फुल, माछा आदि राखी जात्रा गर्ने सबै देवदेवीको पूजा गरिन्छ। हाल पनि यहाँ निमन्त्रणपूजा गर्ने चलन कायम नै छ र यस पूजापछि समयबजि खुवाउने चलन भने हराइसकेको छ। हाल यस पूजाका लागि चाहिने सामग्रीको व्यवस्था गुठी संस्थानले ठेकेदार मार्फत् मिलाउने गर्दछन्।



गुठी संस्थानमा रहेको संवत् १९७३ को कागजमा वज्रयोगिनीको रथ र जोगेश्वरको रथ ३ हात लम्बाइ र ३ हात चौडाइ रहनुपर्ने र सिंहिनी र व्याघ्रिनीको रथ २ हात लम्बाइ र २ हात चौडाईको हुनुपर्ने भनिएको छ। साथै गुठी संस्थानकै अर्को कागजमा जात्रा सुरु हुनुभन्दा १ दिनअगाडि साँखुबाट माईको स्थानमा खट बनाउन जानुपर्ने उल्लेख गरिएको छ। यसबाट खटलाई तयार गर्ने तथा आवश्यकताअनुसार काठहरू फेर्ने कार्य यसै समयमा गरिने प्रस्ट हुन्छ। खट बनाउन आउनेलाई खानपिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गराउनुपर्ने कुरा पनि लगत किताबहरूमा उल्लेख गरिएको पाइन्छ (Sharma and Shresha, 2016:489)।

यस प्रकार यहाँको जात्रामा प्रयोग गर्ने खट काठमाडौँका अन्य स्थानको देवीयात्रामा प्रयोग गर्ने खटभन्दा भिन्न छ। प्रायःजसो अन्य स्थानमा देवीयात्रा गर्ने खट तले शैलीमा बनेको एक वा दुई वा तीन तला छाना भएको हुन्छ। तर यी देवीको जात्रा गर्ने खट चारकुने आकारको खुला रहेको र एकातिर करिब डेढ फुट माथि उठाइएको छ जो देवीको मूर्ति अडेस लगाउने खालको छ। उक्त खटलाई पित्तलको पाताले मोडेको छ।

वज्रयोगिनी माईको जात्रा चैत्र शुक्ल पूर्णिमाको रातिदेखि सुरु हुन्छ। त्यस दिन राति देवीलाई आवश्यकताअनुसारका गरगहनाले सजाई खटमा राखी माथि वज्रयोगिनीको डाँडाबाट मानिसहरूले बोकेर केही तलको पाटीसम्म ल्याउने प्रचलन छ। देवीलाई गरगहनाले सजाउँदा त्यहाँ महानेको (जात्राको समयमा गहनाको जिम्मा लिने व्यक्ति) उपस्थिति अनिवार्य मानिन्छ। किनभने जात्राका अवधिभरि ती गरगहनाहरूको जिम्मा लिने काम दुईजना महानेले गर्दछन्। यिनीहरूको नियुक्ति गुठी संस्थानले नै गर्दै आएको छ।

बाजागाजासहित देवी-देवताको खट बोकी तल 'स्वांला' भन्ने स्थानमा पुगेपछि वज्रयोगिनी माईको खटमा चारजना र अरू खटमा दुईजना वज्राचार्यहरू बस्दछन्। खटमा बस्ने पालो पनि माथि मूल मन्दिरमा बस्ने पालो जस्तै क्रमैसँग आउँछ। यसरी खटमा बस्ने पालो हरेकलाई कम्तीमा पाँच वर्षको एक पटक आउँछ। तर यस अवधिमा तिनीहरूले माथि मूल मन्दिरमा पालो बस्ने बेला जस्तो नियमहरूको पालना गर्नुपर्दैन। माथिदेखि देवीको मूर्तिलाई तल रहेको स्वांला स्थानमा ल्याउँदा बिच-बिचमा फूल चढाउनुका साथै मूर्तिमा दृष्टि वा आँखा राख्ने गरिन्छ। यो कार्य पनि क्रमैले सम्पन्न गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्रामा जम्मा दशजना बज्राचार्यहरू सम्मिलित हुन्छन् जसमध्ये देवदेवीको जात्रा गर्दा वज्रयोगिनी माईको खटमा चार कुनामा चारजना र चीभाःद्यो (अर्थात् जोगदेव) को खटमा दुईजना गरी जम्मा ६ जना बस्छन् र बाँकी चारजना देवीलाई निर्धारित स्थानमा पुऱ्याइसकेपछि देवीको हेरविचारको लागि रहेका हुन्छन्। यहाँ जात्राको अवधिभर माथि द्योछेंमा जस्तै नित्य भोग चढाउने गरिन्छ। यसको लागि भद्रकाली गुठी तहसिलमा भएको वि.सं. १९९८ सालको वज्रयोगिनीको जात्रासम्बन्धी लगतमा चैत्र सुदि १५ रोजको रातिदेखि नित्य साँझ-बिहान भोग चढाउनको लागि र गुठियार गुभाजुहरूको भोजसमेतको ८ दिनको लागि ३।१० धान र नगद १२।४० छुट्याइएको देखिन्छ (यो पत्र भद्रकाली गुठी संस्थानबाट लिएको हो)।

देवीको खट सहर भित्र्याउँदा देवढोकाबाट प्रवेश गराइन्छ र कुन टोलको पालो छ त्यसै टोलको पाटीमा खट राखिन्छ र माईसहित चिवाः सिंहिनी र व्याघ्रिनीका मूर्तिहरू पनि पाटीमा क्रम मिलाएर लस्करै राख्ने गरिन्छ। यसलाई पालैपालो पहरा दिइन्छ।

वज्रयोगिनीमाई साँखु ल्याइपुऱ्याएको भोलिपल्ट परेवाको दिनलाई 'सून्यका' भनिन्छ। त्यस दिन विशेष केही कार्यक्रम गरिँदैन। खास गरेर यस दिन आराम गर्ने गरिन्छ। यस वेला साँखुका बासिन्दाहरूले बिहान बेलुका भक्तिपूर्वक माईको पूजाआजा र दर्शन गर्दछन्। यसदिनलाई 'नखवो' भनिन्छ। यसै दिन ठाउँ ठाउँमा राँगा, बोका काटेर भोज खाने गरिन्छ। त्यस्तै तेस्रो दिन पनि देवीदेवता यथास्थानमा नै रहन्छन् र अरू खास केही कार्यक्रमहरू यो दिन गरिँदैन।

जात्राको चौथो दिन अंर्थात् तृतीयाको दिन मूलयात्राको दिन हो। त्यस दिन बेलुका माईलगायत अन्य देवदेवीलाई निर्दिष्ट स्थानबाट खटमा राखी बोकी साँखु सहरी क्षेत्रको परिक्रमा गराइन्छ खट सहर परिक्रमा गर्नुअगाडि कनफट्टानाथ योगीबाट 'जोगीचक्र पूजा' सम्पन्न गर्नुपर्दछ। यसका लागि २१ ओटा माटाको घैंटामा रहेको जाँडलाई कपडाले बेरेर विभिन्न मन्त्रद्वारा पूजा गर्ने गरिन्छ। यस अवसरमा पचलीलाई बोकाको बलि पनि दिइन्छ। यसपछि देवीलाई सहर परिक्रमाका लागि खट बोक्ने काम हुन्छ। परिक्रमा गराइँदा बाटोमा पर्ने घरघरबाट फूल, अबिरका साथै विभिन्न रङ्गको रोटी (पुरी) चढाउने प्रचलन छ। यस दिनलाई साँखुवासीले विशेष दिनको रूपमा लिने गर्दछन्। यसै दिन वज्रयोगिनी डाँडाबाट वसुन्धराको सानो मूर्तिलाई पनि खटमा राखी साँखु सहर परिक्रमा गराइन्छ। यदि कुनै कारणले तृतीयाको दिनमा देवीलाई सहर परिक्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गराउने क्रममा अवेर भयो भने त्यस दिन बाँकी रहेका ठाउँमा भएको खटलाई भोलिपल्ट बिहान सहर परिक्रमा गराउने प्रचलन पनि छ।

जात्रा अवधिभरमा साँखुवासीहरूले मूल यात्रालाई विशेष रूपले मनाउँछन्। यस दिन साँखु क्षेत्रका बासिन्दाहरूले व्रतबन्ध, अन्नप्राशन आदि संस्कार पनि सम्पन्न गर्ने गर्दछन्। परम्पराअनुसार यस दिन साइतको पनि आवश्यकता पर्दैन भन्ने विश्वास छ।

पाँचौं दिनलाई 'मुबुज्या' भनिन्छ। यस दिनमा मूल यात्रामा देश परिक्रमा गर्न बाँकी रहेका खटहरूलाई परिक्रमा गराई पाटीमा पुऱ्याएपछि च्छेंका छानाबाट 'योमरी' (एक प्रकारको रोटी विशेष) खसाल्ने कार्य गरिन्छ। जसलाई स्थानीय बासिन्दाहरू 'योमरी लुयेगु' भन्ने गर्दछन्। भनिन्छ, यस दिन देवीले साँखुवासीलाई ढिकी, जाँतो राख्न पाउने अनुमति दिएकी हुनाले त्यसैको धन्यवादस्वरूप पूजा गर्ने गरिन्छ। यसै दिन बेलुका साँखु सहरी क्षेत्रका सबैजसो घरका मानिसहरू देवीलाई राखिएको पाटीमा बत्ती बाल्न जान्छन् र यसैदिन राति 'मतयाः' भनेर पालामा लहरै बत्तीहरू बालेर देवी विराजमान रहेको स्थानदेखि साँखु सहरी क्षेत्रको परिक्रमा गराइन्छ।

छैटौं दिनलाई 'धुंबुज्या' भनिन्छ। यस दिनमा पनि विशेष केही पूजा गरिँदैन। सातौं दिन 'वौया' भनिन्छ। यस दिन विशेष गरीकन गाउँमा त्यस वर्ष नयाँ घर बनाउनेहरूले 'छें वां वियगु' भनेर चोख्याएर सफा सुग्घर गर्छन् भने कन्याहरूले पकाएको भातमा, फूल, माछा राखेर दोबाटोमा चढाउन जाने गर्दछन्। यसै दिन साँखु क्षेत्रका कुनै पनि घरमा भात पकाई खान नहुने चलन छ। यसमा दोबाटोमा भात छोड्नुको कारण अदृश्य तत्त्वहरूलाई खुसी तुल्याउन र जात्रा आनन्दमय बनाउन गरिएको अनुमान गर्न सकिन्छ। आठौं दिनलाई 'थन्हया विज्ज्या' भनिन्छ। यो दिन माई चैत्य, सिंहिनी, व्याघ्रिनीका खटहरू माथि लैजाने काम हुन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्राको आठौँ दिन सप्तमीको दिन हो। यस दिन बिहानको नित्यपूजा, नित्यभोग सकिएपछि करिब एकदुई बजेतिर देवदेवीको अगाडि होम गरिन्छ। यो होम रथमा बस्ने पालो पर्ने ६ जना वज्राचार्यहरूमध्ये थकालीको हातबाट सम्पन्न गर्दछन्। यसरी यज्ञहोम सकिएपछि मात्र साँझपख देवदेवीलाई खटमा राखी बोकी माथि डाँडामा लगिन्छ। भद्रकाली गुठी तहसिलमा भएको वज्रयोगिनीको जात्रासम्बन्धी लगतमा देवता माथि पाल्नुहुँदा जग्गेहोम र भोजका लागि भनी जिन्सी १९ पाथी धान र नगद रु. २।९४।२ छुट्याइएको छ (भद्रकाली गुठीमा रहेको पत्र)।

माईको बिदाई पनि धेरै उत्साहका साथ सम्पन्न गरिन्छ। स्वांलासम्म जाने क्रममा देवी र जोगदेवको खट अगाडिपछाडि हुने गर्छ। यसलाई देवीले माइती छोड्नुपर्दाको कठिन अवस्थाको व्याख्या गरेको मानिन्छ। देवदेवीलाई स्वस्थानतिर लाँदा स्वांला भन्ने स्थानमा नै पुगेपछि दुईओटै खटमा बसेका वज्राचार्य खटबाट ओर्लिन्छन्। यसलाई स्थानीय भाषामा 'बरेक्वफाय्गु' भनिन्छ, जसको अर्थ वज्राचार्यलाई खटबाट ओराल्ने हो। यसरी खटमा बस्ने पुजारीहरू जात्राको सुरुमा निश्चित स्थानमा पुगेपछि खटमा चढ्ने र जात्राको अन्तिम दिन सोही स्थानमा पुगेपछि खटबाट ओर्लिने परम्परा यहाँको परिप्रेक्ष्यमा निकै महत्त्वपूर्ण देखिन्छ। किनभने साँखु वज्रयोगिनीको मन्दिर पुग्न साँखु सहरी क्षेत्रबाट करिब आधा घण्टाको उकालो चढ्नुपर्दछ। यसरी उकालोबाट खटलाई मानिससहित बोकी तलमाथि गर्नु निकै गाह्रो र असजिलो हुन्छ। यसैले यहाँ यस परम्परालाई अङ्गीकार गरेको र कालान्तरमा गएर उनीहरूले यस परम्परालाई पनि उत्सवको रूपमा लिएको देखिन्छ। यहाँ जात्राको अन्तिम दिन 'बरेक्वफाय्गु' हेर्नलाई हजारौँ मानिसहरू भेला हुने गर्दछन्।

यसरी बरेक्वफाय्गु कार्य सम्पन्न भइसकेपछि जात्राका अवधिभरि देवीको गहना जिम्मा लिइराख्ने महानेले सबै गहनाहरू फेरि स्थानीय पुजारीहरूलाई नै जिम्मा दिने काम हुन्छ। साथै क्वलागालदेखि माथि स्थानीय घुमारीचोकका तामाङ समुदायले खटलाई तान्ने जिम्मा लिएका हुन्छन्। उनीहरूले खटहरूलाई उकालो बाटो चढेर माथि रहेको मन्दिरसम्म पुऱ्याउने गर्दछन्। यस प्रकारको परम्पराबाट यस जात्राले जातीय सहभागितालाई समान रूपले प्रश्रय दिएको कुरा यहाँ स्पष्ट देख्न सकिन्छ।

खट महाँकाल स्थानमा पुगेपछि 'लसकुश' गर्ने परम्परा छ। यसपछि खटलाई स्वस्थानमा लगिन्छ। महाँकाल स्थानमा जम्मा ५ गुभाजुलाई रोटी, रक्सी खुवाउनुपर्ने कुरा पनि गुठी लागतमा उल्लेख छ। देवी स्वस्थानमा पुगेपछि गुठी संस्थानद्वारा समेबजि बाँडिने चलन पनि रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वज्रयोगिनीमाई स्वस्थानमा पुगेका तेस्रो दिन माथि द्योछेंमा 'म्हा सुख्वाः माजु' को अगाडि 'बिचापूजा' गर्ने प्रचलन छ जसलाई महारानीपूजा पनि भन्ने गरिन्छ। यो पूजा स्थानीय प्रमुखको घरबाट लैजाने गरिन्छ। पूजामा अन्य पूजाका सामग्रीहरूका साथै पञ्चामृत, गुनास, सिन्दूरलाई अनिवार्य मानिन्छ र पूजाआजा सकिएपछि विभिन्न किसिमका व्यञ्जनहरू राखी समयबजि चढाइन्छ। भद्रकाली गुठी तहसिलमा भएको वज्रयोगिनीको जात्रासम्बन्धी लगतमा बिचापूजाको लागि भनी जिन्सी। १०।४ धान र नगदी रु. २।१३ छुट्याइएको छ (भद्रकाली गुठीमा रहेको लगत)। हालसम्म पनि यस पूजाको लागि गुठी संस्थानले नै प्रचलित दरमा खर्च ब्यहोर्दै आइरहेको छ। यसरी चौँथो दिनदेखि साँखु सहरी क्षेत्रमा सम्पूर्णजसो घरबाट माई कहाँ 'विचापूजा' गर्न जाने कारणमा स्थानीय बासिन्दाहरूको भनाइअनुसार माई तल आठ दिनसम्म पाल्नुहुँदा स्वागत सत्कारमा कमी भए, त्रुटि भए क्षमा पाऊँ भनी क्षमा माग्नु र देवीलाई जात्रापछि सन्चो बिसन्चो भए-नभएका सोधपुछ गर्नु रहेको छ।

यस जात्राका सम्बन्धमा एउटा किंवदन्ती पनि प्रचलित छ। उक्त किम्वदन्तिअनुसार "उहिले कुनै समयमा कान्तिपुरका एक राजा साँखु वज्रयोगिनीको जात्रा हेर्न यहाँ आएका थिए। संयोगवश त्यही साल जात्राको समयमा पानी परी असिना समेत झरेछ। यो देखेर राजाले म आउँदा कहिल्यै नपरेको असिना पऱ्या। यसैले यस पालि साँखु क्षेत्रमा कोही पनि किसानले गहुँको कुत तिर्नु पद या ँन र अबदेखि यस जात्राको समयमा एकमात्र असिना परे पनि त्यस वर्षको गहुँको कुत मिनाहा गर्नू भन्ने आज्ञा भयो।" अहिलेसम्म पनि जात्राको समयमा असिना पऱ्यो भने गहुँको कुत मिनाहा गर्ने प्रचलन रहेकै छ। सांखु वज्रयोगिनी आफैमा पनि बौद्ध र हिन्दु तान्त्रिक देवी रहेकाले जात्रामा हिन्दु र बौद्धधर्मावलम्बीहरू बिचको कुनै भिन्नता रहेको देखिँदैन। देवीलाई सहरको रक्षक मानी सम्पूर्ण सांखुबासीले श्रद्धा र भक्ति प्रकट गरेको देख्न सकिन्छ।

यस प्रकार साँखु वज्रयोगिनीको जात्रा यस क्षेत्रको मात्र नभई नेपाल राज्यकै एक गरिमामय अग्रणी जात्राको रूपमा स्थापित भएको मान्न सकिन्छ। सबै जातजाति र क्षेत्रका व्यक्तिहरू जात्रामा समावेश हुने प्रचलन रहेकाले यसको लोकप्रियता उच्च रहेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशयात्रा, श्रीस्वस्थानी र शालीनदी प्रसङ्ग: साँखु माधवनारायणजात्रा

एक महिनाभर व्रतबसी स्वस्थानीदेवीको कथा वाचन र प्रसाद ग्रहण गर्ने परम्परागत प्रचलन नेपालभरि छ। यसैले यसलाई लामो व्रतको रूपमा उल्लेख गर्न सकिन्छ। तर साँखुस्थित शालीनदीको किनारामा गरिने कठोर व्रत सामूहिक रूपमा गरिने व्रतको रूपमा परिचित छ। व्रत मात्र नबसी यस अवधिभर साँखु सहर परिक्रमाका साथै देशयात्रा गरिने भएकोले यसलाई माधवनारायणजात्रा भनिएको हो।

स्वस्थानी हिन्दुहरूको एक सर्वमान्य पवित्र ग्रन्थ हो। स्कन्धपुराणअन्तर्गत केदारखण्डभित्रको यो ग्रन्थको ऐतिहासिकता कोट्याउँदा १६ औं शताब्दीसम्म जान सकिन्छ। राष्ट्रिय पुस्तकालयमा रहेको सबैभन्दा पुरानो स्वस्थानी पुस्तकको पुष्पिका वाक्यमा यसको मिति ने.सं. ६९३ (१५७३ इ.) रहेको छ। यो हस्तलिखित ग्रन्थ ताडपत्रमा लेखिएको छ र यसको भाषा संस्कृत र लिपि चाहिँ भुजीमोल रहेको छ। यस प्रकार स्वस्थानी ग्रन्थ नेपालभित्रै रचना गरिएको र नेपालकै परिवेशमा आधारित ग्रन्थ भएकोले पनि यसको महिमा रहेको हो। यसको रचनाका सम्बन्धमा पनि भनिएको छ कि यो नेवार समुदायका वज्राचार्य र राजोपाध्यायहरू दुवैबाट रचना गरिएको हो। स्वस्थानी कथाको यति ठुलो प्रचार हुनुमा विद्वान्हरूबाट नेवारी परिवेशमा यसको उत्पत्ति भए पनि यसको व्यापक प्रचार पश्चिम नेपालमा रहनगयो भन्ने तर्क पनि कसैको रहेको छ (Iltis, 1985:45, 76)। विभिन्न समयमा यस ग्रन्थको नेपाली भाषामा अनुवाद हुँदै घरघरमा पाठ गर्न थालियो र यो क्रम आजसम्म पनि रहेको छ। खास गरेर नेपाली भाषामा यसको रूपान्तर भएपछि नेपालका विभिन्न भागमा यसको प्रसार हुन पुगेको हो।

साँखुका धेरै जात्रा-पर्वहरूमध्ये प्रत्येक वर्षको माघ महिनामा धुमधामसँग मनाउँदै आएको स्वस्थानी व्रतको छुट्टै गरिमा रहेको छ। यो एक प्रकारले लामो व्रतका रूपमा रहेकाले महिमाशाली जात्राको रूपमा यसको प्रसिद्धि रहेको हो। स्थानीय विश्वासअनुसार पौराणिक कालमा भगवान् विष्णुले ब्रह्माण्डको रक्षाको भार वहन गर्न र दुष्टहरूको नाश गर्न सकियोस् भन्ने उद्देश्यले श्रीस्वस्थानी व्रत बसेको कुरा पुराणमा उल्लेख गरिएको छ भने अर्कोतिर पार्वतीले महादेव पति पाउन र त्यसपछि पार्वतीबाट नै पुत्र कामनार्थ श्रीस्वस्थानी व्रत बसेको कथन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रकारको पवित्र उत्तम व्रतलाई गोप्य राख्न नहुने विचार गरी श्रीमहादेवको आज्ञाबाट पार्वतीले सप्तर्षिमार्फत् देवलोक र मर्त्यलोकमा यसबारे प्रचार गराई नागिनीहरूको दुःख हरण भएको, अप्सराहरू शालीनदीमा व्रत बसी मनोकाङ्क्षा पूरा गरेको, गोमा ब्राह्मणी र उनकै बुहारी चन्द्रावतीले श्री स्वस्थानीदेवीको व्रत बसी उद्धार गरेको स्वस्थानी कहानीमा उल्लेख भएको छ। यसका साथै लावण्य देशका राजा नवराजले श्रीस्वस्थानी व्रत बसी देश र जनताको दुःख-कष्ट निर्मूल गरी सुखपूर्वक निष्कपट राज्यभोग गरेको उक्ति पनि स्वस्थानीमा उल्लेख छ। यसरी एक महिनासम्म गरिने स्वस्थानी माहात्म्यको पाठ स्कन्द पुराणको केदारखण्डको माघ माहात्म्यअन्तर्गत कुमार अगस्त्य संवादको रूपमा गरिएको छ। स्वस्थानी शब्दले स्थानीय देवी वा शक्तिको अर्थ बोध गराउँछ। त्यसैले यस वेला यिनै स्थानीय देवी अर्थात् स्वस्थानी परमेश्वरीको आराधना गरिन्छ। पौषशुक्ल पूर्णिमादेखि माघशुक्ल पूर्णिमासम्म शालीनदीमा नुहाउनाले र श्रीस्वस्थानीको पूजा गर्नाले मनोकाङ्क्षाहरू पूरा हुने र मृत्युपश्चात् शिवलोक वा कैलास प्राप्त हुने प्रबल विश्वास गरिन्छ। यस अवसरमा वर्सेनी घर-घरमा कथा वाचन गरिन्छ भने काठमाडौं पूर्वमा रहेको साँखुको शालीनदीको तिरमा श्री माधवनारायण भगवान्को कल्पवास गरी १ महिनासम्म नियम पालनसहित व्रत बस्ने गरिन्छ। व्रतको सिलसिलामा दैनिक ब्रह्ममुहूर्तमा नित्य स्नान, योगाभ्यास, अष्टाङ्गप्रायाणायाम, शङ्खध्वनि, व्रतपूजा आदि हुन्छ। तेह्रौं दिनदेखि उग्रतारा बज्रयोगिनी देवीको दर्शनको लागि नै शालीनदीबाट गुँविहारसम्म दुंदनेगु (जिउ नाप्दै जाने) गरी दर्शन गर्ने अनौठो परम्पराले पनि यसको महत्तालाई देखाएको छ। उत्तरधामको रूपमा प्रसिद्ध शालीनदी तीर्थ गुँविहारस्थित वज्रयोगिनी देवीको स्थान मणिशैल पर्वतबाट उत्पत्ति भई शैलनदीकै नामबाट अपभ्रंश हुँदै शालीनदी भएको भन्ने भनाइ रहेको छ।

श्रीस्वस्थानी व्रतकथामा श्रीस्वस्थानीलाई देवीको रूपमा उल्लेख गरिएको छ जो निरञ्जन निराकार भएर पनि प्रत्येक तीर्थस्थलमा उपस्थित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भई कल्याणकारिणीको रूपमा प्रस्तुत हुने मान्यता रहेको छ। हिमालय-पुत्री पार्वतीले महादेव स्वामी पाउँ भनी व्रत बसेको र त्यसै व्रतका प्रभावले महादेवलाई स्वामीको रूपमा प्राप्त गरेको कथन छ। स्वस्थानी कथाअनुसार शिव शर्मा ब्राह्मण र उनकी ब्राह्मणी सतीदेवीको कुनै सन्तान नभएका अवस्थामा सतीदेवीको पुण्यकार्यले एक दिन गाईको गोबरमा एउटी रूपवती कन्या उत्पन्न भइन्। जसको नाम गोमा राखियो। एक दिन भिक्षाटनमा निस्केका भगवान् शिवलाई भिक्षा दिन विलम्ब गरेकीले शिवले असी वर्षको बुढोसँग तेरो विवाह होस् भनी श्राप दिएको र आखिर वृद्धसँग नै विवाह गर्नुपरेको कथाको प्रसङ्ग पनि रोचक छ। पछि उनीहरूबाट एउटा छोराको जन्म भएको र उनको नाम नवराज राखिएको थियो। वृद्ध व्यक्ति कमाउन परदेश जाँदा मृत्यु भएको र यता बाबु नफर्किएकाले नवराज आफ्ना बाबुलाई खोज्न यत्रतत्र घुम्न थाले। अर्कोतिर गोमा आफ्नो छोराको सकुशलताको लागि भगवान् शिवको अराधनामा लागिन्। नवराज फर्केर आई विवाह पनि गरे। तर नवराजकी पत्नीले आमालाई छोडेर माइत बस्न थालिन्। यसपछि नवराज पनि कमाउन भनी परदेश गएका र लावण्यपुरीको राज्य प्राप्त गर्ने अवसर पाएको कुरा पनि कथामा वर्णित छ। पहिले त नवराजकी पत्नीले स्वस्थानी माताको अपहेलना गर्दा निकै कष्ट खेप्नुपरेकोमा पछि देवीप्रति भक्तिभाव देखाउँदा पहिलेकै राम्रो अवस्थामा फर्केको प्रसङ्ग पनि चाखलाग्दो रूपमा प्रस्तुत गरिएको छ। यस्तै कथाका विविध प्रसङ्गहरूलाई एक ठाउँमा राखेर वाचन गरिने परम्परा प्रत्येक धर्मावलम्बीका लागि महत्त्वपूर्ण रहिआएको छ।

पौषशुक्ल पूर्णिमाका दिनदेखि व्रत बस्न साँखुमा काठमाडौं, भक्तपुर, ललितपुर, नाला, पनौती, कीर्तिपुर, लुभू, जनकपुरलगायतका ठाउँबाट श्रद्धालु भक्तजनहरू आई सहभागी हुन्छन्। माधवनारायण भगवानको उपासनास्वरूप यो व्रत लिने परम्परा रहेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्रतका लागि यहाँ आएका पुरुषहरू प्रायः शालीनदीको किनारमा रहेको पाटीमै बस्छन् भने महिलाहरूका लागि साँखु बजारमा बसोबासको व्यवस्था गरिएको हुन्छ। व्रत अवधिभर व्रतालुहरू साँखु छोडेर बाहिर जान नहुने, व्रतका निश्चित नियमहरू पालना गर्नुपर्ने र नियम पालना नगरिएमा व्रतालुहरूले सजाय भोग्नुपर्ने कुरा पनि स्थानीय व्यक्तिहरूबाट थाहा पाउन सकिन्छ। व्रत बस्दा अपशब्द बोलिएमा तुरुन्त नुहाउनुपर्छ। समयमै ननुहाउनेलाई अगाडि-अगाडि पराल बाल्दै साँखु बजारबाट शालीनदीसम्म अपमान गर्दै लगिन्छ। साथै पुरुषहरूले धेरै पटक अपशब्द बोलेमा दुवै हात र दुवै खुट्टा समाती झोलुङ्गो हल्लाएझैँ हल्लाएर पानीमा फ्याँकिने जस्ता अनौठा सजाय दिने परम्परा रहेकोबाट यसको बेग्लै महत्त्व रहेको प्रस्ट हुन्छ।

स्थानीयवासीको विश्वासअनुसार तल्लो जाति मानिनेहरूका लागि व्रत सहभागीमूलक छैन। उनीहरूसँग अन्य व्रतालुहरूले छुन नहुने र माधवनारायण भगवान्को पनि दर्शन गर्न वर्जित छ। व्रतालुहरू आफैँले पनि कडा नियमको पालन गर्नुपर्दछ। उनीहरूले यो अवधिभर नुन, दाल, खानु हुँदैन। घिउ, चाकु, फलफूल भने खाने गरिन्छ। बिरामी पर्दा औषधी प्रयोग गर्न हुँदैन। देवताको जल सेचनका साथै चन्दन लेपनबाट छुटकारा पाउने विश्वास रहेको छ।

व्रतको अर्को पृथक् महत्त्व भनेकै देशयात्रा हो, व्रतको एक महिना अवधिमा माधवनारायणलाई साँखु (नदी) बाट विभिन्न ठाउँमा 'परदेश भ्रमण' मा लगिन्छ। जात्राकै क्रममा माघकृष्ण त्रयोदशीका दिन वज्रयोगिनी स्थानमा प्रस्थान गरिन्छ। यस वेला पुरुष व्रतालुहरूले शरीर नाप्दै (डुंनेगु) अगाडि बढ्ने प्रचलन छ। भोलिपल्ट अर्थात् चतुर्दशीमा पशुपतितर्फ प्रस्थान गरिन्छ। यसमा सावाले शङ्ख फुक्ने र कजीले भगवान्को मूर्तिलाई बोक्ने गर्दछन्। आर्यघाटमा एक रात बिताएपछि अर्को दिन सानो गौचर, ज्ञानेश्वर, नारायणहिटी, हनुमानढोका हुँदै फर्पिङ पुग्नुपर्दछ। औंसीको बिहान पशुपतिनाथ क्षेत्र आर्यघाटनिर व्रत बस्ने परम्परा छ। त्यसपछि सानोगौचरमा खानपिन गरी फर्पिङमा बास बस्ने गरिन्छ। माघशुक्ल प्रतिपदाका दिन फर्पिङस्थित शेषनारायणस्थान क्षेत्रको पौराणिक नदीको तिरमा व्रत बस्ने र त्यहाँबाट फर्केपछि पाटनको शङ्खमूल घाटमा विश्राम गरी खानपिनको लागि सहभागी हुने प्रचलन छ। फर्पिङदेखि करिव दश कोशको बाटो हिँडेर त्यसै दिन साँखुको शालीनदीमै बास बस्न आइपुगी भोलिपल्टको दैनिक स्नान, दान, पूजा, व्रत बस्नुपर्ने नियम छ। यसरी लामो दुरी हिँडेर पार गर्नुपर्ने अवस्थाले कमजोर व्रतालुहरू भने बिरामी, अशक्त हुन पुग्दछन्। त्यसका लागि स्वस्थानी व्रतका टोलका स्वयंसेवकहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मरिमेटी सक्दो सहयोगमा जुट्तछन् । यस अवसरमा खाली खुट्टा पैदल हिड्नुपर्ने अनिवार्यता छ । भोलिपल्ट यी स्थानहरूमा पूजा सम्पन्न गरी फिर्ता हुने गरिन्छ ।

यसैगरी दोस्रो चरणको यात्रा माघशुक्ल चौथीको दिन पनौतीका लागि प्रस्थान गरिन्छ । यस अवसरमा नाला, बनेपा हुँदै पनौतीमा बास बस्न जाने प्रचलन छ । यसैगरी पूर्णिमाको दिन व्रतालुहरू चाँगुनारायणतर्फ प्रस्थान गर्दछन् । चाँगुनारायण एक रात बसी अर्को दिन पुनः साँखु फर्किने गरिन्छ । यस प्रकार व्रतालुहरूको अर्को चरणको देशयात्रा समाप्त भएको मानिन्छ । यस अवसरमा आवश्यक कार्यको साथसाथै भक्तजनको सुरक्षाका लागि श्रीस्वस्थानी व्रत सेवा समिति र शालीनदी सेवा समितिले जिम्मा लिने गर्दछन् ।

माघशुक्ल सप्तमीका दिनलाई धर्ती पवित्र हुने दिनको सम्झना गरी साँखुको सम्पूर्ण मूलबाटोमा नागराजाका चित्रहरू लेखी त्यसको माथि कपडा ओछ्याइन्छ । भनिन्छ, आफ्नो कुष्ठरोग निको पार्न एक व्यक्तिले कठोर व्रत गर्दा गुल्टिएर श्री ज्योतिर्लिङ्गेश्वर दर्शन-पूजन गरेको स्मरणस्वरूप व्रतालुहरूमध्ये एकजना पुरुषले गुल्टिएर अगाडि-अगाडि लाग्ने गर्दछन् । यस अवसरमा व्रतालुहरू आफू श्रृङ्गारपटार गरी राता धोती र गरगहनाले सुसज्जित भई समूहमा सामेल हुन्छन् । विभिन्न समूहमा सहस्र धारा बोक्ने, शङ्खफुक्ने पुरुषहरू पनि सामेल हुन्छन् । तर पुरुषहरू भने सेतो धोतीमै रहेका हुन्छन् । यस अवसरमा व्रतालुहरूले 'माधवनारायण' को नाम उच्चारण गर्ने प्रचलन छ । यही समयमा साँखु नगरभरिका देवदेवीको प्रदक्षिणा, उपसना, आराधना गरी ज्योतिर्लिङ्गेश्वर घुम्ने गरिन्छ ।

माघ शुक्ल पूर्णिमाका दिन राति अश्वमेध यज्ञ गरी पूर्ण निराहार बसी १०८ सङ्ख्याका दरले फूल, अक्षता, सुपारी, पानी, जजंकाका साथै, कलश, रोटी, हातले कातेको पञ्चरङ्गी धागो बत्ती, फलफूल, गौदानसहित स्वस्थानीदेवीको पूजा-अर्चना गरिन्छ । यसपछि आफ्नो मनोकाङ्क्षा पूर्ण होस् भन्ने कामनाका साथ व्रतालुहरूले व्रत पूर्ण गर्दछन् ।

श्रीमाधवनारायणको मूर्तिलाई पनि एक महिने शालीनदी कल्पवासबाट ब्रह्मपुरमै एघार महिनासम्म बैकुण्ठवासको लागि प्रतिस्थापन गरिन्छ । यसरी श्रीमाधवनारायण भगवान्को मूर्ति ११ महिना अवधिभर राजोपाध्याय पुजारीद्वारा दैनिक एक पटक नित्य पूजामा बाहेक सर्वसाधारण नागरिकले छुनसमेत नहुने तर दर्शन गर्न हुने गरी निश्चित स्थानमा विराजमान गराइन्छ ।

भनिन्छ, स्वस्थानी माहात्म्यको कथाले काठमाडौं र साँखुको स्थानलाई सम्बोधन छ, जस्तोः नवराज राजाकी पत्नी चन्द्रावती आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माइती वरुणपुर (बनेपा) बाट घर लावण्य देश (साँखु) आउन लाग्दा श्रीस्वस्थानीदेवीको निन्दा गरेकाले डोलीबाट खसी हातखुट्टा झरेको र साँखुमै अप्सराहरूले श्रीस्वस्थानीको व्रत गरिरहेको ठाउँमा गएर व्रत उपासना गरी निको भएको धार्मिक कथन गाँसिएको उक्त तीर्थस्थल हिन्दु धर्मावलम्बीहरूका लागि पावनभूमि मानिन्छ। श्रीस्वस्थानीको व्रत अविवाहित महिलाहरूका लागि अझ आकर्षण बनेको छ भन्दा अत्युक्ति नहोला।

अहिलेको अवस्था हेर्दा, व्रतमा लगभग दुई सयदेखि तीन सय सङ्ख्यामा सहभागिता रहने अनुमान हुन्छ। यसमा पुरुषभन्दा महिलाको सङ्ख्या अत्याधिक रहन्छ र केही सावा (व्रत संरक्षक) रहेका हुन्छन्। समयानुसार प्रत्येक वर्ष व्रतालुहरूको सङ्ख्या पनि बढ्दै आएको देखिनाले यस व्रतको लोकप्रियताको अनुमान सहजै गर्न सकिन्छ।

व्रतको विधिअनुसार व्रत अवधिभर हरेक दिन बिहान चारै बजे साँखु बजारमा बसेका महिलाहरूलाई शङ्ख फुकेर बिउँझाइन्छ, त्यसपछि नदीमा स्नान गराइन्छ। नारायणको नित्य पूजा सकेर स्वस्थानीको कथा श्रवण गर्नु पर्दछ। यस अवसरमा ब्राह्मणद्वारा वाचन हुन्छ। पूजा समाप्त भइसकेपछि नारायण भगवान्लाई शालीनदीबाट साँखु बजारस्थित साल्खा टोलको नारायण भगवानकै पूर्व स्थानमा ल्याइन्छ।

व्रतकै बिचमा साँखुका टोलटोलमा जम्मा गरिएका माटाका पुराना भाँडाहरू फुटाएर भगवान्लाई दुःख देखाउने प्रचलन छ। त्यसपछि भगवान्ले दुःख निवारण गरिदिनुहुन्छ भन्ने जनविश्वास पनि रहेको देखिन्छ।

श्रीस्वस्थानी व्रतका विविध प्रक्रिया र स्वरूपहरू रहेका पाइन्छन्। यस्ता स्वरूपहरू मध्ये परिक्रमाको क्रममा एकजना पुरुष व्रतालुले धोतीले बेरिएको शरीरले साष्टाङ्ग दण्डवत् गर्दै जमिनमा शरीरलाई गुल्टाएर घुम्नुपर्छ। सो समयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकजनाले टाउकोमा सहस्रधारा भएको माधवनारायणको करुवा लिएर जल छर्किंदै अगाडि बढ्छन् ।

यसका साथै व्रतको अन्तिम चरणमा सबै व्रतालुहरूले शालीनदीदेखि नै साँखु सहर परिक्रमा गर्दै करिब डेढ किलोमिटरको दुरीमा रहेको वज्रयोगिनीदेवीको मन्दिर पुग्ने परम्परा छ। यसरी शरीर नापेर गरिने दण्डवत्का प्रक्रियालाई नेपाल भाषामा 'दु: वनेगु' भनिन्छ। जाडो, धुलोमैलो, अझ ज्यानकै परवाह नगरी गरिने यस्तो गाह्रो किसिमको दण्डवत् सास्तीपूर्ण त हुन्छ नै तर अगाध श्रद्धा र विश्वासमा यसलाई व्रतालुहरूले सामान्य रूपमा लिने गरेको देखिन्छ। व्रत बस्नेहरूले मनमा चिन्ता, द्विविधा लिएको खण्डमा व्रत असफल हुन गई आफूले सजायको भागीदारिता स्विकार्नुपर्ने मान्यता पनि त्यत्तिकै रहेको देखिन्छ। यसर्थ, यो व्रतले जनमानसमा धार्मिक उत्साहलाई थप प्रेरणा दिएको स्पष्ट हुन्छ। रातारात हिँडेर निराहार पशुपतिको दर्शन गरी फर्पिङ शेषनारायणलाई अर्घ्य दिई सोही दिन साँखु पुगिसक्नुपर्ने बाध्यता र एकैदिन चाँगुनारायणमा १०८ पटक साष्टाङ्ग दण्डवत् गरी पनौती इन्द्रेश्वर महादेवको पूजा गरी फेरि पनि साँखु पुगेर मात्र प्रसाद ग्रहण गर्नुपर्ने धार्मिक परम्परा विद्यमान रहेको पाउन सकिन्छ। नाङ्गो खुट्टाले लामो दुरीको यात्रा गर्दा हार खानेहरू आजसम्म भेट्न नसक्नु यसप्रतिको अगाध श्रद्धा नै हो। यता बाटोमा निराहारका कारण बेहोस भई मुर्च्छित हुने पनि नदेखिने होइन तर पनि अगाध श्रद्धा र भक्तिले यो कुरा गौण हुने गरेको छ। पुरुष स्वयम्सेवकहरूको सक्रियताको उदाहरण यहाँ पाउन सकिन्छ।

साँखुबाहेक काठमाडौँका केही स्थानमा पनि व्रत बस्ने प्रचलन रहेको छ। भक्तपुरको हनुमानघाट तीर्थस्थलमा पनि श्रीस्वस्थानी र माधवनारायणको व्रत बस्ने गरिन्छ। मल्लकालदेखि नै चलेको यो परंपराले आजसम्म पनि निरन्तरता पाइ नै रहेको छ। भक्तपुरका मल्ल राजाहरूले आफ्नै नेतृत्वमा माधवनारायणको व्रतको तयारी गर्दथे। सहर परिक्रमा गर्ने क्रममा भक्तपुर पनौती र पशुपतिनाथ मन्दिर जाने प्रचलन आजसम्म पनि छ। इतिहासकारहरूले जयस्थिति मल्ल र रणजीत मल्लको नाम भक्तपुरको माधवनारायणजात्रासँग जोडेका छन्। भक्तपुरको माधवनारायण र श्रीस्वस्थानी परमेश्वरीको जात्रा सारै कठिन भएकाले श्रद्धालुको सङ्ख्या घट्न गएको कुरालाई पनि कसैकसैले अगाडि सारेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठमाडौँ टोखामा पनि स्वस्थानी व्रतको एक महिनाभरि नै बिहानै शङ्ख फुकेर जगाई नुहाउन जाने प्रचलन रहेको छ। एकजना मूल व्यक्तिको अग्रसरतामा यो कार्य गरिन्छ। चण्डेश्वरी मन्दिरमा पुगेर नुहाई फर्किने चलन रहेको छ। तर यहाँ कुनै निश्चित स्थानमा साँखुको जस्तो सामूहिक रूपमा व्रत नबसी आ-आफ्नै घरमा जाने प्रचलन छ। साथै यसै अवसरमा बाजागाजा र विभिन्न भजन-गीतहरू सहित यहाँ सहर परिक्रमा पनि गरिन्छ। यसै अवसरमा सहस्रधारा लिएर हिँड्ने हुनाले पनि यहाँको महिमा समेत उच्च रहेको देखिन्छ।

साँखु जात्राकै प्रसङ्गमा एउटा तितो सत्य देखिन थालेको छ कि शालीनदी तीर्थस्थलवरिपरिका भू-भागहरू तथा यात्राका क्रममा श्रद्धालुहरू बास बस्ने भोजन गर्ने स्थानका साथै मन्दिरवरिपरिका खुला ठाउँहरू क्रमशः अतिक्रमणमा परी साँघुरिँदै जान थालेका दृश्यले भविष्यमा यहाँको जात्राको महिमामा असर पर्ने स्पष्ट देखिन्छ। यसबारे सम्बन्धित निकायले समयमै ध्यान दिनु आवश्यक छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रको तपस्या-संस्मरण: पनौती बाह्रबर्से मकरमेला-जात्रा

काठमाडौंदेखि करिब ३२ कि.मि. जतिको उत्तरपूर्वी भागमा पनौती नगर रहेको छ। पनौती एक प्राचीन सहर रहेको कुरा यसको वरिपरि खोपासी, नाला, बनेपा आदि स्थलमा प्राप्त लिच्छविकालीन अभिलेखबाट स्पष्ट हुन्छ। कला र वास्तुकला संरचनाहरूले भरिपूर्ण यो सहर सांस्कृतिक जात्रापर्वहरूका लागि पनि अग्रणी रहेको छ। यहाँ स्थापित मन्दिरहरूमा इन्द्रेश्वर मन्दिर, ब्रह्मायणी मन्दिर, गणेश मन्दिर आदिलाई उत्कृष्ट मूर्तकलाको उदाहरणका रूपमा लिन सकिन्छ। पद्मावती (पुण्यमती) र लीलावती खोलाको दोभानमा उत्तर तर्फको गोरखनाथ डाडाँबाट बग्दै रुद्रावती आएकाले यसले त्रिवेणीको रूपमा प्रसिद्धि पाएको छ। यहाँका धेरै उत्सव र समारोहहरू यसै स्थानमा मनाइने गरिन्छन्।

यस भेकको एक विशिष्ट र गरिमाको रूपमा स्थापित यसै दोभानमा प्रत्येक बाह्र वर्षमा मकरमेला लाग्ने गर्दछ। जनकथनअनुसार गौतम ऋषिकी पत्नी अहल्याको सौन्दर्यबाट मुग्ध भएर देवराज इन्द्रले गौतम ऋषिको रूपमा आएर अहल्याको सतीत्व हरण गरेका थिए। भनिन्छ, पछि गौतम ऋषिले यो कुरा थाहा पाएपछि इन्द्रलाई शरीरभरि हजार योनि होउन् भनी श्राप दिए। इन्द्रले महादेवको सल्लाहअनुसार यसै स्थानमा बाह्र वर्ष तपस्या गरेका थिए। महादेव आफै पनि यहाँ नजिकै रहेको डाडाँभित्र प्रवेश गरी पछि रुद्रावतीको रूपमा प्रकट भएको उक्ति पनि चाख लाग्दो छ। यसबाट यहाँको त्रिवेणी एक पावन स्थलका रूपमा प्रसिद्धिमा पुगेको अनुमान हुन्छ। यसै त्रिवेणीमा इन्द्रले स्नान गर्दा शरीरमा भएका सबै रोग र कुरूपपनाको समाप्ति हुन पुगेको जनविश्वास रहेको छ। खास गरेर जेष्ठ पूर्णिमाको दिन स्नान गरेमा सम्पूर्ण रोगहरू नष्ट हुने परम्परागत विश्वास छ। अझ यसै त्रिवेणीघाटमा १२ वर्षमा लाग्ने मकरमेलाको अवसरमा स्नान र पूजन गर्दा ठुलो पुण्य प्राप्त हुने बताइन्छ। भनिन्छ, यहाँ नै इन्द्रकी पत्नी शचीले पनि स्नान गरेकी थिइन्। यसै तीर्थलाई उत्तरप्रयाग पनि भन्ने गरिएको छ।

यहाँको ऐतिहासिकतालाई विचार गर्दा यस स्थलको महिमा धेरै अगाडिदेखि अर्थात् मल्लकालअगावै सर्वत्र पुगिसकेको कुरा त प्रताप मल्लका पालामा निर्मित रानीपोखरीमा पानी भर्नका लागि निश्चित परिमाण पनौती तीर्थबाट पनि लिएको तथ्यबाट अनुमान गर्न सकिन्छ।

यस सम्बन्धमा माथि नै केही उल्लेख भइसकेको किंवदन्तीको अनुसार त देवराज इन्द्रमाथि लागेको श्रापमोचन स्थलका रूपमा यो भूमि जोडिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। यहाँ प्रत्येक १२ वर्षमा सूर्य मकर राशिमा प्रवेश गरेका वेला रुद्रावती मिसिएको सँगममा स्नान गरेमा विभिन्न रोगबाट छुटकारा पाउन सकिन्छ (आचार्य, २०६६)। यसै अनुसार यसको महिमा दिनानुदिन व्यापक हुँदै गयो र आजसम्म पनि रुद्रायणीका रूपमा सेतो रङ्गको पानी आई यहाँ मिसिन्छ भन्ने जनविश्वास रहेको छ।

यसैगरी अर्को किंवदन्तीअनुसार- "पहिले कुनै कालखण्डमा काठमाडौँलगायत पनौतीमा सिँचाइको लागि पानीको हाहाकार भयो। त्यस वेला काठमाडौमा सत्यवर र पनौतीमा राजा दीर्घ राय शासन गर्दथे। यी दुवै राजाहरूले फूलचोकी माईसँग पानीका लागि अनुरोध गरे। फूलचोकी माईले यसको लागि सुन र चाँदीका फूलहरू ल्याई चढाउनू भनिन्। काठमाडौमा त राम्रा कलाकार भएकाले सुन र चाँदीका फूल बनाई देवीलाई चढाउन सम्भव हुने भयो तर पनौतीमा त्यस किसिमका कलाकार नभएकाले पनौतीका राजाले तोरी र मुलाको फुल लिएर चढाए। फुलचोकीदेवी अत्यन्त खुसी भई लीलावती (रोशीखोला) पनौतीतिर फर्काइदिइन्। यो नदी पनौतीमा पुगेपछि लीलावती र रुद्रावतीको सङ्गममा मिसिने छ र त्रिवेणी बन्ने उल्लेख गर्दै प्रत्येक १२ वर्षमा यस ठाउँमा मेला लाग्ने छ भनी भविष्यवाणी समेत गरिन्।" त्यस वेलादेखि यस ठाउँको ख्याति बढ्न गएको हो भनिन्छ। मेलाका अवसरमा टाढाटाढाबाट श्रद्धालु भक्तजनहरूको भव्य जमघट हुने गर्दछ। त्रिवेणीमा नुवाइधुवाइ गरेपछि नजिकै रहेका इन्द्रेश्वर, ब्रह्मायणी, भैरव, भद्रकालीको दर्शन पूजन गरिन्छ। यसै अवसरमा नागराज वासुकिको पनि पूजा गर्ने प्रचलन छ। भनिन्छ, वासुकि नागले पनौतीवासीलाई आशीर्वाद मात्र होइन हरेक क्रियाकलापमा सहयोग गर्दछन्। यसैले उनै नागप्रति पनौतीवासीको अगाध श्रद्धा आजसम्म पनि अनवरत रहेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यहाँनिर एउटा महत्त्वपूर्ण कुराको बारेमा पनि चर्चा गर्नु आवश्यक छ। ने.सं. २७० मा लेखिएको एउटा हस्तलिखित ग्रन्थमा 'पन्नगविषय' को उल्लेख परेको छ (वज्राचार्य, २०६४:१७)। यो पन्नग शब्द 'नाग' शब्दको पर्यायवाची भएकाले र पनौतीवासीलाई नागले रक्षा गरेको धारणालाई तुलनात्मक रूपले हेर्दा पन्नगविषय शब्दले पनौतीलाई नै इङ्गित गरेको कुरामा विश्वास गर्न सकिन्छ।

पनौतीका बासिन्दालाई रक्षा गर्ने वासुकि नागको बारेमा पनि चाखलाग्दो किंवदन्ती प्रचलित छ यसअनुसार "पनौतीमा रहेको वासुकि नागलाई कुनै उपायले पाटनमा लैजाने पाटनका तान्त्रिकहरूले विचार गरे। वासुकिलाई लिन गोप्य रूपमा तान्त्रिकहरू पनौती आई सोधखोज गर्दा उनी मनुष्यको रूप लिई जात्रा हेर्न गएको थाहा भयो। उनलाई जात्राको भिडमा कसरी चिन्न सकिन्छ भनी सोधखोज गर्दा उनी सेतो लुगा लगाएका, गोरो युवकको रूपमा रहन्छन् भन्ने कुरा पनि पत्तो लाग्यो। नभन्दै युवकको रूपमा आएका वासुकि नागलाई चिन्न गाह्रो परेन। पाटनका तान्त्रिकहरूले अगाडि गई विन्तीभाउ गर्दै वासुकि नागको प्रशंसा गर्न थाले। वासुकिले पनि उनीहरूलाई चिन्न सकेनन्। यसर्थ उनीहरूप्रति विश्वास गर्न थाले। तान्त्रिकले नागराजाको विशालकाय स्वरूप र सूक्ष्म स्वरूप हेर्ने इच्छा व्यक्त गरे। उनले आफ्नो सूक्ष्म स्वरूप देखाउँदा तान्त्रिकले लिएको कमण्डलुभित्र प्रवेश गर्दा कमण्डलुको बिर्को बन्द गरिदिई पाटनतिर कुलेलाम ठोके। यसपछि मात्र वासुकिलाई आफू षडयन्त्रमा परेको थाहाभयो। हारगुहार गर्दा नजिकै वसेका कन्याहरूले छुटाउने छन् भन्ने आस पनि राखेका थिए। तर त्यो सफल हुन सकेन। नागराजलाई पाटन लगेर मत्स्येन्द्रनाथसँगै राखियो। नागराजाले आफ्ना दुई सर्त मानेमा आफू पाटनमै बस्ने सहमति दिए। यसमा पहिलो सर्त जेष्ठ महिनामा लाग्ने पनौतीको जात्राको केही दिनअगाडि पनौती जान पाउने र जात्रा सकेपछि फिर्ता हुने थियो भने दोस्रो सर्त पनौतीको जो कोही मानिसले यहाँ दर्शन गर्न इच्छा गरेमा दर्शन गर्न सकोस् भन्ने थियो। उनको दुवै सर्त पूरा भयो। भनिन्छ, त्यसै अनुसार अद्यापि यो प्रचलन रहेको छ (ताम्राकार, २०६६:२३-२६)। यस प्रकार पनौती मेलाले नागराजाको उपस्थितिलाई पनि समेटेको देख्न सकिन्छ।

यसरी पनौतीको सङ्गममा नुहाउने र इन्द्रेश्वर, ब्रह्मायणी, गणेश र नाग देवताहरूको दर्शन गरे ठुलो पुण्य मिल्ने विश्वास रहेको छ। मेलाको अवसरमा टाढाटाढाबाट भक्तजनहरू यहाँ आई स्नान, दर्शन, पूजन गर्ने गर्दछन्। काठमाडौं बाहिरबाट पनि भक्तजनहरू तीर्थाटनका लागि यहाँ आउने प्रचलन छ। यसबाट पनि यसको गरिमा उच्च रहेको मान्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चण्डासुर वधः बनेपा चण्डेश्वरीजात्रा

काठमाडौँ देखि पूर्व रहेको बनेपा सहरको उत्तरपूर्वी भागमा अवस्थित चण्डेश्वरी मन्दिरको यस भेगमा अति उच्च महत्त्व रहेको छ। यस मन्दिरले आफ्नै शैली र परम्परागत विशेषतालाई आजसम्म पनि कायम राख्दै आएको छ। यहाँ मनाउँदै आएका जात्रापर्वहरूलाई अवलोकन गरेमा यस कुराको पुष्टि हुनजान्छ। चण्डेश्वरी देवीको जात्रा धेरै अगाडिदेखि नै अविरल रूपमा चल्दै आएको र यसभित्र धेरै सांस्कृतिक परम्पराहरू अद्यापि पनि जीवन्त रहेको देख्न सकिन्छ। स्थानीय जनजिब्रोमा यस जात्रालाई 'भो द्यो' पनि भन्दछन्।

बनेपास्थित चण्डेश्वरीको उत्पत्तिको सन्दर्भमा उल्लेख गर्दा भाषा वंशावलीको प्रस्तुतिलाई अगाडि सार्नुपर्ने हुन्छ। वंशावलीअनुसार- "चण्डासुर नामक दैत्यले महादेवको तपस्या गरेको र महादेव उसको तपस्यादेखि खुसि भई उनीबाट अजेय हुने वरदान प्राप्त गऱ्यो। यस प्रकारको वरदान पाएपछि उसले अझ उपद्रव मच्चाउन थाल्यो। देवताहरू समेत उ देखि भयभीत हुन थाले र देवीको शरणमा गए। देवी पनि एउटा चम्पक वृक्षमुनि अदृश्य भइन्। राक्षसले देवीलाईसमेत परास्त गर्न आफ्नो खड्गले सो वृक्षमा प्रहार गर्न थाल्यो। यसै बिच देवी प्रकट भई आफ्नो खड्गले त्यस राक्षसलाई प्रहार गर्दा राक्षसको त्यहीँ नै मृत्यु भयो। चण्डासुर नामक दैत्यलाई वध गरेकाले देवीको नाम पनि चण्डेश्वरी रहन गयो। दैत्यले काटेको चम्पक वृक्षको ठुटोलाई देवीका रूपमा मानेर पूजा गर्न थालियो।" यसरी बनेपास्थित चण्डेश्वरीमा चम्पक वृक्षको ठुँडुल्कोलाई देवीको प्रतीक मानेर पूजा गर्ने परम्परा लामो समयदेखि चल्दै आएको छ।

जात्रामा प्रत्येक वर्षको वैशाख पूर्णिमाको अघिल्लो रात चिराग लिई एक हुल मानिसहरू बनेपाबाट मन्दिरतर्फ प्रथान गर्दछन्। यसमा यिनीहरू सोधा टोलको चौबाटोमा बालिएको आगोलाई स्पर्श नगरी जानुपर्ने हुन्छ। अर्को एक पारम्परिक विश्वासअनुसार यहाँ ज्वाला नामक राक्षस बस्ने गर्दथ्यो। त्यसैले उसलाई व्यवधान नदिई अगाडि बढ्ने गरिन्थ्यो। चिराग लिई जानेहरूले चण्डेश्वरी मन्दिरको परिक्रमा गरी मन्दिरको उत्तरतर्फ रहेको खोल्सामा ती चिरागलाई फाल्ने गर्छन्। यसपछि सबैजना त्यहीँ नै नुहाइधुवाइ सकेर घर फर्किन्छन्। चतुर्दशीको रातको समयमा बनेपा लायकुबाट १२ ओटा बोका र पूजा सामग्रीसहित पूजा गर्न जाने प्रचलन छ। यसका लागि बनेपाका भैल खलकहरूले बोका र पूजा सामग्रीको बन्दोबस्त गरी द्वारेलाई बुझाउनुपर्दछ। बोकाहरूको बलि द्वारेकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्रसरतामा दिने गरिन्छ। बलि दिएको बोकाको कम्मरदेखि माथिको भागको मासु पूर्णिमाको भोलिपल्ट कलदान पूजाका लागि छुट्याइन्छ भने अरू मासु पुजारी सबैले प्रसादका रूपमा बाँडेर खाने गर्दछन्।

पूर्णिमाको बिहानैदेखि एक समूह बनेपाको सोधाटोलबाट नर्कटको लामो तोरण बनाई त्यसमाथि बत्ती राखी मन्दिरतिर लाग्दछन्। यसलाई स्थानीयले मतपूजा भनी सम्बोधन गर्दछन्। उनीहरूको पछिपछि अरू

व्यक्तिहरू पनि हातमा बत्ती लिई हिँड्ने गर्दछन्। यिनीहरू पनि मन्दिरको परिक्रमा गरेर नर्कटलाई उत्तरतर्फ रहेको खोल्सामा फ्याँक्ने र जलेश्वर महादेवको दर्शन गरी फर्किन्छन्।

वैशाख पूर्णिमाको दिन चण्डेश्वरीको खटजात्रा हुन्छ। देवीको सो खट तीनधारा टोलस्थित दबुमा निर्माण गरिन्छ र यसको जिम्मा बनेपाका मानन्धरहरूले लिएका हुन्छन्। यसको निर्माण पूर्णिमाको दुई दिनअगावै थालनी गरिन्छ। मझौला खालको खट भने बकुटोलका कर्माचार्यले नै बनाउँछन्। यसैगरी अर्को सानो खट जसलाई पिलाखः भनिन्छ लायकुटोलबाट सोधाटोलमा ल्याइन्छ। यसरी चण्डेश्वरी जात्रामा जम्मा तीन खट सम्मिलित हुन्छन्। तीनओटै खट बोकेर साँझतिर बाजागाजासहित मन्दिरतर्फ लाग्ने चलन छ। मन्दिरको प्राङ्गणमा पुगेपछि तीनओटै खट बिसाइन्छ र ठुलो खटलाई दबुमा पुऱ्याइन्छ। साँझतिर देवीको मूर्तिलाई मन्दिरबाहिर ल्याई खटमा राखिन्छ। दवुको पूजामा भने कनफट्टा जोगीको उपस्थिति अनिवार्य मानिन्छ। स्मरणीय छ, देवीको सो मूर्तिलाई हातमा सुताएर ल्याइन्छ र बाजा पनि मरेको बेलामा बजाउने नै बजाइन्छ। यससम्बन्धमा एउटा कथा पनि प्रचलित छ। यसअनुसार- "करुणामयको जात्रामा सबै देवी देवताहरूलाई निमन्त्रणा थियो। तर चण्डेश्वरीदेवी केही ढिलो पुग्दा खाना थिएन। यसर्थ देवीले रिसाई पाटनका खुसटोलका मानिसहरूलाई खाएर बनेपा पुगिन्। यो थाहा पाई देवगणहरूले देवीको जात्राका वेलामा बदला लिने विचार गरे। यसअनुसार देवीलाई सो कुराको जानकारी हुनगई जात्राको वेलामा देवी मरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिनयमा मूर्ति निकाल्नू भन्ने आदेशानुसार देवीको मूर्ति मरेको जस्तो सुताएर मन्दिरबाट निकालिने प्रचलन सुरु भयो। यसो गर्दा देवीलाई मार्न तम्सिएका देवगण फर्किएर गए। खटयात्राको समयमा पनि खट बनेपा सहर सिधै लगिँदैन। यसमा आधा बाटोमा खट छोडेर आआफ्नो घरतिर लाग्ने परम्परा छ। रातभर खटको जिम्मा भने पुजारी र ड्युटीमा रहेका पुलिसहरूले लिएका हुन्छन्। भोलिपल्ट बाजागाजासहित थुप्रै मानिस त्यहाँ पुगी खटयात्रा सुरु गर्दछन्।

बनेपामा खट प्रवेश गरेपछि टोलटोलबाट अबिर, फूल आदिले स्वागत गर्ने प्रचलन छ। खट बकुटोलमा पुग्दा लसकुश पूजा गरिन्छ। यस सन्दर्भमा उल्लेखनीय के पनि रहेको छ भने देवीको दर्शन सर्वप्रथम पुतवारकी छोरीले गरेकी हुनाले तिनैलाई गराउने प्रचलन छ। त्यसपछि मात्र अरू भक्तजनहरूले गर्न पाउँछन्। यहाँबाट खटलाई दथुटोलमा पुऱ्याएपछि द्वारेले सरकारी पूजा गर्दछन्। यस बेलामा देवीलाई हाँसको बलि दिनुपर्दछ। यसपछि खटलाई बकुटोलमा ल्याइन्छ। यसै समयमा बकुटोलको न्हेंक चपामा कलंदान भन्ने कार्य गरिन्छ। यसमा अगाडिको दिनमा बलि दिएको बोकाको कम्रमाथिको मासुलाई ससाना टुक्रा गरी चटामरीमा राखिन्छ र यसलाई प्रसादका रूपमा बाँडिन्छ। चटामरी पाउन सके भाग्यमानी भइन्छ भन्ने विश्वासले सो पाउन यहाँ तँछाडमछाड नै हुन्छ। यसपछि देवीको खटजात्रा द्यःछेंमा लगिन्छ। द्वितीयाको दिन दिनभरि नै देवीलाई सगुन दिने काम हुन्छ। तृतीयाको दिन दिउँसोतिर गुठी पूजा गर्ने गरिन्छ। यसैगरी चतुर्थीको दिन देवीको मुकुटसहित सबै गरगहना दुईजनाले मात्र बोक्न हुने खटमा राखी जात्रा गरेर लायकु दरबारमा ल्याइन्छ। यस अवसरमा पुजारी, द्वारे र सरकारी कर्मचारीले गहनाको जाँच गरी पुजारीलाई जिम्मा दिने गर्दछन्। फेरि यी गरगहनालाई खटमा राखी जात्रासहित द्यःछेंमा ल्याई सम्पूर्ण जात्रालाई विसर्जन गरिन्छ। यस प्रकार बनेपास्थित चण्डेश्वरीको जात्राले एउटा स्थापित वैभवशाली सांस्कृतिक परम्परालाई अङ्गीकार गरेको छ भन्दा अत्युक्ति नहोला।

यसैगरी भक्तपुरमा पनि चण्डेश्वरीको आफ्नै महिमा छ। भनिन्छ, वनेपा स्थित रहेकी चण्डेश्वरीको जात्रा चलाउन भक्तपुरकी चण्डेश्वरीको फूल, प्रसाद चढाएर पछि मात्र सुरु हुन्थ्यो (प्रजापति, १९९०:६)। भक्तपुरमा पनि वैशाख पूर्णिमाको अघिल्लो दिन द्यः छें बाट देवीलाई खटमा विराजमान गराई मन्दिरमा ल्याइन्छ। बाटामा चासुख्यतंचामा खट आएपछि दीप प्रज्ज्वलन गरिन्छ। यही समयमा ठाउँ-ठाउँमा आलोपालो देवीलाई स्वागत गरिन्छ। यसै उपलक्ष्यमा एउटा भैंडा पनि बलि दिइन्छ। साँझपख चण्डेश्वरीमाईको रित्तो रथको पिंख न्हयाइगु सम्पन्न हुन्छ। यसपछि खटमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवीलाई राखी लायकु दरबारतिर लगिन्छ। बाटामा यलाछें टोलमा रथ रोकेर त्यहाँ देवीको पूजा सम्पन्न गरिन्छ। त्यसपछि प्रधानाङ्गहरूबाट रथको पूजा सम्पन्न गरिन्छ। बजार परिक्रमा गर्ने क्रममा सुकुलढोका, गोलमढी, पासीख्य, इनाच्व हुँदै भीमसेन मन्दिरनिर रोकिन्छ, त्यहाँ कुखुराको भोग दिई उलक परिकारबाट पूजा हुन्छ। यसपछि याछें, च्वास्वांमाय टोल हुँदै कुथित्वालयमा पूजा हुने गर्दछ। यहाँबाट खटलाई घिसारेको रमाइलो क्षण देखिन्छ। माईको रथ दोपातमा पुगेपछि रथ फर्काउने काम हुन्छ। यति कार्य रातभर नै चलिरहन्छ। रथलाई द्यःछें मा पुऱ्याइन्छ। यहाँ रथ आइपुग्दा गुठियारलाई भोजमा सामेल गरिन्छ। पूर्णिमाको रातिसम्म पूजाआजा सम्पन्न गरी द्यः छें मा राखिन्छ। यसपछि खटयात्रा समाप्त भएको मानिन्छ। यसर्थ भक्तपुरमा पनि चण्डेश्वरी देवीको जात्राले ठुलो महत्ता पाएको छ।

टोखामा बिस्केटजात्राको अवसरमा चण्डेश्वरीदेवीको खट पनि सामेल गरिएको हुन्छ। यहाँ वैशाख १ देखि ४ गतेसम्म विभिन्न देवदेवीका रथ सिँगार्ने र परिक्रमा गर्ने कार्य हुन्छ। यसलाई सिन्दूरजात्रा पनि भनिन्छ। यसरी टोखामा छुट्टै चण्डेश्वरीको जात्रा नभए पनि बिस्केटजात्रामा अरू देवदेवीहरूसँग चण्डेश्वरी देवीलाई समावेश गर्ने प्रचलन छ। किनभने टोखालाई चण्डेश्वरी देवीले रक्षा गरेको सहरको रूपमा व्याख्या गरिएको छ। देवीको भव्य मन्दिर टोखा सहरदेखि उत्तर वनको फेदीमा अवस्थित छ। यिनै देवीलाई भक्ति प्रकट गर्न जात्रा सम्पन्न गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिशाच-चतुर्दशी: पाहाँचह्रे-घोडेजात्रा

उपत्यकाभित्र मनाउँदै आएका विभिन्न जात्रामा पिशाच चतुर्दशी, पाहाँचह्रे र घोडेजात्रा पनि यहाँका जनसमुदायमा प्रभावी जात्रासूचीमा समाहित देखिन्छन्। तीनओटै जात्रा खास गरेर एकै समयको अन्तरमा मनाइने भएकाले यहाँ एकै स्थानमा उल्लेख गरिएको छ। पिशाच चतुर्दशीमा शिव आफै पिशाचको रूपमा रहन्छन् भन्ने जनविश्वास रहेको छ। शिवको यो स्वरूपलाई लुकुमहादेवको रूपमा पनि उल्लेख गरिएको छ। भनिन्छ, यस वेला शिव फोहोरको थुप्रोमा लुकेर बसेका हुन्छन्। उनको यो स्वरूपलाई हिन्दु तथा बौद्ध धर्म मान्नेहरूले समान रूपमा सम्मान व्यक्त गर्दछन्। यसै दिन शिवलिङ्ग रहेको ठाँउमा सरसफाइ गरी चन्दन, अक्षता र फूलले पूजा-उपासना गर्ने तथा रोटी, चिउरा आदि चढाउने प्रचलन रहेको छ।

यस प्रकारको प्रचलनको पछाडि भष्मासुरको कथालाई अघि सारिएको पाइन्छ। कथाअनुसार शिवबाट वर प्राप्त गरेपछि भस्मासुरले शिवकै टाउकोमाथि आफ्नो हात राखेर परीक्षण गर्न थाल्यो। शिव यसबाट डराएर भाग्न थाले। अन्तमा केही सिप नलागी उनी नजिकै रहेको फोहोरको डङ्गुरमा लुक्न पुगे। पछि विष्णुले छलद्वारा अप्सराको रूपमा उसलाई मोहित पारी भस्मासुरलाई समाप्त गरे। यसैले पिशाच चतुर्दशीको महत्त्वमा शिवको पूजा आराधना नै प्रमुख रूपमा रहेको छ। पिशाच चतुर्दशीको दिन महादेव र भद्रकालीको पूजा गर्ने कुराको तात्पर्य र प्रसङ्ग रहेको छ (वज्राचार्य, २०२५:१३५)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै दिन शिवलिङ्ग रहेका स्थानमा र प्रतिमामा सरसफाइ गरिनुको पछाडि किंवदन्तीअनुसार शिवलाई फोहोरको डङ्गुरबाट बाहिर ल्याई पूजा गर्ने परम्परा रहेको छ। यसर्थ उनलाई सम्मान गर्ने अवसरको रूपमा पनि लिइन्छ।

यसैगरी अर्को पाहाँचरे अर्थात् 'पाहाँ' भनेको 'पाहुना' र 'चरे'(द्वे) को सम्मान हुन आउँछ। कसैकसैले यसलाई पासाचरे पनि भन्दछन्। यस दिन टाढाटाढा बस्ने आफ्ना नातागोता आफन्तीहरूलाई निमन्त्रणा गरेर भोज खुवाउने गरिन्छ। बिहे भएर आफ्ना घर गएका चेलीबेटीलाई बोलाई मिष्ठान्न भोजन गराइन्छ।

यसै जात्राको अवसरमा आफ्ना नातेदारहरू र छोरीबेटीहरूलाई खुवाउने भोजमा छोयला, वजी, काँचो लसुन र छ्याङ् समावेश हुन्छ। यस वेलादेखि नै लसुनको प्रयोग गरिने चाडको रूपमा पनि मनाउने गरेको बताइन्छ।

अर्को यसैसँग सम्वद्ध उत्सवमा, औंसीको दिनमा मनाउने घोडेजात्रा हो। भद्रकाली मन्दिरको अगाडि रहेको टुँडिखेलमा घोडाको दौड गरी घोडेजात्रा मनाउने प्रचलन छ। 'यहाँ टुँडि नामक राक्षसले धेरै दिएको छ। पछि सो राक्षसलाई घोडाको टापले कुल्चेर मारेको हुनाले यसै वेलादेखि घोडा कुदाउने जात्राको रूपमा सुरुवात भएको हो भन्ने भनाइ रहेको छ।

टुँडिखेलमा घोडा दौडाउने सम्बन्धमा 'गुरुमापा' नामक राक्षसको कथालाई पनि जोडेको भेटिन्छ। यस कथाअनुसार 'गुरुमापा' नामक राक्षसले उपत्यकाबासीलाई धेरै दुःख दियो। स-साना बालकहरूलाई चोरेर खाएकोमा उपत्यकाका बासिन्दाहरू भयभीत थिए। त्यस वेला यहाँका एक व्यापारीको केशचन्द्र नाम गरेको छोरो जुवा र तासमा सबै सम्पत्ति हारेर मगन्तेको रूपमा यत्रतत्र भौंतारीरहेको थियो। उसको खाने बस्ने समस्या देखेपछि उसकी दिदीलाई दया लागेकोले उनले आफ्नो भाइलाई साँझ-बिहान खाना खुवाउने गर्दथिन्। हुँदाहुँदा जुवाको लतमा लागेर उसले भात पस्कने थाल पनि जुवामा हार्न पुग्यो। दिदीले अब कुनै उपाय नदेखी भुइँमै भात पस्किन थालिन्। केशचन्द्रलाई साह्रै ग्लानि पनि भएकोले भुइँको भात टिपेर रुमालमा बाँधी स्वयम्भूतिर लाग्यो। उसले भातलाई ढुङ्गामा राखेर पल्टिएको के थियो केही क्षणमै परेवाहरू आएर भातको एक सीता पनि बाँकी नराखी खाइदिए। केशचन्द्रको रिस अब परेवातिर गयो र उसले परेवालाई मार्न थाल्यो। परेवाले आफूहरूलाई नमार्न अनुरोध गर्दै बरु यसको सट्टा केशंचन्द्रलाई धेरै धन दिने बचन दिए। केशचन्द्रले पनि आफ्नो बानी सुधार्नेतिर लाग्यो। नभन्दै ऊ धेरै धनको मालिक हुनपुग्यो। एक दिन प्राप्त ठुलो धनरासी बोक्न नसकी बसेको वेलामा गुरुमापासँग भेट भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरुमापाले केशचन्द्रलाई खान खोज्दा केशचन्द्रले आफ्नो धनको भारी बोकेर घरसम्म पुऱ्याएमा दिनको एउटा राँगो र एक मुरी चामल दिने सर्त राख्यो । गुरुमापा अब त्यहीअनुसार भोजन गर्न थाल्यो । तर फेरि आफ्नो पुरानो बानीलाई छोड्न सकेन । असह्य भएपछि उपत्यकावासीले उसलाई टुँडिखेलमा छोडेर घोडाहरू दौडाई घोडाको टापले कुल्चेर मारे । यसै दिनको स्मरणमा यो घोडा दौडाउने प्रचलनले एउटा जात्राकै रूप धारण गऱ्यो । त्यसपछि आजसम्म पनि उपत्यकामा परेवालाई दाना दिने र मार्न नपाइने बलियो परम्परा बसेको हो भन्ने जनविश्वास रहेको छ ।

आजभोलि घोडेजात्राले सरकारी मान्यता पाई सेना सहभागिताका साथ अश्वदौड-बढाइँ गरी भव्य रूपमा मनाउने गरिन्छ । नेपाली सेनाको तर्फबाट घोडा कुदाउँदा प्रतिस्पर्धी बिच पुरस्कारको पनि व्यवस्था गर्ने परम्पराले यसको महत्त्व बढेको देखिन्छ । घोडादौडमा घोडाको परीक्षण पनि गरिन्छ । यस सन्दर्भमा कतै अनौठो चलन पनि देखिन्छ । यसको उदाहरण पाटन सहर हो । पाटनमा एउटा मात्र घोडा कुदाउने प्रचलन रहेकोले एकजना सैनिकले पाटन बालकुमारीबाट घोडा कुदाएको दृश्यले पनि यसमा आकर्षण थपेको महसुस हुन्छ । यस प्रकार पाहाँचह्रे पिशाच चतुर्दशी र घोडेजात्रामा प्रचलनमा रहेका किंवदन्ती र विश्वासले उपत्यकाको महत्त्वपूर्ण सांस्कृतिक पहिचानलाई अक्षुण्ण राखेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खट उत्सव : फर्पिङ हरिशङ्करजात्रा

हिन्दु धर्मअनुसार जगत्का पालकर्ता विष्णु र संहारकर्ता शिवलाई कुनै भिन्न नदेख्ने भक्तजनको इच्छा मुताबिक दुवैको एकाकार रूपलाई महत्त्व दिई त्यसैअनुरूप पूजा मात्र होइन मूर्ति निर्माणमा पनि स्थान दिएकोबाट 'हरिहर' अर्थात् हरिशङ्करको उच्च स्थान रहेको हो। यसले गर्दा समाजमा देखिन थालेको सामुदायिक वैमनस्यता कम हुनुको साथै एकताको सूत्रमा बाँध्ने नयाँ भावनाको जन्म भएको मान्न सकिन्छ।

वैदिक कालदेखि नै रुद्रको रूपमा पूजित शिव तथा आकाशमाा विचरण गर्ने विष्णुलाई समान देवतामा गणना गरिएको छ। यसै क्रममा दुवै देवतालाई समान भक्तिभाव गर्ने उद्देश्यले हरिशङ्कर अर्थात् हरिहर सम्प्रदायको शुभारम्भ भएको हो। नेपालको प्राचीन लिच्छवि कालदेखि नै हरिहर अर्थात् हरिशङ्करको प्रशस्ति गरिएकोले त्यस वेलादेखि नै यस प्रकारको एकाकार स्वरूप व्यापक भएको मान्न सकिन्छ। वि.सं. ४८७ को पशुपति देवपाटनको एउटा अभिलेखमा अर्धगौरीश्वर (शङ्कर-नारायण) को प्रशंसा गरेको प्रसङ्ग पनि यहाँ जोड्न सकिन्छ। उक्त अभिलेखको वर्णनमा भनिएको छ-"हे सङ्गिनी लक्ष्मी, त्रिशूल र शारङ्ग हातमा लिएका हाम्रा पतिहरूको जोइपोइ बेगरको जोडा हेर न। यी दुइटामा एउटा-एउटाले पनि गर्न नसकिने काम के थियो र यसरी आफ्ना रूप छोडी मिलेका हुनन्। पार्वतीले यसो भनेर कुनै दिन जसलाई हेर्नु भएथ्यो उहाँ अर्धगौरीश्वरलाई सधैं नमस्कार छ" (वज्राचार्य, २०३०:१९९)। यसबाट लिच्छविकालमै शङ्करनारायण वा हरिशङ्कर वा हरिहरको रूपमा शिव र विष्णुको स्वरूप प्रसिद्ध भएको देखिन्छ। यस प्रकार धेरै अगाडिदेखि नै यस सम्प्रदायले नेपाली जनमानसमा जरो गाडिसकेको मान्न सकिन्छ। यसै आधारमा मूर्ति निर्माण र जात्राको प्रचलनको पनि विकास हुँदै आयो। फर्पिङको हरिशङ्कर जात्रा यसैको एक उत्तम उदाहरण हो।

हरिशङ्कर जात्रा फर्पिङ भेकको सर्वाधिक लोकप्रिय जात्राको सूचीमा अग्रणी रहेको छ। जात्राको नामबाटै स्पष्ट हुन्छ कि यसमा शैव तथा वैष्णव तत्त्वको सम्मिश्रण भएको छ। हरि अर्थात् विष्णु र शङ्कर अर्थात् शिवको एकाकार स्वरूप हामी हरिहर सम्प्रदायमा पाउँछौं। यही भावनाले ओतप्रोत भई हरिशङ्करको संयुक्त जात्रा गर्ने प्रचलन रहेको देखिन्छ। यसो भए तापनि यस हरिशङ्कर जात्रामा शैववैष्णवबाहेक शाक्त सम्प्रदायसँग सम्बन्धित खटहरू पनि सम्मिलित गर्ने चलन रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फर्पिङ बजारको बिचमा पुरानो राजदरबारको अगाडिको डबलीदेखि जात्राको शुभारम्भ हुन्छ। यसै ठाउँमा भ्फङ्केश्वरी (गुह्यकालिकाको स्वरूप) को पीठ छ। यहाँ तुलजा र दक्षिणकालीका पुजारीबाट पूजा हुन्छ। यो दिनमा देवी-देवताको आवाहन गरिन्छ। यसपछि बोकाको बलि दिइन्छ। किंवदन्तीअनुसार-"धेरैपहिलेको कुरा हो, फर्पिङ बजारको उत्तरतर्फ रहेको असुर गुफामा धेरै सङ्ख्यामा असुर रहन्थे। बाणासुर राक्षसको दरबार पनि यहीँ नै थियो। भनिन्छ, जात्राको वेलामा यहाँ आएर एक प्रकारको बाजा बजाएपछि असुरहरूको ठुलो सङ्ख्या आएर खट बोक्ने गर्दथे।

हरिशङ्कर जात्रा प्रतिवर्ष भाद्र शुक्ल पूर्णिमाको पहिलो रातदेखि बाह्रौँ रातसम्म मनाउने परम्परा रहेको छ र यसमा शिखरेश्वर, गोपालेश्वर, नन्दिकेश्वर, आघोरेश्वर, कनकेश्वर, तिलविक्रमेश्वर आदिका खटहरू समावेश गरिन्छन्। गजुरसहितको शिखर शैलीमा निर्मित खटहरू रङ्गीचङ्गी कपडाहरूको छत्र टाँगी सजाइएको हुन्छ र प्रत्येक खट बोक्न पचासजना जति जवान चाहिने हुँदा यी खटहरू उपत्यकामा प्रयोग गरिने खटहरूभन्दा ठुला रहेको मानिन्छ। यस किसिमको खट बोक्न बढी जनशक्ति आवश्यक हुने भएकोले एकैचोटि सातै खट नतानेर क्षमताअनुसार खटको सङ्ख्यालाई क्रमिक रूपमा बोक्ने गरेको पाइन्छ।

हरिशङ्कर जात्रालाई उपत्यकाको ठुलो महिमामय प्राचीन जात्रामा गणना गर्न सकिन्छ। जात्राको प्राचीनता सम्बन्धमा ने. सं. ३६० (वि.सं. १२९७) को कनकेश्वरको मुकुटको अभिलेखबाट स्पष्ट हुन्छ (आचार्य, २०४४:३०)। हरिशङ्करजात्रामा दक्षिणकालीको जात्रा पनि सम्मिलित गरिने परम्परा रहेको यताबाट थाहा हुन्छ।

जात्राका दिनहरूमध्ये आश्विन कृष्ण नवमी, दशमी र एकादशीको जात्रालाई सर्वाधिक महत्त्व दिइन्छ। यसो त यसपछिका दिनमा पनि जात्राका गतिविधि भइ नै रहन्छन्। भनिन्छ, नवमीको रातमा गरिने कनकेश्वर (दक्षिणकाली), अघोरेश्वर र नन्दिकेश्वरको खट तयार गर्नेलाई भोज खुवाउनुपर्छ। यसलाई 'छोयला भू' नामबाट सम्बोधन गरिन्छ। यसैगरी भोलिपल्ट अर्थात् दशमीको दिन प्रचण्डभैरव र स्वच्छन्द रक्तभैरव जसको प्रतीक घ्याम्पो रहेको हुन्छ, बोकेर घुमाइन्छ। यसलाई स्थानीय भाषामा जाःबु भन्ने गरिन्छ। यसै रातमा कोठेपटोलमा रहेको सिद्धिगणेश्वर (महालक्ष्मी) को रथ र शिखरेश्वर (शेषनारायण) का रथहरू पनि भ्फम्केश्वरी प्रदक्षिणा गराई राख्ने गरिन्छ।

त्रयोदशीका दिन गोपालेश्वरको आगमघरमा रहेका मूर्तिहरूलाई खटसहित गणेशको पाटीमा ल्याएर राख्ने गरिन्छ। चुतुर्दशीको राति शिखरनारायणका पुजारी र गोपालेश्वरका आगमघरका पुजारीद्वारा होम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पन्न गरिन्छ। यस अवसरमा छुट गुठीका अमात्यले मूल कर्ताको रूपमा कार्य सम्पादन गर्दछन्। भाद्र शुक्ल पूर्णिमाको दिन गोपालेश्वरको रथलाई तयार गरी त्यसमा गोपालेश्वरको नाङ्गिल रथमा राखिन्छ। साँझतिर रथमा रहेका देवताको पूजा गरिन्छ। यो पूजा राजोपाध्यायबाट सम्पन्न हुन्छ। खटलाई बाजागाजाको साथ गौरगणेशस्थानअगाडिको पाटीमा राखिन्छ।

आश्विन कृष्ण चौथीको दिन कोछुटोलमा श्रीतिलविक्रमेश्वरको रथ १, धलखुटोलको अघोरेरेश्वरको रथ १, यलखु टोलको श्रीनन्दिकेश्वरको रथ १, थथेप टोलको शेषनारायणको रथ १, कोटेपटोलको श्रीमहालक्ष्मीको रथ १ समेत ६ ओटा रथ जम्मा हुन्छन् र प्रत्येक पीठबाट पुजारी रकमीले 'जीवघट' ल्याई मूर्ति स्नान गराउने कार्य गर्दछन्। आश्विनकृष्ण अष्टमीको दिन गोपालेश्वर, तिलविक्रमेश्वर, दक्षिणकाली, अघोरेश्वर, नन्दिकेश्वर, महालक्ष्मी र कालभैरवको प्रतीक घ्याम्पा आगमघरमा राखी सातओटा राँगाको बलि दिने कार्य हुन्छ। आश्विनकृष्ण नवमीको दिन विहान बलि दिएको राँगाको मासु प्रसादका रूपमा बाँड्ने र साँझतिर दक्षिणकालीको रथ, नन्दिकेश्वरको रथ र इन्द्रायणीको खट यलखु टोलमा राखिन्छ। यसै रात 'बौलोहं' भनिने स्वच्छन्दभैरवको कर्माचार्यद्वारा पूजा गरिन्छ। यसै वेला बोकाको बलि दिने र भात छर्ने कार्य सम्पन्न गरिन्छ। दशमीको दिन बिहान रक्तभैरवमा पूजा र बोकाको बलि दिइन्छ। त्यस घ्याम्पालाई जात्रा गरी कोटालटोल पुऱ्याउने र त्यस वेला कालभैरवको अर्को घ्याम्पाको पनि सँगसँगै जात्रा गरिन्छ। यसै दिनको राति महालक्ष्मी र शेषनारायणका रथहरू सहर घुमाउने कार्य हुन्छ। आश्विनकृष्ण एकादशीको राती गरिने चक्रपूजा छुटोलमा हुन्छ। यसमा ९ ओटा घ्याम्पामा जाँड राखेर भूतप्रेतलाई शान्त पार्ने उद्देश्यले कनफट्टा योगीले पूजा गर्ने र यसपछि कुखुरा, राँगाको बलि दिने गन्छि। यसको साथै बाऱ्हवर्षको अवसरमा गरिने हरिशङ्कर जात्रामा गोपालेश्वर कुण्डमा रथ पुगेपछि स्नान गरिन्छ। यस अवसरमा धेरै श्रद्धालुको भिड हुन्छ।

आश्विनकृष्ण एकादशीको दिन मूल जात्राको दिन हो। यस बखत कोछुटोलमा निर्माण भएको तिलविक्रमेश्वरको रथअगाडि चक्रपूजा गरिन्छ। चक्रपूजापछि तिलविक्रमेश्वरको रथलाई बोकी झम्केश्वरी परिक्रमा गराइन्छ। यसपछि कोटालटोलमा रहेको गोपालेश्वरको रथलाई पनि झम्केश्वरीमै पुऱ्याइन्छ। यसपछि कोठेपटोलमा रहेको सिद्धिगणेश्वरको रथलाई ठटेपटोल हुँदै झम्केश्वरी घुमाएर भैरव मन्दिरअगाडि राखिन्छ। यसपछि ठटेपटोलमा रहेको शिखरेश्वरको रथलाई भीमसेनस्थान, झम्केश्वरी हुँदै ठुलो ढुङ्गो नघाएर राखिन्छ। यसमा सबैभन्दा माथि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शेषनारायणको रथ र त्यसको ठिक तल गोपालेश्वरको रथ हुन्छ। भोलिपल्ट अर्थात् द्वादशीको दिनमा सातओटै रथहरूको परिक्रमा गरी सिन्दूर जात्रा गरिन्छ। यसै दिन दिउँसोपख गोपालेश्वरको रथबाहेक छओटा रथ क्रमैले बोकिन्छ र गोपालेश्वरको रथ राखेकोनिर क्रमशः अरू रथहरू राख्ने काम हुन्छ। शेषनारायणको रथ भने अन्तिममा बोक्ने गरिन्छ। बोकेर ल्याउँदा कोटालटोलको दथुलाक्षीमा आएपछि त्यहाँ रहेको एउटा शिवलिङ्गमाथि रथ राखेपछि हरिशङ्करको पूर्ण रूप हुने विश्वास रहेको छ। त्रयोदशीका दिन गोपालेश्वरको खटलाई फर्पिङका सातओटै टोलमा घुमाएर कोटालटोलमा पुऱ्याएर योमरी खन्याई पूजा गरिन्छ र आफ्नो स्थानमा फर्काइन्छ। तर जात्राको सम्पूर्णता भने आश्विनशुक्ल प्रतिपदाको दिन गोपालेश्वरको रथमा राखिने शिवलिङ्गलाई आगछेंमा राखेपछि सम्पूर्ण जात्राको समाप्ति भएको मानिन्छ।

यस प्रकार यस जात्रालाई हरिशङ्कर जात्रा भनिए तापनि गोपालेश्वर, तिलविक्रमेश्वर, कनकेश्वर, अघोरेश्वर, नन्दिकेश्वर, शिखरेश्वर र सिद्धिगणेश्वरका खटहरूको जमघट गराइने एक पावन अवसरका रूपमा लिइन्छ। यो कुरा पनि यसमा महत्त्वपूर्ण छ कि अघोरेश्वरको खटलाई नीलवाराही, नन्दिकेश्वरकोलाई इन्द्रायणी, शिखरेश्वरकोलाई शेषनारायण र सिद्धिगणेश्वरलाई महालक्ष्मीको खट पनि भनिन्छ।

गोपालेश्वरको खटभित्र राखिने चतुर्मूर्तिमा पूर्वमा तिलविक्रमेश्वर, पश्चिममा कुमारी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरवको मूर्ति अङ्कित हुन्छ। यसैगरी तिलविक्रमेश्वरको खटमा रहेको चतुर्मूर्तिमा पूर्वमा

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

तिलविक्रमेश्वर, पश्चिममा कुमारी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरवको मूर्ति अङ्कित गरिन्छ। यसैगरी कनकेश्वरको खटमा पूर्वमा कनकेश्वर, पश्चिममा दक्षिणकाली, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित रहेको देख्न सकिन्छ। चौथो खट, अघोरेश्वरको खटमा रहेको चतुर्मूर्तिमा पूर्वमा अघोरेश्वर, पश्चिममानीलवाराही, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरवको मूर्ति अङ्कित गरिएको हुन्छ। पाँचौं नन्दिकेश्वरको खटमा पूर्वमा नन्दिकेश्वर, पश्चिममा इन्द्रायणी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको देखिन्छ। यसैगरी छैटौं शिखरेश्वरको खटमा पूर्वमा वैकुण्ठनारायण, पश्चिममा हरिशङ्कर, उत्तरमा नृसिंहनारायण र दक्षिणमा वराह अङ्कित गरिएको हुन्छ। सातौं रथ सिद्धिगणेश्वरको हो। यस खटमा रहेको चतुर्मूर्तिमा पूर्वमा सिद्धिगणेश्वर, पश्चिममा महालक्ष्मी, उत्तरमा हरिशङ्कर, दक्षिणमा भैरवको मूर्ति अङ्कित गरिन्छ।

यस प्रकार विशेष नेवार समुदायको बस्तीभित्र मनाइने यो हरिशङ्कर जात्रा फर्पिङको सबैभन्दा लोकप्रिय तथा मौलिक पर्व-जात्रा मानिन्छ। जात्रालाई बालकदेखि वृद्धसम्मका फर्पिङवासीहरूले लोकप्रिय उत्सवको रूपमा हर्षोल्लासका साथ आजसम्म मनाउँदै आएकाले यो जात्रा यस क्षेत्रको एउटा पर्वकै रूपमा रहन पुगेको छ।

हरिशङ्कर जात्राबाहेक कालभैरव र रक्तभैरवका घ्याम्पासमेतको जात्रा एउटा चाखलाग्दो तथा उल्लेखनीय रहेको छ । जाँडले भरिएका घ्याम्पाको बाहिरपट्टि भैरवको मूर्ति राखी खटभैँ बोकी कोटालटोलदेखि सुरु गरी कोछु, टिपी, बल्खु, यल्खु, कोतपछाडिबाट थथेप, कोथेप हुँदै कोटालटोलमै ल्याइने परम्परा रहेको छ। यो जात्रा कोथेपटोलबाट सुरु भई क्रमशः कोटाल, कोछु, छिपि, थल्खु, यल्खु, थथेप हुँदै कोथेपमा नै आई टुङ्गिने परम्परा छ।

हरिशङ्कर जात्रा सञ्चालन गर्न गुठीको व्यवस्था र धार्मिक व्यक्तिहरूको यसप्रतिको भक्तिका कारणले आजसम्म जीवन्त रूपमा धुमधामसाथ चल्दै आएको छ। यसको सञ्चालनार्थ गुठीको व्यवस्था कहिलेदेखि भएको थियो भन्ने कुरा स्पष्ट हुँदैन। तर वि.सं. १७६६ मा ललितपुरका राजा योगनरेन्द्र मल्लले हरिशङ्कर जात्राका लागि व्यवस्था बाँधी गुठीको समेत बन्दोबस्त गरिदिएको तत्कालीन स्रोतबाट बुझिन्छ ।

मध्यकालिक मल्ल राजाहरूद्वारा स्थापना गरिएका मन्दिरहरूको संरक्षण गर्ने, सांस्कृतिक पर्वहरूलाई यथावत् कायम राख्ने क्रममा शाह राजाहरूबाट पनि निरन्तरता कायम राखेको देखिन्छ। यस क्रममा यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्रालाई कायम गराउन राजा गीर्वाणयुद्धविक्रम शाहबाट वि.सं. १८५६ मा भन्डार गुठीबाट खर्च चलाउने व्यवस्था बाँधिएको स्रोतले स्पष्ट गर्दछ ।

विशेष गरी दक्षिणकालीलाई शक्तिपीठका रूपमा लिइने हुँदा खटजात्रा हुँदा घरको झ्याल वा छतबाट हेर्न हुँदैन भन्ने जनविश्वास छ । भनिन्छ, यदि कुनै स्थानमा खटजात्रा रोकियो भने अशुभ हुन्छ ।

जात्रामा प्रयोग गरिएका खटहरूलाई पहिलेका स्थानहरूमा सुरक्षित साथ राखी काँचो धागोले बेरेर राख्ने चलन पहिले चलेको देखिन्छ । यस दिनदेखि रथमा पूजा गरिँदैन । तर आज आएर भने सुरक्षाको कारणले ती खटहरू खोलेर मूर्तिहरूलाई यथास्थानहरूमा राख्ने व्यवस्था गरिन्छ ।

यस प्रकार काठमाडौंदेखि दक्षिणमा अवस्थित फर्पिङमा मनाउने यो जात्राले यहाँ विद्यमान देवमन्दिर र तत्सम्बन्धी देवताका विविध पक्षहरूबारे यथेष्ट जानकारी दिन सक्षम रहेको छ । देवताहरूबिचको समायोजन मात्र नभई प्रत्येक स्थान र त्यहाँ । गर्ने मानव समुदायबिचको एकीकृत स्वरूपलाई यो जात्राले अझ महत्त्वका साथ प्रश्रय दिएको स्वाभाविक मान्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बालकुमारी बत्तिसखट : सिन्दूर बर्साउनेजात्रा

वैशाख १ गते नववर्षको दिन ठिमी-बालकुमारीमा वरिपरिका समेत गरी ३२ खटमा देवीदेवताहरूलाई एकत्रित गरी सिन्दूर छ्यापाछ्याप गर्दै नगर परिक्रमा गरिने ३२ खट-सिन्दूर जात्रालाई भक्तपुर जिल्लाको एक रङ्गिन पर्वका रूपमा लिइन्छ। देवदेवीहरूलाई नगर परिक्रमा गर्दा झ्यालढोका, बाटाघाटामा रथहरूका

अघिपछि लागेका जात्रुहरूलाई समेत फोस्रे सिन्दूर बर्साइन्छ। यसैले स्थानीय भाषामा यसलाई सुथः सियाजात्रा भनिन्छ। नगर प्रदक्षिणामा चिराग बत्ती बोकी धिमेबाजासाथ लस्कर हिँडिरहेको दृश्यले जात्राको शोभा बढाइरहेको प्रतीत हुन्छ (जोशी, २०३९:७७)। केही अगाडिसम्म ३२ खटबाट नै सबै देवदेवीलाई नगर परिक्रमा गराइने भए पनि आज यो सङ्ख्या घट्दै गएको देख्न सकिन्छ।

सिद्धिकालीको खट ल्याएर आफ्ना गणसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरुभएको मानिन्छ। बोडे, नीलवाराही, नगदेश, हिनचौक आदिबाट छुट्टाछुट्टै खट निकालिन्छ। यस बेला बालकुमारी, कालिका अर्थात् बालाखुको खट पनि बालकुमारी मन्दिरबाट बाहिर ल्याइन्छ। जात्रा प्रारम्भ भएपछि नाइके प्रधानको अनुमतिमा बालकुमारीको खट उचालेर दिगुटोलस्थित देवताघर परिक्रमामा पुऱ्याइन्छ। उता पमाहरू हातमा चिराग (बत्ती) लिएर अगाडि बढिरहेका देखिन्छन् (Anderson, 1977:47-48)। मूल रूपमा बालकुमारी, दक्षिणवाराही, विष्णुवीर, सिद्धिकाली, नगदेश, सिद्धिगणेश, बोडेमहालक्ष्मी, टिगनी नीलवाराही आदि मन्दिरका देवदेवीको नेतृत्व गर्दै खट बोकेर घुम्दै अर्थात् प्रदक्षिणासाथ जात्रा अगाडि बढाइन्छ। बाटो, चोक, झ्याल, कौसी, छत आदिबाट सिन्दूर, फूल बर्साइ खट-देवता, यात्रुको स्वागत गरिने हुँदा “३२ खट सिन्दूरजात्रा” भनी सम्बोधन हुनु स्वाभाविक मानिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यपुर ठिमी (थिमि) नगरपालिका क्षेत्रका बासिन्दाले यस जात्रालाई सुथः सिया जात्रा भनी हर्षोल्लाससाथ सिन्दूर बर्साउँदै रङ्गिएर मनाउँदै आएका छन्। यस जात्राको सुरुवात नै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट निकालेपछि हुने गर्दछ। यस वेला यत्रतत्र खटजात्रा-सिन्दूरजात्रा देख्न सकिन्छ। थिमि क्षेत्रमा २३ ओटा, नगदेशमा एक, बोडेमा ७, टिगनीमा १ स्थानमा बेग्लाबेग्लै खटजात्रा साथ सिन्दूरजात्रा मनाउने परम्परा जीवन्त छ। यो जात्रामा प्रायः सबै उमेर समूहको सहभागिता रहेको देख्न सकिन्छ (नेपाल रिपब्लिक मिडिया, २०७३:७)।

समग्रमा जात्रासम्बद्ध केही बुँदा हेर्दा मूल देवदेवीलगायतलाई खटमा प्रतिस्थापन गरिन्छ। कायाबाजा, भुस्याबाजा, धिमेबाजाका साथ चिराग लिई नगर परिक्रमा हुन्छ। देवखटलाई फूल-सिन्दूर लगाई नगर परिक्रमा गर्दा घर, चोक, बाटाघाटामा स्थानीयहरू ज्यादै उत्साहित भएर खुसीयाली साथ सबैबाट स्वागत सम्मान व्यक्त गरिन्छ। देवतालाई लायू दरबारभित्र पस्न नदिन लायकु प्रवेशद्वारमा पेंखा मुस्या, बालकुमारी, बालखुचा द्यो, सिद्धिकाली तथा अन्य देवगण बाटो छेकी बस्ने जीवन्त परम्परा अद्यावधि रहेकै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिस्का-बिसिका-बिस्केट: लिङ्गो, रथ तानातानजात्रा

वि.सं.को नववर्ष प्रारम्भको चार दिन अगाडिदेखि वैशाख ५ सम्म चल्ने सम्भवतः काठमाडौँ उपत्यकाकै एक लामो जात्रासूचीमा समाहित जात्रा यसलाई स्थानीय बोलीचालीमा

बिस्का, बिसिकायात्रा, विश्वख्यालयात्रा, विश्वनाथको अनुहारको यात्रा, बिस्केटजात्रा आदि नामबाट सम्बोधन गरिन्छ। 'बि-स्याको' वा 'वि-सि ख्वाट' शब्दबाट 'बिस्केट' शब्द बनेको ठम्याइ छ। वि अर्थात् 'सर्प', र 'स्याको' अर्थात् मार्नु दुई शब्द मिलाएर वि 'स्याको' सर्पमार्नु अर्थ लाग्ने कतिपयको जिकिर छ। स्थानीय शब्दमा यसलाई कतै बिसिका (वि 'सर्प र सिका' मरेपछि) भनिने त कतै विस्यात (लामो काठको लिङ्गो), विसिख्वाट (सर्प भएको लिङ्गो) भन्ने गरेको देखिन्छ। बिस्केट जात्रामा प्रमुख भूमिका रहेको नाग स्थानबाट यसको प्रागैतिहासिक अस्तित्व रहेको कुरालाई कतिपयले स्वीकार गरेका छन्।

नेपाली शब्द बिस्केटलाई नेवारीमा 'बि सि खात' भनिन्छ भने भक्तपुरका बासिन्दा यस जात्रालाई 'बिसिकाय जात्रा' (सर्प मारिएको उपलक्ष्यमा गरिने जात्रा) वा 'बिसिका' (बि आर्थत् 'सर्प', र 'सिका' अर्थात् मरेपछि) भन्ने अर्थ लगाउँछन्। कतिपयले 'बिस्यात' (लामो काठको लिङ्गो), 'बिसिख्याठ' (सर्प भएको लिङ्गो) पनि भन्दछन्। कसैले भने बिस्केटलाई 'बि सिका' शब्द अपभ्रंश हो भनेका छन्। यसको साहित्यिक अर्थ लगाउँदा विश्व-झन्डाको अपभ्रंश पनि मानेका छन्। धुलिखेलका स्थानीय यस जात्रालाई 'बिख्या' भनी सम्बोधन गर्दछन्। वर्षको अन्तिम दिन अर्थात् चैत्र मसान्तमा टौमढीटोलमा राखिने खट (भाजं खःचा) मा नाग वा अजिङ्गर वा सर्पदम्पतीको प्रतीकस्वरूप चित्र कोरिएको 'हलिंपत' (हरियो पताका वा ध्वजा दुईओटा) लिङ्गोमा झुन्ड्याई लिङ्गोलाई उभ्याइन्छ। यसै समयमा चुपिंग (त्रिवेणी खोला) मा जात्रुहरू नागदम्पतीको मलामी गएको हुँदा आशौचबाट मुक्त हुने भाव-शैलीमा भजनगीत गाउँदै मुख, आँखामा पानीले पखाल्ने वा स्नान गर्न व्यस्त रहन्छन्। योसिंख्य स्थानमा नागदम्पतीको हलिंपत पुऱ्याउनुअघि भद्रकाली (दुमाजु) र त्यसपछि भैरव रथ लगिन्छ। दुवै मूर्तिलाई रथबाट झिकी योसिंख्यको पाटीमा राखिन्छ। यछि टौमढीटोलबाट ल्याएका हलिंपत झुन्ड्याई लिङ्गोलाई उभ्याइन्छ। भनिन्छ, पहिले भैरव र कालीको रथयात्रा हुँदैनथ्यो। भैरवसम्बद्ध अनुश्रुतिअनुसार तिनको टाउको काटिई मूर्ति स्थापना गरिएपछि कालान्तरमा यो घटनालाई पनि बिस्केटजात्रासँग मिलाइएको देखिन्छ। यसै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रममा बाराहीको साथै अष्टमातृका, गणेशसमेतको रथयात्रा जोडिन पुगेको बताइन्छ। वैशाख ३ गतेसम्म आइपुग्दा सबै देवदेवीको रथयात्रा भई ४ गते देवदेवीहरूको द्यः छें (देवीदेवताको मूलघर) मा सगुन दिई जात्रा समापनमा पुग्दछ (प्रधान, २०५०:१५-१६)। भक्तपुरलगायत बाहिरतिर पनि आ-आफ्नो समयमा टोलटोलमा कतिपय एकै नामका देवदेवीका खटजात्रा गरिन्छन्। लिङ्गो उभ्याउने कार्य भने साँगा श्रीखण्डपुर आदितिर पनि हुने गर्दछ। भक्तपुरका बासिन्दाको एक बृहत् सामूहिक चाड भने वैशाख १ नै मानिन्छ। उता धुलिखेल, चौकोट आदितिर पनि केही समान तथा केही पृथक् रूपमा बिस्केटजात्रा गरिन्छ।

कुनै मल्लकालिक ठ्यासफूमा 'विश्वजात्रा' र यस अवसरमा प्रस्तुत हुने लिङ्गोलाई 'विश्वकेतु' भनिएको छ। विश्वजात्रा भनेको बिस्केटजात्रा नै हुनसक्ने ठम्याइ पनि रहेको छ (वज्राचार्य, १९८६)। अनुश्रुति प्रसङ्गलाई हेर्दा किरातप्रसङ्ग पनि जोडिन पुगेकाले सम्भवतः किरातकालदेखि नै वा वि.सं.को प्रारम्भसँगसँगै जात्रा चल्दै आएको जिकिर गर्न सकिन्छ। वास्तवमा यो नागदम्पतीको 'स्मृतिदिवस' पनि हो। प्राचीन शिवदेव द्वितीयले यो जात्रा चलाएको हुनसक्ने पनि कतिपयको अनुमान छ (जोशी, १९८२:७६)। बिस्केटसम्बद्ध चलेका अनुश्रुतिहरूमा धेरै सामञ्जस्यता नै देखिन्छ।

बिहान भैरवनाथको नित्यपूजापछि भक्तपुरको बिस्केटजात्रा प्रारम्भ भएको मानिन्छ। पहिलो दिन नै काठबाट निर्मित तले शैलीको तीनतले रथमा भैरवनाथको मूलदेवता र बेतालदेवता प्रतिष्ठापन गरिन्छ। यसपछि खड्ग, दरबार, निसान राखिन्छ र साँझबाट नै भक्तपुर तौमढीटोलस्थित पाँचतले मन्दिर परिसरबाट रथ तान्न सुरु भई थने (माथिल्लो) टोल र क्वने (तल्लो) टोलमा रथ घुमाइन्छ। रथ तान्दा तल्लो वा माथिल्लो टोल जसले तानेर लैजान सक्छ, उसैले जितेको मानिन्छ। रथको अग्रभागमा ६ ओटा र पछाडिपट्टि ४ ओटा लामो बाटिएको लठारो समाती होस्टे हैंसे.......गर्दै सयौं जनाले आफूतर्फ विश्वनाथ भैरवको रथ तान्नु नै यहाँको प्रमुख आकर्षण देखिन्छ। बिस्केट प्रारम्भ भएको तेस्रो दिन गः हिटीमा गुठी संस्थानका तर्फबाट भैरवनाथ, भद्रकालीको पूजा गरी बलि दिइने र बलिपूजाको मासु प्रसादका रूपमा लाकुलाछेंवासीलाई बाँडीचुँडी वितरण गरिन्छ। बिस्का सुरु भएको चौथोदिनको बिहान कुमालटोलमा ल्हामरु म्हः (हात नभएको) लिङ्गो उभ्याइन्छ र मसान्तको दिन साँझतिर तान्त्रिक विधिबाट दशकर्म गरी ल्योसिङखेलमा ५५ हात लामो लिङ्गो तन्त्रमन्त्र, बाजागाजाबिच ठड्याइन्छ (श्रेष्ठ, २०७५:१०)। यस मुहूर्तलाई नयाँवर्ष आरम्भको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वसङ्केतका रूपमा पनि लिइन्छ। यसरी भद्रकाली मन्दिर परिसरमा पचपन्न हात लामो र जेठागणेश मन्दिरअगाडि पोटरी स्क्वायरमा चालिस हात लामो छुट्टाछुट्टै दुई लिङ्गो पूजा गरी बाजागाजासहित ठड्याइन्छ। चैत्र मसान्तमा हजारौँ जनसमुदायबाट आठ डोरीको सहायताले लिङ्गो खडा गरिन्छ। आठ डोरीलाई अष्टमातृकाका प्रतीक पनि मानिन्छ। लिङ्गोलाई टुप्पो, हात, नाकको आकार आउने गरी मिलाइन्छ। हरिवेलको हाँगाबिँगा बाँधेर निलो कपडाले लिङ्गोको केही तल बेरिन्छ। लिङ्गोमा लामा-लामा दुइओटा विश्वध्वजा बाँधी फहराइन्छ। बिस्केट जात्राको पाँचौंदिन नववर्ष वैशाख १ गते लिङ्गो ढाल्ने र खंलाटोलमा भैरवनाथ-भद्रकाली रथ जुधाउने तथा साँझपख दुभाजुदेवीको जात्रासमेत हुन्छ।

धार्मिक दृष्टिकोणमा आकाशलाई भैरव र पृथ्वीलाई भद्रकाली अर्थात् पुरुष-प्रकृतिको रूपमा पनि लिइन्छ। भैरव-भद्रकाली रथयात्रा पुरुष-प्रकृतिको लीलामय अर्थमा समेत प्रस्तुत गरिन्छ। यसैले लिङ्गो ढालि सकेपछि पनि मध्यरातमा भैरव र भद्रकालीको रथ जुधाइन्छ। बिस्केट जात्रासम्बद्ध कतिपय प्रस्तुति तान्त्रिक पद्धतिमा आधारित प्रतीकात्मक र रहस्यमय चरितार्थ हुन्छन् (ग्वगः, २०७२:७)।

बिस्केटजात्राको एक मुख्य जमघटस्थल चुपिघाट खोलासँगैको योसिँगाल चउर पनि हो। बिस्केट मैदानमा ठड्याइएको एक ठुलो र अग्लो अनि अर्को केही सानो लिङ्गोलाई नै सर्प (नाग) को प्रतीक मानेको देखिन्छ। बिस्केटको मुख्य दिन नववर्ष अर्थात् वैशाख १ गते लिङ्गो ढालेको हेर्न असङ्ख्या जात्रुहरूको सहभागिता रहन्छ। बिस्केट (विश्वध्वजा) जात्रा हेर्दा शत्रु नाश भई सुख, समृद्धि र सहकाल हुने जनविश्वास रहेको छ। भनिन्छ, यो दिन तीनै लोकबाट देवीदेवता, दैत्य, दानव आदि पनि जोडी सर्प अन्त्य भएको हेर्न जात्रामा सरिक भएका हुन्छन्। अर्कोतिर कतिपयले तान्त्रिक शेखर आचार्य र नररूपाको दुःखद अवस्था अन्त्य भएको स्मृतिमा शोक व्यक्त गर्दछन्। वाग्द्वार तथा सपनतीर्थमा स्नान गरी दिउँसो बिस्केटमा सहभागी हुने तीर्थालुको सङ्ख्या पनि धेरै नै रहेको हुन्छ। बिस्केटजात्राको प्रारम्भ कहिले, के घटनाले हुनपुग्यो भन्नेबारे तथ्यपूर्ण सामग्रीहरू प्राप्त छैनन्। झन्डै एकअर्कामा मिल्दाजुल्दा केही लोकोक्ति भने प्रस्तुत हुन्छन्, जसलाई तल दिइन्छ :

"शिवदेव नामका राजा को समय (इ.छैटौं, सातौं वा एघारौं-बाह्रौं शताब्दीका शिवदेव ?) मा पूर्वतिरबाट ठुलो सङ्ख्यामा किरातीहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तपुरमाथि आक्रमण गर्न आउँदै छन् भन्ने पूर्वसूचना भक्तपुर दरबारमा पुग्यो। देवीका अनन्य भक्त राजा यो समाचारले चिन्तित र भयभीत देखिन थाले। तर सपनामा देवीले नडराउनू, चिन्ता नलिनू, यो कामको लागि तान्त्रिक शेखर आचार्यलाई भेटी सहयोग माग्नू, काममा सफलता मिल्ने छ भनी दिएको सल्लाहअनुसार राजा शेखर आचार्यको घरमा पुगी सविस्तार व्यक्त गरियो। आचार्यले आफ्नो तान्त्रिक पुरुषार्थबाट भक्तपुरलाई आक्रमणबाट बचाउन दुस्मनहरूलाई बाटोबाटै उतै फर्काइदिने दृढ वचन दिएकाले राजा खुसी भए। शेखर आचार्यले मन्त्रिएको एक मुठी अक्षता राजालाई दिए र यसको प्रयोग गर्ने तरिका, समय आदि बारे अवगत गराए। उता हजारौँ सङ्ख्याको जमात भक्तपुर आक्रमण गर्न नजिक-नजिक आइपुगेको होहल्ला बढेपछि तन्त्रविद् शेखर आचार्यले साधना गरी आफू एक डरलाग्दो बाघको रूपमा देखापरे र आफ्ना अघिपछि सयौँ बाघको लावालस्कर नै खडा गरे। आक्रमण गर्न आउँदै गरेको हुलमाथि नै बाघको बथान जाइलाग्यो। उनीहरू आतिँदै आफ्नै बाटोतिर फर्किए। राजाले पहिले शेखर आचार्यले आफूलाई दिएको अक्षता बाघतिर छर्किए र पूजा गरेपछि तत्कालै उनी शेखर आचार्यकै रूपमा देखिए। देशमा खुसियाली र शान्तिले निरन्तरता पायो। यता यो सबै दृश्य देखेकी शेखर आचार्यकी श्रीमती नररूपालाई मनमा एउटा खुल्दुली जाग्यो। नररूपाले अजिङ्गरको भयङ्कर रूप हेर्ने इच्छा छ भनी पतिलाई सुनाइन्। आचार्यले फेरि मन्त्रिएको अक्षता पत्नीलाई दिँदै आफू अजिङ्गर हुने र पछि अक्षता छर्किएपछि पुनः मानवको रूपमा आउने छु भनी सबै तौरतरिका प्रस्ट गरे। शेखर आचार्य साधना गर्दै तत्कालै डरलाग्दो अजिङ्गरको रूपमा देखापरे। उता श्रीमती नररूपा अजिङ्गर रूपको पतिलाई अक्षता छर्किनुको सट्टा अजिङ्गर देखेर भयभीत हुँदै भाग्न थालिन्। भाग्दाभाग्दै पटुका खुस्किई अक्षता पोखिन लाग्दा अनायास पटुकामा राखेको अक्षता मुखभित्र हाल्न पुगिन् र नररूपा पनि अजिङ्गर रूपमा परिणत भइन्। आफ्नै साधनामा पश्चाताप गर्दै मानव हुने कुनै उपाय लाग्ला कि भनी अजिङ्गररूपी दुईजना नै राजाको ढोकामा केही समयसम्म देखापर्दै रहे। आखिर केही नलागी दुवै अजिङ्गरले चुपिघाटखोलामा आत्महत्या गरे।"

देशमा अशान्ति, अनिकाल बढ्यो। राजालाई अजिङ्गरले आत्महत्या गरेको बोध भयो। देशमा स्वस्तिशान्तिको आवश्यकता महसुस गरियो। देशवासीले आत्मदाहको अपशोच मान्दै शेखर आचार्यको सम्झना गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थाले । चुपिघाटको किनार भद्रकालीको पीठनजिकै आत्मदाह गरेको ठाउँमा आचार्यको नाममा प्रतिवर्ष "स्मृति दिवस" मनाउने र यसका लागि एक विशाल लिङ्गो गाडी यसको टुप्पामा दुई अजिङ्गरको प्रतीकको रूपमा लामो पताका फरफराउने प्रचलन प्रारम्भ गरियो र यस अवसरको भेला नै विसिका, बिस्यात, बिसिख्याटबाट 'बिस्केट' जात्राको नामले लोकमा परिचय पायो (जोशी, २०३९:७५-७६) । करिब ४ दिनअगाडि नै भैरव र भद्रकाली रथजात्रा प्रारम्भ भई विस्केटमै जोडिन पुगेपछि चैत्र मसान्त र वैशाख १ मा हुने दुई दिने जात्रा करिब ८ रात ९ दिन लम्बिन पुग्यो । उता, लिङ्गो ढालेपछि पनि रथ जुधाई जात्रा अगाडि बढिरह्यो ।

बिस्केटजात्रा सुरुवातसम्बन्धी माथि प्रस्तुत भएकोभन्दा केही पृथक् अर्को अनुश्रुति पनि रहेको छ, जसको सङ्क्षिप्त रूप तल दिइन्छ :

"धेरै पहिलेकै कुरा हो । भक्तपुरका कुनै राजाकी एक सुन्दरी छोरी यति कामुक थिइन् कि कसैबाट पनि उनको कामुकता पूरा हुन सक्तैनथ्यो । प्रत्येक रात उनलाई पुरुष सहवास अनिवार्य चाहिन्थ्यो । कुनै पनि तन्नेरी राति राजकुमारीसँग सहवास गर्न जाँदा बिहान मृत अवस्थामा परिणत हुनुपर्दथ्यो । यसैले राजाले प्रत्येक घरबाट पालैपालो गरेर राजदरबार गई राजकुमारीसँग सहवास गर्नुपर्ने उर्दी जारी गरेका थिए । सबै तरुणको मृत्यु भइरहेको थियो । एक दिन एउटा यस्तो संयोगको घडी आयो, कुनै अर्कै ठाउँको एक युवक (राजकुमार?) सिकार खेल्दै आउँदा बाटो बिराएर भक्तपुरछेउकै एक तान्त्रिक वृद्धा महिलाकोमा वास बस्न पुग्यो । त्यो रात, ती महिलाको एक मात्र छोरा राजपुत्रीसँग सहवास गर्न राजदरबार जानुपर्ने थियो । यसैले वृद्धा छटपटाइरहेको देखेर युवकले सबै कुरा बुझी त्यो एक मात्र छोराको सट्टा आफै राजपुत्रीकोमा जाने निर्णय गऱ्यो । युवकले त्यहाँको बारे सबै थाहा पाइसकेकाले राति सहवासपछि ननिदाई हातमा तरबार लिएर मर्नुपर्ने कारण पत्ता लगाउन जागा रह्यो । राजकुमारी निदाए पनि आफू चनाखो भई सबैतिर हेर्दै नसुती बसिरह्यो । मध्यरातपछि निदाइरहेकी राजकुमारीका नाकका दुई प्वालबाट कालो धागोको डोरो आकारका दुई सर्प निस्किई भयङ्कर अजिङ्गरको रूपधारण गरी झम्टिएर मार्न आफूतिर आउँदा होसियारीसाथ नडराई आफूसँग भएको तरबारले ती दुवै अजिङ्गरलाई काटी मार्न युवक सफल भयो । राति नै युवक मर्ने हुँदा बिहान उठाउन राजासहित मानिसहरू भेला हुन थाले । तर त्यहाँ मृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखिने युवकको ठाउँमा मारिएका दुई अजिङ्गर देख्ता त्यहाँको वातावरण नै रोमाञ्चित भयो (चालिसे, २०३९:२-३)।

प्रयोक रात तन्नेरीहरू मर्नुपर्ने कारण पत्ता लागेको र यो भयावह विनाश ती युवकको अन्तर उपायबाट निस्किई बाँच्न सफल भएकोले यो खुसीयालीमा राजाले राजकुमारीको विवाह यिनै साहसी युवकसँग गरिदिई यसैसम्बद्ध जात्रा चलाइयो, जुन आजपर्यन्त अगाडि बढिरहेको छ। जात्रामा ठड्याइएको ठुलो लिङ्गोमा दुई अजिङ्गर आकारका ध्वजा जसलाई जोडी सर्पको प्रतीक मानिन्छ, झुन्ड्याई प्रदर्शन गरिन्छ।

बिस्केटजात्राको उद्भव सम्बन्धमा झन्डै माथिको प्रस्तुतिसँग मिल्दोजुल्दो अर्को लोककथन पनि रहेको छ, जुन यस प्रकार छः "धेरैअगाडिको कुरा हो, जुन बेला भक्तपुर नगरको रूपमा विकसित नभई ग्रामीण परिवेशमै रहेको थियो। राजाहरू धेरै दिन बाँच्न नपाई तुरुन्तै मर्नु पर्दथ्यो। यस्तो नियति भइरहेका वेला भक्तपुरको राजा हुन एक सूर्यवंशी तयार भए। उनले राजा भएको पहिलो दिनकै राति ननिदाई चियो गरी रात कटाउने निर्णय गरे। रातको मध्यनिद्रामा रानीको नाभीबाट सानो रूपमा एक नाग बाहिर निस्किई ठुलो रूप धारण गरी आफूमाथि हमला गर्न आएको उनले देखे। तत्कालै नयाँ राजाले तरबार झिकी आफूलाई झम्टिएको नागलाई काटी मार्न सफल भए। यसबाट पहिलो दिन नै नागले राजालाई मार्ने रहेछ भन्ने कुरा प्रस्ट भयो। राजाले मारिएको नागलाई काठमा बाँधेर सबैले हेरुन् र थाहा पाउन् भनी भोलिपल्ट प्रदर्शनमा राखे। भनिन्छ, मृत नाग हेर्न मानव समुदाय मात्र होइन मानव रूप धारण गरी तेत्तिस कोटी देवीदेवतासमेत आएका थिए। नाग हेर्न आएका एक जना मुनि आचार्य नामक तान्त्रिकले अरू को-को यहाँ आए भनी विचार गर्दा काशीका श्रीविश्वनाथ पनि आएको थाहा पाए। आचार्यले आफ्नो तान्त्रिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बलले उनलाई चिनेर यहीँ राख्न कोसिस गरी समात्न खोज्दा उम्किनको लागि श्रीविश्वनाथ दगुर्न थाले। मुनि आचार्य पछि-पछि लखेट्तै र श्रीविश्वनाथ अघि-अघि दौडिँदै जाँदा हाल भक्तपुरको भैरवनाथ रहेको स्थानमा पुगे। मानवरूपी श्रीविश्वनाथले भैरवको रूप धारण गरी त्यहाँको जमिन फटाइ भित्र पसी अन्तर्ध्यान हुन लाग्दा मुनि आचार्यले उनको टुप्पी समाती शिर छेदन गर्न सफल भए। भनिन्छ, शिरबाहेकको शरीरको खण्ड भने काशीमै पुगेको थियो जहाँ शिर नभएको कालभैरवको रूपमा देख्न सकिन्छ। यता भक्तपुरमा शिरमात्रको भैरव मूर्तिलाई प्रतिष्ठापन गरी त्यहाँका राजा आनन्ददेवले बाह्र हजार घर भएको नगर बसाई यसको विचमा भैरव मन्दिर नै खडा गरेको अनुश्रुति रहेको छ। पछि भक्तपुरका राजा भूपतीन्द्र मल्ल, रणजित मल्ललगायतले लिङ्गो ढाल्ने, भैरव र कालीको रथयात्रा गर्ने, रथ जुधाउने, मन्दिर बनाउने आदि कार्य सम्पन्न गर्न व्यवस्था मिलाएका थिए।

आज पनि यो जात्राको प्रमुख विशेषता रथ तान्नु, लिङ्गो उठाउनु र ढाल्नु हो। हुन त यही जात्राको सेरोफेरोमा भक्तपुरका विभिन्न कोणमा देवदेवीका पूजा-उपासना, खट जात्राहरू भइरहेको देख्न सकिन्छ। बिस्केटजात्रा अवसरको भैरवनाथको रथ माथिल्लो र तल्लो टोल तानातान सम्बन्धमा कतिपयले रथ माथिल्लो र तल्लो टोल लैजाने नभई भैरवनाथ घरबाट निस्कनु र घर फर्किनु हो भनेका छन् (त्वानावासु, २०७६:घ)। यस्तै कतिपयले वैशाख १ गते गः हिटीमा भैरव र भद्रकालीको रथ सङ्गम गराउनु (जुधाउनु) लाई विवाहको रूपमा पनि लिएको देखिन्छ। बिस्केटसम्बन्धी उपर्युक्त प्रस्तुतिका लोकोक्तिमध्ये कुन ठिक हो वा अनुश्रुतिमात्र हो ? यकिनसाथ भन्न सकिँदैन। यसैगरी बिस्केटजात्राको प्रारम्भ प्राचीनंकालदेखि नै हो या मध्यकालबाट ? यो पनि ठ्याक्कै भन्न सक्ने स्थिति छैन। काठमाडौं उपत्यकाका मध्यकालिक १५ औं शताब्दीका राजा यक्ष मल्लकालीन सामग्रीमा प्रयुक्त 'विश्वजात्रा' शब्द रहेको पाइन्छ। साथै एउटा मल्लकालीन ठ्यासफूमा पनि विश्वजात्रा अवसरमा गाडिने लिङ्गोलाई 'विश्वकेतु' भनी उल्लेख छ (वज्राचार्य, १९८६)। यसबाट बिस्केट जात्राको ऐतिहासिकता रहेकोमा दुईमत देखिदैन। यसपछि सोह्रौं, सत्रौं शताब्दीका सामग्रीमा 'विसकजात्रा' विस्क्यात शब्द परेको छ। यो शब्द आजको बिस्केटजात्राकै तात्कालिक नाम, रूप हुन सक्ने कतिपयको ठम्याइ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौर्य पात्रोअनुसारका १२ राशि (मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, बृश्चिक, धनु, मकर, कुम्भ, मीन) मा विक्रम सम्वत्को नववर्ष वैशाख १ गतेको दिन सूर्य अन्तिम राशि मीनबाट प्रथम राशि मेषमा प्रवेश गर्ने दिनलाई मेषसङ्क्रान्ति पनि भनिन्छ, जुन बेला बिस्केटजात्राको भव्यता उत्कर्षमा पुगिरहेको हुन्छ ।

समग्रमा बिस्केटजात्रासम्बद्ध केही बुँदालाई विचार गर्दा काठमाडौं उपत्यकाकै एक लामो (८ रात, ९ दिन चल्ने) जात्रामा यसलाई लिन सकिन्छ । जात्रा आउनु धेरै दिनअगाडिदेखि नै जात्रास्थल सरसफाइ गरिने । नववर्ष वैशाख १ को चार दिनअगाडि भैरवनाथ, भद्रकालीको रथ तानेर विधिपूर्वक जात्रा सुरु हुन्छ भने वैशाख आरम्भको चारदिन पछि पनि रथ तानेर नै अन्त्य गरिन्छ । बिस्केटजात्राको लागि आवश्यक लामो लिङ्गो झन्डै ५५ हाते र अर्को यो भन्दा केही छोटो लिङ्गो (सल्लाको रुख) सूर्यविनायक चित्तपोल गुठी वनबाट ल्याइने प्रचलन छ । पहिलो दिन नै रथलाई तौमढीटोलबाट तानेर क्वाछे, सुकुलढोका, गोल्मढी हुँदै दत्तात्रेय पुऱ्याई फेरि तौमढी ल्याई बोलाछें नासमना भएर गः हिटी पुऱ्याउने गरिन्छ । भैरवनाथको प्रतीक मानिने लिङ्गोको शीर्ष भाग र हातहरू निलो कपडाले बेरिने तथा लिङ्गोको कोखामा झुन्ड्याइएका दुई ध्वजालाई वीरध्वजा र विश्वध्वजा कसैले आकाशभैरव ध्वजा भन्दछन् । लिङ्गो उभ्याउन बाँधिएका र ८ ओटा डोरीलाई अष्टमातृकाका प्रतीक मानिने र लिङ्गोमा नाग-नागिनीको प्रतीकस्वरूप हलिपतका ध्वजा बाँधी फहराउने गरिन्छ । एकातिर तान्त्रिक शेखर आचार्यले गरेको मानवकल्याण, शान्ति कार्यको स्मृतिमा र अर्कोतिर नाग-नागिनी मरे भन्ने विश्वास गरिएको धार्मिक पृष्ठभूमिको जात्रामा यसलाई आत्मसात् गरिएको छ । विश्वकेतुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछिल्लो रूपान्तरणका रूपमा समेत विश्वनाथ एवम् भैरवनाथ तथा शिवशक्तिका प्रतीकका रूपमा पनि जात्रा सम्पन्न भएको मानिन्छ। नाग-नागिनी, विश्वनाथभैरव, भद्रकालीको प्रतीक मान्दै नयाँवर्षको मुहूर्तमा देशकै शान्ति-शुभेच्छा प्रकट गरिने जात्रामा पनि यसलाई लिइन्छ। बिस्केटजात्रा पर्यवेक्षण गर्न तीनै लोकबाट देवीदेवतासमेत आउने जनविश्वास छ। बिस्केट हेर्दा शत्रु नाश हुने हुँदा शत्रुहन्ता तथा सहकालका प्रतीकको रूपमा पनि रहेको छ। मौलिकता खण्डित नभएको र सहभागितामा कमी नआएको जात्रा सूचीमा यो अग्रस्थानमा छ। संयम र सामञ्जस्यता साथ पुर्खाको सांस्कृतिक विरासद संरक्षणमा अग्रसरता, बढ्दो आकर्षण र जनसागरको जात्रा नै हो यो बिस्केटजात्रा।

बिस्का, बिस्केटजात्रालाई सहकालका देवताका प्रतीक तथा शत्रुशन्ता जात्रा पनि भनिने हुँदा जीवनमा एकपल्ट हेर्नैपर्छ भन्ने भनाइ छ। विधिपूर्वक लिङ्गो उभ्याउने र फेरि विधि पुऱ्याएर नै ठुलो आवाज र गड्गडाहट तालीबिच लिङ्गो ढाल्दै खराब र कुतत्त्वको विनाश, कल्याणकारी कार्य गर्नेको स्मृति एवम् नववर्ष साथसाथ शान्ति-समृद्धिको परिकल्पना गर्ने धार्मिक परिवेशप्रभावी क्षेत्रीय पर्व नै हो बिस्केटजात्रा।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिस्केट सप्ताह: केही गुमनाम जात्रा

सरसरती हेर्दा बिस्केट (विस्का:) जात्रामा लिङ्गो ठड्याउने, रथ तान्ने, लिङ्गो ढाल्ने जस्तो मात्र देखिए पनि अरू अनेकौं देवदेवीका नाममा विविध स्थानमा धेरै पूजा, रथजात्रा पनि यस अवधिमै गरिन्छन्। करिब यसै सप्ताहमा हुने केही जात्राको नाम यहाँ दिइन्छ :

इन्द्रायणीको तिप्वाजात्रा : चिराग, धूप, बत्ती, सुकुन्दा बाली बिस्केटको चौथो दिन भक्तपुरको खौमामा इन्द्रायणीको तिप्वाजात्रा निकालिन्छ।

लाछीटोल महाकाली-महालक्ष्मीजात्रा : वैशाख २ गते भक्तपुरको लाछी टोलमा यो जात्रा निकालिन्छ र महाकाली र महालक्ष्मीको भेट गराई खट जुधाएर सङ्गम गराएको मानिन्छ। जात्रामा सहभागी जात्रालुले एकतिर पहँलो टोपी र अर्को-तिर रातो टोपी लगाएको देख्न सकिन्छ।

ब्रह्मायणी-महेश्वरीजात्रा : वैशाख ३ मा सूर्यमढीस्थित द्योछे (देवताघर) मा राखिएको ब्रह्मायणीको मूर्तिलाई खटमा राखेपछि जात्रा प्रारम्भ हुन्छ भने यसै बेला इनाचो टोलमा रहेको महेश्वरी द्योछेको मूर्तिलाई पनि खटमा राखी जात्रा अगाडि बढाइन्छ। स्थानीय व्यक्तिहरू चिराग, बत्ती लिई खटसँगसँगै बढ्दछन् र दत्तात्रेय चोकमा पुगेपछि दुवै रथ जुधाउने तथा प्रसाद र चिरागसमेत साटासाट गर्ने परम्परा देखिन्छ।

चोंछे छुमागणेशजात्रा : बिस्केटकै अवसरमा वैशाख ४ गते चोंछेटोलमा शक्तिका देव छुमागणेश मूर्तिलाई खटमा राखी टोल परिक्रमा गराइन्छ। यस वेला स्थानीयहरू बलिसहितको पूजामा सरिक भएको देख्न सकिन्छ (किसी, २०७६:२)।

भक्तपुर देवतालाई सगुन चढाउने (द्यः स्वग वियगू) जात्रा : बिस्केटजात्रा अन्त्यको अघिल्लो दिन अर्थात् वैशाख ४ गते जात्रालुले नगर शक्तिपीठहरूमा विविध खाद्य वस्तु (अन्डा, दुध, मिठाई, चकलेट, बिस्कुट, रक्सी आदि) देवतालाई सगुनको रूपमा चढाउने प्रचलन छ। वैशाख ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्म हुने अर्थात् ९ दिन आठ रात हुने यी विविध धार्मिक-सास्कृतिक जात्राहरूले भक्तपुरको रौनक बढ्न गई भक्तपुरलाई जात्रामय बनाएको प्रस्ट देखिन्छ। सगुन पूजाले नयाँ-नयाँ कार्य गर्न उत्साहित गर्ने विश्वास गरिन्छ। देवदेवीलाई देवघरबाट बाहिर ल्याई सगुन चढाइन्छ जुन वेला हजारौँ गुठियार, दाफाभजन, भजनियासँगै परम्परागत नेवारी पोसाक हाकुपटासी पहिरिएर कम्मरमा रक्सी राख्ने भाँडो अन्ती, पूजा थालीसहित ठुलो सङ्ख्यामा श्रद्धालुहरूको सहभागिता रहन्छ। ब्रह्मायणी, माहेश्वरी, कुमारी, भद्रकाली, वाराही, इन्द्रायणी, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी, भैरव, गणेश, मनकामना, भीमसेन गरी करिब चार दर्जन देवीदेवतालाई सगुन चढाउने बताइन्छ। भनिन्छ, पहिले-पहिले भने ३२ जति देवीदेवतालाई मात्र सगुन दिइन्थ्यो, जुन सङ्ख्या अहिले बढेको देखिन्छ। देवदेवीलाई भक्तपुरका विभिन्न भागमा खटसहित परिक्रमा गराइन्छ। सगुनको विधि सकिएपछि भैरव र भद्रकालीबाहेक अरू देवदेवीलाई भित्र्याइन्छ (खाइजु, २०७३:२)। बिस्केटजात्राकै अभिन्न जस्तो देखिने तर दर्जनौं देवीदेवताप्रति आस्था प्रकट गर्दै सगुन चढाई टोल-बस्तीहरूमा खटका साथ प्रदक्षिणा गर्ने मौलिक धार्मिक संस्कृतिको नाचगान, पूजनको प्रभावी जात्रामा सगुन पूजालाई लिन सकिन्छ।

राजप्रसाद समीप हुने महालक्ष्मीजात्रा : बिस्केटजात्रा उत्कर्षमा पुगिरहेको नववर्ष वैशाख १ को दिन लिङ्गो ढाल्ने र खंलाटोलमा भैरवनाथ-भद्रकालीको रथ जुंधाउने कार्यमा जनलहर उर्लिरहेको हुन्छ। यसैको साँझपख उपत्यकाका राजाप्रसाद भएको ठाउँमा महालक्ष्मी (दुमाजु) को पूजा तथा खटजात्राको परम्परा पनि जीवन्त रहेको छ (जोशी, २०३९:७७)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चरखण्डी स्नानजात्रा : नदीका दोभान, त्रिवेणी, कुण्ड, पहाड, गुफा आदिलाई पवित्रस्थल एवम् देवत्व प्रतीक मान्दै विविध तिथिमितिका अवसरमा प्रकृति-वातावरणसँग सामीप्यको प्रतीक धार्मिक कार्यहरूको पृष्ठभूमिमा मेला लाग्नु नेपाली परम्परागत संस्कृति नै हो। यही सेरोफेरोका र बिस्केटजात्रा उत्कर्षमा पुगेको वेला वैशाख १ गते नववर्षकै दिन भक्तपुरको अनन्तलिङ्गेश्वर नगरपालिकाको दधिकोट र सिरुटारको सङ्गममा रहेको चरखण्डी महादेव मन्दिरकै परिसर कुण्डमा स्नान गर्नेहरूको मेला लाग्दछ। चरखण्डी कुण्डमा स्नान गर्नाले खटिरा, दाग, छाला आदि शरीरका सबै रोग निको हुने जनविश्वास रहेको छ। यस अवसरमा यहाँ दधिकोट परिक्रमा गर्दै खटजात्रा नै हुन्छ भने अर्कोतिर चित्रपुर, गुप्तेश्वर महादेव, चाँगु, सुडाल आदितिर पनि खटजात्रा निकालिन्छ।

चरखण्डी स्नानजात्राको महिमाबारे एक सानो कथन यस्तो रहेको छ : "एक पटक एक सिकारीले भँगेरा मारी चरखण्डी पोखरीमा फाल्दा भँगेरा पुनः जीवित भयो।" यही मान्यताको आधारमा पोखरीमा स्नान गर्दा रोगबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास आजसम्म कायम नै देखिन्छ। यसर्थ यस कथाले पनि सपनतीर्थको कथासँग सम्बन्ध राखेको देखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चारसय टोखा, सातसय फेराः टोखा बिस्केटजात्रा

काठमाडौँको उत्तर अवस्थित एक पुरानो सांस्कृतिक नगर टोखा पनि नयाँवर्ष (वि.सं.) आगमनको सरोफेरोमा बिस्केटजात्राले रङ्गिन पुग्दछ। यहाँ पनि भक्तपुर जस्तै ८ रात, ९ दिन नै जात्रा चल्छ। पहिलो चरण तीनदिन र दोस्रो चरण चैत्र मसान्तदेखि पाँच दिन विविध धार्मिक-सांस्कृतिक कार्यक्रमसाथ सम्पन्न गरिन्छन्। टोखामा बिस्केटजात्राको प्रारम्भबारे पनि भक्तपुरको एक लोककथनसँग झन्डै मिल्दोजुल्दो किंवदन्ती रहेको छ, जो निम्नानुसार प्रस्तुत गरिन्छ :

"अति प्राचीन कालखण्डमा एक नामुद तान्त्रिक गुभाजू (पुजारी) पत्नीको इच्छाको कारणले तान्त्रिक बल प्रयोग गरी नागको रूपमा देखापरे। नागको रूपमा आफूलाई हेरिसकेपछि पुनः आफू मान्छेको रूपमा आउनको लागि अक्षता छर्किनु भनी श्रीमतीलाई मन्त्रिएका अक्षता दिए। तर आफूलाई अक्षता छर्किन बिर्सिई श्रीमती आफैले अक्षता मुखमा हाल्न पुगिन् र उनी पनि नागिनीको रूपमा परिणत भइन्। यसपछि दुवैले मान्छेको रूपमा आउन कोसिस गरे। तर सफलता प्राप्त भएन। आखिर दुवैले मृत्युवरण (आत्महत्या) गरे। पछि त्यहाँका शासकले यो थाहा पाई नाग-नागिनीको स्मृति र आत्माशान्तिको लागि बिस्केटजात्राको प्रचलन गराए (जोशी, २०३९:७६)।" यो किंवदन्तीलाई प्रामाणिकता दिन नसके तापनि यसैअनुसार मिल्दाजुल्दो जात्रा भने अद्यावधि चलिरहेकै देख्न सकिन्छ। प्रारम्भिक समयमै यहाँको बस्तीमा दानवीय शक्तिले निरन्तर दुःख दिइरहेकोले बस्तीको शान्ति-सुरक्षाको लागि बिस्केटजात्रा चलाइएको हो भन्ने अर्को सानो किंवदन्ती पनि यहाँ रहेको छ।

टोखा निवासीले विधिपूर्वक पूजा गरी सिँगारिएको मुस्कानेश्वरमहादेव, गणेश, सरस्वती, मसानकाली, सपनतीर्थ-गणेश, कोथु-गणेश तथा चण्डेश्वरी मूर्तिलाई तले शैलीमा निर्मित छानो भएको खटमा राखी सिन्दूरजात्रासाथ नगर परिक्रमा सुरु हुन्छ। परिक्रमाका क्रममा सरस्वतीचौरस्थिंत नारायण पोखरीमा खटहरूलाई महास्नान साथ सेनाको हेलिकोप्टरबाट देवतालाई अबिर, फूल-प्रसाद चढाएर, बढाइँ गरेको दृश्य पनि देख्न सकिन्छ। टोखावासी यसलाई गहना खोज्ने अर्थमा पनि व्याख्या गर्दछन्, जुन वेला जात्रालुहरूको भिड बढिरहेको हुन्छ। भनिन्छ, धेरै पहिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो बिस्केटजात्रा वरपरबाट मात्र होइन टाढाटाढासम्मका भूभागबाट आई अपार सहभागितासाथ सम्पन्न हुने गर्दथ्यो। ऐतिहासिक दस्तावेजमा यस क्षेत्रलाई "चार सय टोखा, सात सय फेरा" भनिन्थ्यो। यसमा टोखावरिपरिका स्थानहरू पनि सम्मिलित थिए।

वैशाख १ मा टोखादेखि दक्षिण-पश्चिममा रहेको भूतखेलस्थित पिगः द्यो (पीठ) मा होम, जप गरिने तथा वैशाख कृष्ण चतुर्दशी र औंसीको रातमा याँ प्याँख भनी देवीनाच देखाइने प्रचलन छ। नाच प्रदर्शन गर्न इन्द्रायणी दाफा खलक यलाग टोलबाट थनेलाछीस्थित मूल डबलीमा पुग्ने र नाच प्रदर्शन गर्नुअगाडि नाटेश्वरी मन्दिरमा गई पूजा गर्नुपर्ने मौलिक प्रचलन जीवन्त छ। नाग-नागिनीको भेषमा नाग प्याँख (नाच) र अन्य भेषमा याः प्याँख, माक प्याँख, मयूर प्याँख आदि प्रदर्शन गरिन्छ भने यस वेला जीवित देवी कुमारी र गणेशलाई पनि जात्रा देखाउन सहभागी गराइन्छ। यसैगरी क्वनेलाछी (तल्लो लाछीचोक) मा सिन्दूरजात्रा गर्दै सातैओटा खट गुठियारले बोकी नागको प्रतीक ठड्याएको ५४ हात अग्लो योसी (लिङ्गो) र नारायण मन्दिरको परिक्रमा गरेर सरकारी पूजासमेत गर्ने परम्परा रहेको छ। यसपछि पाँचओटा खटलाई फेरि माथिल्लो मूलचोक (थनेलाछी) पुऱ्याई लिङ्गो परिक्रमा गरी देवघरमा भित्र्याउने प्रचलन देखिन्छ (माली, २०७५:४)। यस अवसरमा कुमारी पूजा गर्ने चलन पनि छ। स-साना नानीहरूलाई एकत्रित गरी विभिन्न परिकार खुवाउने प्रचलन रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



खटहरूलाई अगाडि बढाउन सजिलो होस् भनी विशेष प्रकारको कपडा (बसः) पनि बाटामा ओछ्याइएको देख्न सकिन्छ जुन कपडामा खट बोक्नेहरू कुल्चिँदै अघि बढ्दछन् । टोखा बिस्केटजात्राको अन्तिम दिन वज्रयोगिनी मन्दिरमा पूजा गरी सिन्दूरजात्रामा सहभागी खलक, पुचः गुठी, क्लब, सङ्घसंस्था सबै भोजमा सरिक हुन्छन् र यसै दिन ठड्याएको लिङ्गो पनि ढालिन्छ । यस बेला ज्यादै भावुक र हृदयपर्शी गीत गाउँदै नाय्खी बाजा बजाउँदै हातमा सुकुन्दा लिएर बिस्केटजात्रालाई समापन गरिन्छ ।

समग्रमा हेर्दा टोखा बिस्केटजात्रा सम्पन्न गर्न अर्थात् पूजा-व्यवस्थापनका लागि मूल तथा उपसमिति गठन हुन्छ । टोखा नगर रक्षकको रूपमा चण्डेश्वरी, रोगव्याधि निर्मूलका लागि सपनतीर्थ, विद्याका लागि सरस्वती, दरबारमा पुजिने कोथुगणेशलगायत करिब सात देवीदेवताप्रति श्रद्धाभक्ति दर्साइन्छ । भूतखेलचौर-मसानकालीमा हुने महायज्ञमा एक जोडी सर्प र कालो बोका, भँगेरा, परेवा, माछा एक/एक आहुति दिने गरिन्छ । जात्रामा कुनै विघ्नबाधा नपरोस् भनी बलि (पञ्चबलि) दिने प्रचलन पनि छ । जात्राको मूलखलकले तामाको घ्याम्पोमा जाँड (भैलद्यः) राखी टोखा परिक्रमा गरी मसानकाली मन्दिर पुग्ने गरिन्छ । भूतखेल चौरमा १२ थरी जडीबुटी मिसाएर दुधमा पकाएको खाना (मरजा) बाँड्ने परम्परा छ । जात्रामा २१ बाजा खलक (सपनतीर्थ दाफा खलक, जोरभीमसेन, चण्डेश्वरी, इन्द्रायणी, गणेश, सपनतीर्थ धिमे, सरस्वती धिमे, नाय्खी) सहभागी हुने गरेको देखिन्छ । करिब १३ गुठी (तलेजु, तायमाय्, मुस्या, फल्चा, झल्लर, इलाल आदि) को सहभागिता रहने गर्दछ ।

काठमाडौं उत्तर टोखाको एक सांस्कृतिक विरासदको रूपमा जीवन्त टोखा बिस्केटजात्रालाई आत्मसात् गर्दै परम्परागत मौलिकता बचाइ समयसापेक्ष निरन्तरता दिइरहनु आवश्यक छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धामीप्रभावी नुवाकोट भैरवी-सिन्दूरजात्रा

काठमाडौँ उपत्यकासँगै जोडिएर उत्तर-पश्चिमी भेकमा लमतन्न पल्टिएको र अनेकौँ पुरातन सांस्कृतिक-धार्मिक परम्परालाई जीवन्त राख्तै आएको एक अग्रणी जिल्ला हो नुवाकोट। प्रत्येक वर्ष अद्यावधि हुँदै आएका यहाँका धार्मिक-तान्त्रिक पृष्ठभूमिका जात्राको सूचीमा धामी-धमिनी प्रभावी रहेको अत्यधिक रोचक र लोकप्रिय जात्रा हो भैरवी अर्थात् देवीजात्रा। जात्राको उत्तरार्धतिर आइपुग्दा यो भैरवी जात्रामा मात्र सीमित नरहेर खुसीयाली बढाइँका मोडहरू आइरहने हुँदा यसलाई सिन्दूरजात्राको नामले समेत सम्बोधन गरिएको देख्न सकिन्छ। यहाँका भैरवलाई गण्डकीभैरव, भैरवेश्वर आदि नामले पनि सम्बोधन गरिन्छ भने मन्दिर भएको क्षेत्रलाई देवीस्थान नै भनिन्छ।

सम्भवतः मध्यकाल अगाडिदेखि नै भैरव-भैरवी सम्प्रदायबाट तत्कालीन समाज प्रभावी थियो र यो क्रम मध्यकाल तथा यसपछि पनि झन् बढ्दै आयो। प्रसिद्धिको शिखरमा रहेको नुवाकोटको भैरवी मन्दिरको प्रतिष्ठा इ. अठारौँ शताब्दीका कान्तिपुरे राजा जगज्जय मल्लले गरेको त्यहाँ प्राप्त अभिलेखबाट नै पुष्टि हुन्छ। यसपछि समय-समयमा विभिन्न शासक-भारदारबाट मन्दिरमा धातुको छाना लगाउने लगायत अन्य मर्मत, सुधार हुँदै आएको देखिन्छ (प्रधान, २०५७:३२ विवश, २०४५:१७५)। चैत्र शुक्ल अष्टमीबाट सुरु भई सप्ताहव्यापी रूपमा आगाडि बढ्ने र नवमी, दशमी, पूर्णिमा विविध पूजा-जात्रामा रङ्गिने भैरवी (देवी) जात्रा सञ्चालनको लागि धामी, धमिनी, द्वारे (सरकारी प्रतिनिधि), कुमार, गणेश तथा गुठियारहरूको व्यवस्था हुँदै आएको छ। पृथ्वीनारायण शाहले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नुवाकोट एकीकरणभित्र पार्नुअगाडिदेखि नै यहाँ धामी रहने र अहिलेका डङ्गोल थरका धामीले बाह्रौं पुस्ता पार गरिरहेको बताइन्छ। तान्त्रिक साधनाबाट मानवमा दैविक शक्ति धारण हुने विश्वास रहेको यो जात्रालाई धामी-धमिनीप्रभावी जात्रा नै भन्न सकिन्छ र यस जात्रामा काठमाडौं उपत्यकाबाट पनि श्रद्धालुहरूको ठूलो सङ्ख्यामा सहभागिता रहन्छ। जात्राको प्रारम्भमा भैरव, भैरवी, अष्टमातृकालाई धातुद्वारा निर्मित खटमा सजाइन्छ। धामीले डमरु बजाई घर-घरमा गएर चामल उठाउन थालेपछि जात्रा अगाडि बढ्छ। यही चामलबाट बनाइएको जाँड धामी-धमिनी र अन्य खलकीलाई खुवाउने गरिन्छ। जात्राका वेला भैरवीकी दिदी भनिने देवीघाटकी जाल्पा भगवतीलाई निम्तो दिन कुमार, गणेश आदिलाई त्यहाँ पुऱ्याइन्छ। पूर्णिमाको दिन धामीले लामो विधि पूरा गरी स्नान कार्य सकेपछि जात्राको रौनक अरू बढेर जान्छ। धामीले विविध वेष भूषा पोसाक पहिरिई भव्य रूपमा देखा पर्दै बाहिर निस्किँदा बाजागाजासहित त्यहाँको वातावरण नै उत्साहित र रोमाञ्चित भएको प्रतीत हुन्छ। यसपछिका धामी-धमिनीको आगमन, परिक्रमा आदि अवसरमा पनि बाजागाजा तथा बढाइँ बारम्बार भइरहन्छ।



धामी-धमिनीमा भैरव-भैरवी चढेको अनुभूत गर्दै धामीलाई मण्डपमा राखिन्छ र यस अवसरमा चिरागसमेत बालिन्छ। यसपछि धामी थरथर काम्दै अगाडि बढ्दा धामीले जाँड पिउने गर्दछन्। यस कार्यलाई अरूबाट छेक्ने प्रयास पनि हुन्छ। उता देवीस्थान परिसरमा ४२ हाते र मन्दिरपछाडि मण्डपछेउ दोस्रो लिङ्गो उभ्याइन्छ। रात्रि समयमा दिइएको कालो बोकाको भोग धामीलाई खुवाइन्छ। यसपछि धामी-धमिनीलाई वस्त्र र कुमार, गणेशलाई पगरी वितरण गर्ने कार्यक्रम हुन्छ र लगत्तै धमिनीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कपाल सिन्दूरमय हुन्छ। भोजको कार्यक्रम साथसाथ बाजागाजा हुँदै धामी-धमिनीलगायत तलेजु मन्दिर भएर आवश्यक पूजा गरी यात्रा देवीघाटतिर प्रस्थान गर्दछ। देवखट र धामी-धमिनी बोक्नका लागि करिब ३६ जना लच्याङका बलवान्हरूको व्यवस्था गरिएको हुन्छ। विविध विधि पूरा गर्दै बाजागाजासाथ धरमपानी, बट्टार, माझीटार, ठुलो बगैंचा भएर जात्रा देवीघाट पुग्दा धामी त्रिशूलीमा डुबी स्नान गर्ने परम्परा छ। वाराहीस्थानदेखि चिउरीबोटसम्म वस्त्र बिछ्याइ गणेश, कुमार, धामीको पूजासमेत गरिन्छ। देवीघाटमा रात्रिमा राँगो, बोकाको साथै माछाको समेत भोग दिइन्छ (वज्राचार्य र श्रेष्ठ, २०३२:११०-११२)। अन्त्यमा धामीबाट आउँदो सालको भविष्यवाणी गर्ने परम्परा छ, जुन गुभाजु, द्वारेले मात्र सुन्न मिल्ने बताइन्छ। जात्राको विविध अवसरमा वज्राचार्यद्वारा आवश्यक पूजा-अनुष्ठानमा सशक्त भूमिका निर्वाह गरेको देखिन्छ।

जात्रामा भैरवीलाई कालो बोका भोग दिइन्छ र भोग दिने बोकाको टाउको, मुटुचाहिँ होममा होमिन्छ। यस वेला धामीले बलि छर्दै द्वारपालतिर प्रस्थान गर्दा स्थानीय बासिन्दाहरू धामीलाई हेर्नु हुँदैन भनी ढोका बन्द गरी भित्र बस्ने र धामी द्वारपालसम्म आइपुगेको सङ्केतस्वरूप बन्दुकको आवाज आएपछि सबै बाहिर निस्किने परम्परा अहिले पनि जीवन्त छ। देवीघाटमा लाग्ने ठुलो मेलामा इही (बेलसँग विवाह) गर्नेहरूको पनि सहभागिता देखिन्छ। देवीघाट मेलापछि बाजागाजासाथ धामी-धमिनीलगायत नुवाकोट डाँडातिर प्रस्थान गरे पनि जात्राका अन्य कार्यक्रम भइरहेकै हुन्छन्। द्वितीयाको दिन धामी-धमिनीसँगै यात्रामा सेनाहरू पनि सहभागी हुने, धामी-धमिनीको पूजा गर्ने, भोज खुवाउने र बाजागाजासाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तलेजु मन्दिरतर्फ बढ्ने गरिन्छ। धमिनी भैरवी मन्दिर पुगेपछि सिन्दूर हाल्ने, बढाइँ गर्ने, धामीलाई भोग खुवाउने र देवता चढेको मानिने धामीले राँगो, बोकाको घटघट रगत पिउने अनौठो दृश्य देख्न सकिन्छ (श्रेष्ठ, २०३२:७)। जात्राको अन्त्यमा आइपुग्दा प्रारम्भ बखत बाहिर निकालिएका देवमूर्तिहरू मन्दिरमा भित्र्याइन्छ। पहिले खडा गरिएका लिङ्गोहरू ढालिन्छ। बाह्र भाइ खलकबाट भैरवीस्थान र तलेजु मन्दिरमा क्षमापूजाको विधि पूरा गरेपछि भैरवी (देवी) जात्रा समापन भएको मानिन्छ। जात्रा धेरै पहिलेदेखि चल्दै आएको भए पनि मध्यकालदेखि मात्र वा योभन्दा केही अगाडिदेखि सुरु भएको हो ठ्याक्कै भन्न भने सकिँदैन।

समष्टिमा यो जात्रालाई धामी (पुजारी) प्रभावी जात्रा मान्न सकिन्छ। मानवरूपी धामीमा तान्त्रिक साधनाको माध्यमबाट देवत्व चढाउने अनौठो मौलिक परम्परा देखिन्छ। मूलरूप भैरवी अर्थात् देवीजात्रा नै हो यद्यपि यसमा खुसीयाली र बढाइँका अवसर धेरै आएकाले सिन्दूर वा सिन्दूरेजात्राको रूपमा पनि लिने गरिन्छ। जालपा भगवतीलाई भैरवीकी दिदीका रूपमा आत्मसात् गरिएकाले जालपादेवीयात्रा पनि भैरवीजात्रासँगै जोडिन पुगेको छ। मध्यकालिक काठमाडौँ उपत्यका मात्र होइन जोडिएको पश्चिमी भेकको समाजमा पनि भैरवी, टुँडालदेवी, भाटभटेनी तीन दिदी-बहिनी हुन् भन्ने जनविश्वास रहेको र एक पटक हाँडीगाउँ पोखरीमा प्रवेश गरी निस्किँदा भैरवीको गहना पोखरीमा छुटेको अनि गहना खोज्ने जिम्मा दुई बहिनीलाई दिइएअनुसार वर्षको एक पटक छुटेको गहना पाइन्छ कि भनी खोज्नका लागि गहनापोखरी जात्राको सुरुवात भएको लोकोक्ति पनि यसमा जोडिन पुगेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कहीं नभएको जात्रा हाँडीगाउँ : ब्रह्मा, विष्णु, महेश्वर खटयात्रा

काठमाडौं उपत्यकाको विशाल नगर क्षेत्रभित्र अवस्थित हाँडीगाउँ मानवसमुदायको एक प्राचीन बसोबास स्थल हो जसलाई पहिले नन्दिग्राम वा नन्दन वा साम्वपुर भनिन्थ्यो भन्ने कतिपयको अनुमान छ (अमात्य, २०५३:१७-१८, Tiwari, 2002:12, 97)। जात्राको नाम उच्चारण हुनासाथ "कहीं नभएको जात्रा हाँडीगाउँमा" भनी धेरैको बोलीमा भुन्डिएको तथा हाँडीगाउँ क्षेत्रमा साँच्चि नै धेरै जात्रा (गणेश, गाई, रोपाइँ, इन्द्र, गहनापोखरी, भाटभटेनी, टुँडालदेवी आदि) जीवन्त रूपमा प्रचलनमा रहेका र यसैअनुसार अनेक बाजा एवम् गुठीहरूको व्यवस्थापन भएको यथार्थ देख्न सकिन्छ। यस क्रममा आज पनि उत्तिकै रोमाञ्चित तथा धार्मिक-सांस्कृतिक महत्ताले भरिएको अनौठो जात्राको सूचीमा आवद्ध जात्रा पनि "हाँडीगाउँ जात्रा" अर्थात् कहीँ नभएको जात्रा हाँडीगाउँमा" नै हो। जात्रा थालनीको मूलस्थल हाँडीगाउँस्थित चोक्काथुनारायण (चोक्तेनारायण) मन्दिर परिसर हो र जात्रा बडादसैंको कोजाग्रत पूर्णिमाको दिनदेखि तृतीयासम्म चार दिन विविध धार्मिक कार्यक्रमसाथ सम्पन्न हुन्छ। विशेष वैष्णव देवतासँग सम्बन्धित जात्राको सुरुवात र विसर्जन स्थल कुन हुने भन्ने सन्दर्भमा परस्पर छलफल र अवलोकनबाट निर्णय गरिन्छ। प्रायः कुनै पनि जात्रा-यात्रामा देवी-देवताको खट बोक्दा गजुर टुप्पोपट्टि अर्थात् माथिल्लो भागमा र देवप्रतिमा भुइँपट्टि तल्लो खण्डमा प्रतिष्ठापित गरिएको हुन्छ। हाँडीगाउँ जात्रा भने अनौठो नै छ। यो जात्रामा गजुर भुइँपट्टि र देवप्रतिमा (मूर्ति) टुप्पो (आकाश) तिर फर्काएर देवताको खट परिक्रमा गराइन्छ। हेर्दा यो जात्रा नै जस्तो लाग्ने हुँदा "कहीँ नभएको जात्रा हाँडीगाउँमा" भनी सबैको बोलीमा भुन्डिएको प्रस्ट नै हुन्छ। स्थानीय भाषामा चोक्तेनारायण भनिने यो जात्राको विशेष दिन चाहिँ कोजाग्रत पूर्णिमाको भोलिपल्ट नै हो जुन दिन ब्रह्मा, विष्णु र महेश्वरको छुट्टाछुट्टै खटयात्रा गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्राको उद्‌भव एवम् महिमा सम्बन्धमा रोचक किंवदन्ती पनि रहेको छ। यसअनुसार, "धेरै पहिले एकै परिवारका दिदीबहिनीमध्ये दिदीको विवाह साधारण परिवारमा र बहिनीको धानढ्य परिवारमा हुन पुग्यो। साधारण परिवारमा परेकी दिदीले आफूले स्वस्थ सन्तान जन्माउने उद्‌घोष गरिन्। तर सम्पन्न परिवारकी बहिनीको घमण्ड रह्यो। आखिर दिदीले चाहिँ ठिक समयमा स्वस्थ सुन्दर सन्तान जन्माइन्। उनको भगवान्प्रति आस्था थियो। उता बहिनीको सन्तान भने तेह्र वर्ष पार गरिरहँदा पनि जन्मिन नसकी गर्भमै रहिरह्यो र दाह्रीजुँगासमेत त्यहीँ पलाउन थाल्यो। के भएको हो भनी ज्योतिषीलाई देखाउँदा बेवास्ता भएकोले रिसाएर शिवपुरी जङ्गलमा बसेका विष्णुलाई खुसी पार्न सकेमा मात्र सन्तान जन्मिन सक्छ र यसको लागि क्षमापूजा गर्नुपर्छ भनियो अनि क्षमापूजा पनि भयो। यसपछि अन्यत्र कतै नपाइने खटमा राखेर जात्रा गर्ने तथा सुनको धागोले गाँसेको मैनको फूल र हिमालय पर्वतलाई ल्याएर खटजात्रा गरिने प्रतिबद्धता जनाएपछि विष्णु खुसी भए र १४ वर्षपछि छोरा जन्मिन पुग्यो जसलाई विष्णुको प्रतीकको रूपमा लिइयो र नारायणलाई स्थानीय भाषामा चोक्तेनारायण भन्ने गरिएको हो भनिन्छ। यसै वेला जात्रा गरिने मन्दिर सुनको धागोले गाँसेको मैनको फूलले सजाइएको पृथ्वी जस्तो घुम्ने आकारको अनौठो हुने र जसलाई १५/१५ गुठियारले बोकी खट परिक्रमा गराइने परम्परा छ। संरचनालाई हेर्दा खटको टुप्पामा हिमालको प्रतीकको रूपमा बेतको गोलाकार चक्कालाई सेता कपडाले बेरिने, बिच भागमा पृथ्वीको प्रतीकको रूपमा घुमाउन मिल्ने गरी बाँस र बेतले कलात्मक ढङ्गले मन्दिरको संरचना तयार गरिन्छ र माथिपट्टि भने पृथ्वीको सृष्टि फूलका बगैँचाका रूपमा फूलैफूलले सजाइएको प्रत्यक्ष देख्न सकिन्छ। कोजाग्रत पूर्णिमाको दिन जात्रा आरम्भ गर्नको लागि कोताः टोलका गुठीका गुठियारहरू शिवपुरीमा ध्यानमग्न विष्णुको आत्मा लिन बाँसबारीस्थित चोक्तेनारायण पाटीमा रातभर जाग्राम बस्ने र भोलिपल्ट जल-फूल हाँडीगाउँ ल्याई चढाउने परम्परा कायम छ। नारायणको विधिपूर्वक पूजा गरी प्राण निकाली कोताः टोलस्थित पुजारीको घरमा ल्याउने र यो दिन हाँडीगाउँका रैथानेहरू निराहार रहने चलन छ। व्रत बसेका पुरुषहरूले प्रत्येक एक जिउको नापी बराबर एक बत्ती चढाउँदै नगर परिक्रमामा सरिक भएको देख्न सकिन्छ। जात्रामा ब्रह्माको खट कोताः विष्णुको खट न्याल्म र महेश्वरको खट थतुटोलका गुठियारहरूले बोकी पोङ्गा बाजासाथ प्रदक्षिणा गरिन्छ (माली, २०७४:४)। यहाँ श्रद्धालुहरूले नारायणको पूजा गर्दा मन्दिरको प्रतिमालाई नगरेर गजुरको आराधना गरिरहेको देख्न सकिन्छ।

ब्रह्मा, विष्णु र महेश्वर तीन नारायणका प्रतीक खटलाई बाबु, आमा र छोराको रूपमा पनि लिइन्छ। पहिलो दिनको रात्रिमा भूतेश्वरको भैरवलाई भेडाको बलि दिइन्छ र दोस्रो दिन बाजागाजासाथ नारायणको स्तुति गर्दै पोङ्गा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाजाको धुनसाथ जात्रा सुरु भएको मानिन्छ। खट नगर परिक्रमाको क्रममा आमाबुबालाई छोरा लिन जाने अनि छोराले आमाबुबालाई तीर्थ गराएको भन्दै तीनओटा नै टोल परिक्रमा गराइने आदि कार्यक्रम सम्पन्न भएको देख्न सकिन्छ। जात्राको तेस्रो दिन पनि भक्तजनहरूबाट यथास्थानमा राखिएका तीनओटा खटमा पूजा

निरन्तर चलिरहेको हुन्छ। कोजाग्रत पूर्णिमाको चौथो अर्थात् जात्राको अन्तिम दिन मूल पुजारी, गुठियार तथा गुठी संस्थानका प्रतिनिधिसहितको रोहबरमा तीनओटै खटबाट मूर्ति झिकेर पुजारीको आँगनमा राखिन्छ (खनाल, २०७४: ६९-७२)। पुजारीले मूर्तिलाई जल, घिउ, मह, दुधले स्नान गराई साँचोले तानी माथि पूजाकोठामा लगी प्रतिष्ठापन गरिन्छ र जात्राले समापनको रूप लिन्छ। पुजारीले मूर्तिलाई एक महिनासम्म कोठामै राख्ने र कार्तिकपूर्णिमाको दिन मूलकोठा (आगम छे) मा स्थानान्तरण गरिन्छ।



हाँडीगाउँ जात्राको अवसरमा स्वयम् भगवान् नारायण नै आउँछन् भनी पहिलो दिन रात्रिको समयमा खट निकाल्दा स्थानीयवासीले घरको ढोका बन्द गरी सुनसान वातावरण बनाउने गर्दछन्। जात्राको वेला गर्भवती महिलाहरू सजिलोसाथ बच्चा जन्मियोस् भनी व्रत बस्ने, खटमा सजाइएको मैनबाट बनाइएको कमलको फूल घरको पूजा कोठामा लगी राखेमा लक्ष्मीको वास हुने, निसन्तान नहुने जनविश्वास छ। यद्यपि यो जात्राबाट यस भेकका मौलिक नेपाली संस्कृतिलाई अक्षुण्ण राख्न बल पुगिरहेको महसुस हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुरापान गराई नगर परिक्रमा : भक्तपुर राँगो (खःमेय्) जात्रा

उपत्यकाभित्रका मौलिक जात्राहरूको सूचीमा विशेष धार्मिक आख्यान बोकेको र केही अनौठो लाग्ने महानवमीको दिन साँझतिर भक्तपुर नगरमा मनाउने जात्रा हो राँगो दौडाउने अर्थात् स्थानीय भाषामा खःमेय्जात्रा । धार्मिक विश्वासअनुसार राँगोलाई महिषासुर दैत्यको प्रतीकको रूपमा मानिने र महानवमीका दिन साँझतिर त्रिपुरासुन्दरी प्रकट भई नवदुर्गाभवानी पूर्ण हुने विश्वासका आधारमा धेरै अगाडिदेखि राँगो-दौडाउने र यस वेला तान्त्रिक विधि पूरा गरी दैत्यको प्रतीक राँगो बलिको रूपमा वध गर्ने परम्परा छ ।

महिषासुर दैत्यको प्रतीक मान्दै घण्टाकर्ण चतुर्दशीदेखि महानवमीको दिनसम्म भक्तपुरको नवदुर्गा मन्दिर परिसर देवगृहमा राँगोलाई पालनपोषण गरी बाँधेर राखिन्छ र तान्त्रिक विधिअनुसार पूजा गरी सुरा पान गराई लठ्ठ हुने गरी मत्याइन्छ । राँगोको शरीरभरि अबिर दली ब्रह्मपास (विशेष डोरी) ले बाँधी नवदुर्गा देवघरबाट तान्दै, लखेट्तै दत्तात्रेय, सूर्यमढी र च्याम्हसिंह हुँदै ब्रह्मायणी मन्दिर पुऱ्याई स्नान गराई विशेष डोरीले सिङ बाँधी बलिको लागि तयार पारिन्छ । राँगोलाई दौडाउँदा दायाँबायाँ सुकुन्डा बालेर सँगसँगै दौडिनेको जमात पनि ठुलै हुन्छ । राँगो, देवीलाई समर्पण गरी वध गरेको भोलिपल्ट बिहानैदेखि ब्रह्मायणी मन्दिरमा पूजा-दर्शन गर्ने श्रद्धालुहरूको मेला नै लाग्दछ । राँगो बलिको अवसरमा विभिन्न स्थानीय बाजा बजाउने परम्परा पनि छ । वध गरिएको राँगोको एक टुक्रा मासु प्रसादको रूपमा लिन ठेलमठेल नै चल्दछ (प्रत्यक्ष अवलोकन) । विशेष गरी स्थानीय नेवार समुदायले मासुको टुक्रा घरमा लगी सुकुटी-धुलो बनाई घिउमा मुछी धूपको रूपमा बाल्ने गरिन्छ । तिहारको लक्ष्मीपूजाको दिन यो धूप बालेमा भूतप्रेत भाग्ने, शत्रु नलाग्ने तथा लक्ष्मीको वास हुने जनविश्वास रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कतिपयले यसलाई औषधीको रूपमा पनि प्रयोग गरेको देख्न सकिन्छ। भक्तपुरे राँगो दौडाउने पर्व निकै पहिलेदेखि चल्दै आएको अनुमान गरिए पनि कति पुरानो हो भनी किटान गर्न भने प्रमाणको अभाव महसुस हुन्छ।

बलि चढाउने राँगो (ख:मेय्) मा हुनुपर्ने केही आवश्यक गुणमा राँगो निख्खर कालो र पुच्छर घुँडाभन्दा तलसम्म लत्रिएको हुनुपर्ने बताइन्छ। राँगोको शरीरमा सातओटा चक्र भएमा उपयुक्त मानिने परम्परा छ। राँगोको सिङ अगाडि फर्किएको, हट्टाकट्टा रहेको, कानलगायत शरीरका कुनै पनि भागमा खोट, घाउचोट नभएकोलाई उत्तम मानिने धारण रहेको छ। बलि दिइने राँगो मोटो हुनुपर्ने र तौल कम्तीमा १०० धार्नी पुगेमा उपयुक्त हुने बताइएको छ।

बलि दिइने भीमकाय राँगोलाई ख:मेय् र यो पर्वलाई स्थानीयले 'ख:मेय् ब्याकेगु' भन्ने गरिन्छ। ख.मेय् नामको राँगोलाई नवदुर्गागणलाई भोगबलि दिनुअगाडि सुरापान गराई नवदुर्गा देवगृहबाट जात्रा गर्दै भिडले जिस्क्याउँदै, तान्दै, घिस्याउँदै, दौडाउँदै, तर्साउँदै, लखेट्तै सहरको केही भाग घुमाउँदा, उत्सुकतासाथ रमिते भएर हेर्नेहरूको भिड थामिनसक्नु नै हुन्छ। जात्रा गरी ल्याइएको ख:मेय्को भोगबलि पनि ब्रह्मायणी पीठमै दिइने प्रचलन देखिन्छ। भोगबलिसहितको गुह्य विधान मांसाहुति यज्ञ गरी सम्पन्न हुने गर्दछ। मल्लकालमा टिपिएको 'वर्षकृति' नामको ठ्यासफूमा 'खण्डमेस' शब्द उल्लेख छ। तात्कालिक लौकिक जीवनमा प्रचलित खण्डमेसकै परिवर्तित रूप ख:मेय् रहेको अनुमान छ (श्रेष्ठ, २०६०:५६-५७, ९०)। यसबाट मध्यकालदेखि नै यो जात्रा सुरु भएको हुनसक्ने कतिपयको जिकिर छ।

राँगोको गुप्त पूजाविधि सम्पन्न गर्दा अरूलाई सुनाउन र देखाउन हुन्न भन्ने मान्यता रहेको छ। राँगोलाई कुनै हतियारविंना नै बलि चढाउन उत्तम मानिन्छ। अगाडि नै राँगोको मूल रक्तवाहिनी नली छिनालेर त्यसको रगतलाई मन्दिरमा रहेका विविध देवीदेवता, अष्टदिक्पाल, तोरण, टुँडालका प्रतिमाहरूमा समेत चढाउने प्रचलन छ। राँगोको बलि दिएको भोलिपल्ट अर्थात् विजयादशमीको दिनबाट भक्तपुरको प्रसिद्धि प्राप्त नवदुर्गा नाच (धिंकाल द्य:) प्रारम्भ हुन्छ। हुन पनि दशैंको अवसरमा हुने भक्तपुरका मुख्य जात्रामा ख:मेय्, नवदुर्गा नाच र पाया: पर्व नै मानिन्छन्। ख:मेय् र नवदुर्गा नाचलाई एकआपसमा अन्तरसम्बन्धित मानिन्छ। स्थानीय माली समुदायको संलग्नतामा नौओटै शक्तिपीठको मुकुट लगाएर नवदुर्गागणको नाच प्रदर्शन गरिन्छ। भनिन्छ, जब नवदुर्गागणको बाजा बज्छ, तब भक्तपुर उठेको महसुस हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बडादसैं नमान्ने खोकना : सि(श्री)काली-सिद्धिकालीजात्रा

काठमाडौं उपत्यकाभित्रका अनेकौं मौलिक जात्राको सूचीमा आश्विनशुक्ल तृतीय देखि सुरु भई नवमीसम्म चल्ने खोकना, ललितपुरवासीको एक मौलिक धार्मिक पृष्ठभूमिको पर्व हो सिकाली-सिद्धिकालीजात्रा। खोकनाको जनसमुदाय, प्रत्येक वर्ष दसैंको सट्टा सिकाली जात्रामा समाहित हुन्छ। यहाँ दसैंको लागि न त कुनै तयारी गरिन्छ न कुनै रौनक, उत्साह, टीका-जमरा नै लगाइन्छ। स्थानीय भनाइअनुसार पुरानो बस्तीबाट हालको नयाँ खोकना बस्तीमा बसाइँ सरेदेखि दसैं मनाउन छोडिएको हो। भनिन्छ, बस्ती सर्दा तान्त्रिकहरूले सिद्धिकालीजात्राको मिति पनि सार्न खोज्दा त्यो तिथिमिति देवीबाट स्वीकार्य नहुँदा नयाँ मिति जुराइयो, जुन दसैं सप्ताहमा पर्न गयो। तर बस्ती सारिएको तथा दसैं मान्न छोडिएको समयबारे भने ठ्याक्कै भन्न सकिँदैन।

खोकनावासी पात्रोभन्दा एक दिन ढिलो पर्ने गाईजात्राको दिनलाई दसैंको रूपमा आत्मसात् गर्दछन्। तर टीका-जमरा लगाउँदैनन् टीका थाप्न जाँदैनन्, आफन्तलाई बोलाउँदैनन्, घटस्थापना गर्दैनन् र फूलपाती पनि भित्र्याउँदैनन्। विशेष गरी चौध देवदेवीहरूको पूजा-उपासना, परम्परागत नाचगान, भोज व्यवस्थापनसाथ सिकालीजात्राको चटारोमा डुब्दछन्। विजयादशमीको दिन पूजाचाहिँ गर्दछन्।

सिकालीदेवीको जात्रा सम्पन्न गर्न यहाँ तीन गुठी क्रमशः तगु, सलागु र जगु सक्रिय रहन्छन्। प्रत्येक गुठीबाट चार/चार जना नुहाएर चोखो भई तोकिएको दिनमा सिकालीदेवीको विधिपूर्वक पूजा र नृत्यसँगै देवीजात्रा प्रारम्भ हुन्छ। सिकालीचउरमा गरिने गुठीको गोप्य पूजामा सम्बन्धितबाहेक अन्य मानिस, जीवजन्तुलगायतको प्रवेशमा निषेध गरिन्छ। पर्वको अवसरमा दिइने बलिको टुक्रा सिकालीदेवीलाई चढाइन्छ र गुठियारहरू बसी प्रसाद ग्रहण गर्दै 'छोएला भूः' भनी मनाउने गर्दछन्। पर्वको षष्ठीको दिन बिहान ४६ जना देवगणसहित यहाँस्थित चउरमा आयोजना गरिने अश्वमेध-यज्ञमा सहभागी गराइने र यज्ञमा महाकाली जागरूक अवस्थामा आई यज्ञ विध्वंश गरेको तथा वीरभद्र-महाकालीले देवदेवी सबैलाई लखेटेको दृश्य पनि प्रतीकात्मक रूपमा देख्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जात्रामा एकातिर सफेद जामा वस्त्र पहिरनमा ध्वजापताकासहित बाजा बजाउँदै, उफ्रिँदै, काम्दै र मुकुट लगाई देवदेवीका भेषमा समेत उमङ्गसाथ उत्सवमा सहभागिता रहेको देखिन्छ (प्रत्यक्ष अवलोकन एवम् स्थानीयसँग कुराकानीमा आधारित)। यो जात्रा कहिलेदेखि सुरु भयो भन्नेबारे निश्चित तिथिमिति भन्न सकिँदैन।



खोकनाको सिकाली (श्रीकाली) जात्रा पचलीभैरव जात्राको भोलिपल्ट हुने र यसमा पचलीभैरवको जात्राको प्रसाद आवश्यक मानिन्छ। भनिन्छ, खोकनाका जनताले थाहा नपाउने गरी पचलीभैरवको जात्राको दिन पचलीपीठमा आई प्रसाद लिएर गएपछि मात्र खोकनाको जात्राले रौनकता प्राप्त गर्दछ। जात्राको उद्भव सम्बन्धमा एक लोकआख्यान अनुसार- "श्रीपचलीभैरवले एक निम्न (?) समुदाय मानिने कसाई महिलालाई पत्नीको रूपमा भित्र्याए। उता, यही कारणले अर्की शक्ति श्रीमहालक्ष्मी रिसाई बच्चाहरू लिएर मर्न जान्छु भनी निस्किएर हिँड्दा खोकना पुगेपछि भोकको कारणले बच्चाहरू रुन थाले। खोकनामा एक गरिब परिवारको घरमा उनले वास बस्नुपऱ्यो। बच्चाहरू भोकले रोएको देखेर पनि आफू गरिब भएकाले घरधनीले बच्चालाई कुनै खानेकुरा दिन नसक्ता उनले खिन्न महसुस गरे। राति छटपटी भई निद्रा नलाग्दा उनी पाहुनाको हालचाल बुझ्न झ्यालबाट भित्र चियाउन पुग्दा भित्र कोठाको दृश्य देखी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आश्चर्यचकित भए । कोठाभित्र हेर्दा महालक्ष्मी सक्कली रूपमा र बच्चाहरू देवगणको रूपमा देखिन पुगे । घरधनीले महालक्ष्मीको दर्शन गर्दै सेवा गर्न नसकेकोमा दुःखेसो व्यक्त गरे । उता खोकनामा वास बसेपछि महालक्ष्मीको मन पनि बदलिन पुग्यो । भनिन्छ, यसपछि महालक्ष्मी खोकनामै श्रीकालीको रूपमा सिद्ध भएर रहन पुगिन् । यिनै श्रीमहालक्ष्मीको प्रतापले खोकनावासीलाई एक माना खान आजसम्म अटुट रूपमा पुगिरहेको छ । यसपछि त्यहाँ महालक्ष्मीको संस्मरणमा श्रीकाली (सिकाली) जात्राको रूपमा ठुलो उल्लासका साथ धार्मिक जात्रा चलिरहेको छ (श्रेष्ठ, २०४९:५७-५८) । उपत्यका खोकनावासीको पुरानो र मौलिक धार्मिक पृष्ठभूमिको लोकप्रिय जात्राको सूचीमा भने सिकाली-सिद्धिकालीजात्रा अग्रणी स्थानमा रहेको छ ।

जात्रासम्बद्ध अन्य केही बुँदालाई हेर्दा सिकालीजात्रामा सक्रिय तीन गुठी प्रत्येकले तान्त्रिक विधिबाट वीरभद्र महाकाली स्थापना गरी भैरव जगाउने र यस बेला अटुट रूपमा बाजा बजाउने गरेको देखिन्छ । भैरव प्रतिष्ठापना गरी गुठीहरूले नवदुर्गा तयार गर्ने र राति देवतालाई तल्लो लाछीमा ल्याई राख्ने गरिन्छ । पर्वको अवसरमा ४६ देवगणसहित वीरभद्र, महाकाल, भैरवसमेतको खटलाई नगर परिक्रमा गराइने प्रचलन जीवन्त छ । सप्तमीको दिन तल्लो लाछीको मुख्य डबलीमा महालक्ष्मीले महिषासुरलाई वध गरेको दृश्यलाई समेटेर नृत्य प्रस्तुत हुने गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुइरोले जिब्रो-छेड्ने: बोडेको अद्भुतजात्रा

वैशाख २ गते अर्थात् भक्तपुरको बिस्केट जात्राको छैटौँ दिन भक्तपुरकै बोडे (थिमि) नगरमा बिहान सिन्दूरजात्रा गरी दिउँसो मानव शरीरको एक प्रमुख संवेदनशील अङ्ग जिब्रोलाई सुइरो (सियो) ले छेड्ने एक मौलिक तर भयत्रस्त संस्कृतिसम्बद्ध जात्रा सम्पन्न हुन्छ। भक्तपुरको बिस्केटजात्रासँग जोडिए जस्तो देखिने तर पृथक् सांस्कृतिक परम्परा भएको र तान्त्रिक शक्तिको बलमा जीवन्त रहेको थिमिबोडेवासीहरूको एक अद्भुत परम्परा हो जिब्रो-छेड्ने-जात्रा। जिब्रो-छेड्ने-जात्राको सुरुवात कहिले, के कारणले भयो भन्ने सम्बन्धमा भरपर्दो सामग्री प्राप्त छैनन्। एक जनश्रुतिअनुसार-"धेरै पहिले बोडे नीलवाराहीवरपर बस्ने स्थानीयहरूलाई भूत-प्रेत, पिशाच, ख्याक, कङ्काल आदिले अति नै दुःख दिइरह्यो। बोडे निवासी सारै हैरान भएको देखेर भीमदत्त कर्माचार्य नामक एक तान्त्रिकले बोडेभरि पासो थापिदिए। बोडेको पश्चिमतर्फको ढोकाबाट एउटा ख्याक बस्ती प्रवेश गर्न खोज्दा पासोमा पर्‍यो। ख्याकलाई समाती जिब्रो छेडी काठको भारी बोकाई बोडे घुमाइयो। कष्ट सहन नसक्ता ख्याकले अब दुःख नदिने, नराम्रो नगर्ने र जुनसुकै वचन दिन तयार भएको भनी याचना गर्‍यो। सात वर्षसम्म जिब्रो छेड्न आइरहनुपर्ने सर्तसहित ख्याकलाई छोडियो।" पछि कुनै पनि तत्त्वले दुःख नदिएकोले स्मरणार्थ जिब्रो छेड्ने परम्परा आजसम्म जीवन्त रहेको बताइएको छ।

जिब्रो छेड्न छानिएको व्यक्तिले तत्कालका लागि तोकिएका आचारसंहिता पालना गर्नुपर्दछ। जिब्रो छेडिने व्यक्ति करिब तीन-चार दिनदेखि एक्लै कोठामा बस्ने माछा, मासु, लसुन, नुन नखाने, मादक पदार्थ सेवन नगर्ने र विधिपूर्वक पूजा गर्दै बस्नुपर्ने तथा जिब्रो छेडिदिने कर्मीनायकले पनि धेरै दिन अगाडिदेखि शक्तिको लागि देवदेवीको पूजा-प्रार्थना र विविध विधि पूरा गर्नुपर्ने हुन्छ। वैशाख २ गते बिहान जिब्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छेडिदिने नाइकेले पनि देवदेवीहरूको पूजा सम्पन्न गर्नुपर्छ। जिब्रो-छेड्ने व्यक्तिलाई छेड्नुअगाडि शक्तिपीठहरूको दर्शन गराई विशेष शुद्ध र सफेद पहिरन पहिरिएर अनि खुट्टामा तान्त्रिक-घन्टी (घुङ्ग्रो) लगाएर जिब्रो छेड्न बनाइएको मञ्चतिर अगाडि बढाइन्छ (श्रेष्ठ, २०७३:४)। बोडेको पाँचोगणेशको प्राङ्गणको पेटीमा विधिपूर्वक बनाइएको मञ्चमा जिब्रो छेड्ने व्यक्ति उक्लिएपछि सहभागीहरूबाट उनको जयजयकार सुरु हुन्छ। छेड्ने र छेडिदिने दुवैबाट देवीदेवतालाई धूपबत्ती, पूजा-प्रार्थना गर्दागर्दै नायखिं बाजा घन्किन थाल्छ। करिब एक महिना अगाडिदेखि तेलमा डुबाइराखेको लगभग एक फीट लामो सुइरोले यही बुलन्द आवाज-बाजाका बिच मध्यभाग पारेर जिब्रो छेडिन्छ र यो चामत्कारिक संस्कृतिलाई निरन्तरता दिन सकेकोमा सन्तुष्टि देखिन्छ (Anderson, 1977:49; जोशी, २०३९:७७)। भनिन्छ, जिब्रो छेड्दा रगत आउनु हुँदैन र रगत आएमा अनिष्टको सङ्केत हो।

२०७६ वैशाख २ गते बोडेवासी ४७ वर्षीय बुद्धकृष्ण बाग श्रेष्ठले सातौं पटक जिब्रो छेडी सांस्कृतिक गरिमा धान्दै सबैलाई चकित बनाएका थिए। बुद्धकृष्णको जिब्रो उनका सहोदर दाजु कृष्णचन्द्रले छेडिदिए, जसले १२ वर्ष लगातार आफ्नो जिब्रो छेडी चामत्कारिक रेकर्ड कायम गर्न सफल भए। चन्द्राकार बत्ती बोकी जिब्रो छेडेको व्यक्तिलाई नगर परिक्रमा गराई पाँचोगणेशको रथलाई भ्यागुटोल पुऱ्याएपछि नकर्मी नाइकेले जिब्रोमा रहेको सियो निकाली महालक्ष्मी मन्दिरको माटो सियोले घोचेको जिब्रोको प्वालमा राखिदिन्छन् र मन्दिरभित्र जिब्रोबाट सियो निकाली सियोलाई गणेश मन्दिरमा रोप्ने प्रचलन रहेको छ।

भनिन्छ, जिब्रो-छेड्ने परम्परा कायम हुँदा बोडेमा अनावृष्टि, अतिवृष्टि, महाभूकम्पको ठुलो क्षति नहुने र सहकाल, स्वस्थता तथा वातावरणमा नै शान्ति-समृद्धि छाइरहने छ। जिब्रो-छेड्ने सांस्कृतिक विरासदलाई बोडे निवासी 'श्रेष्ठ' थरका स्थानीयहरूले धानिरहेको देख्न सकिन्छ। प्रारम्भदेखि आजसम्म ठ्याक्कै कति जनाले कति पटक जिब्रो छेडे भन्ने यकिन तथ्याङ्क छैन। यद्यपि केही व्यक्तिको नाम र जिब्रो छेडेको सङ्ख्या यहाँ दिइन्छ :

सि.नं.	नाम थर	पटक
१	हर्कनरसिंह (जुजुभाइका बाजे)	२२
२	बेखानारायण हाय श्रेष्ठ	३२
३	हरिदेवकिला श्रेष्ठ	१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४	हरिभाषिक श्रेष्ठ	३
५	इन्द्रबाटा श्रेष्ठ	२
६	हर्केश्वर व्याँ श्रेष्ठ	३
७	चन्द्रसेन द्यो श्रेष्ठ	७
८	दिलकुमार खपे श्रेष्ठ	७
९	मुनि द्यो श्रेष्ठ	१
१०	धर्मराज बलाम श्रेष्ठ	१
११	कृष्णचन्द्र बाग श्रेष्ठ	१२
१२	बुद्धचन्द्र बाग श्रेष्ठ	४
१३	जुजुभाइ श्रेष्ठ	८
१४	बुद्धकृष्ण बाग श्रेष्ठ	७, आदि (श्रेष्ठ, २०७३ नेपाल रिपब्लिक मिडिया, २०७३:६) ।

बोडेवासीको यो अद्भुत जात्राले जनसागरको सहभागिता साथ निरन्तरता पाइरहेको छ । यहाँको सांस्कृतिक परम्परा जीवन्त रहे पनि स्वास्थ्यका दृष्टिले मानवको जिब्रो छेड्नुलाई चानचुने आँट मान्न सकिँदैन । जे होस्, बोडेबासीले यो जात्राप्रति देखाएको श्रद्धा आजसम्म पनि अनवरत रूपमा चलेको देख्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वसम्पदा स्थल : पशुपतिनाथ क्षेत्रका केही प्रमुख जात्रा

पाशुपतक्षेत्र, मूर्त र अमूर्त सम्पदाको खुल्ला सङ्ग्रहालय हो। विश्वका सम्पूर्ण हिन्दुहरूका आराध्यदेव हुन् पशुपतिनाथ। नेपालको प्राचीन इतिहास-संस्कृतिको धरोहरस्थल हो पशुपतिनाथक्षेत्र। उच्च सांस्कृतिक उपादेयता र गरिमाले भरिएको युनेस्कोको विश्वसम्पदा सूचीमा आबद्ध पशुपतिनाथ क्षेत्रभित्र धेरै जीवन्त जात्राहरू अविच्छिन्न रहेका छन्। विश्वप्रसिद्ध पावनभूमि पाशुपत-पशुपतिनाथ क्षेत्रमा वर्षदिनका विविध अवसरमा झन्डै दर्जनौं मेला-जात्रा, उत्सव, पर्व परिरहेका हुन्छन्। प्रायः सबै उत्सव-पर्व जात्राहरू धार्मिक पृष्ठभूमिमा सम्पन्न भइरहेका देखिन्छन्। यसमा केही प्रमुख जात्रा-पर्वको सूची परिचयात्मक रूपमा यस प्रकार प्रस्तुत गरिन्छ :

पशुपति क्षेत्रको त्रिशूलजात्रा, पशुपतिक्षेत्रको गङ्गामाई जात्रा, पशुपतिक्षेत्रको गाईजात्रा, पशुपति क्षेत्रको खड्गजात्रा, पशुपति क्षेत्रको रोपाइँजात्रा, पशुपतिक्षेत्रको वामन द्वादशीपर्व (उपागो बनेगु:), पशुपति क्षेत्रको इन्द्रजात्रा, पशुपति क्षेत्रको माधवनारायण जात्रा आदि।

पशुपति क्षेत्रको त्रिशूलजात्रा

पशुपति क्षेत्रका प्रमुख जात्राहरूमध्ये त्रिशूलजात्रा एक अग्रणी जात्राको सूचीमा रहेको छ । हरेक वर्ष आषाढ कृष्ण अष्टमीको दिन यो जात्रा मनाइन्छ। उपत्यकामा प्रचलित अन्य जात्रा जस्तै यसमा पनि विविध अनुश्रुतिहरू जोडिएका छन्। भाषावंशावलीमा यस जात्रा सम्बन्धमा उल्लेख पाइन्छ। मध्यकालिक अमर मल्लको समयदेखि यो जात्राले निरन्तता पाएको देखिन्छ।

भगवान शिवको प्रमुख आयुध हो त्रिशूल। तर यो जात्रासँग त्रिशूलको सम्बन्ध जोड्न सकिँदैन। देवपाटनमा प्रचलित विभिन्न किंवदन्ती केलाएर हेरेमा दुःख दिने, गुन्डागिरी गरेर हिंड्ने एउटा जमातलाई दमन गरेको उपलक्ष्यमा यो जात्रा सुरु गरेको विश्वास गरिन्छ। देवपाटन क्षेत्रका तीन ओटा ठाउँ (जयवागीशवरी, मङ्गलागौरी (आर्यघाट), वज्रघर) बाट त्रिशूलजात्राको प्रारम्भ गरिन्छ। यसमा दुई कन्या केटी र तीन कुमारकेटालाई त्रिशूलको आकृतिमा उनेको भान पार्ने गरेर राखिन्छ र नगर परिक्रमा गराइन्छ। हिजो-आज तीन ओटा खट निर्माण गरिन्छ। तर केही वर्षपहिले नौ ओटा खट निकाल्ने चलन थियो। स्थानीय व्यक्ति मुकुन्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैद्यअनुसार २०१९ ताका पाँच र नौ ओटा रथ उहाँले बाल्यकालमा देख्नुभएको थियो । भाषा वंशावली र देवमाला वंशावलीमा उल्लेख भएको वर्णनअनुसार पनि देवपाटनको त्रिशूलजात्रामा नौओटा खट नै मङ्गला गौरी, भुवनेश्वरी हुँदै जयवागीशवरी मन्दिरसम्म पुऱ्याउने परम्परा थियो । भाषा वंशावलीअनुसार तन्त्र-मन्त्रका ज्ञाता मुनि आचार्यको सर-सल्लाह अनुसार तात्कालिक राजा अमर मल्लले पशुपति क्षेत्रमा विभिन्न प्रसिद्ध मठ-मन्दिरमा स्थापना गरिएका देवताहरूलाई प्रसन्न पार्न नौओटा रथमा कुमार, कुमारीलाई विविध आयुधसहित विराजमान गराएर निश्चित मार्गमा प्रदक्षिणा गराएको उल्लेख छ (लम्साल, २०२३:५३) । देवमाला वंशावलीमा पनि योगी देवीनाथले यस विषयमा प्रकाश पारेका छन् । राजा नरेन्द्र मल्लले भुवनेश्वरीका पुजारी भूमि आचार्यसँग छलफल गरेर तान्त्रिक विधिद्वारा निर्माण गरिएका नौओटा रथको रथयात्रा निश्चित दिनमा गर्ने चलन चलाएका थिए (योगी, २०१३:१३४-१३५) ।



त्रिशूलयात्राको सम्बन्धमा देवपाटनका मानिसहरूको विविध विचार, तर्क सुन्न पाइन्छ । अलगअलग कथा हुनुको कारण लिखित प्रमाणहरू नहुनाले नै हो । त्रिशूलयात्रामा सहभागी हुने बालकहरूलाई छान्ने क्रममा जयवागीशवरीको भन्डारमा एक रात विधिविधान गरेर राख्ने चलन हिजो-आज साङ्केतिक रूपमा मात्रै गरेको देखिन्छ । डङ्गोल, महर्जन थरका केटा, केटी छनौट गर्ने काम आजसम्म पनि गुठियारहरूले गर्दै आएका छन् । छानिने केटा, केटीहरू विवाह नगरेका तर दुधे दाँत फुक्लेर अर्को दात आइसकेको हुनुपर्दछ । त्रिशूलयात्राभन्दा चार दिनअघि भुवनेश्वरीका कर्माचार्य पुजारी 'कुवकुदो' (नयाँ बानेश्वरस्थित एभरेस्ट होटलको पूर्वपट्टि) मा पूजा गर्न जाने चलन छ । त्रिशूलजात्राको खट यात्रासँगै मुर्दा यात्रा पनि गर्ने प्रचलन छ । तात्कालिक समयका प्रसिद्ध तान्त्रिक बुन्धदत्तको छोराको बलि, देवी (भुवनेश्वरी) लाई चढाएको घटनाको स्मृतिमा मुस्वा फूलको शव निर्माण गरेर विशेत र नाइकेले काँधमा बोकेर यात्रामा सहभागी हुने प्रचलन छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिशूलजात्राका विभिन्न पक्षसँग जोडिएका अनुश्रुतिहरू छन् । श्रुतिका रूपमा सुनिँदै आएका विभिन्न अनुश्रुतिको मुख्य विषयवस्तु एउटै भए पनि पात्र र घटनाक्रममा विविधता पाइन्छ । स्थानीय व्यक्तिहरूले आजसम्म स्मरण गरेका र प्रकाशित केही अनुश्रुति यस प्रकार छन् :

क) धरै वर्षपहिले स्वयम्भूमा बस्ने दानव प्रवृत्तिमा लागेकाहरूले विभिन्न आतङ्क मच्चाई उपत्यकावासीलाई सताइरहेका थिए । लुटपाट र बच्चा अपहरण गरेर गुन्ड्याइँ शैलीमा देवपाटनक्षेत्रका बासिन्दाहरूलाई सारै सताए । देवपाटनका केही बुद्धिजीवीहरूले सम्झाइ-बुझाइ गरेर समस्याको समाधान गर्न खोजे । तर साम, दाम, दण्डबाट केही नहुने देखेर भेदकै नीति अपनाउने निर्णय लिए । स्वयम्भूका बासिन्दाका बच्चा अपहरण गरेर तिनलाई त्रिशूलको आकृतिको हतियारमा उनेर सिफलको डाँडाको उच्च भागमा गाडेर प्रदर्शन गरे । यस्तो कठोर, निर्मम कदम चालेपछि देवपाटन क्षेत्रबाट बच्चाहरू हराउन छोडे । यस्तो दुःखद घटनाको स्मरणमा आजसम्म जात्राले निरन्तरता पाइरहेको छ ।

ख) काठमाडौँ रानीवनका केही दानव प्रवृत्तिका मानिसले देवपाटनका बच्चा अपहरण गरेर तिनलाई बेपत्ता पार्ने र मार्ने कामले सबैलाई चिन्तित बनाएको थियो । काठमाडौँका ख्यातिप्राप्त तान्त्रिक पुजारी बन्धुदत्तको मदतले यो कार्य फत्ते गर्ने निर्णय देवपाटनका बुद्धिजीवीहरूले गरे । बन्धुदत्तको तन्त्रको प्रभावले गुन्डागर्दीमा लागेका ठुला राक्षसलाई वशमा पारेर २/४ जना साना बच्चाहरूलाई मारेर त्रिशूलमा उनेर सिफलमा सार्वजनिक प्रदर्शनी गरेपछि देवपाटनबाट बच्चा हराउन छोडे ।

ग) नागार्जुनको डाँडोमा केही दुष्ट प्रवृत्तिका राक्षस आफ्नो जीविका दुर्व्यसन र खराब काम गरेर चलाउँथे । उनीहरूले देवपाटनका बच्चाहरू अपहरण गरेर तहल्का मच्चाइरहेका थिए । देवपाटनका बासिन्दा आजित भएर राजा नरेन्द्रदेवकहाँ दुखेसो पोख्न गए । राजाले आफ्ना गुरु बन्धुदत्तसँग सल्लाह गरे । सल्लाहअनुसार बन्धुदत्तलाई हातहतियार चलाउन सिपालु केही सिपाहीहरू सहयोगको लागि जिम्मा लगाइयो । बाटोमा कुरेर राक्षसलाई मार्ने योजना असफल भएपछि बन्धुदत्त नागार्जुन पुगे । नागार्जुन पुगेर सिपाहीहरूको मदतले उनले खराब जमातका नाइके र उनका प्रमुख सहयोगीलाई मारे र त्यही खुसीयालीमा त्रिशूलजात्रा मनाइयो जुन आजसम्म चलिरहेकै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिशूलजात्रासँग सम्बन्धित विविध अनुश्रुतिको चुरो केलाएर हेर्दा भने एउटै कुरो-प्रसङ्ग प्रमुख रूपमा देखिन्छ। देवपाटनका सर्वसाधारण जनतालाई काठमाडौँका केही टोलका गुन्डा-राक्षसहरूले अपहरण गरेर मार्ने काम गरेकाले त्यसको समाधानपश्चात् निस्किएको उत्सव र स्मरणकै प्रतीक हो त्रिशूलजात्रा। अब तल त्रिशूलजात्राको विधि-विधानको सङ्क्षिप्त चर्चा गरिन्छ।

१. सिठी नखः को दिन त्रिशूलजात्रामा सहभागी हुने केटाकेटीलाई छान्ने पहिलो विधि सुरु गरिन्छ। भुवनेश्वरी गुठीबाट १, बज्रघर गुठीबाट १, जयवागीशवरीभन्डार तविलबाट ३ जना गरी जम्मा ५ जना केटा र केटी (३ बालक र २ बालिका) लाई विशेष पूजा सम्पन्न भएपछि त्रिशूलयात्राको दिन लगाउने पोसाक र जयवागीशवरीको वस्त्र दर्शन गराउने प्रचलन छ। वसन्तपुरकी कुमारीको विभिन्न परीक्षण गरे जस्तै सङ्क्षिप्त रूपमा त्रिशूलजात्रामा पनि परीक्षण गरेको देखिन्छ।

२. त्रिशूलजात्रा : प्रारम्भ हुनुभन्दा ४ दिन पूर्व र समापनको ४ दिनपश्चात् भुवनेश्वरीका पुजारीहरूले कुवकुदो (छक्कु वक्कु) भनिने नयाँ बानेश्वर एभरेस्ट होटेलको पूर्वपट्टि रहेको थलोमा पूजा गर्दछन्। चाकुपूजा र वाकुपूजा भनेर सम्बोधन गरिने यी पूजाको सम्बन्ध भुवनेश्वरीका पुजारी वन्धुदत्त (मुनि, भूमि, आचाजु) सँग सम्बन्धित छ (टण्डन, २०५३:५०७)।

३. शतबीज छर्ने दिन (बालाचतुर्दशी) मा पशुपति, मृगस्थलीको भागल-भुगलमा छरिएको अन्नपात छुट्याएर आएको रकमले त्रिशूलजात्रा सम्पन्न गर्ने चलन थियो। तर विभिन्न कारणले त्यो सम्भव नभएको हुँदा अमालकोट कचहरीमा कार्यरत द्वारेको व्यवस्थापनमा छुट गुठीको आर्थिक सहयोगमा त्रिशूलजात्रा सम्पन्न गरिन्छ (प्रत्यक्ष अवलोकन र सम्बन्धित व्यक्तिहरूसँग प्रश्न सोधेका आधारमा)।

४. जयवागीश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी र वज्रघरमा आषाढकृष्ण अष्टमीको दिन पूजा गरिन्छ। भुवनेश्वरीका कर्माचार्यले प्रमुख पुजारीको भूमिका निर्वाह गर्दछन्।

जयवागीशवरी, मङ्गलागौरी, वत्सलेश्वरी र वज्रघरमा एक-एक ओटा गरी जम्मा ३ ओटा खटहरू तयार पारिएको हुन्छ। तान्त्रिक विधिले भेडाको बलि चढाएर पूजा गर्ने परम्परा आजसम्म पनि कायमै छ। पञ्चबलिमध्ये भेडालाई नरबलिको प्रतीक मानेर चढाउने चलन छ। नेपालका विभिन्न शक्तिपीठ र अन्य मन्दिरहरूमा नरबलि चढेका अनुश्रुति प्रचलित छन्। वेदमा पनि नरबलिको उल्लेख पाइन्छ। मेरुतन्त्रमा आमान्न, पक्वान्न, फलादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वा जीवादि वस्तु वा खाने चिजलाई बलि भनिन्छ। ग्रन्थहरूमा तान्त्रिक स्मार्ट र वौदिक बलिको उल्लेख पाइन्छ। शब्द र अर्थमा सामान्य फरक भए तापनि ईश्वर र पितृलाई प्रसन्न पार्न विविध वस्तु अर्पण गर्ने कुरामा भने एकमत व्यक्त गरेका छन् (पौड्याल, २०६९:१७)। आठ प्रकारका बलिहरूमा मानिस, राँगो सुँङगुर, छाग (बाखो), भेँडा, सारस, कपोत (परेवा) र कुखुरा पर्दछन् (पाण्डेय, २०५७:८७८-८७९)। शक्तिसङ्गम तन्त्र र महाकालसंहितामा जनावरको सट्टा चढाइने फलफूल र तरकारीका नामहरू दिइएको छ।

यसरी शास्त्रहरूका प्रमाणको आधारमा समाजमा प्रचलनमा रहेको बलि प्रथाबारे प्रस्ट हुन्छ। यही प्रसङ्ग पशुपतिको त्रिशूलजात्रा र भेडाको बलिसँग जोडेर व्याख्या गर्न सकिन्छ।

५. त्रिशूलजात्राका लागि तयार पारिने काठका खटहरू प्रत्येक वर्ष मर्मत गरेर फूल-पातले सजाउने गरिन्छ। असुरोका हाँगाहरू र विभिन्न लुगाहरूका टुक्राले सजाएपछि खटहरू आकर्षक देखिन्छन्।

जात्राका लागि छानिएका केटाकेटीहरूलाई गोप्य ढङ्गले शृङ्गार गरेर गोप्य रूपमै भुवनेश्वरी मन्दिरमा राखिन्छ। खटमा राख्ता मुहार रुमालले छोप्ने चलन छ। खटमा राखेपछि केटाकेटीको नाइटोमाथि तलबाटै रोपिएको त्रिशूलका टुप्पो देखिन्छ। त्यसैले पहिलोपल्ट त्रिशूलजात्रा हेर्ने मानिस रमाउनेभन्दा तर्सिने र डराउने बढी हुन्छ।

६. अष्टमीको दिनको बिहान रथयात्राको लागि छानिएका केटा-केटीहरूलाई सगुन खुवाइन्छ (ढकाल, २०७७:४४०)।

७. अष्टमीकै दिन जयवागीश्वरीबाट पूर्वमा स्थित गणेश (मच्छेन्द्र गणेश) लाई अग्र पूजा गरेर मात्रै खट यात्राको प्रारम्भ गर्न सकिने विधान छ।

८. भुवनेश्वरी मन्दिरका कर्माचार्य पुजारीले रथजात्राका लागि छानिएका कुमार र कुमारीको प्रतिनिधित्व गर्दै भुवनेश्वरी देवीलाई पूजा अर्पण गरेपश्चात् कुमार, कुमारीलाई गोप्य रूपले मन्त्र सुनाइन्छ। निर्भीक हुन मन्त्रले मदत गर्ने विश्वास गरिन्छ।

९. त्रिशूलयात्रामा कुमार, कुमारी राखेर खट बोक्दा सबैभन्दा अगाडि वत्सलेश्वरी त्यसपछि क्रमशः बज्रघर र जयवागीश्वरीका खटहरू निकालेर सिफलचौरसम्म पुऱ्याइन्छ। खटयात्राकै क्रममा भुवनेश्वरी मन्दिरबाट लास बोकेको जस्तै गरेर मुःस्वां फूलसँगै गोप्य ढङ्गले रातो कपडाले शिवलिङ्ग छोपेर खटहरूभन्दा पछि देवपाटनका टोल परिक्रमा गराउने चलन छ। मुःस्वां फूल रोप्ने र चढाउने विधि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधान प्राचीन परम्परागत मान्यताअनुसार नै छ। घोडेजात्राको अवसरमा मु:स्वां फूल फुल्न सुरु हुन्छ र त्रिशूलजात्रामा बन्धुदत्तका छोराको लासको प्रतीक बनाएपछि विसर्जन गरिएको मानिन्छ (स्रोत: स्थानीय मुकुन्द वैद्य)। अन्य वनस्पति जस्तै यसलाई जसले पनि रोप्ने र प्रयोग गर्न नहुने विश्वास स्थानीयहरूको छ (स्रोत: स्थानीय अर्जुन आचार्य)।

१०. यो यात्राको एउटा विशेषता के पनि छ भने लासको प्रतीकको रूपमा रहने खटमा भएको 'मु:स्वां' लाई बाग्मतीमा सेलाएपछि मु:स्वांको याम गयो भनी नयाँ फूल नफुलुन्जेल त्यसको प्रयोग गर्दैनन् (टण्डन, २०५३: ५१२)।

११. त्रिशूलजात्राको परिक्रमा बाटो पशुपतिको अन्य जात्राभन्दा केही फरक छ। यस जात्राका खटहरू जयवागीश्वरी पुऱ्याउँदा अन्य जात्रामा जस्तो इटापाखा पुऱ्याइँदैन।

१२. सिफलको अग्लो ढिस्कोमा उभिएर काठमाडौंतर्फ फर्किएर नराम्रोसँग गाली गर्ने चलन आजसम्म पनि छ, फेरिएको छैन। रानीवनको गुन्डा-राक्षसहरूलाई गाली गरेको भन्ने तर्क केही स्थानीय बासिन्दा गर्दछन् भने अन्य केही आजु बन्धुदत्तकी पत्नीले विचार नपुऱ्याएर गरेको कामको परिणाम निर्दोष बालकले पाएकोले उनलाई गाली गरेको तर्क गर्दछन्।

१३. त्रिशूलजात्राको समाप्ति बाग्मती नदी (विराटेश्वर शिवलिङ्ग) को जलमा मु:स्वां फूललाई सेलाएर, कुमार र कुमारीलाई जल सेवन गराएर, रातो कपडाले छोपेको शिवलिङ्गलाई भुवनेश्वरी मन्दिरमा भित्र्याइन्छ। पशुपतिमा त्रिशूलजात्राको प्रसाद चढाएपछि सम्पूर्ण कार्य समाप्त भएको मानिन्छ। त्रिशूलजात्रामा सहभागी हुने प्रत्येक केटाकेटीलाई पचास हजार रूपैयाँ दक्षिणास्वरूप दिने चलन ४/५ वर्षयता चल्दै आएको छ, जुन प्रशंसनीय कार्य नै हो। जुनसुकै कार्य गर्दा पनि सुरक्षाको प्रश्न सबैभन्दा पहिला आउँछ। त्रिशूलजात्रामा पनि सुरक्षाको व्यवस्था अग्रपङ्क्तिमा राख्नुपर्दछ।

पशुपति क्षेत्रको गङ्गामाईजात्रा

राजा दिलीपका छोरा, अंशुमानका नाति भगीरथले गङ्गालाई स्वर्गबाट पृथ्वीमा ल्याएको वर्णन सनातन धर्मावलम्वीहरूको धर्म शास्त्रहरूमा छ। राजा शन्तनु र गङ्गाका पुत्र देवव्रत भीष्म पितामह, महाभारतका प्रमुख पात्र हुन्। उनको कठिन प्रतिज्ञा, कर्तव्यनिष्ठता, दोधारमा परेका वेला वावुको अर्ति र आमा गङ्गाको सल्लाहबारे विस्तृत वर्णन महाभारतमा पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भीष्मले गरेका प्रतिज्ञा, जीवनको अन्तिम समयसम्म त्यसको पालन, सामान्य मानिसहरूका लागि असम्भव नै हो। गङ्गामाईको जात्रा गङ्गाकै संक्षिप्त परिचयबाट प्रारम्भ गरिन्छ।

रामायण, महाभारत, भागवत पुराणमा गङ्गा स्वर्गबाट पृथ्वीमा अवतरण भएको घटनाबारे विस्तृत वर्णन परेको छ। प्राणी र वनस्पतिको लागि पानी सर्वाधिक आवश्यक पदार्थ हो। पानीबिनाको जीवन कल्पनै गर्न सकिँदैन। प्राचीन मानिसहरूले आफ्नो वासस्थान पानीको नजिक वा नदीको किनारमा नै बसालेका थिए। सामाजिक दैनिक कार्यसँगसँगै धार्मिक कार्यका लागि पनि पानी अत्यावश्यक भएकोले यसको आवश्यकता सर्वोपरि नै छ।

हिन्दुलगायत धर्मावलम्वीहरूको सम्पूर्ण धार्मिक कर्मकाण्ड चोखो पानी नभईकन सम्पन्न नै हुँदैन। पानीका विभिन्न स्रोतमध्ये नदीलाई उत्तम स्रोत मानिन्छ। नदीहरूमध्ये पनि गङ्गालाई सबैभन्दा पवित्र भन्दै पूजा-सम्मान गरिन्छ।

प्राचीन समयमा गङ्गा नदी स्वर्गमा मात्र थिइन्। राजा भगीरथले साह्रै परिश्रम गरेर गङ्गालाई पृथ्वीमा आउन मनाएका थिए। गङ्गा पृथ्वीमा आएको घटना साह्रै रोचक छ।

दिलीप राजाका छोरा हुन् भगीरथ। भगीरथ साह्रै मेहनती र आफ्ना पुर्खाको मान-सम्मान चाहने राजा थिए। केटाकेटी बेलादेखि नै भगीरथ धर्मप्रेमी र बुद्धिमान मानिन्थे.। कामदेवजस्तै राम्रा भगीरथको स्वभाव पनि राम्रो थियो। राजाका छोरा भए पनि भगीरथ घमन्डी वा अल्छी थिएनन्। समाजसेवा गर्न उनी सधैं अघि सर्दथे। पानीको महत्त्व बुझेका भगीरथले पानीको स्रोत खोजेर त्यसलाई उपयोग गर्ने तरिकामा लागिरहन्थे। सामाजिक र धार्मिक दुवै कार्यका लागि गङ्गाजलको महत्त्व भगीरथले बुझे। "अंशुमानले गङ्गाजीलाई ल्याउने इच्छाले धेरै वर्षसम्म तपस्या गरे। तर उनको कामना पूरा हुन सकेन। अन्तमा काल उपस्थित भएपछि उनको मृत्यु भयो। अंशुमानका छोरा दिलीपले पनि त्यस्तै तपस्या गरे। तर उनी पनि सफल हुन सकेनन् र बेला पुगेपछि उनको पनि मृत्यु भयो। यसपछि दिलीपका छोरा भगीरथ फेरि तपस्यामा बसे। यिनको तपस्याबाट प्रसन्न भएर गङ्गादेवीले दर्शन दिइन् र म तिमीलाई वर दिन आएकी हुँ भनेकी थिइन्" (भट्टराई, २०५२:१३१)। गङ्गाको वेग थाम्न पृथ्वीलाई मुस्किल पर्‍यो। धेरै माथिबाट झर्नुपर्ने भएकाले पृथ्वीको सतहमा प्वाल पार्दै गङ्गा पातालमै भासिने डर थियो। त्यसैले गङ्गाले राजा भगीरथलाई आफ्नो वेग धारण गर्न सक्ने व्यक्ति तयार पार्ने सल्लाह दिइन्। राजा भगीरथले भगवान् शिवलाई मनाए। शिवले गङ्गेश्वरीमा गङ्गााको वेग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थामे (सिंह, १९९९: ५१)। शिवको विशाल जटामा नै गङ्गा बसिन्। राजा भगीरथले फेरि शिवको स्तुति गरेर गङ्गालाई जटाबाट पृथ्वीमा ओराले। गङ्गाको उत्पत्तिबारे अर्को एउटा किंवदन्ती पनि प्रचलित छ, यसअनुसार, "विष्णु भगवानले एकपल्ट वामन (पुड्को, सानो ब्राह्मणको स्वरूप) को अवतार लिएका थिए। असुरहरूका राजा बलिलाई झुक्याएर विष्णुले एकाएक ठूलो स्वरूप धारण गरे। ठूलो स्वरूप धारण गरेपछि विष्णुको पाइलाले धर्ती र आकाश नापे। आकाशमा पुगेको विष्णुको देब्रे पाउको नङले आकाशको माथिल्लो भागमा घोच्दा त्यहीँबाट गङ्गा बग्न थालिन्।" गङ्गाका थुप्रै नाम छन्। विष्णुको पाउबाट निस्केर बगेकीले गङ्गालाई विष्णुपदी पनि भनिन्छ। ब्रह्माले विष्णुको पाउ पखालेकाले उनको कमण्डलुको जल नै स्वर्गको नदी आकाशगङ्गा भयो। पछि त्यही गङ्गालाई भगीरथले पृथ्वीमा ल्याए (भट्टराई, २०५२:८२)। गङ्गा आकाशबाट पृथ्वीमा आउँदा धेरै जनाले आ-आफ्नो ठाउँबाट प्रार्थना, प्रयत्न, मदत गरेका थिए। आजको वैज्ञानिक युगमा समेत पानी ठाउँ-ठाउँमा पर्याप्त रूपमा पुऱ्याउन गाह्रो छ भने धेरै पहिले कस्तो थियो होला। सजिलै अनुमान गर्न सकिन्छ। राजा भगीरथले एकोहोरो लागिरहेर अर्थात् तपस्या गरेर गङ्गालाई पृथ्वीमा ल्याइछोडे। त्यसैले ज्यादै परिश्रम गर्ने कुनै काम गर्दा हरेस नखाने कार्यलाई भगीरथ प्रयत्न भनिन्छ।

गङ्गाको पानी (गङ्गाजल) पवित्र मानिन्छ। गङ्गामा नुहाउँदा पापसमेत पखालिने विश्वास गरिन्छ (पाण्डेय, १९७८:२२१)। राजा भगीरथले पनि आफ्ना पुर्खाहरूको खरानी स्वरूपमा रहेको थुप्रोमा गङ्गा नदी बगाएर सन्तानको कर्तव्य पूरा गरेका थिए। पुराणमा साकार स्वरूपको गङ्गाको वर्णन छ (भट्टराई: २०४१:९३)।

देवीभागवतमा गङ्गालाई राधाको स्वरूपमा वर्णन गरिएको छ। अगाध, अपार प्रेमको प्रसङ्गमा गङ्गा, राधा र कृष्ण पानीको स्वरूपमा रहेको वर्णन छ। गोकुलमा राधाले गङ्गाजल पिएर समाप्त गर्दा त्यहाँ परेको हाहाकारको उल्लेख छ (Mani, 1993:218).

गीतामा श्रीकृष्णले आफ्नो स्वरूपको कुरा गर्दा "म पवित्र गर्नेहरूमा वायु, शस्त्रधारीमा राम, माछाहरूमा ग्राह तथा नदीहरूमा गङ्गा हुँ" भनेका छन् (गीता, अ-१०, श्लोक ३१)। संस्कृत साहित्यमा गङ्गास्तुति, गङ्गाष्टक, गङ्गालहरी आदि अनेक प्राचीन र अर्वाचीन विद्वान्हरूका कृतिहरू छन्। आधुनिक पदार्थवेत्ताहरूले पनि जाँच गरेर भनेका छन्- "गङ्गा नदीको पानीमा हिमालयको विशेष तत्त्व मिसिएको छ। यसैले जति राखे पनि यसमा कीटाणुहरू पर्दैनन्। यसको जोडा पानी संसारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अझसम्म पत्ता लागेको छैन। अनुमान हुन्छ, यही अदृश्य शक्ति नै गङ्गाजीको पापनाशक गुण होला" (ईश्वरानन्द, २०५०:४२८)।

यसरी गङ्गाजीको महत्त्वको वर्णन सर्वत्र गरिएको छ। पानीबिना प्राणीहरूको जीवन सम्भव नभएकोले यी कुरा बुझ्न हामीलाई गाह्रो छैन। हाम्रो संस्कृति नै पानीमय छ। नेपाल कृषिप्रधान देश भएको हुनाले नेपाली संस्कृति जलप्रधान संस्कृति अर्थात् जलमा आधारित संस्कृति हो। नेपाली समाजमा नदीको धार्मिक र आध्यात्मिक महत्त्व पनि धेरै छ (अमात्य, २०६०:१-५)। काठमाडौं उपत्यकाको सभ्यता बाग्मती, विष्णुमती नदीको किनारमा विकसित भएको हो। यी नदीको किनारमा मात्रै १६५ ओटा तीर्थस्थलहरू रहेका छन् (Amatya, 2006:26)।

एकपल्ट कपिल मुनिलाई राजा सगरका साठी हजार छोरांहरूले अभद्र व्यवहार गरे। राजा सगरको घोडा चोरेको दोषारोपण कपिल मुनिलाई लगाइयो। झुटो दोषारोपणबाट रिसाएका कपिल मुनिले सगरका साठी हजार छोराहरूलाई नै भस्म पारिदिए। त्यसैले सगरको कुलमा जन्मिएका भगीरथले आफ्ना पुर्खालाई तार्न गङ्गा नदीलाई पृथ्वीमा ओराल्ने कठिन कार्य गरेका थिए।

गङ्गा प्रथम पल्ट पृथ्वीमा बहँदाको एउटा अविस्मरणीय घटना रोचक छ। यसअनुसार राजा भगीरथ शङ्ख बजाउँदै हिँडे र गङ्गा पछि-पछि लागिन्। एक ठाउँमा प्रसिद्ध ऋषि जह्नुको आश्रम थियो। गङ्गाको पानीले ऋषिको कुटी नै बगाइदियो। रिसको झोकमा ऋषिले गङ्गा नदीलाई नै योगबलले पिइदिए। राजा भगीरथलाई फेरि समस्या पर्‍यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले ऋषिलाई हारगुहार गरे। ऋषिले आफ्नो तिघ्राबाट गङ्गाजल निकालिदिए।" त्यसैले गङ्गालाई जाह्नवी पनि भनिन्छ।

हाम्रा धार्मिक आख्यानको बाहिरी अर्थबाहेक भित्री चुरो पनि हामीले छाम्ने प्रयत्न गर्नुपर्छ। राजा भगीरथले सगरका साठी हजार छोराहरूको उद्धार गरेको उल्लेख पुराणहरूमा पाइन्छ। अर्थ प्रस्ट छ पानीबिनाको दैनिक जीवन कल्पनै गर्न सकिँदैन। राजा भगीरथले विभिन्न स्थानमा पानी पुऱ्याएर प्राणीको जीवनशैली सरल बनाइदिए। त्यसैले भगीरथलाई सम्झेर काठमाडौंका ढुङ्गे धाराहरूमा उनका मूर्ति पनि स्थापना गरिएका छन्। स्वर्गगङ्गा (मन्दाकिनी), भूगङ्गा (भागीरथी) र पातालगङ्गा (भोगवती) गरेर गङ्गाको तीन धाराको उल्लेख पुराणमा पाइन्छ। जसमध्ये पृथ्वीमा बग्ने गङ्गाको स्वरूपलाई भागीरथी भनिन्छ (पौड्याल, २०६२:१२०)।

राजा शन्तनुसँग गङ्गाले विवाहपूर्व गरेको वाचाअनुसार आफ्ना सातजना सन्तानलाई जन्मने बित्तिकै गङ्गामा फ्याकिदिइन्। आठौँ छोरो फ्याँक्न जाँदा शन्तनुले गङ्गालाई रोके। गङ्गाले एक्लै देवव्रतको पालन पोषण गरिन्। त्यही छोरो देवव्रत भीष्मको नामले प्रसिद्ध भए। वशिष्ठ, शुक्राचार्य, बृहस्पति, परशुराम आदि गुरुहरूद्वारा शिक्षा पाएका देवव्रतलाई गङ्गाले शन्तनुको जिम्मा लगाइन् (पौड्याल, २०६७:११)।

हामीकहाँ नदी गङ्गाको चित्र र मूर्ति पनि बनाउने प्रचलन छ। गोहीमाथि बसेकी वा उभिएकी सुन्दरी स्त्रीस्वरूपमा गङ्गालाई प्रस्तुत गरिन्छ। मल्लकालीन दरबारका चोकहरू र विभिन्न मन्दिरका प्रवेशद्वारमा गङ्गा र जमुनाका जोडी मूर्तिहरू स्थापित भएको देख्न सकिन्छ।

पशुपतिनाथ मन्दिरको पूर्वपट्टिको भऱ्याङ ओर्लेपछि बाग्मतीको किनारमा गङ्गामाईको मन्दिर छ। गुम्बज शैलीमा निर्मित यस मन्दिरको गर्भगृहमा सङ्गमरमरको गङ्गाको मूर्ति र गजुरमा श्री यन्त्र निर्माण गरिएको छ। गङ्गामाईको धातुको मूर्तिसमक्ष हवन-पूजन कार्य आर्यघाटमै सम्पन्न गरिन्छ। पशुपतिनाथ मन्दिरको गर्भगृहको ईशान कोणमा स्थापित गङ्गाको मूर्तिलाई पौडेल थरका पुजारीले मन्दिरबाट बोकेर आर्यघाटमा रहेको गङ्गा मन्दिरमा राख्दछन्। पुजारीले उनले आफ्ना परिवारका सदस्यको सहयोगले समेत होम, पूजा र जात्राको सम्पूर्ण काम सम्पन्न गर्दछन्। सरकारको निर्देशनमा आएको शार्दूलजङ्ग गणका सिपाहीहरू र कुसलेहरूले बजाएको बाजाले यात्रामा रौनक थप्ने कार्य गर्दछ।

आषाढ शुक्ल पक्षको षष्ठी तिथिको दिन गङ्गामाईको यात्रा गर्न पशुपतिका मूलभट्टले जानकारी गराउँदै स्वीकृति लिने परम्परा छ। गङ्गादेवीको धातुको मूर्ति, आर्यघाटमा निर्मित गुम्बज शैलीको मन्दिर र त्यहाँ स्थापित सङगमरमरको गङ्गा मूर्तिको बनोट अध्ययन गर्दा १८/१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

औं शताब्दीमा निर्मित देखिन्छ। गङ्गामाईको मन्दिरको ढोकाको खापामा वि.सं. १९०५ मा बुद्ध गिरी बाबाले गङ्गामाई विधि गरी ढोका राखेको अभिलेख छ। राणा प्रधानमन्त्री जङ्गबहादुरकी एउटी पत्नीको नाम गङ्गादेवी थियो। गङ्गादेवीले आर्यघाटपारि गङ्गेश्वर नामको शिवालय बनाएकी थिइन। सम्भवत: यो मन्दिर उनैको कृति हो (टण्डन, २०५३:५१२-५१३)। भाषा र देवमाला वंशावलीमा गङ्गामाई जात्राको उल्लेख नभएबाट पनि यो जात्रा पछिल्लो समयको भएको सहजै अनुमान गर्न सकिन्छ। पशुपति क्षेत्रमा मनाइने अरू जात्राभन्दा यो छोटो समयमा समापन हुन्छ। यो जात्रामा बलि चढाउने र भोज खाने चलन छैन। यस जात्रामा साह्रै भिडभाड पनि हुदैन। गङ्गामाईको जात्रा वज्रघर, पञ्चदेवलको पूर्वपट्टिको मूलबाटो, तामपोखरी, वनकाली, गौशाला, जयवागीशवरी, नवालीटोल हुँदै ताम्रेश्वर महादेव मन्दिरको प्रदक्षिणा गरेर जयवागीशवरी, दथुटोल, पाँचुटोबाट पशुपतिको मन्दिरको पश्चिमपट्टिको ढोकामा पुऱ्याइन्छ। पशुपतिनाथ अन्य जात्रामा बाटो-बाटोमा घर पर्ने र भित्र टोलका बासिन्दाले कुरेर पूजा भाग चढाउने गर्दछन्, जसले गर्दा अलि लामो समय लाग्दछ। गङ्गामाईको जात्रा भर्न छिट्टै नै सकिन्छ। जात्राको क्रममा सरकारले खटाएका पल्टनका जवानले बन्दुक पड्काउने चलन छ।

उपत्यकाका विभिन्न जात्रामा खड्ग, लट्ठी, छातालाई राजाको प्रतिनिधिको रूपमा आदर गरेर सहभागी गराउने चलन छ। गङ्गामाईको जात्रामा पनि हनुमानढोकाबाट ल्याएको खड्गलाई खटमा राखेर, लट्ठीचाहिँ दुईजना मानिसले बोकेर यात्रा चलाइन्छ। स्थानीयहरू यस यात्रालाई समयबजी र तिलौरी प्रशस्त बाँड्ने जात्राको रूपमा पनि स्मरण गर्दछन् (स्रोत: स्थानीय बासिन्दा भगवती आचार्य)। गङ्गामाईको यात्रामा मुरीका मुरी समयबजी, तिलौरी बाँडिने भएकोले यात्रामा सहभागी बढी हुन्थे र बच्चाहरूले पनि पूर्ण मनोरञ्जन र आनन्द लिन्थे (टण्डन, ऐजन)। गङ्गामाई जात्राको व्यवस्थापनका लागि गुठी संस्थान, पशुपति अमालकोट कचहरी र पशुपति गोश्वाराले जिम्मा लिएको देखिन्छ।

काठमाडौँ उपत्यकामा मनाइने अधिकांश जात्राहरूमा राजा वा राष्ट्रप्रमुखको उपस्थिति वा प्रतिनिधिको सहभागिता पाइन्छ। पशुपतिको गङ्गामाई जात्रामा पनि काठमाडौँ हनुमानढोकाबाट ल्याइएको खड्गलाई रथारोहण गर्ने परम्परा छ। हनुमानढोकाबाट आएका कर्मचारीले यो कार्य गर्दछन्। उनी खड्ग समातेर गङ्गामाईको मूर्ति आरोहण गराइएको रथमा बस्दछन् (प्रत्यक्ष अवलोकन)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गङ्गामाईको खट टोल-टोलमा घुमाएर पशुपतिनाथको पश्चिम ढोकामा पुऱ्याएर रोकिन्छ। गङ्गामाईका पुजारीले खटबाट मूर्ति झिक्ने वेला सम्मानपूर्वक बन्दुक पड्काइन्छ। पुजारीले धातुको मूर्ति बोकेर भट्टज्यूलाई जिम्मा लगाएपछि गङ्गामाईको यात्रा समाप्त हुन्छ। गङ्गामाईको मूर्ति पशुपतिनाथ मन्दिरबाट निकालेर आर्यघाटस्थित गङ्गा मन्दिरमा बिहान राखेपछि भट्टहरू तल मन्दिरमै आएर पूजा गर्ने चलन छ। गङ्गा मन्दिरका पुजारी खलकले दियो, कलश, गणेश स्थापना गरेर वैदिक विधिअनुसार हवन गरेको हेर्ने मानिसको घुइँचो निकै हुन्छ। पूर्ण रूपले वैदिक र साङ्विक ढङ्गले पूजा गर्ने परम्पराले गर्दा गङ्गामाई जात्राको विशेष महत्त्व छ।

पशुपति क्षेत्रको गाईजात्रा

नेपालका विभिन्न स्थानमा मनाइने गाईजात्राका आ-आफ्नै विशेषता छन्। मृत्यु संस्कारसँग जोडिएको पर्व हो गाईजात्रा। काठमाडौं उपत्यकामा मनाइने गाईजात्रा पर्वसँग धार्मिक र लौकिक किंवदन्तीहरू जोडिएका छन्। भाद्रकृष्ण प्रतिपदामा पर्ने गाईजात्रा पर्वलाई हास्यव्यङ्ग्यको विशेष दिनको रूपमा पनि लिइन्छ। केही मात्रामा धार्मिक र सांस्कृतिक तथा धेरै मात्रामा सामाजिक महत्त्व समेटेको पर्वसमेत हो गाईजात्रा। आज गाईजात्राको विधा स्वरूप, प्रस्तुति र मान्यतामा पनि परिवर्तन आएको छ। गाईजात्राको अवसरमा विभिन्न निकायबाट समाजको उन्नतिका बाधक वेथिति, घुस्याहरूको विरोधमा व्यङ्ग्य गर्ने थलोसमेत बनेको छ। गाईजात्राले समाजलाई सुधारको बाटोमा लाग्न प्रेरित गरेको आभास हुन्छ। गाईजात्रा प्रदर्शनीमूलक प्रस्तुतिको तहबाट नाट्य, सङ्गीत, चित्र-दृश्य, श्रव्य-जगत्, पत्रकारिता, प्रशासन जस्ता व्यापक क्षेत्रमा फैलिएर सुधारात्मक सन्देश प्रवाह गर्ने अभियान बनेको छ। मृत्यु र त्यसपछिको संसार मानिसको लागि सबैभन्दा कौतुहल र डरको विषय बनेको छ। त्यसैको सन्तुष्टिका लागि सम्पन्न गरिने पर्व यही नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मल्लकालमा गाईजात्रा पर्व सम्पन्न गरिएका प्रमाणहरू पाइएका छन्। १४ औं शताब्दीमा लेखिएको गोपालराजवंशावलीमा गो यात्रा (गाईजात्रा) को उल्लेख छ। जनैपूर्णिमा (गुंपुन्हि) को भोलिपल्टको दिनलाई गाईजात्रा (सापारु) भन्ने चलन छ। पशुपति क्षेत्रमा पनि यसै दिन गाईजात्रा मनाइन्छ। पशुपति क्षेत्रमा मनाइने त्रिशूल, खड्ग, रोपाइँ र गाईजात्रामा लामो समयदेखि आफ्नो संलग्नता रहेको बताउँछन् पशुपति अमालकोटका कर्मचारी द्वारे पूर्ण डङ्गोल। ५८ वर्षका द्वारे डङ्गोल, ३५ वर्षका महाने मनोज महर्जन र ५७ वर्षका कमलगोपालसहित जम्मा ६ जनाको नियुक्ति अमालकोटमा छ। देवपाटन क्षेत्रमा प्रचलित विभिन्न जात्रा सुचारु रूपले सञ्चालन गर्न धन र जन आदिको कमी भएको कुरा उनीहरू एकै मुखले बताउँछन्।



प्राचीन समयदेखि सञ्चालनमा प्रमुख रूपमा स्थान पाएको कर्कलोको बोट घरघरै पुऱ्याउने व्यवस्था आजसम्म पनि कायमै छ। पशुपति क्षेत्रका केही जात्रा हाल सञ्चालनमा छैनन्। बोडे नीलवाराही नाच, लिङ्ग र उपलिङ्गयात्रा, महादेव-पार्वती नाच (नागचा प्याखं) त्यसमा पर्दछन्। नागचा प्याखं नाचमा धेरै खर्च लाग्ने भएकाले सुचारु गर्न नसकिएकोमा अमालकोटका द्वारे र अरूहरू चिन्तित छन्। तर गाईजात्रामा भने स्थानीयहरूको उल्लेखनीय सहभागिता रहेको देख्न सकिन्छ।

काठमाडौं उपत्यकामा हरेक वर्ष गाईजात्रामा नौलो विशेषता थपिँदै गएको पाइन्छ। नेपाल प्रज्ञा-प्रतिष्ठानले गाईजात्रालाई संस्थागत रूप दिएर 'गाईजात्रा महोत्सव' मनाउने परम्परा बसालेको छ। पत्रपत्रिकाहरूले पनि व्यङ्ग्यचित्र, लेख, खबर, चुट्किला, प्रहसन, ख्यालठट्टा, सुझाव, आलोचनाप्रधान हास्यव्यङ्ग्यका गाईजात्रे विशेषाङ्कहरू प्रकाशित गर्न थालेका छन् (जोशी, २०७३:१०१)। अनेक निकायले व्यङ्ग्यात्मक रूपमा निकै स्वतन्त्र र निर्भीक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएर प्रहसन-प्रदर्शन, कविता वाचनलगायत कार्यक्रम गरेको देख्न सकिन्छ। पाटनमा गाईजात्राको अवसरमा निकालिने श्रीकृष्णको लीला र भक्तपुरमा निकालिने धिन्ताधिसिको प्रस्तुति साह्रै रोचक हुन्छ।

काठमाडौँ, पाटन, भक्तपुर, कीर्तिपुरमा गाईजात्रामा निकालिएका विभिन्न स्वरूपमा गाईहरू टोल-टोल परिक्रमापश्चात् दरबारमा ल्याएर विसर्जन गरिन्छ। देवपाटमा भने विभिन्न टोलमा गाईका प्रतीक घुमाएपछि पशुपतिनाथको मन्दिरमा पुगेर टुङ्ग्याइन्छ। देवपाटनको नवाली टोल र भकुँटोल दुई ठाउँबाट गाईजात्राका विभिन्न झाँकीहरू निकालिन्छ। काठमाडौँ, ललितपुर, भक्तपुर र कीर्तिपुर सबै ठाउँबाट निकालिने गाईजात्रामा केही न केही फरक विधि-विधान तौरतरिका छन्। देवपाटनको गाईजात्रामा त्यस वर्ष बितेका मृतकहरूको घरमध्ये एउटा परिवारबाट लाखे निकाल्ने चलन छ। गाई, जोगी, पागलको अभिनय गर्ने व्यक्तिहरू, शिव, पार्वती, सेठहरू, कृषकहरू, मादक पदार्थ खाएका व्यक्तिका अभिनय गर्ने केटाकेटी, पुलिस, सिपाही, आदिको पहिरनमा समूहगत अभिनय गर्दै हिड्ने चलन देखिन्छ। गाईजात्रामा निकालिने लाखेको मुखुन्डो र कपाल निकै आकर्षक हुन्छ। लाखेलाई जिस्क्याएर, छोएर केटाकेटीहरूले रमाइलो गर्न खोज्दछन् र लाखेले लखेटेर समातेको अभिनय गर्दछन्। यसरी जिस्क्याउने र लखेट्ने कार्य गर्दा केटा केटीहरूले पूर्ण मनोरञ्जन लिन्छन्। लाखे हुने मानिस बाजाको तालमा नाच्न जान्ने र दरो ढङ्गले दौडन सक्ने हुनुपर्दछ। देवपाटनको भकुँटोल र नवाली टोलको समूहगत रूपमा जम्मा भएर निकालिएको गाईजात्राको टोली पशुपतिनाथको मन्दिरमा गएर विसर्जन गरे जस्तै चावहिल गणेस्थान वरपरबाट निकालिएका गाईजात्रा पशुपतिनाथ मन्दिर पुऱ्याएर गणेश स्थानमै आएर विसर्जन गर्ने चलन छ।

पशुपति क्षेत्रको खड्गजात्रा

गाईजात्राको भोलिपल्ट देवपाटनमा खड्गजात्राको आयोजना गरिन्छ। गाईजात्रा, खड्गजात्रा र रोपाईजात्रा लहरै ३ दिनसम्म मनाइन्छ। खड्गजात्रा र रोपाइँजात्राको बाटो एउटै हुन्छ। यसमा सहभागी हुने यात्रीहरूबमे, सङ्ख्या र सन्देश भने फरक-फरक देखिन्छन्। खड्गजात्रा वज्रेश्वरी खट राख्ने थलो र नवाली टोलबाट फरक-फरक समूहमा निस्कन्छ। लगभग ३०/३१ जनाको समूहमा खड्गजात्रा सम्पन्न गरिन्छ। यसमा पुरुषहरू मात्रै सहभागी हुन्छन्। नेपालका विभिन्न ठाउँमा हुने खड्गजात्रासँग पौराणिक कथन र किंवदन्तीहरू जोडिएका छन्। महाभारतअनुसार खड्गको उत्पत्ति दानव संहारको लागि सृष्टिकर्ता ब्रह्माद्वारा नै भएको थियो (महाभारत शान्तिपर्व, आपदधर्मपर्व, अ. १६६)। दानवमाथि विजय प्राप्त गर्न देवता र मानव दुवैले खड्गसिद्धि गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञहरू गरेको र खड्ग साटासाट गरेका श्रुतिहरू प्रचलित छन्। काठमाडौँमा प्रचलित विभिन्न जात्राहरूमध्ये पचली भैरवको जात्रा पनि पर्दछ। पचली भैरवको जात्रामा भैरव र राष्ट्र प्रमुखको खड्ग साट्ने प्रचलन छ (प्रत्यक्ष अवलोकन)। अयोध्याका राजा दशरथले खड्गसिद्धि गरेर देवराज इन्द्रलाई देवासुर सँग्राममा सहयोग गरेको उल्लेख वाल्मीकि रामायणमा पाइन्छ। कीर्तिपुरबाट सुरु हुने महिला मात्रै सहभागी हुने पाया (खड्ग) जात्रामा सबैभन्दा अगाडि हिँड्ने कन्या केटीले अरूहरूलाई प्रसादस्वरूप टीका लगाइदिने चलन छ। खड्गजात्रामा महिलाहरूको मात्रै सहभागिताबारे संस्कृतिविद्हरूले विभिन्न तर्क राखेका छन्। पौराणिक आख्यानअनुसार भगवतीले असुरहरूको संहार गर्दा स्त्री सेनाको मदत लिएकी थिइन्। त्यसैले कन्या केटीले नेतृत्व गरेर यहाँको पायाजात्रा सम्पन्न गरिन्छ (जोशी, २०६०:१३४)।

देवपाटनमा यस जात्राको अवसरमा पुरुषहरूले महिलाको पोशाक, गहना लगाएर आकर्षक ढङ्गले हाउभाउ गरेको निकै रोचक देखिन्छ। एउटा हातमा खड्ग र अर्को हातमा पात्र लिएर बाजाको तालमा नाच्दै गरेका पुरुषहरू देख्दा दर्शकहरू निकै रमाउँछन्। साधना गरिएका खड्ग र साधना नगरिएका खड्ग दुवैलाई उत्तिकै महत्त्व दिएर यस खड्गजात्रामा समावेश गरिन्छ। खड्गजात्रामा पनि लाखे र बालकृष्णको भेषमा स्थानीय बालकलाई बोकेर घुमाउने चलन छ। नवालीटोल र भकुनटोल दुवै ठाउँबाट खड्गजात्रा निकालिन्छ। देवपाटन क्षेत्रमा मनाइने खड्गजात्रा अवलोकन गर्न मानिसको घुइँचो नै लाग्दछ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुपति क्षेत्रको रोपाइँजात्रा

नेपालीहरूले मनाउने जात्रा-पर्वमा एक उल्लेखनीय जात्राको सूचीमा रोपाइँजात्रा पनि पर्दछ। अधिकांशको पेसा कृषि भएकाले बाली लगाउने र काट्ने समयमा मौसमअनुसारको चाडपर्व मनाउने, जात्रा-यात्रामा भाग लिने परम्परा कायमै देखिन्छ। देवपाटन, पशुपति क्षेत्रमा रोपाइँजात्रा वर्षको एक पटक गर्ने प्रचलन छ। नेपालका विभिन्न ठाउँमा प्रमुख बाली धान रोपेपछि त्यसकै नक्कल गरेर मनाइने पर्व हो रोपाइँजात्रा। तर हिजोआज नेपालका धेरै ठाउँमा रोपाइँजात्राको रौनक घट्तै छ। मनोरञ्जनका माध्यममा परिवर्तन आएर पनि यसो भएको हो। तर यति हुँदाहुँदै पनि पशुपति क्षेत्रमा भने रोपाइँजात्राको रौनक बढ्दो छ। माओवादी द्वन्द्वभन्दा अगाडि रोपाइँजात्रामा सहभागी हुनेको सङ्ख्या धेरै थियो तर द्वन्द्वकालमा असुरक्षाको कारणले सङ्ख्या घटेको भए तापनि सहभागीहरू यस जात्रामा पुनः उत्साही भएको देखिन्छ।

भाद्रकृष्ण तृतीयाको दिन (खड्गजात्राको भोलिपल्ट) देवपाटन क्षेत्रमा रोपाइँजात्रा मनाइन्छ। तिलगङ्गा हरीज (पोडे) टोल, भकुनटोल र नवालीटोल जम्मा ३ ठाउँबाट रोपाइँजात्रा निकालिन्छ। रोपाइँजात्रामा पनि स्थानीय युवाहरू युवतीको पहिरनमा सिँगारिएर जम्मा हुन्छन्। नेवार संस्कृति झल्किने लुगा गहनासँगै पाश्चात्य देशका लुगा, गहना, टोपी र मखुन्डो (Mask) लगाएर नक्कली रोपाइँ गरेको प्रस्तुति रोचक देखिन्छ। महिलाका लुगा लगाएका पुरुषहरू, नक्कली काठ र परालका घोडा चढेका रजौटा (सामन्त), राम, कृष्णका बालस्वरूप सबैको प्रस्तुति रोपाइँजात्रामा देखिन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोपाइँजात्राका सहभागीहरूले हातमा रक्सी राख्ने भाँडो अन्ती, रक्सी खाने कचौरा र खेत खन्ने कोदालो लिएर खनेको, सम्याएको, धान रोपेको र खाजा-रक्सी खाएको अभिनय गर्दछन्। जोडी गोरुको ठाउँमा जोडी मानिसलाई नारेर खेत खन्ने अभिनय केही वर्षअघिसम्म गर्ने चलन थियो। पशुपति क्षेत्रको रोपाइँजात्राले उपत्यकाका बासिन्दाको प्रमुख पेसालाई संस्कृतिसँग जोडेर स्मरण गरेको, संरक्षण गरेको देखिन्छ (प्रत्यक्ष अवलोकन)।

पशुपति क्षेत्रको वामन द्वादशीपर्व (उपागो बनेगुः)

जीवन्त जात्रामध्ये मृत्यु संस्कारसँग जोडिएको उपागो बनेगुः जात्रा पाशुपत क्षेत्रमा मनाइन्छ। काठमाडौँ उपत्यकाका काठमाडौँ, पाटन, भक्तपुर र कीर्तिपुरमा हिन्दु र बौद्ध धर्मावलम्बीहरूले दिवङ्गत मानिसहरूको सम्झनामा गाईजात्राको अघिल्लो दिन र गाईजात्रापछि पनि विभिन्न जात्राहरू मनाउँछन्। पाटनमा गाईजात्राको भोलिपल्ट मतया यात्रा गरिन्छ। बौद्ध धर्मावलम्बीहरूले ललितपुरका प्रसिद्ध बौद्ध स्तुप र विहारहरू परिक्रमा गरेर बत्ती बाल्ने गर्दछन्। पाटनका बौद्ध धर्मावलम्बीहरू सकेसम्म गल्ली-गल्ली चोक-चोक घुमेर बौद्ध मूर्तिहरूप्रति भक्ति दर्साएर बत्ती बाल्दछन्।

उपागो बनेगुः जात्राको बाटोको अध्ययन गर्दा देवपाटन क्षेत्रको प्राचीन सीमा हुन सक्ने अनुमान गर्न सकिन्छ। देश घुम्ने वा उपागो बनेगुः जात्राको बाटोको विभिन्न कोणबाट अध्ययन आवश्यक पाटो हो। काठमाडौँको उपागो बनेगुः जात्राको बारेमा एम.एस. स्लसरले प्राचीन ३२ ओटा प्रवेशद्वारमध्ये उन्नाइस ओटा चिन्न सकेको उल्लेख गरेकी छन् (Slusser, 1982:93-104)। देवपाटन क्षेत्रका विभिन्न बाटो थाहा पाएको मानिसले नेतृत्व गरेपछि यो जात्रा सुरु हुन्छ। गुह्येश्वरीको उत्तरपट्टिको फाँटमा स्थित इनागालको गणेशस्थानबाट यात्रा सुरु हुन्छ। गुहेश्वरीलाई घुमेपछि तिलगङ्गामा इसाको.पाचौँ शताब्दीका राजा मानदेवले स्थापना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेको त्रिविक्रम वामन मूर्ति रहेको स्थानमा पुग्दछन्। त्यहाँ पूजा र परिक्रमा गरेपछि वत्सला, मङ्गलेश्वरी र पशुपतिमा पूजा र बत्ती बाल्ने कार्य गरिन्छ। त्यसपछि भस्मेश्वर, राजराजेश्वरी हुँदै वनकाली पुग्दछन्। बत्तिसपुतलीको राममन्दिर, मैतीदेवी, भण्डारेश्वर, सिफल, कुटुबहाल, चन्द्रविनायक, धेन्दो चैत्य हुँदै जयवागीश्वरी पुगेको देखिन्छ। पुगेको सबै ठाउँमा प्रदक्षिणा र पूजा गर्दै बाटोमा खाजा, रक्सी पनि खाने चलन छ। भव्य परिकारसहितको भोज भने उपागो बनेगु:जात्राको भोलिपल्ट हुन्छ।

उपागो बनेगु:जात्रा व्यक्तिगतभन्दा समूहगत रूपमा मनाइन्छ। भोज खाने व्यवस्था सबैले आ-आफ्नो ढङ्गले गर्दछन्। जात्रामा सहभागी हुने मृतकका परिवारमध्येकै एक जनाको घरमा जम्मा हुने र भोज खाने चलन छ।

पशुपति क्षेत्रको इन्द्रजात्रा

वैदिक कालका शक्तिशाली देवता हुन् इन्द्र। इन्द्रको संस्मरणमा नेपालमा भव्य ढङ्गले जात्रा गरिन्छ। वैदिक साहित्य, बृहतसंहिता, विष्णुधर्मोत्तरपुराण, रूपमण्डन, अग्निपुराण, मत्स्यपुराण अंशुमदभेदागम आदि ग्रन्थहरूमा देवराज इन्द्रको प्रतिमा बनाउने नियमहरू तोकिएका छन्।





इन्द्रको प्रभुत्व वेदमा धेरै ठाउँमा देखिन्छ। एक ईश्वरवाद (Monotheism) र बहुईश्वरवाद (Polytheism) दुवैको अस्तित्व भएका मन्त्रहरू वेदमा प्रशस्तै छन्। यो बाहेक ज़र्मन विद्वान Max Muller ले भने कुनै एक निश्चित समयसम्म कुनै एउटा वैदिक देवताको प्रभुत्व र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को समयमा भने अर्कै देवताको प्रभुत्व रहने विचार व्यक्त गरेका छन्। यसलाई उनले Henotheism भनेर व्याख्या गरेका छन् (पौड्याल, १९९८:७१-७९)।

देवराज इन्द्रले अष्टदिक्पालको रूपमा पनि प्रसिद्धि पाएका छन्। बौद्ध धार्मिक साहित्यमा पनि इन्द्रको उल्लेख छ। इन्द्र इन्द्रलोकमा बस्त छन्। ऐरावत हात्तीमा चढ्ने इन्द्रको हातमा वज्र देखाइन्छ। बौद्धग्रन्थमा इन्द्रलाई रक्षक दिक्पालको रूपमा प्रस्तुत गरिएको छ (Shakya, 1994:63)। इन्द्रलाई वर्षाका देवता, उर्वरा शक्तिका देवता, युद्धका देवता, पूर्व दिशाका मालिक दिक्पालको रूपमा वेद र पुराणमा वर्णन गरिएको छ। इन्द्रका हजार आँखा र योनि उत्पत्तिबारे महाभारत, रामायण र पुराणमा विभिन्न आख्यान छन्। गौतम ऋषिकी पत्नी अहल्यासँग देवराज इन्द्रले छल गरी अनुचित सम्बन्ध कायम गरे। अहल्याले इन्द्रको सम्पूर्ण शरीरमा योनि उत्पन्न हुने श्राप दिइन्। ऋषिलाई यो स्थिति बोध भएपछि पत्नीलाई पत्थरको मूर्तिमा परिणत गरी इन्द्रको अण्डकोष झर्ने श्राप दिए। इन्द्रको दुर्दशा देखेर उनका साथीहरूले इन्द्रलाई बोकाको अण्डकोष हालिदिए (पौड्याल, १९९८:७३)। पनौतीको त्रिवेणी नदी रोशी, लीलावती र पद्मावतीमा स्नान र तपस्या गरेपछि इन्द्रको शरीरबाट लिङ्ग झर्‍यो र त्यहाँ चिन्ह मात्रै बस्यो। निधारमा तेस्रो आँखा तेर्सो भएर रह्यो। इन्द्रको यस्तै आख्यानसँग सम्बन्धित छ पनौतीको भव्य इन्द्रेश्वर मन्दिर। यसै मन्दिरमा रहेको ठुलो पत्थरको रूपमा रहेकी अहल्याको स्वरूपले इन्द्रको चरित्र र ऋषि गौतमको आक्रोश दुवैलाई स्मरण गराउँछ। वेला-वेलामा सोमरस बढी पिएर पियक्कडको रूपमा र रसिक चरित्रको कारण इन्द्र बदनाम छन्। यसैले इन्द्रलाई असाधारण पुरुषत्व भएको, स्वास्नीमानिसको पछि दगुर्ने, कामुक आदि विशेषणले सम्वोधन पनि गरिएको छ (Bhattacharya, 1988: 273)। महाभारतको आदि पर्वमा अप्सरा तिलोत्तमालाई आँखै नझिम्काई हेर्न खोज्दा शिवको चारैतर्फ टाउको उम्रिएको र इन्द्रको शरीरमा पनि आँखा उत्पन्न भएको रोचक वर्णन छ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शास्त्री, २०५३:६०६)। यसरी वेद-पुराणमा उच्च स्थान प्राप्त गरेका इन्द्रदेवको बेग्लै सम्प्रदाय स्थापित नभए पनि यिनको पूजाआजा र जात्राको भारतीय र नेपाली समाजमा ठुलो महत्त्व छ। काठमाडौँ वसन्तपुरमा साह्रै भव्यढङ्गले इन्द्रजात्रा पर्व मनाइन्छ। राष्ट्रप्रमुख र विदेशी पाहुनाहरूको उपस्थितिमा कुमारी माताको रथ तान्ने कार्य तामझामसँग सम्पन्न गरिन्छ। नेपालमा चौधौँ शताब्दीमा इन्द्रजात्रा व्यापक थियो । गोपालराजवंशावलीमा पनि यसको उल्लेख पाइन्छ।

पाशुपत क्षेत्रमा मनाइने इन्द्रजात्रा त्यसकै प्रभावस्वरूप सुरु भएको हो। इन्द्रजात्राको एउटा प्रमुख विधि भनेको इन्द्रध्वजाको प्रतीक लिङ्गो ठड्याउने हो। हनुमानढोकामा भव्य समारोह गरेर लिङ्गो गाडिन्छ। पशुपतिमा पनि ३ ठाउँमा लिङ्गो गाड्ने प्रचलन छ, ती ठाउँ हुन्: (१) कुलानन्द झा सत्तलको पश्चिम डबली, (२) जयवागीश्वरी हरिसिद्धि सत्तलको अगाडि र (३) पशुपति मन्दिरको पश्चिमी बाहिरी ढोका नजिकै रहेको भीमसेनस्थान मन्दिरअगाडि। पाशुपत क्षेत्रमा घुमाइने इन्द्रको धातु मूर्ति, जात्राको दिनमा मात्रै स्थानीय सन्तोष श्रेष्ठको घरबाट बाहिर निकालिन्छ। वर्तमानमा गङ्गामाईका पुजारी दिनेश पौडेलले विधि-विधानपूर्वक इन्द्र देवको पूजा गरेपछि क्लबका सदस्यहरूले जतनसँग इन्द्रको मूर्ति रथमा राख्दछन्। रथलाई कागज र प्लास्टिकको फूलले सजाएर बाहिरी भाग आकर्षित बनाएर धातुको इन्द्रदेवको प्रतिमा स्थापना गरिन्छ। पशुपति क्षेत्रको इन्द्रजात्रा वि.सं. २०३५ सालमा मात्रै सुरु भएको हो। आर्यघाट, वत्सलेश्वरी मन्दिरबाट पशुपतिको इन्द्रजात्रा सुरु हुन्छ। हालमा धनबहादुर श्रेष्ठ, गोविन्द लामिछाने र अन्य केही व्यक्तिहरू मिलेर इन्द्रजात्राको लागि तयार पारिएको रथमा लिपिबद्ध धातुको श्रीबन्दी (पताका) चढाएका छन्। इन्द्रको रथ वत्सलेश्वरीको आँगनबाट सुरु गरेर भुवनेश्वरी, इटापाखा, जयवागीश्वरी, दथु टोल, पाचो गणेश, श्रीपशुपतिनाथको मन्दिरको पश्चिम ढोका र वज्रघरमा पुऱ्याएर समाप्त हुन्छ।

पशुपति क्षेत्रको माधवनारायणजात्रा

माघ महिनामा विशेष पूजा गरिने स्वस्थानी देवीसँग माधवनारायणजात्राको सम्बन्ध छ। श्रीस्वस्थानी (अधिष्ठात्री देवी) को पूजा र ग्रन्थको पाठ नेपाली समाजमा निकै प्रचलित छ। सोह्रौं शताब्दी (इ. १५७३) मा संस्कृतमा लेखिएको स्वस्थानी व्रतकथा इ. १६०३ मा नेवारी भाषामा अनुवाद भयो (टमोट, २०७५:५)। सार्वजनिक स्थलमा पण्डितले संस्कृतमा वाचन गर्ने ग्रन्थ नेवारी भाषामा आएपछि उपत्यकाको घरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोठा-कोठामा पुग्यो। परिवारका सबै सदस्य एकै ठाउँमा बसेर एक महिनासम्म पूजापाठ गर्ने अति लोकप्रिय परिवारिक ग्रन्थका रूपमा स्वस्थानी व्रतकथा देखा पऱ्यो (पौड्याल, २०७५:५)। संस्कृत भाषामा मात्रै पुराण लेख्ने परम्परालाई स्थानीय मातृभाषामा पनि रूपान्तरण गरेर ठुलो जनमानसको आकाङ्क्षाको कदर गरियो। यस कृतिले धार्मिक भावना मात्र नभई सांस्कृतिक, सामाजिक र राष्ट्रिय महत्त्व पनि बोकेको छ। पौराणिक परिवेशमा उभिएर नेपाली जीवन र जगत्को बखान गर्दै सिङ्गो नेपाली समाजलाई यसले जुरुक्कै उठाएको छ। त्यसैले अनेक दृष्टिबाट यो कृति धर्मपरायण राष्ट्रभक्त नेपालीका निम्ति आस्थाको केन्द्र बनेको छ (भट्टराई, २०७५:९)। धार्मिक पुस्तक भए पनि यसले लौकिक जीवनका विविध पक्ष समेटेको छ। स्वस्थानी पुस्तकको माध्यमबाट कुरीति, कुसंकार, घमण्डलाई त्यागेर शिक्षाप्रद र व्यावहारिक ज्ञान लिन यस पुस्तालाई चुनौती छ। त्यस वेलाको समाजमा प्रचलित बाल विवाह, अनमेल विवाह, विविध संस्कार र गृहस्थ धर्मको बारेमा यस ग्रन्थबाट धेरै कुरा थाहा हुन्छ। यस्ता कुसंस्कारलाई सम्वर्धन गर्ने नभई चेतनशील भएर सतर्क हुने सन्देश यस ग्रन्थबाट लिन सक्नुपर्दछ।

साँखुको शालीनदी र किनारमा माघ महिनामा श्रीस्वस्थानीको पूजापाठ विशेष रूपमा गरिन्छ। एक महिनासम्म गरिने व्रत, पूजा-पाठ, तीर्थाटनको केन्द्रविन्दुका रूपमा साँखुको माधवनारायण र स्वस्थानीको मन्दिरको सेरोफेरो रहेको देखिन्छ। नेपालमा मात्रै विशेष रूपले पाठ गरिने यो ग्रन्थ हिमवतखण्डपुराणअन्तर्गत केदारखण्डको माघमाहात्म्य हो। आ-आफ्नो घरमा वा साँखुको शाली नदीमा समूह-समूहमा बसेर स्वस्थानीको व्रत लिइन्छ। यस व्रतमा पालन गर्नुपर्ने नीति-नियम निकै कठिन हुन्छन्। माघ महिनामा काठमाडौँमा जाडो ज्यादै बढेको हुन्छ। त्यसैले स्नान, जप, ध्यान र पूजा-पाठ गर्दा हातगोडा कठ्याङ्ग्रिएर कष्ट हुन्छ। तर भक्तिको अगाडि यी सबै सामान्य हुन्छन्। यसैले सरल ढङ्गले व्रत-पूजा अविच्छिन्न चलिरहेकै छ।

साँखुमा प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म स्त्री र पुरुषहरू एउटै थलोमा जम्मा भएर स्वस्थानीको व्रत सामूहिक रूपमा बस्ने चलन छ। यसलाई नेवारीमा माघेऔँसी च्वनेगु (माघ महिनाभरि व्रत बस्ने) भनिन्छ। यहाँका केही नेवारहरूको घरमा स्वस्थानी जगदीश्वरीको माहात्म्य लेखाई राखेका हस्तलिखित ग्रन्थहरू सुरक्षित छन्। यी देवीको अभिलेखयुक्त प्रस्तर मूर्ति राजा प्रताप मल्लले काठमाडौँस्थित तलेजु मन्दिरको पछाडिपट्टि निर्माण गर्न लगाई प्रतिष्ठापन गरेका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक हरिराम जोशीज्यूको व्यक्तिगत सङ्ग्रहमा ने.सं. ८९३ को स्वस्थानी परमेश्वरीको वाचन पुस्तक सङ्ग्रहित छ। त्यसको व्रत आरम्भ गर्दा पालन गर्नुपर्ने नियमहरू नेवारीमा लेखिएको छ (जोशी, २०६०:२०६-२०८)। साँखुको शालीनदीमा स्नान गरेर पौषशुक्ल पूर्णिमादेखि एक महिनासम्म व्रत-पूजा, पाठ र अन्य मन्दिर दर्शन गर्ने क्रम आजसम्म पनि कायमै छ। पौषशुक्ल चतुर्दशीको दिनमै व्रत बस्ने पुरुष वा महिलाले हातगोडाका नङ काटी, स्नान गरी, एक छाक फलाहार गरेर राति भुइँमा राडी, पाखी बिछ्याई एक्लै सुत्नुपर्दछ।



पौष शुक्ल पूर्णिमाका दिन स्नान गरेर शुद्ध भएपछि, "म आजका दिनदेखि श्रीस्वस्थानीको व्रतको कथा माघ महिनाभरि सुनी माघ शुक्ल पूर्णिमाका दिन विधिपूर्वक श्रीस्वस्थानी देवीको समाप्तिको पूजा गर्ने छु" भनी सङ्कल्प गर्नू र मध्यान्न कालमा श्रीस्वस्थानीको पूजा गरी हविष्य, फलाहार खानू भनिएको छ (प्रसाई, २०७५:१५)। यसरी स्वस्थानीको व्रत र पूजा विधानबारे विस्तृत रूपमा वर्णन पाइन्छ। कडा विधि-विधान भएको स्वस्थानी व्रतको रमाइलो पक्ष भनेको उपत्यकाका विभिन्न मन्दिरमा गएर व्रत र दर्शन गर्नु पनि हो। यसै क्रममा पशुपतिनाथ मन्दिरमा गरिने माधवनारायण जात्रा हो।

माघ महिनाको कृष्णपक्षको त्रयोदशीका दिन शालीनदीबाट व्रत बस्ने पुरुष र महिलाको डफ्फा माधवनारायणको मूर्ति बोकेर हिँड्छन्। पशुपतिनाथको पश्चिमपट्टि रहेको दक्षिण मूर्तिको मन्दिरमा सबै जना जम्मा हुन्छन्। दक्षिणामूर्तिका पुजारी राजोपाध्यायद्वाराले अभिषेक गरेपछि माधवनारायणको खट महास्नानघर (सदावर्तघर) मा रातो माटाले लिपेको चोखो ठाउँमा राखिन्छ। साँखुबाट गएका व्रतालुहरू पनि महास्नानघरकै कोठामा आराम गर्न बस्दछन्। भोलिपल्ट औँसीको दिन पवित्र बाग्मती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नदीमा स्नान गर्दछन्। नदीमा स्नान गरेपछि विभिन्न विधि-विधान साथ दक्षिणामूर्ति मन्दिरका राजोपाध्यायद्वारा सम्पन्न गरिन्छ। आर्यघाटमा माधवनारायण मूर्तिको स्नान र अन्य विधान गर्दा माधवनारायणको मूर्तिलाई विरूपाक्ष (कली) मृगेश्वर र राजपुरुष स्थापित मन्दिरको गर्भ गृहमा राखिन्छ। साँखुबाट आएका पुरुष व्रतालुहरूमध्ये केहीले माटाका गाग्रीहरू शिरमा बोकेका हुन्छन्। सहस्रधारायुक्त माटाका गाग्रीबाट जल वर्साउँदै हिँडेको दृश्य मनमोहक हुन्छ। पशुपतिनाथको पूजा परिक्रमापश्चात् लगनलाछी, पालुटोल, दभुटोल हुँदै पशुपति अमालकोट कचहरिको उत्तरपट्टिको डबलीमा माधवनारायणलाई विराजमान गराइन्छ (टण्डन, २०५३:५१९)। जयवागीश्वरीको पूजा गर्ने पालो परेका कर्माचार्यले विधि-विधानपूर्वक पूजा गर्छन्। माधवनारायणको मूर्ति लिएर नवालीटोल, सिफल, कालोपुल हुँदै सानो गौचरण पुगेर आराम गर्दछन्। सानो गौचरणमै एकैछिन बसेर खाजा खाने काम हुन्छ। अगाडि सानो गौचरणबाट नारायणहिटी लग्ने चलन थियो। हिजोआज हनुमानढोका दरबार लगिन्छ। सानो गौचरणमा माधवनारायणको खट राख्दा वरपरका भक्तजनहरू दर्शन, पूजा गर्न आउँछन्। व्रतालुहरूलाई दुध, चिउरा, घिउ, चाकु, सुन्तला, उखु खुवाउन सानो गौचरणमा काठमाडौँका विभिन्न ठाउँबाट मानिसहरू आउने प्रचलन आजसम्म पनि छ। हनुमानढोकामा राजोपाध्यायले माधवनारायणको पूजा गरेपछि फर्पिङको शिखरनारायणको मन्दिरमा गएर रात बसेर बिहान स्नानपछि फेरि पूजा-आराधना गर्दछन्।

उपर्युक्त उल्लिखितबाहेक प्राचीन देखि आजसम्म उत्तिकै जीवन्त रहेको यस उपमहाद्वीपकै अति नै लोकप्रिय जनसागर नै ओइरिने पर्व हो शिवरात्री, जसको वर्णन 'चाडपर्वको घर नेपाल' नामक पुस्तकमा पनि परिसकेको छ। यसै गरी यस पावन भूमिमा अद्यावधि पनि अन्य धेरै यात्रा-जात्रा उत्सव सम्पन्न भइरहेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विश्वसम्पदा भूमि : चाँगुनारायणभित्रका जात्रा-यात्रा

नेपालको प्राचीन इतिहास-संस्कृतिको एक धरोहरस्थल चाँगुनारायण क्षेत्र विश्वसम्पदा सूचीमा आबद्ध भूमि हो। नेपालका कला-वास्तुकलामा उच्च गरिमा बोकेको यो क्षेत्रले सांस्कृतिक उपादेयतामा पनि त्यत्तिकै उच्च स्थान लिएको छ। यहाँको जीवन्त विश्वप्रसिद्ध चाँगुनारायण मन्दिर ५,५०० फिटको उचाइमा स्थित छ। लिच्छवि कालको सुरुदेखि नै चाँगु एउटा बलियो किल्लाको रूपमा रहेको थियो। थुम्कोमा वन-दुर्गको रूपमा रहेको चाँगुनारायण मन्दिर क्षेत्र नेपालको संस्कृति-इतिहास अध्ययन गर्ने महत्त्वपूर्ण थलो हो। सामाजिक, धार्मिक, सांस्कृतिक इतिहासको विविध पाटाका गरिमा बोकेको संरक्षित चाँगुनारायण मन्दिर काठमाडौंबाट २१ कि.मि. उत्तरपूर्व दिशामा उपत्यकाको प्रसिद्ध तीर्थस्थलको रूपमा परिचित छ। चाँगुनारायण मन्दिर क्षेत्रलाई एउटा खुल्ला सँग्रहालयका रूपमा अध्ययन-अनुसन्धान गर्न सकिन्छ। पर्यटकहरूलाई अवलोकन गर्न कला-कौशल र प्राचीन बस्तीको सुन्दर नमुना हो चाँगुनारायण क्षेत्र।

वैष्णव सम्प्रदाय, शैव सम्प्रदाय, शाक्त सम्प्रदाय र बौद्ध सम्प्रदायका सुन्दर मूर्तिहरू यहाँ छन्। काठमाडौं उपत्यकाका चार नारायणहरू: (क) चाँगुनारायण (ख) इचङ्गुनारायण (ग) विशङ्खुनारायण (घ) शेषनारायणको धार्मिक र सामाजिक महत्त्व छ। लिच्छवि राजा मानदेवको महत्त्वपूर्ण प्रथम शिलालेख तथा लिच्छविकालिक अन्य संरचना र त्यसपछि मल्लकालका साह्रै सुन्दर मूर्तिहरू, तलेशैली (प्यागोडा) मन्दिरको प्राचीन नमुना तथा उपत्यकाका चार प्रसिद्ध नारायणमध्ये एक नारायण तथा वैष्णव तीर्थस्थलको रूपमा पनि चाँगुनारायणको विशेष माहात्म्य छ (भट्टराई, २०४१:१३-१४)। चाँगुनारायणमा भएका मूर्त सम्पदा र मूर्तिहरूको महत्त्व भए जस्तै त्यहाँ प्रचलित अमूर्त सम्पदा (जात्रा र पर्व) हरूको पनि त्यत्तिकै महत्त्व छ। चाँगुको मूल मन्दिरमा भुइँचालोको आंशिक प्रभाव पऱ्यो र यसको आँगनमा रहेका स-साना मन्दिर पूरै नष्ट भएका छन्। विशेष गरी चाँगुको मन्दिरसँग सम्बन्धित जीवन्त प्रमुख जात्राहरूको सङ्क्षिप्त वर्णन यहाँ सङ्कलित छ:

चाँगुनारायण खटजात्रा

चाँगुनारायण चम्पारोहण (चाँपको फूल चढाउने) यात्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाँगुनारायण महास्नान यात्रा
चाँगुनारायण कलशयात्रा
चाँगुनारायण माधवनारायण यात्रा
चाँगुनारायण वंशगोपाल यात्रा

चाँगुनारायण खटजात्रा

नेपाल मण्डल (नेपाल उपत्यका) मा अधिकांश देवदेवीको खटजात्रा गर्ने प्राचीन परम्पराले अद्यावधि निरन्तरता पाएको छ। काठमाडौँ उपत्यकाको अग्रणी ऐतिहासिक थलो चाँगुनारायणमा पनि वैशाख कृष्ण त्रयोदशीमा खटजात्रा सुरु हुन्छ। चाडपर्वमा देवदेवी बोकेर हिँडाइने काठको सिंहासन वा खटको प्रचलन काठमाडौँ उपत्यकाका अधिकांश मन्दिरमा पाइन्छ। वैशाख कृष्ण त्रयोदशीको दिन चाँगुनारायण क्षेत्रमा बस्ने विभिन्न जातजातिमध्ये कसाई समुदायबाट यो जात्राको सुरुवात निमन्त्रणा बाड्ने कार्य गरेर प्रारम्भ हुन्छ। मनहरा खोलापारि रहेको कान्तिभैरवमा महिला र पुरुषहरू जम्मा भएर विधि-विधानअनुसार पूजा, आराधना, भजन र बलि चढाइन्छ। घरमै खुल्ला रूपमा छाडिएको साकिनी कुखुरो काटेर भैरवको आकृतिमा रगत चढाएर निमन्त्रणा पूजा सुरु गरिन्छ। केही वर्षअघिसम्म वैशाख कृष्ण त्रयोदशीको दिनमा प्रातःकाल, मध्यकाल र सन्ध्याकाल गरेर ३ पल्ट विधि-विधानको पूजा गर्ने चलन थियो। न्हिः (मध्यान्ह) पूजा गुठीका गुठियारहरूमध्ये एकजनाले व्रत बसेर चतुर्दशीको दिनमा विधि-विधान पूरा गर्दछन्। चाँगुनारायण मन्दिरको पूर्वी ढोकातर्फ निर्मित भट्ट पुजारी (किलेश्वर महादेव मन्दिरका पुजारी) को घरमा पूजा सामग्री पुऱ्याइन्छ। यही खटजात्राकै क्रममा छिन्नमस्ता पुजारीले द्य छोंबाट भैरवको मूर्ति बाहिर ल्याएर पूजा-आरती गरेर न्हि पूजा गुठीका गुठियारलाई जिम्मा दिन्छन्। पूजापछि मूर्ति हस्तान्तरणको महत्त्वपूर्ण काम गरिन्छ। चाँगुनारायण, छिन्नमस्ता, किलेश्वर महादेवका पुजारीहरू र चाँगुनारायण मन्दिरका भडेल नाइके सबै जनाले भैरवको मूर्ति मनहरापारि पुऱ्याउँछन्। त्यही क्रममा साँखुबाट आएका देउला (सरसफाइ काम गर्ने पोडे) लाई मूर्ति जिम्मा दिएर गुठियारहरू चाँगु फर्किन्छन्। भैरव आफ्नो थलोमा आएको अवसरमा न्हि पूजा गुठीका गुठियारहरूले बोका बलि दिएर पूजा गर्दछन्। चतुर्दशीको रात पकाएको भातबाट देवता बनाइन्छ (भडेल, २०७३:४६)।

काठमाडौँ उपत्यकामा अन्य मन्दिरमा पनि भातबाट देवताको आकृति बनाउने प्रचलन छ। चाँगुनारायण मन्दिरमा रहेका गुठीहरू यज्ञ गुठी, काली गुठी र भैरव गुठीबाट जम्मा पाँचओटा भातको देव आकृति बनाइन्छ। भातको देवता बनाउने जिम्मा लिएका गुठियारले स्नान गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोखो भई व्रत बसेर मात्रै देवताको आकृति बनाउँछन्। मन्दिर परिसरभित्रै गुठियारले चोखो लुगा लगाएर पकाएको भातले देव आकृति बाँसको भाटामा टाँसिन्छ। गुठियारहरूले बाँसको कप्टेरामा बनाइएको देवतालाई भैरव थान पुऱ्याउँछन्। बाजा बजाएर आधा रातमा यो जात्राको विधि गरिन्छ। वैशाखकृष्ण औंसी (आमाको मुख हेर्ने दिन) मा छिन्नमस्ताका पुजारीले कान्तिभैरवमा गएर होम गर्दछन्। होम गर्ने सामग्रीको व्यवस्थापन यज्ञ गुठीका गुठियारको हुन्छ। सबै गुठियारहरूले आ-आफ्नो तर्फबाट बोका र भैंडाको बलि चढाउँछन्। चारओटा बोका र एउटा भैंडा बलि चढाएर त्यही भोज खाइन्छ। चाँगुनारायण मन्दिर चौघेरा बाहिर रहेको कुन्छेटोलको पाटीमा कान्तिभैरवबाट ल्याएको भैरव मूर्ति र छिन्नमस्ताका कालीको मूर्ति राखिन्छ। भैरव र छिन्नमस्ताको पूजा, छिन्नमस्ताको पुजारीले गर्दछन्। पूजा गरिसकेपछि डुमले भैंडाको बलि चढाउँछन्। भडेलले चाँगुनारायणको, डुमले छिन्नमस्ताको र महादेव गुठीका गुठियारले किलेश्वरको खटलाई फूल, पाती, ध्वजा र रङ्गिन कपडाहरूले सजाउने गर्दछन्। खट बोकेर जात्रा गर्ने क्रममा दान गरिन्छ।

दान गरेको दश पाथी धान कुसले, कसाई, दमाई, पोडेले बाँडेर लिने गर्दछन्। चाँगुनारायणको खट सबैभन्दा पहिला उचालेर मात्रै जात्राको सुरुवात हुन्छ। औंसीको अध्यारो रातमा काठको लामो लट्ठीमाथि पाला अड्याएर बत्ती बालिन्छ। खटसँगै बत्ती (चिलाख) बोक्ने मान्छे पनि हिँड्ने भएकोले उज्यालो, रमाइलो दृश्य देखिन्छ। यस कार्यमा गुठी संस्थानले दिएको तेल प्रयोग गरिन्छ। भैरव-कालीको खटमा बलि चढाई पूजा गरिन्छ। खटजात्राको भोलिपल्ट वलम्बू टोलको भीमसेनपाटीमा नारायण र किलेश्वरको मूर्ति पूर्व र भैरव-कालीको मूर्तिलाई दक्षिण फर्काएर राखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भट्ट, पुजारी बस्ने घरबाट राजाको पहिरन श्रीपेच लगाएर स्थानीय राजा जात्राका लागि निस्किने चलन छ। रातिमा मतः जात्रा (वत्तीजात्रा) गर्ने प्रचलन जारी छ।

वैशाख शुक्ल तृतीयाको साँझमा सिन्दूरेजात्रा गर्ने रमाइलो चलन छ। ३ ओटा खटमध्ये भैरव-कालीको खटलाई मात्रै मनहरा नदीपारि लगेर बाजागाजासहित टोल परिक्रमा गराइन्छ। केही वर्ष अगाडिसम्म यो जात्रा राति-राति सम्पन्न गरिन्थ्यो। तर सुरक्षाको कारणले गर्दा आजभोलि साँझपख नै सम्पन्न गरिन्छ। स्थानीय बुढापाकाअनुसार चाँगुको खटजात्रा हनुमानढोका लग्ने प्रचलन थियो। तर अहिले थली, डाँछी, आलापोत, सानागाउँ, नयाँगाउँ, ब्रह्मखेल आदि गाउँमा सीमित भएको छ। चाँगुको खट मनहरापारिका गाउँमा पुगेपछि त्यहाँका विभिन्न देवदेवीको स-साना खट ल्याएर वा मन्दिरमै विशेष पूजा, जात्रा गर्ने चलन छ। अक्षयतृतीयाको भोलिपल्ट अर्थात् चतुर्थीको दिन मनहरा नदीको पानीले खट र मूर्तिलाई स्नान गराएर सफा गरेर चाँगुनारायण मन्दिर परिसरमा लगिन्छ। खटबाट नारायण र किलेश्वरको मूर्ति चाँगुनारायण र किलेश्वर मन्दिरमा पुऱ्याइन्छ। भैरव-कालीको मूर्ति द्यः छेः भित्र लग्नुभन्दा पहिले छिन्नमस्ताका पुजारीले पूजा गर्छन्। चाँगुनारायण मन्दिर परिसरमै रहेको कान्तिभैरवमा बोका बलि चढाएर खट जात्रा पूरा हुन्छ। खट जात्राबाहेक कालीको मूर्तिलाई दसैँमा दर्शन पूजाको लागि बाहिर निकालिन्छ।

वैशाख महिनाको शुक्ल सप्तमीको दिनमा ध्वजा पर्वमा होम गर्दा पाँचओटा हाँस वा बोकाको बलि र भातको देवता बनाउने विधान पनि रोचक छ।

चाँगुनारायण चम्पारोहण (चाँपको फूल चढाउने) यात्रा

हिन्दु धर्मका ग्रन्थहरूमा पूजा-विधानको विस्तृत वर्णन पाइन्छ। देव-देवीलाई अर्पण गर्ने फूल, फल, पात र वस्त्रहरूको समेत नियम-निर्देशन गरिएको छ। सरस्वतीको पूजा गर्दा सेतो चन्दन, सेतो फूल, बेसार, रातो दुबो, सिन्दूर, नच्यातिएको आँप र पिपलको पात, डुम्री, गुलर र पाकडको पात अर्पण गर्ने विधान छ (अधिकारी, २०६८:१६)।



यस्तै सूर्यदेवलाई रक्त चन्दन, करवीर फूल, रातो वस्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चढाउने विधान छ। धतुरो, गुञ्जा (कृष्णला), काँची, अपराजिता (गिरिकर्णिका) भटकटैया, तगर, अमडा र धुर्सेली आदि फूलहरू वा यिनका पात अथवा फलहरू चढाउन निषेध छ भन्ने विवरण वीरमित्रोदयमा उल्लेख छ। भविष्यपुराणअनुसार सूर्य देवलाई एउटा आँकको फूल चढाए जपापुष्प चढाएसरह फल मिल्दछ। त्यसै गरी हजार जपापुष्प (देवी फूल- जुन गहिरो रातो रङको हुन्छ) भन्दा एउटा कनेर (यसको सेतो-रातो-पहेँलो फूल फुल्दछ) उत्तम मानिएको छ। फेरि हजार कनेरभन्दा एउटा बेलपत्र उत्तम मानिन्छ। यसै गरी हजार बेलपत्रभन्दा एउटा रातो कमल, हजार रङ्गिन कमलभन्दा एउटा मौलसिरी, हजार मौलसिरीभन्दा एउटा कुशको फूल, हजार कुशका फूलभन्दा एउटा समीको फूल उत्तम मानिएको छ। त्यसै गरी हजार ओटा समी (स्वामी) को फूलभन्दा एउटा नीलकमल, हजार नीलकमल भन्दा एउटा रातो फुल्ने कनेर (करवीर) को फूल राम्रो मानिएको छ। यदि उपर्युक्त फूलहरू पाइएनन् भने तिनको पात चढाउनू, पात नपाइए यिनीहरूमा फल हुनेको फल चढाउनू भनिएको छ। यो पनि स्मरणीय छ कि फूलभन्दा माला बनाएर चढाए दोब्बर फल पाइने उल्लेख छ (अधिकारी, २०६७:२९-३०)।

सरस्वतीलाई सेतो कमल, विष्णुलाई तुलसीपत्र, शिवलाई बेलपत्र र धतुरोको फूल चढाउँदा उत्तम फल प्राप्त हुने वर्णन शास्त्रमा छ। यसरी नै चाँगुनारायण मन्दिरमा स्थित गरुडासन विष्णुलाई चाँपको फूल चढाउने प्रचलन छ। अषाढ शुक्ल अष्टमीका दिन चम्पारोहण उत्सव पर्दछ। विष्णुलाई चापको फूल अर्पण गरेपछि मात्रै स्थानीय बासिन्दाको कपालमा सिउरिने चलन छ। दशपन्ध्र वर्षअघिसम्म अष्टमीको दिनमा बिहानै चाँगुको टोलटोलमा महानेले ठुलो स्वरमा "आज अष्टमी हो, नारायणलाई चाँपको फूल चढाएपछि मात्रै शिरमा लगाउनू" भन्दै घुम्ने प्रचलन थियो (खनाल, २०४०:११३)। हिजोआज त्यसरी ठुलो स्वरमा कराउने चलन छैन। चम्पारोहण पर्वको दिन मन्दिरको गर्भगृहमा विराजमान गरुडासन विष्णुलाई दहीद्वारा स्नान गराउने र चाँपको फूल चढाउने काम पुजारीले नै गर्दछन्। २/२ पाथी दही भरिएका ६ ओटा माटाका गाग्रीमा चाँपको फूल राखिन्छ र भगवानलाई स्नान गराइन्छ। भक्तजनलाई प्रसादस्वरूप फूल बाँडिन्छ (भडेल, ५३)। चम्पारोहणकै दिन छिन्नमस्ता माता, मूल मन्दिरको पश्चिम दिशामा रहेको भैरव, उत्तर दिशामा रहेका नाटेश्वर, दुमाजु र किलेश्वर महादेवलाई पनि विशेष पूजा अर्पण गरिन्छ। महादेवबाहेक आठ देवतालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाँस/बोकाको बलि चढाइन्छ। साँझपख चाँगुनारायण मन्दिरमा महादीप बाल्ने र भोज खाने प्रचलन छ। पूजाको सम्पूर्ण खर्च आजसम्म गुठी संस्थानले गर्दै आएको मुरन पुजारीबाट जानकारी प्राप्त भएकोले यस सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिन सजिलो भएको छ।

चाँगुनारायण महास्नानयात्रा



पूजा विधानमा दैनिक स्नान र महास्नानको विशेष महत्त्व छ। सनातन धर्मावलम्बीहरू आफ्नो घरको पूजाकोठाका र मन्दिरमा स्थापित मूर्तिहरूलाई बिहान चोखो पानीले स्नान र पूजा अर्पण गर्दछन्। हिन्दु र बौद्ध धर्मावलम्बीहरूका विभिन्न देवदेवीलाई विशेष अवसरमा स्नान/महास्नान गराउने प्रचलन काठमाडौँमा प्रचलित छ। पौष महिनाको शुक्ल अष्टमीको दिन काठमाडौं केलटोलका सेतो मच्छिन्द्रनाथलाई स्नान गराइन्छ। सेतो मच्छिन्द्रनाथको "न्हँव" अर्थात् स्नानको दर्शन गर्न सर्वसाधारणसँगै देवी कुमारीको पनि सवारी चलाइन्छ (अमात्य, २०६०:११२)।

काठमाडौं उपत्यकामा चार करुणामय लोकेश्वरहरूलाई विशेष पूजा र रथ, खट जात्रा गरिन्छ। चोभारका आदिनाथ लोकेश्वर पनि त्यसमा पर्दछन्। रातो वर्णका आदिनाथ लोकेश्वरको मूर्तिलाई पनि महास्नान (न्हँवं) गरी जात्रा गर्ने परम्परा छ। आदिनाथको महास्नान चैत्रशुक्ल प्रतिपदाका दिन ज्योतिषले भनेको साइतअनुसार गरिन्छ (वज्राचार्य, २०५८:३५)।

पशुपतिनाथको मन्दिरस्थित ज्योतिर्लिङ्गमा पनि महास्नान गर्ने नियम आजसम्म व्यवहारमा छ। स्नान दैनिक पूजाको विधानमा र महास्नान नैमित्तिक कर्ममा पर्दछ। रणबहादुर शाहकी रानी कान्तवतीले पशुपतिनाथलाई प्रत्येक पूर्णिमाको दिन महास्नान गर्ने गुठी राखेकी थिइन्। उनले बाह्र पूर्णिमा र अधिकमासको पूर्णिमामा पनि सामग्रीहरू नघटाएर पूजा र महास्नान-महाबलि सम्पन्न गर्न वि.सं. १८५६ मा सिन्धुपाल्चोकको फटकशिला तथा गोकर्णमा गरी २२ सय रोपनी जग्गा गुठी राखिदिएकी थिइन्। धान, जिन्सी सामग्री, नगद, घिउ आदि सामग्री पनि पशुपति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पठाइन्थ्यो। महास्नानले चम्पामृतस्नानको विधि बुझाउँछ भने महाबलि त्यही दिन कुमारी, गुह्येश्वरी कीर्तिमुख, वत्सला, गणेश, आदि देवदेवीका पूजा तथा पशुबलिमा भातको भोग लगाउने, साँढे छोड्ने कामसँग सम्बद्ध छ। महास्नानको अवसरमा पशुपतिनाथलाई पोसाक फेराउने व्यवस्था छ। त्यस अवसरमा चाहिने पोसाक रञ्जितकारले सिउने, रङ्गाउने आदि काम गर्दछन्। पशुपतिनाथ र धर्मशिलामा राखेर चढाइने भोगका लागि तासको पोशाक र पगरी, ५+५=१० ओटा तयार गरिन्छ। महास्नानका वेला पशुपतिनाथलाई गहना, चाँदीको जनै र त्रीनेत्र पनि चढाइन्छ। त्यसै अवसरमा वासुकिमा चाँदीको तिलक र जनै पनि अर्पण गर्ने विधान छ (टण्डन, २०५३:१४९-१५३)।

मार्गशुक्ल द्वादशीको दिनमा चाँगुनारायणको दर्शन गर्न भक्तहरूको घुइँचो हुन्छ। नारायणको महास्नान हुने भएकाले सबैलाई कामको भ्याइ-नभ्याइ हुन्छ। मन्दिर परिसरमा मङ्गल धुन घन्किन्छ। कुन्छे टोलस्थित गणेशको पूजाबाट चाँगुको महास्नान पर्व प्रारम्भ हुन्छ। कान्तिभैरव र छिन्नमस्ता मन्दिरमा हाँस, बोका, राँगाको बलि चढाइन्छ। महास्नान गर्न प्रयोग हुने कलशहरूमा रङ्ग लगाउने काम चित्रकारबाट सम्पन्न हुन्छ। चाँगुनारायण मन्दिरका चारैओटा ढोकाबाहिर संरक्षकका रूपमा स्थापित जोडी सिंह, हात्ती, भेडा र शार्दूलका जोडीका आँखामा रङ्ग लगाइन्छ। महास्नान सुरु गर्नुभन्दा पहिला मन्दिर परिसरमा रहेको सत्तलको भुइँतलामा विधिपूर्वक होम हुन्छ। होम समाप्त भएपछि बाजा बजाउँदै जोडी गाईलाई अघि लगाएर पञ्चामृत भएको घडा बोकेर मन्दिर परिक्रमा गरिन्छ। तीन पल्ट परिक्रमा गरेपछि घडालाई मन्दिरभित्र लगिन्छ। बाह्रभाइ भडेलले दशओटा माटाका कलात्मक घडाहरू बोकेर परिक्रमा गर्दाको दृश्य निकै रोमान्चक हुन्छ। नारायणको शिर झिकी वैदिक विधिले पुजारीद्वारा पञ्चामृतका घडाहरूले नारायणको महास्नान गर्दछन्। महास्नान गर्दा वेदोच्चारणका साथ शङ्खध्वनि हुन्छ। घण्टा र बाजाले पूरा चाँगु नै गुन्जयमान हुनजान्छ। महास्नानपछि नारायणको शिर पुनः राखेर पूजा गर्ने परम्परा छ। ध्वजारोहणको समारोहमा पताका, योमरी र लावा नारायण मन्दिरको गजूरबाट खसालिन्छ। योमरी, लावा भुइँमा खस्न नदिएर चाँदीको थालमा थाप्ने चलन छ। महास्नान विधिको अर्को रमाइलो पक्ष भनेको १०८ पाथी धानको थुप्रोभित्र एक तोला सुन लुकाउनु हो। धानमाथि राखेको कुभिन्डोमा बनाएको भैरवको आकृतिलाई कपडाले छोपेर पूजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रारम्भ गरिन्छ । गाईदान, गुरुमण्डल पूजापश्चात् होमको पूर्णाहुति हुन्छ । धानको थुप्रोभित्र सुन खोज्ने काम (दःतुको लुकाय) प्रक्रिया खुबै रमाइलो हुन्छ । सुन पाउनेलाई निश्चित रकम दिएर सुन फिर्ता लिइन्छ । नारायण, किलेश्वर र छिन्नमस्ता मन्दिरमा रातभर महादीप बालिन्छ (खनाल, २०४०:१२४-१२६ सभडेल, २०७३:६९-७०) ।

कुन्छेटोलको बलिघरमा माटाको पालामा गेडागुडी, चामल, चिउरा, धान राखेर भूतलाई खान बोलाइन्छ। गुठी संस्थानका कर्मचारीले कुन्छेटोलका नाइकेलाई दशगजा पगडी लगाई दक्षिणा प्रदान गरिन्छ । दिन ढल्केपछि मूल नाइके (शिरमा पगडी भएको) शङ्खदहसँगैको पूजा भुइँखेलनिर लाग्दछन् । चाँगुनारायणका पुरुष भडेलहरूले त्यहीँ बसेर भोज खान्छन् । चिउरा, दही, चिनी र घिउ भोजमा खाने चलन छ । भोलिपल्ट मार्गशुक्ल चतुर्दशीका दिन ३६ जना ब्राह्मणलाई टीका लगाएर ४ माना चिउरा, ४ माना चामल दिएर भोज खुवाएर बिदा गरिन्छ। पूर्णिमाको दिनमा दुई पाथी दुधको व्यवस्था गरेर खिर नैवेद्य नारायणलाई चढाइन्छ । प्रतिपदाको दिन अन्तिम पूजा छिन्नमस्ताको मन्दिरमा बलि चढाएर सम्पन्न गरिन्छ । चाँगुमा मनाइने जात्राहरूमध्ये महास्नान सबैभन्दा लामो जात्रा हो । महास्नानको सम्पूर्ण विधि सकिएपछि परम्पराअनुसार कलशहरूको भाग लगाइन्छ ।

चाँगुनारायण कलशयात्रा

महास्नानको काम समाप्त भएपछि चाँगुनारायण कलशको २५ भाग लगाइन्छ, तिनीहरू हुन्: (१) इन्द्र कलश-राजा (२) शिवशक्ति कलश-यजमान (३) श्रीलक्ष्मी कलश-यजमानकी स्त्री (४) श्रीवत्स कलश-होता (५) पुण्डरिक कलश, ब्राह्मण (६) ध्वजा कलश-चित्रकार (७) कलश कलश-कर्माचार्य (८) चमर कलश-चित्रकार (९) मच्छे कलश-नाउ (१०) छप्र कलश-ऋतुक ब्राह्मण (११) शङ्ख कलश-ऋतुक उप-ब्राह्मण (१२) मूर्ति कलश-नारायणस्थान (१३) नाग कलश-धारा वा इनार (१४) यम कलश-नदी (१५) नाग कलश-ब्राह्मण (जल ल्याउने) (१६) शङ्ख कलश-किलेश्वरका पुजारी (१७) चक्र कलश-छिन्नमस्ताका पुजारी (१८) गदा कलश-नारायणका पुजारी (१९) पद्म कलश-ब्राह्मण (पूजा ल्याउने) (२०) शङ्ख (२१) चक्र (२२) गदा (२३) पद्म कलश-बाह्र भाइ भडेल (२४) चक्रकलश-थकाली (२५) पद्मकलश-कोठा मचा (खनाल, २०४०:१२५) । श्रावणशुक्ल द्वादशीमा झैँ पौषशुक्ल पूर्णिमामा पनि चाँगुमा कलश यात्रा गरिन्छ । चाँगुनारायण मन्दिरबाट नारायण, लक्ष्मी र सरस्वतीका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतीकस्वरूप निर्माण गरिएका चाँदीका कलश चाँगुबाट हनुमानढोका र त्यहीँबाट राष्ट्रपति भवन लैजाने चलन छ। पुस महिनाको कलशयात्राको दिन चाँगुनारायणमा सिस्नुको खिर पकाएर भगवानलाई भोग लगाउने चलन छ। चाँगुक्षेत्रका घरहरूमा पनि सिस्नुको तरकारी, अचार, खिर पकाउने प्रचलन छ (भडेल, २०७३:७०-७१)। पौषको कलश यात्राको एउटा रोचक पक्ष हनुमानढोकाबाट आएको एउटा घोडासँगै चाँगुनारायणबाट कलश बोकेर भडेल प्रस्थान गर्दछन्। हनुमानढोका क्षेत्रमा ठाउँ-ठाउँमा माटाका भाँडा फुटाएर यताउता छरेर राखिन्छ। यात्राका क्रममा फुटेका माटाका भाँडाहरू देखेमा साइत नपर्ने विश्वास छ। चाँगुनारायण भगवान् पनि हुनमानढोका पुगेर राजारानीसँग सल्लाह गरेर हिमालयमा जान लागेको कुरा भक्तहरूले सुइँको पाएर भाँडा फुटाएको किंवदन्ती प्रचलनमा छ। यसै विषयलाई फरक ढङ्गले पनि वर्णन गरिएको छ। चाँगुनारायणले- "अब कलियुग सुरु भयो हिमालतिर जानुपऱ्यो भनेर लक्ष्मी, सरस्वतीसँगै दरवार प्रस्थान गरे। उनको मनशय राजाकी, इच्छादेवीले चाल पाइन् र राजालाइ सङ्केत गरिन्। नारायणले काठमाडौं छाडी गएमा ठुलो अनिष्ट हुने छ भनी राजाले बाटामा जतातत‍ै कुसाइत हुने गरी माटाका थोत्रा हाँडीचिण्डा राख्न लगाए (खनाल, २०४०:१२५-१२७स भडेल, २०७३:७०-७१)।



चाँगुबाट ल्याएको कलशबाट राष्ट्रपतिले छायादर्शन र जलसेचन गरेपछि कलशलाई पुनः चाँगुनारायणको मन्दिरमै फर्काइन्छ र आरती गरेर कलशयात्रा पूर्ण हुन्छ। श्रावण शुक्ल द्वादशीको दिन पनि चाँगुनारायणबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलश हनुमानढोका लगिन्छ। यस पर्वको रोचक र अनौठो चलनमा कर्कलोको खिर पकाएर नैवेद्यको रूपमा नारायण मन्दिरमा चढाउनु पनि हो। चाँगुनारायणबाट ल्याइएका चाँदीका ३ ओटा कलश हनुमानढोका दरबार पुऱ्याएपछि वसन्तपुरकी कुमारी मातालाई त्यही राखेर पूजा गरिन्छ। त्यसपछि राष्ट्रपतिकहाँ कलश लगेर जलसेचन गरिन्छ र कलशलाई चाँगु पुऱ्याउने गरिन्छ। यसपछि मन्दिरमा आरती पनि गरिन्छ।

चाँगुनारायण माधवनारायणयात्रा

प्रत्येक वर्ष माघ शुक्ल एकादशीको दिन साँखुबाट माधवनारायणलाई चाँगुमा ल्याउने परम्परा आजसम्म कायमै छ। भक्तपुरबाट पनि माधवनारायणको मूर्ति माघ शुक्ल द्वादशीको दिनमा चाँगुनारायण मन्दिर परिसरमा लग्ने प्रचलन छ।

चाँगुनारायणको मूल मन्दिरको उत्तरतर्फ रहेको सत्तलमा माधवनारायणको मूर्ति बिसाएर भक्तजनहरू एक रात वास बस्दछन्। भोलिपल्ट द्वादशीको दिन शङ्खदहमा स्नान गरेर चाँगुनारायणको मन्दिरमा फर्किन्छन्। चाँगुका पुजारीले साँखुबाट आएका व्रतालुको व्रत विधि सम्पन्न गर्दछन्। माधवनारायणको मूर्तिलाई गरुडपछाडिको जलहरीमा थोरै समय राखेर मन्दिरभित्र प्रसाद साटासाट गर्ने चलन छ। साँखु, चाँगु र वरपरका क्षेत्रबाट आएका भक्तजनले माधवनारायणको दर्शन गरेपछि भगवान्लाई साँखु नै फर्काइन्छ। माधवनारायणको मूर्तिसँगै आएका भक्तजनले शिरमा जलघडा राखेर सहस्रधाराको जल सेचन गरेको दृश्य मनमोहक हुन्छ। श्रद्धा र भक्तिपूर्वक गरिएको स्वस्थानी व्रत, शालीनदी स्नान र देशान्तर भ्रमण नेपालमा सम्पन्न गरिने जात्राहरूमध्ये बढी चर्चित छन्। साँखुको शालीनदीमा एक महिनासम्म व्रत बस्दै पाठ गरिएको ग्रन्थ सुनेर आफ्नो स्थानबाट देशान्तर भ्रमण गर्ने क्रममा चाँगुनारायणमा पुग्ने माधवनारायण जात्राको बेग्लै रौनक देखिन्छ। नेपालको पहाड र काठमाडौं उपत्यकाका घर-घरमा पनि स्वस्थानी पुस्तक एक महिनासम्म पाठ गर्ने प्रचलन छ। ने.सं. ६९३ (इ. १५७३) फागुनशुक्ल ५ बृहस्पतिवारको दिन श्री जयन्तदेवले लिङ्गपुराणअन्तर्गत स्वस्थानी परमेश्वरीको व्रतकथा लेखी सिद्याएका थिए (जोशी, २०५ सखनाल, २०४०:१२८ सभडेल, २०७३:७४)। राष्ट्रिय अभिलेखालयमा सुरक्षित हस्तलिखित ग्रन्थबाट यस कुराको पुष्टि हुन्छ। धर्म, संस्कृति र स्थान विशेषको महिमा समेटिएको स्वस्थानी पर्वअन्तर्गत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पर्ने माधवनारायण जात्राको विशेष स्थान नेपाली समाजमा छ भन्ने कुरा त अगाडि नै उल्लेख भइसकेको छ।

स्वस्थानी पर्व मेलाको विशिष्ट रौनक नै माधवनारायणलाई चाँगुनारायण मन्दिर भ्रमण/भेट गराउनु हो। स्थानीय जागरुक युवाहरूको प्रयत्नबाट यो पर्वको रौनक देखा पर्दछ। यसैले दिनानुदिन स्थानीयको सहभागिता बढ्दो रूपमा रहनुलाई सकारात्मक मान्नु पर्दछ।

चाँगुनारायण वंशगोपालयात्रा

चाँगुमा फागुनशुक्ल पूर्णिमामा मनाइने रथजात्रा हो वंशगोपाल यात्रा। फागुन/चैत्र महिना फूलहरू फुल्ने तथा फलहरू दाना लागेर लटरम्म हुने समय हो जुन मौसमलाई वसन्त ऋतु भनिन्छ। प्रकृतिमा रङ्गिन फूलहरू फुलेको जस्तै मानिसले विभिन्न रङ्गहरू छरेर हर्ष, उल्लाससहित मनाउने पर्वको रूपमा फागु रहेको छ। पौराणिक आख्यान, स्थानीय विश्वास, मनोरञ्जन र पर्यावरण सबैसँग कुनै न कुनै ढङ्गले फागुपर्व जोडिएको छ। हर्ष प्रकट गर्न सिन्दूरेजात्रा गर्ने परम्परा निकै प्राचीन हो। चौधौं शताब्दीमा लेखिएको गोपालराजवंशावलीमा देशमा शान्ति स्थापना गर्न होली उत्सवको आयोजना गरिएको उल्लेख छ (पौड्याल, २०१५)।

फागुपर्व मनाउँदा चाँगुनारायण मन्दिरमा कृष्ण-राधा र रुक्मिणीको मूर्तिलाई रथमा राखेर मन्दिर परिक्रमा गर्ने र तल्लो टोल वलंपु तरवाछेमा लगेर फागु खेल्ने चलन छ। फागु पूर्णिको बिहान चाँगुनारायण मन्दिरभित्र नित्य पूजाको सबै विधान पूर्ण भएपछि कृष्ण, राधा र रुक्मिणीको मूर्तिलाई गरुड मूर्तिसँगैको खण्डित प्रस्तर स्तम्भअगाडि विराजमान गराइन्छ। होली गुठीका गुठियारले भगवानलाई पहिराउने वस्त्र, पूजा सामग्री सबैको व्यवस्था गर्दछन्। लुगा फेराउने काम सकिएपछि विशेष सिँगारिएको रथमा राखी मूर्तिहरूलाई तेल र अविरले पूजा गर्दछन्। तरवाछे टोलमा पुगेपछि रथबाट मूर्तिहरू निकालेर पाटीमा राखेर विधिवत् पूजा गरिन्छ। पूजापछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृष्ण, राधा र रुक्मिणीलाई पिङ खेलाउने काम हुन्छ। एक रात सबै मूर्तिलाई पाटीमै राखिन्छ। प्रतिपदाको राति सिन्दूर चढाई जात्राको प्रारम्भ गरिन्छ। रथलाई चाँगुनारायण स्थानमा लगेर आरती गरी मूर्तिहरूलाई यथास्थानमा राखिन्छ। फागुन शुक्ल द्वादशीको दिन मन्दिरभित्रै उमारेको दमन पुष्पले नारायणको पूजा गरिन्छ (खनाल, २०४०:१२९ सभडेल, २०७३:७७)।

चाँगुमा मनाइने जात्राहरूमध्ये प्रमुख ६ ओटा जात्राहरूको मात्रै माथि सङ्क्षिप्त वर्णन गरिएको छ। संस्कृतिका दुई पक्ष, विचार (सिद्धान्त, दर्शन) र आचार (धार्मिक कर्मकाण्ड) को चर्चा बढी गरिन्छ, जसमध्ये यी चाडवाड-जात्रापर्वमा पर्दछन्। नेपालमा प्रचलित जात्रा र परम्पराहरू धेरै विस्तृत छन्। चाँगुनारायण क्षेत्रका जात्राहरू पनि बहुआयामिक र नौला विशेषताले ओतप्रोत छन्।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विनाश नहुने अक्षयतृतीयाः परशुराम संस्मरण पर्व

वैशाखशुक्ल तृतीयालाई अक्षयतृतीया भनिन्छ। कहिल्यै नघट्ने र नाश पनि नहुने अक्षय कार्यको लागि यो दिन प्रसिद्ध छ। अक्षय तृतीयाको दिन जल, पेय पदार्थ सर्वत, सातु भगवानलाई अर्पण गरेर प्रसाद बाड्ने चलन छ।

अवतारवादमा विश्वास गर्ने सनातन धर्मावलम्वीहरूले विष्णुको नर-नारायण, हयग्रीव र परशुराम स्वरूपले पृथ्वीमा अवतरण गरेको दिन वैशाखशुक्ल तृतीयालाई विशेष दिन मान्दछन्। यो दिन उपवास, व्रत, दान दिने परम्परा छ।

महाभारतको आदिपर्वअन्तर्गत अनुक्रमणिकापर्वको प्रथम श्लोकमा वदरिकाआश्रम निवासी प्रसिद्ध ऋषि श्रीनारायण तथा श्रीनर (नरश्रेष्ठ अर्जुन), सरस्वती, महर्षि वेद व्यासको स्तुति गरेर महाभारत एवम् अन्य इतिहास-पुराण पाठ गर्नुपर्ने नियम स्मरण गराइएको छ।

"नारायणं नमस्कृत्य नरं चैब नरोत्त म देवी सरस्वती व्यासं ततो जयमुदीरयेत्"

नर र नारायणलाई विष्णुको अवतारका रूपमा महाभारतको शान्तिपर्वमा वर्णन गरिएको छ। दुईओटा शरीर भए पनि एउटै मन भएका नर-नारायणको तपस्याको प्रशंसा शास्त्रहरूमा गरिएको छ। भनिन्छ, नर-नारायणको घोर तप गरेको स्थान बदरिका आश्रममा देवर्षि नारद केही समय बसेका थिए। गन्धमादन पर्वतको उच्च भागमा नारदले नर नारायणसँग गरेको प्रश्नउत्तर निकै चर्चित छ। परशुरामसँग यी स्थलहरू र महैन्द पर्वतको सरोकार रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जमदग्नि र रेणुकाका पुत्र हुन् परशुराम। ऋषि जमदग्निका छोरा भएकाले जामदग्न्य भनेर पनि परशुरामलाई सम्बोधन गरिन्छ। वैशाखशुक्ल तृतीया अर्थात् अक्षय तृतीयाको दिनमा विष्णुको छैठौँ अवतारका रूपमा यिनको जन्म भएको थियो। हातमा बन्चरो लिने भएकाले यिनलाई परशुराम भनिन्छ। तीन राममध्येका परशुरामलाई छैठौं अवतारका रूपमा मानिएको छ (आचार्य, २०४५:३१)।

श्रीमद्भागवत र हरिवंशपुराणमा विष्णुको अवतारको औचित्य पस्ट पारिएको छ। क्षत्रिय राजाहरूको अन्याय र अत्याचार बढेपछि त्यसको अन्त्यका लागि नै विष्णु भगवान परशुरामका रूपमा अवतरित भएका थिए। परशुराम आज्ञापालकका रूपमा पनि चर्चित छन्।

जमदग्निको कुटीमा भएको गाई र परशुरामकी आमालाई कार्तवीर्यले कुदृष्टि लगाए, जसको परिणाम साह्रै नराम्रो भयो। वैदिककाल रामायण र महाभारतकालमा पनि गौधन वृद्धिका लागि गाई लुटिएका घटना थुप्रै छन्। जमदग्निको आश्रममा भएको एउटै गाई देखेर कार्तवीर्य अर्जुन लोभिए। माग्दा नपाएपछि जबरजस्ती अपहरण गरे। दुवै पक्षबिच झगडा बढ्दै गयो। परशुरामले सम्पूर्ण घटनाबारे जानकारी पाउनेबित्तिकै कार्तवीर्यको हत्या गर्ने उद्देश्यले हातहरू काटिदिए। कुरा यतिमै टुङ्गिएन। कार्तवीर्य अर्जुनका छोराहरू जमदग्निको आश्रममा आए। उनीहरूले जमदग्निलाई काटे। परशुराम समिधा लिएर कुटीमा आउँदा आफ्ना बाबुको मृत शरीर देखेर विलाप गर्न थाले (शास्त्री, २०५३:१२०१)।

"मेरो अपराधको बदला तपाइँसँग लिएछन्। ती कार्तवीर्यका छोराहरूलाई मैले जानेको छु। पिताजी ! तपाईं त धर्मज्ञ हुनुका साथै सत्मार्गमा हिँड्नुहुन्थ्यो। तपस्यामा मग्न, युद्धको इच्छा नगर्ने तपाईंलाई कसरी मारे ?"

यसरी विलाप गर्दै विधिपूर्वक अग्निमा पिताको देह राखेर परशुरामले प्रेतकर्म गरे। तत्पश्चात् सम्पूर्ण क्षत्रियहरूको वध गर्ने प्रतिज्ञा गरे। बलवान एवम् पराक्रमी परशुराम आवेशमा साक्षात् यमराजसमान थिए। उनले परशुको प्रयोगले कार्तवीर्यका सबै छोराहरूलाई मारे। परशुरामले २१ पल्ट पृथ्वी घुमेर क्षत्रियहरूलाई मारे। समन्तपञ्चक क्षेत्रमा निर्माण गरिएका पाँच कुण्ड रगतले भरिए। परशुरामले भृगुवंशी पितृहरूलाई त्यहीँ कुण्डमा तर्पण अर्पण गरे। त्यहाँ महर्षि ऋचिक साक्षात् प्रकट भएर परशुरामलाई घोर कर्म गर्न रोके।

यसपछि रेणुकाका छोरा परशुरामले ठुलो यज्ञ गरे। देवराज इन्द्रलाई तृप्त बनाए। ब्राह्मणहरूलाई थुप्रै जग्गा दान दिए। महात्मा कश्यपलाई एउटा विशाल सुनको वेदी प्रदान गरे। चालिस हात लम्बाइ, चौडाइ र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छत्तिस हात उचाइ भएको विशाल सुनको वेदी कश्यप ऋषिको आज्ञाले ब्राह्मणहरूले खण्ड-खण्ड गरेर बाँडे। परशुरामले सम्पूर्ण पृथ्वी नै कश्यप ऋषिलाई दान दिएको महाभारतमा उल्लेख छ (शास्त्री २०५३, १२८२)। पृथ्वी नै दान दिएपछि परशुरामले बाण हान्दा सबैभन्दा टाढा पुगेको स्थानमा आफ्नो आश्रम निर्माण गरेको उल्लेख द्रोणपर्वमा छ।

परशुरामद्वारा पजित भएका महर्षि जमदग्नि पनि आफ्नो स्मृतिस्वरूप सङ्कल्पमय शरीर ग्रहण गरी कश्यपादि ऋषिहरूको मण्डलीमा सातौं ऋषि भए। जमदग्निका छोरा परशुराम सौम्यरूप धारण गरेर सम्पूर्ण पापदेखि मुक्त भएर महेन्द्र पर्वतमा बस्न थाले (भट्टराई, २०५२:१६०)।

रामायणको बालकाण्डअनुसार श्रीरामले जनकको सभामा शिवधनुषमा ताँदो चढाएपश्चात परशुराम जनकपुर आइपुगेका थिए। दशरथ चार छोरा, चार बुहारीलाई लिएर उत्सव मनाउँदै अयोध्यातिर फर्कन लाग्दा बाटैमा परशुरामसँग भेट भयो। पर्वत जस्तो देदीप्यमान शरीर भएका एक हातमा धनु र अर्को हातले बन्चरो काँधमा राखेका क्षत्रिय कुलको संहार गर्ने परशुरामलाई अकस्मात् देख्दा राम, लक्ष्मण, दशरथ झस्किए। लक्ष्मण र परशुरामको वा्कयुद्ध भयो। रामले शान्त भएर दुवैलाई सम्झाउनुभयो। परशुरामले चर्केर बोल्दै श्रीरामलाई भने, "बडो बहादुर हुँ भन्दो होस्। जनकका घरमा रहेको थोत्रो धनु भाँच्तैमा तँ आफूलाई पुरुषार्थी ठहराउँछस् ? हुन्छ, मेरो यस धनुमा ताँदो चढाइस् भने तँ वीर रहिछस् भनी जानुँला। अनि जे गर्नुपर्ने गरुँला" श्रीरामले सजिलैसँग त्यस धनुमा ताँदो चढाउनुभयो। परशुराम आफूले भनेको दुर्वाच्यप्रति क्षमा मागी रामको गुण गाउँदै आफ्नो आश्रमतिर गए (चालिसे, २०५९:१३-१५)। हाम्रा पुराणका विभिन्न घटनाको अर्थ बेला-बेलामा निकै नै गमेर, विचार गरेर लगाउनुपर्छ। परशुरामको यस कार्यले पनि धर्मको रक्षा गर्न विद्वता र शक्ति दुवैमा सन्तुलन आवश्यक भएको तथ्य औंल्याएको छ। ब्रह्मशक्ति र क्षत्रियशक्तिको समन्वयबाटै विश्वको कल्याण सम्भव देखिन्छ। हातमा अस्त्र हुनेले विवेक राखेन भने पृथ्वीका निमुखा मानिस जातिकै विनाश हुन्छ। त्यसैको सङ्केत परशुराम अवतारले गरेको छ। विष्णु भगवानको अवतार, राम र परशुरामको भेट र वार्तालाप एउटा गजबको संजोग हो (पौड्याल, २०६२:१४६)। एउटा अवतारको कार्य पूर्ण भएपछि मात्रै अर्को अवतार अवतरित हुन्छ। परशुराम आवेश अवतार भएकाले २१ पल्ट पृथ्वी परिक्रमा गरेर अन्यायी, अत्याचारी क्षत्रियहरूको नाश गरेपछि उनको अवतारको उद्देश्य पूर्ण भएको मानिन्छ। परशुरामको अवतारले पृथ्वीमा भएको क्रमिक मानव विकासको पनि सङ्केत गरेको छ। पानीमा मात्रै बस्ने माछा, पानी र जमीन दुवै स्थानमा कछुवा, वलिष्ठ दाह्रा भएको जनावर वराह, आधा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशु र आधा मानिसको संयुक्त स्वरूप नरसिंह, मानिसको अविकसित रूप वामन र त्यसपछि केही विकसित बलवान् स्वरूपको प्रतिनिधित्व नै परशुराम स्वरूपले गरेको देखिन्छ। यसबाहेक ज्ञानमा एकाधिकार सम्झने ब्राह्मण र शक्तिमा एकाधिकार सम्झने क्षत्रियको अहम् टकराएको झलक नै परशुरामको जीवनीले देखाएको छ। विद्या र शक्तिमा सन्तुलन राखेर अगाडि बढ्ने सङ्केत परशुरामको जीवनीबाट सिक्न सकिन्छ।

एकपल्ट परशुरामकी आमा रेणुका राजा प्रशेनजीतकी छोरी पानी लिन नदीमा गएकी थिइन्। त्यही नदीमै गन्धर्व राज चित्ररथ पानीमा विभिन्न खेल खेल्दै थिए। रेणुकाले रमाइलो मानेर जलक्रीडा हेरिन्। कुटीमा पानी बोकेर पुग्दा अलिकति ढिलो भयो। ऋषि जमदग्नि सारै रिसाए। सम्पूर्ण घटना थाहा पाएपछि उनले रिसले आँखै देखेनन्। थरथर काम्दै उनले आफ्ना छोराहरूलाई आमा काट्ने आदेश दिए। परशुरामका चार जना दाज्यूहरूले बाबुको क्रूर आदेशको पालना गरेनन्। कान्छा परशुरामले बाबुको आज्ञा पालन गर्दै आमा र चारैजना दाज्यूहरूलाई काटे र आफ्ना आज्ञाकारी छोरोलाई वर दिने इच्छा ऋषि जमदग्निले व्यक्त गरे। परशुरामले पनि एकैछिन विलम्ब नगरी आफ्नी आमा र दाज्यूहरू जीवित हुने र उनीहरूलाई आफ्नो मरणको कुनै पनि कारण सम्झना नरहने वर मागे।[१] शिवका शिष्य परशुराम युद्ध विद्यामा निपुण थिए। यिनका बाबु जमदग्निलाई हैहय वंशका सहस्रवाहुले मारेको परशुरामले आफ्नो बाबुको हत्याको बदला लिए। परशुरामको समयमा शासन सम्हालेर बसेका क्षत्रियहरूको अन्याय-अत्याचार पराकाष्ठामा पुगेको थियो। शास्त्रमा निपुण परशुरामले शस्त्र पनि उठाउने निर्णय गरे र अन्यायीहरूको अन्त्य गरे। द्रोण र कर्ण दुवै जना परशुरामका शिष्य हुन पाएकोमा गर्व गर्दथे।

हैहय वंशका राजा र राजकुमारहरूसँग शत्रुता भएको कारणले परशुरामकी हजुरआमाले आफ्नो सन्तान असुरक्षित देखेर १२ वर्षसम्म भ्रूण गर्भमै राखेको अनौठो घटनाको उल्लेख शास्त्रमा छ। परशुरामका हजुरबुबा ऋचिकाकी पत्नीले बाह्र वर्षसम्म आफ्नै गर्भमा बच्चालाई राखिन्। बाह्र वर्षपछि आफ्नी आमाको रुरुः (तिघ्रा) चिरेर बच्चा निस्कियो। तिघ्राबाट जन्मिएकोले सबैले औंर्व भनेर बोलाए। रिसले आँखै नदेखेका औंर्वले मुखबाट आगो ओकल्न थाले। उनले आफ्नो पुर्खाको अपमानको बदला लिने उद्घोष बारबार गरे। यिनै औंर्वका छोरा जमदग्नि र नाति परशुराम हुन्। परशुरामले ऋषि कश्यपलाई प्रमुख पुरोहित राखेर एउटा ठुलो यज्ञको आयोजना गरेका थिए। सम्पूर्ण जग्गा दान दिएपछि परशुराम आफ्नो थलो

---

१ महाभारत, तीर्थयात्रापर्व, अं.१६६.श्लोक १६-१८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छोडेर दक्षिणतर्फको समुद्र तटमा बस्न थाले। वरुणको सल्लाहअनुसार उनले समुद्रसँग जग्गा मागे। समुद्रले परशुरामलाई दिएको जग्गा नै आधुनिक केरला राज्य भएको विश्वास गरिन्छ। कालान्तरमा परशुरामले त्यो जग्गा पनि ब्राह्मणहरूलाई दान दिएर महेन्द्रगिरि पर्वतमा तपस्या गर्न थाले। अष्टचिरञ्जीवीहरूमा अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृप, मार्कण्डेयका साथै परशुराम पनि पर्दछन्। नित्याचार पद्धतिमा अष्टचिरञ्जीवीलाई स्मरण मात्रै गरेमा पनि पूर्ण आयु प्राप्त हुने वर्णन गरिएको छ।

अक्षयतृतीयाको दिन अन्न, जल दान र जल व्यवस्था गर्दै नर-नारायण, हयग्रीव र परशुरामको स्मरण पूजन गरिन्छ। अक्षयतृतीयाको दिन श्रद्धापूर्वक गरिएको दानले अक्षय फल दिने भएकोले यो दिनको विशेष महत्त्व छ। त्रेतायुगको आरम्भ पनि यसै दिनदेखि भएकोले यो दिनलाई युगादि पनि भनिन्छ। वैशाख महिनाका देंवता मधुसूदनको पूजन गरिने र वसन्त ऋतुको मध्य समय पर्ने भएकोले अक्षय तृतीयको रौनक विशेष छ।

धनुर्विद्यामा निपुण परशुरामको जन्म दिन परेको अक्षयतृतीयामा गाई, जमिन, सुन, चाँदी, तथा विभिन्न रत्न, अन्न, फलफूल दान गर्ने, कथा सुन्ने प्रचलन छ। व्रतरत्नावलीअनुसार यस दिन दान गर्दा अक्षय (कहिल्यै नाश नहुने) हुने वर्णन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिश्रित संस्कृतिको प्रतीक: ललितपुरको रातो मत्स्येन्द्रनाथजात्रा

काठमाडौँ उपत्यकाको एक लामो, भव्य र सांस्कृतिक समन्वयको लोकप्रिय उत्सवका रूपमा मत्स्येन्द्रनाथजात्रा र यसमा जोडिएका विविध पक्षलाई लिइन्छ। हिन्दु र बौद्ध दुवै धर्ममा आस्था भएकाहरूले पूजा-आराधना गर्ने देव हुन् मत्स्येन्द्रनाथ। उनलाई नेपालमा करुणामय, महाकारुणिकाय, मर्यादावलोकेश्वर, लोकनाथ, पद्मपाणि, लसवद्यः, वुंगद्यः आदि नामले सम्बोधन गरिन्छ। मत्स्येन्द्रनाथको अर्को नाम 'मच्छिध्न' वा मच्छध्न भएको हुनाले यी सिद्धि जलाहारी (माझी) जातका रहेको अनुमान हुन्छ। यसै गरी टभालोक नामक ग्रन्थको पहिलो भागमा जन्म-मरणरूपी महाजाललाई ध्वस्त बनाई मोक्षको मार्ग खुला बनाएको हुनाले उनलाई 'मत्स्य' अर्थात् माछाको स्वच्छ तथा चञ्चलतासँग तुलना गरिएको छ (सुवेदी, २०४७:१६)।

काठमाडौँ उपत्यकामा लोकेश्वरसँग सम्बन्धित किम्वदन्ती धेरै नै छन्। वार्षिक र बाह्रबर्सेजात्रा, रथयात्रा, विविध प्रकारका भोजहरूको प्रभाव स्थानीय जनजीवनमा प्रशस्त पाइन्छ। १०८ ओटा लोकेश्वरमध्ये हरेक महिनाको संरक्षकको रूपमा १२ ओटा लोकेश्वरलाई श्रेय दिइएको छ। यसअनुसार नेपाल सम्वत् अनुसारको महिना (१) कौलागा षडक्षरी लोकेश्वर, (२) कछलागा श्रीमल्लोकेश्वर (३) थिंल्लागा हलाहल लोकेश्वर (४) पोहेलागा खसर्पण लोकेश्वर, (५) सिल्लागा सिंहनाद लोकेश्वर, (६) चिल्लागा पद्म नृत्येश्वर, (७) चौलागा हरिहरिवाहन लोकेश्वर, (८) वछलाथ्व त्रैलोक्यवंशकरी लोकेश्वर, (९) तछलाथ्व रक्त लोकेश्वर (१०) दिल्लाथ्व नीलकण्ठ लोकेश्वर, (११) गुँलागा मायाजाल लोकेश्वर (१२) ञलागा कारण्डव्यूह लोकेश्वर रहेका छन् (शाक्य, २०६८:९)। रक्तावलोकितेश्वर (रातो मत्स्येन्द्रनाथ) लाई महायानी बौद्धहरू आमिताभ बुद्धको रूपमा मान्दछन्। ललितपुर, चोभार, काठमाडौँ र नालामा क्रमशः राता र सेता लोकेश्वरका मूर्ति मन्दिरमा स्थापना गरिएका छन्। पाटन तःवहालको रातो मच्छेन्द्रनाथको मूर्तिको उचाइ चार फिट छ। पवित्र माटोले बनेको मूर्ति सुन्दर र भव्य देखिन्छ (वज्राचार्य, २०५८:८)। पाटनको तः वहाल र बुङ्गमतीको मन्दिर उत्तरतर्फ मूलढोका फर्काएर बनाइएको छ। त्यसले गर्भगृहमा स्थापना गरिएको रातो मत्स्येन्द्रनाथको मूर्ति उत्तरतर्फ फर्किएको छ। सहकालका देवता लोकेश्वरलाई पञ्चामृतले स्नान र पूजा गर्ने विधान छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जल अभिषेक (न्हवं) : रातो मत्स्येन्द्रनाथको मूर्तिलाई लगनखेलको डबलीमा ल्याएर शास्त्रले निर्देशन गरे अनुसार स्नान गराउने चलन छ। मूर्तिलाई स्नान गराएको रोचक दृश्य हेर्न भक्तहरूको भिड लाग्दछ। रातो मत्स्येन्द्रनाथलाई जल अभिषेक (न्हवं वा धलिं लुइगु) सम्पन्न गर्न तः वहालका पांजु (षटांजुहरू) ले सम्पूर्ण पूजाको व्यवस्था गर्दछन्। वैशाखकृष्ण प्रतिपदाको दिनमा लगनखेल (हाल बसपार्क) को न्हवं दबू (महास्नान मण्डप) मा रातो मत्स्येन्द्रनाथको मूर्तिलाई स्नान गराउनुभन्दा ४ दिनअगाडि नै पूजा सामग्रीको व्यवस्था गर्ने चलन छ। मण्डपमा विराजमान गराई विधिपूर्वक महास्नान गराएपछि मात्र मत्स्येन्द्रनाथको जात्रा शुभारम्भ भएको मानिन्छ। जामा, पटुका लगाएका, लामा लामा कपाल पालेका मत्स्येन्द्रनाथका सेवकहरू काँधमा खर्पन बोकेर पाटनका गल्ली-गल्ली घुम्दछन्। महास्नान पूजाको लागि सामग्री जम्मा पार्दै हिँडेको दृश्यले प्राचीन नेपाली समाजको पहिरन र प्रचलनको झल्को दिन्छ। खर्पन बोकेर आउने भक्तलाई अबिर, सिन्दूर, केशरी, अक्षता, भेटी, फल, फूल र कपास दिन घरका केटाकेटी तँछाडमछाड गर्दछन्।

काठमाडौँ (जनवहा द्यः), नाला (करुणामय), चोभार (आदिनाथ) ललितपुर (बुंगद्य र जटाधारी लोकेश्वर, मीननाथ) र दोलखामा स्थापित करुणामयहरूको पूजा र रथ जात्रा प्रसिद्ध छन्। रङअनुसार रातो र सेतो मत्स्येन्द्रनाथ भन्ने चलन पनि छ। ललितपुर र चोभारका लोकेश्वर रातो वर्णका, काठमाडौँ र नालाका लोकेश्वर सेतो वर्णका छन्। नाथ सम्प्रदायका भगवान्हरूलाई पञ्चामृत र जलद्वारा स्नान गराएपछि प्रतिमामा रङ्ग लगाउने, प्राण-प्रतिष्ठाको विधान गर्ने जस्ता कर्मकाण्ड गरिन्छ। त्यस अवसरमा ती देवताहरूप्रति सकल लोकपाल देवतालाई, पृथ्वीलाई, नवग्रहलाई, देशका शासकलाई, प्रजालाई, दाता जजमानलाई, कर्मकाण्ड सम्पन्न गराउने आचार्य उपाध्यायहरूलाई पनि शुभ-मङ्गल होओस् भनी कामना गरिन्छन्। नाथ सम्प्रदायका देवताहरूमध्ये १२ बर्से रथयात्रा गर्ने प्रचलन भने ललितपुरको मत्स्येन्द्रनाथको मात्रै छ। यसबारे ने.सं. ८५२ (इ. १७३२) मा लेखिएको ठ्यासफू पनि प्राप्त भएको छ (जोशी, २०६०:२५-२७)। तर ने.सं. ४५७ (इ. १३३७) को महारावणवध नाटकमा मत्स्येन्द्र बुंगेश्वरको जात्राको अवसरमा राजकुमारहरू तथा ब्राह्मणहरू उपस्थित रहेको उल्लेख छ (जोशी, २०४०:७८)। साथै जयस्थिति मल्लले मत्स्येन्द्रनाथ यात्रालाई शरद ऋतुबाट वसन्त ऋतुमा सञ्चालन गरेको पनि प्रसङ्ग छ।

रथयात्राको प्रारम्भिक चरण : नेपालमा प्रचलित रथयात्राहरूमध्ये ललितपुरको मत्स्येन्द्रनाथयात्रा सबैभन्दा लामो चर्चित जात्रा हो। झन्डै दुई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महिनासम्म चल्ने यस रथयात्राको रथ निर्माण प्रक्रिया नै विशेष छ। शिखर शैलीको मन्दिर जस्तै आकारमा रथको निर्माण गरिन्छ। रथका चार पाङ्ग्रालाई चार भैरवको प्रतीक मानेर निर्माण गर्ने चलन छ। बाह्र वर्षमा गरिने रथयात्रामा श्रीपञ्चमीको दिनमा पाटनको गछेमा चारओटा पाङ्ग्रा तयार पारिएका हुन्छन्। पाङ्ग्रामा बनेका भैरवका ३ ओटा आँखा छरिएका आँखिभुइँले गर्दा डरलाग्दा देखिन्छन्। तर ती सारै कलात्मक छन्। विभिन्न जातका काठको प्रयोग गरे पनि नसी जातको काठले पाङ्ग्रा बनाइन्छ र घसासिद्ध पूजा पनि गरिन्छ। पाटनको गछेबाट पाङ्ग्रालाई तानेर बंगलामुखी, मङ्गलबजार, पुलचोक, जावलाखेल, एकान्तकुना, नख्खु, भैंसेपाटी हुँदै बुङ्गमती पुऱ्याइन्छ। बाह्र वर्षमा भएका पाङ्ग्राजात्रा (घलाजात्रा) सडकमा ४८ वर्षपछि गुडाएर बुङमती पुऱ्याउने गरिन्छ। विशाल पाङ्ग्राहरू गुडाएको दृश्य हेर्न भक्तजनहरूको घुइँचो लागेको हुन्छ। वाराही थरका समुदायले दुई महिनासम्म खटेर, काम गरेर निर्माण गरेका ठूलठुला पाङग्रा मात्रै सडकमा गुडेको दृश्य हेर्न लायक लाग्दछ। श्वेतभैरव (लुभूभैरव), संहारभैरव (टीकाभैरव), क्रोधभैरव (हरिसिद्धि) र इखालखुभैरव (चन्द्रभैरव) को प्रतीकस्वरूप मानिएका पाङ्ग्राका प्रमुख भूमिका रथ यात्रामा हुन्छ। रातो मत्स्येन्द्रनाथको रथको तल्लो भागको बिचमा एउटा लामो काठ बाहिरसम्म आएर घुम्रिएको देख्न सकिन्छ। त्यसलाई 'घ:मा' भनिन्छ। 'घ:मा' को अग्रभागमा हयग्रीव भैरवको चित्र/मूर्ति स्थापना गरिएको देखिन्छ। "३२ हात अग्लो रथलाई टौदहका कर्कोटक नागराजाका प्रतीक ३२ हात लामो घ: मा राखेर तान्ने गरिन्छ। मत्स्येन्द्रनाथको रथको घ:मा: को मुखौटा चित्रकारले लेख्ने गर्दछन् र गलगाड छोप्ने भनेर धकिं (कपडा) ले छोप्ने गरिन्छ। त्यसकै माथि सुन जलप गरिएको तामाको ठुलो मुखौटा लगाइन्छ। रथ लगनखेलको माईरुख पुगेपछि महाबलि भनेर पाङ्ग्रा र घ: मा: लाई वौ (पूजा) दिइन्छ" (शाक्य, २०६८:४०)।

द्धेय रथको गर्भगृहमा बुङ्गको मूर्ति, पृष्ठभागमा रक्तवर्णको बोधिसत्त्वको मूर्ति स्थापना गरिएको हुँदा सम्पूर्ण देवताको वास भएको विश्वासअनुसार पूजा गरिन्छ। दुवैतर्फको पाङग्राको बिचमा कुवेरलाई आह्वान गरेर पूजा गर्ने चलन पनि छ (Locke, 1980:270-273) (स्थानीय जेष्ठ नागरिकसँग गरिएको संवादको आधार समेत)। मत्स्येन्द्रनाथको उद्भव वा आगमन सम्बन्धमा धेरै अनुश्रुति भेटिन्छन्। एक अनुश्रुतिअनुसार लिच्छवि राजा नरेन्द्रदेवले कामरूपको बाटो भएर उनलाई नेपाल ल्याएका र उनको पूजा प्रारम्भ गरेका हुन् (लेभी, २००८:९८)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मत्स्येन्द्रनाथको रथयात्राको प्रसङ्गमा उनलाई नेपाल भित्र्याउने राजा नरेन्द्रदेव, बौद्ध आचार्य बन्धुदत्त र रथचक्र ज्यापू तीनजनाको प्रयत्नको स्मरण हुन्छ। नेपालमा सहकालका लागि चौध सय वर्षसम्म बस्ने कबुल गराएर ल्याइएका देवताको रथयात्रा भने राजा वरदेवको पालादेखि चलाइएको हो (शाक्य, २०६८:३५)। मत्स्येन्द्रनाथको रथ प्रत्येक वर्ष पुल्चोक र बाह्र वर्षमा बुङमतीको चौरमा शास्त्रीय विधिअनुसार निर्माण गरिदै आएको छ। वैशाख प्रतिपदाका दिन महास्नानको विधि सम्पन्न गरेपछि मध्यरातमा मूर्तिलाई मुर्दा लगे जस्तै गरेर तः वहालमा लगिन्छ। त्यस अवसरमा सी बाजा पनि बजाइन्छ। मत्स्येन्द्रनाथको मूर्तिमा माटो लेपन र रङ्गरोगन गर्ने कार्य नेकू जातिका कलाकारहरूले गर्दछन्। "वैशाखकृष्ण द्वादशीका दिन बुंङ्गमतीका योगम्बरकहाँ बलिपूजा गरी "खिचाभू" गरिने परम्परा छ। लोकनाथको मूर्तिलाई मन्दिरभित्र बायाँपट्टिको गद्दीमा स्थापना गरेपछि पञ्चसूत्र (पसूका) धागोबाट जीवन्यासको प्रतिष्ठापना गरिन्छ (वज्राचार्य, २०५८:१५)। वज्राचार्य पञ्जुले प्राणप्रतिष्ठा विधि र दश कर्म संस्कार गर्दछन् (Locke, 1980:264-265)। मत्स्येन्द्रनाथको पूजाको लागि पुजारीलाई आदरपूर्वक पांजु (पानेजु वा षटाजुं) भनिन्छ भने नित्यपूजामा ३१ पांजु रहेको अनुमान हुन्छ (खत्री, २०५०:४)। दशकर्मकै विधिमा कलशपूजा गर्दा ६३ ओटा स-साना माटाका पालालाई एउटा ठुलो माटाकै भाँडामा राखेर तान्त्रिक विधिले पूजा सम्पन्न गरिन्छ। माटाका ६३ ओटा भाँडामा तन्त्रसम्बन्धी चिन्ह कोरिएका हुन्छन्। दशकर्म गर्दा विभिन्न देवदेवीलाई आह्वान, पूजन गरिन्छ। काठमाडौंको जनवहालस्थित सेतो मत्स्येन्द्रनाथको जल-अभिषेकपश्चात् पनि यस्तै दशकर्म गर्ने प्रथा छ। नेवार समुदायका छोरीहरूलाई महिनावारी हुनुपूर्व वा पछि गरिने संस्कार गुफा राख्ने विधि पनि मत्स्येन्द्रनाथको पूजा गरिन्छ। व्यवस्थापन पहाडी र मधेसी समुदायमा पनि महिनावारी हुँदा छुट्टै बस्ने र पहिलोपल्ट ४/७/१२ दिनसम्म अँध्यारो कोठामा पुरुषहरूको अनुहार नहेरी बस्नुपर्ने चलन छ। महिलाले मात्रै गर्ने संस्कारमा गुफा राख्नुपर्दछ। मत्स्येन्द्रनाथलाई अर्धनरेश्वरका रूपमा स्वीकार गरेर गुफा राख्ने संस्कार गरिएको हो। रथयात्रा भन्दा पूर्व गरिने यी संस्कारहरूको दार्शनिक, सामाजिक र मनोवैज्ञानिक महत्त्व छ। अझै पनि ललितपुरस्थित रातो मत्स्येन्द्रनाथ मन्दिरको पूर्वपट्टिको कोठामा देवप्रतिमालाई गुफा राख्ने चलन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथ निर्माणको क्रमलाई सुचारु रूपले सञ्चालन गर्न विभिन्न गुठी र जातिलाई जिम्मा दिइन्छ। श्रद्धा, भक्ति, सीप, कर्तव्य र अर्थ सबैको समष्टि रूप र कार्यले मात्रै कुनै पनि जात्रा ७००/८०० वर्षदेखि चल्न सक्तछ। धेरै दिनसम्म चल्ने लामो प्राचीन जात्राको रूपमा मत्स्येन्द्रनाथको जात्राको उच्च महिमा र ख्याति छ। रथमा जडान गरिने धातुका तोरण, ढोकाको दायाँ-बाँयाका खम्बाहरू सबै पाटन महाबौद्धमा राखिन्छ। महाबौद्ध वहाका बासिन्दाले श्रद्धा-भक्तिपूर्वक धातुका पाताहरूबाट बनाइएका रथका विभिन्न भागमा जडान गर्ने शृङ्गारिक कलात्मक वस्तुहरू सुरक्षाको दृष्टिबाट महाबौद्धमा राखिएको हो भनिन्छ।

लुसा गुठीले यी सबैको जिम्मा लिन्छ। रथमा लगेर धातुका अलङ्कार सजाउने र जात्रा समाप्त भएपछि रथबाट झिकेर लुसा गुठीमै राख्ने काम ज्यापुहरूले नै गर्दछन्। रथ बनाउने काठको काम गर्ने २४ जना सिकर्मीहरू पनि ज्यापु समुदायकै हुन्छन्। रथलाई मन्दिरको आकृतिमा बलियो काठद्वारा निर्माण गर्ने कार्यमा यिनीहरू सिद्धहस्त मानिन्छन्। यस कामको लागि हरेक वर्ष गुठी संस्थानसँग सम्झौता गर्ने र कामका स्तर हेर्ने कार्य पनि गरिन्छ। यी २४ जना ज्यापु सिकर्मीलाई वाराही भनिन्छ। रथलाई चाहिने सबै काठको व्यवस्था गर्ने जिम्मा उनीहरूमै रहन्छ। यसबाट मत्स्येन्द्रनाथको जात्राले धेरै जाति र शिल्पी समुदायलाई त्यत्तिकै महत्त्वको साथ प्रश्रय दिएको देखिन्छ। यसैले यसमा समावेशी भावना रहेको देखिन्छ (Sharma, 2064:29-33)।

रथको पाङ्ग्रा र अन्य काठको काम गर्ने वाराहीहरूको रथ निर्माणमा प्रमुख भूमिका हुन्छ। त्यस्तै रथलाई विशेष डोरीले बाँध्ने काम गर्नेलाई ञँवा भनिन्छ। रथको विशेष गरी जिम्मा लिने विशेटहरू हुन्छन् भने गुठी संस्थानले बेतको व्यवस्थाका लागि जिम्मा लिएको हुन्छ। यसैगरी बोशी, नाइके, वाराही र यवाल यसमा सम्मिलित भएका हुन्छन् (Sharma, 2064:31)। रथको पाङ्ग्रा र खटलाई बाँध्ने कार्यलाई गथाम्वः बाँध्ने भनिन्छ। रथको बाहिरी भाग तयार गर्ने काममा काठको प्रयोग गरिन्छ। काठको काम गर्ने वाराहीहरूलाई नाइकेले कामको निर्देशन दिने चलन छ। पाङ्ग्रा बनाउने काठ र विधि विशेष मानिन्छ। जङ्गलबाट नँसिं (सानदान जातको काठ) ल्याएर बलि दिएपछि पाङ्ग्रा बनाउने काम हुन्छ। पाटनको पम्पी महाविहारको पृष्ठभागमा रहेको गैलादेंको ननिमा श्रीपञ्चमीको दिनदेखि बनाउने काम सुरु गरिन्छ। रथको घामा बनाउने काठ जङ्गलबाट ल्याउँदा पनि विशेष पूजा गर्ने चलन छ। जङ्गलमा छानेको रुखमा बलि पूजा गर्ने र चिन्हको लागि किला ठोकिन्छ। कात्तिक-मङ्सिर महिनातिर रुख छान्ने काम भएपछि पाटनका विभिन्न टोलका युवाहरू गएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रुख तानेर ल्याउने गर्दछन्। मत्स्येन्द्रनाथलाई रथमा विराजमान गराउँदा र झिक्ता राखिने खटको काठ (लाकुरे तूसिं (लाकुरे जातको काठ) र रथलाई चाहिने स्वसिं (विशेष जातको काठ) पनि विधिपूर्वक जङ्गलबाटै ल्याइन्छ। यसरी रथ र खाटको लागि आवश्यक पर्ने काठको व्यवस्था शास्त्रीय परम्पराअनुसार सम्पन्न गरिन्छ।

यँयात : रथको लागि आवश्यक पर्ने डोरी, बेत र घाँसको व्यवस्था गर्ने र सजाउने कार्य पनि ज्यापुहरूले नै गर्दछन्। स्थानीय बोलीचालीमा ज्यापुहरूलाई यँयातः भनिन्छ। यिनीहरूले महांकालको दीक्षा लिनुपर्दछ (वज्राचार्य, २०५८:१७)। रथको टुप्पासम्म जान र आवश्यक परे डोरी तान्नेहरूलाई निर्देशन दिने तथा मर्मत गर्ने कार्य पनि यँयातःहरूले नै गर्दछन्। हरेक वर्ष यस कामका लागि ३० जना नियुक्त गरिन्छ (Locke, 1980:268)।

घःकू : १२ जना घःकूः हरूले रथको बिचमा रहेको घःमाः को निरीक्षण र नियन्त्रण गर्दछन्। रथ तान्दा कतै मान्छे वा घरसँग नठोकियोस् भन्नका लागि घःकूःहरू चनाखो भएर बस्दछन्। १२ जना घःकूःहरूले पनि भैरव दीक्षा लिनु पर्दछ। रथ तान्दा नियन्त्रण गर्ने महत्त्वपूर्ण कामको जिम्मा घःकूः हरूकै हुन्छ।

से से बाज्या (ब्राह्मण) : पाटन मल्ल राजाका ब्राह्मण पुरोहितहरूकै सन्तानले रथयात्रा सुरु गर्ने निर्देशन दिनुपर्दछ। सेतो जामा, फेटा, रातो ओड्ने ओडेको 'हसे ब्राह्मण' हरूले हौसला दिएर रथ तान्ने कार्य अगाडि बढ्छ। मत्स्येन्द्रनाथले बिरञ्ची नारायणका रूपमा एकपटक दर्शन दिएका रथमा दुईजना ब्राह्मण बसेर हौस्याउने चलन पाटनका राजा श्रीनिवास मल्लले चलाएको मानिन्छ (शाक्य, २०६८:४१)। मत्स्येन्द्रनाथको पूजा, कर्मकाण्डमा भने यी ब्राह्मणको भूमिका रहँदैन।

रथ तान्ने समूह : रथमा भगवान्को मूर्ति स्थापना गरेपछि तोकिएको थलोबाट डोरीले रथ तान्ने कार्य हुन्छ। सारै रमाइलो वातावरणमा विभिन्न टोल र त्यहाँका बासिन्दाले यसमा सहभागिता जनाउँछन्। नरिवल खसाल्ने कर्मकाण्ड सम्पन्न भएपछि भोलिपल्ट महिलाहरूको समूहले मात्रै लगनखेलबाट थतिटोलसम्म रथ तान्ने चलन छ। अन्य सबै स्थानमा केटाहरूले मात्रै रथ तान्दछन्।

मन्दिरको स्वरूपमा निर्माण गरिएको रथमा ३३ कोटी देवतालाई आह्वान गरेपछि ज्योतिषले हेरेको शुभ-साइतमा मत्स्येन्द्रनाथको मूर्तिलाई रथारोहण गराइन्छ। तः वहाबाट खटमा राखेर मूर्तिलाई लगदा पन्जु, गुर्जुको पल्टन र राजाको खड्ग पनि सँगै लैजाने प्रचलन आज पनि कायमै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पन्जुहरूमध्ये दुईजना प्रत्येक वर्ष पालो-पालो गरेर रथमा चढ्ने र दुई महिनासम्म हरेक दिन आफ्नो कार्य गर्दछन् ।

रथको शृङ्गार : मत्स्येन्द्रनाथको रथलाई राम्रो बनाउन ध्वजा, पताका, फूल, पात, वस्त्र सबै चढाउने निश्चित नियम छ । झन्डा निश्चित दस्तुर तिरेर जसले पनि चढाउन सक्छन् । रथको टुप्पामा फहराउने चन्द्र-सूर्य-अङ्कित देवध्वजले भक्तजनहरूको मनोबल बढ्ने विश्वास गरिन्छ । झन्डा र पताका चढाउन मत्स्येन्द्रनाथका ञंवाहरूलाई खाना र दस्तुर दिने चलन छ (शाक्य, ऐजनः ३३) । 'ॐ मणि पद्मे हुँ' र अष्टमङ्गल लेखिएका पताका रथको माथिल्लो भागमा अमिताभ तथागतको विराजमान स्थानमा बाँध्ने चलन छ । पताका चढाउने कार्य र पूजाको समयमा रथको टुप्पाबाट यःमरी खसाल्ने प्रचलन छ । रथमा लःस्वां (पानी फूल) चढाउने चलनमा हाल परिवर्तन आएको देखिन्छ । पानीफूलको सट्टा सहज रूपले पाइने तामा पाताको फूल ल्याएर रथमा सजाइन्छ ।

जलविनायकको जङ्गलमा लगाइएका पानीफूलका बोटहरूबाट टिपेर चढाइने फूलहरूको परम्परा टुटेको छ । पहिले मत्स्येन्द्रनाथलाई पताका चढाउनेहरूले पनि आफैले तानमै बुनेर चढाउने गर्दथे । तर हिजोआज पसलबाट किनेर चढाउने गरिन्छ । रथमा पानीफूलले सजाउने काम गर्ने जिम्मा लिएका ञंवाहरूले दस्तुरस्वरूप चामल, चिउरा प्राप्त गर्दछन् । उक्त काम गरेबापत उनीहरूलाई सरुवा चामल दुई पाथी, अदुवा, भटमास दुई माना, बाडी दुई माना र ठुलो स्वाँमाँभरि जाँड, चिउरा, पाँच माना भोजका लागि दिनुपर्ने दस्तुर रहेको छ । उनीहरूलाई भोज खुवाउँदा देवतालाई दुई भाग, लक्ष्मीलाई एक भाग र बाह्रजना ञंवाहरूलाई लस्करै राखेर खुवाउनुपर्दछ ।

जावलाखेलमा भोटो देखाइने दिन पनि मत्स्येन्द्रनाथको रथमा पानीफूल राख्ने गरिएको छ । पानीफूल नै रथमा राख्ने योजना गुठी अड्डा अर्थात् संस्थानले गरेन भनी धेरैको गुनासो रहेको पाइन्छ । पानीफूलको सट्टामा गुठी संस्थाले तामा पाताको फूल राख्ने गरेको बताइन्छ । पानीफूलका लागि रुख रोप्ने काम किन गरिएन ? सर्वसाधारणले प्रश्न गरिरहेका छन् । पानीफूलले सजाएपछि भोज पनि खाने चलन छ । अक्षय तृतीयाको दिन यम्पी महाविहारका थकालीहरूलाई पनि भोजन गराइन्छ । रथको बायाँतर्फ बसेर रथ तान्दा हौसला दिने ब्राह्मणहरूलाई गाईदान गर्ने प्रचलन छ । नघलबाट लगनखेलस्थित माईरुखसम्म रथ तानेर पुऱ्याएपछि एक रात त्यहीँ राखिन्छ । लगनखेलमा भएको रुखलाई मत्स्येन्द्रनाथको रूपमा मानिन्छ । बुधवार र एकादशीको दिनबाहेक अरू दिन पारेर आधा रातमा बौ पूजा गरिन्छ । लगनखेलबाट रथ थतिटोलमा पुऱ्याएपछि अर्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन रथको शिरबाट नरिवल खसालिन्छ। पहिले लगनखेलबाट रथ थतिटोल ल्याउँदा स्थानीय महिलाहरूले डोरी छुने, तानेको जस्तो गर्ने चलन थियो। आजभोलि भने महिलाहरूको ठुलै समूहले रथ तानेर रमाइलो गर्दछन्। पहिले रथ तान्दा महिलाहरू निर्वस्त्र हुन्थे भन्ने पनि सुनिन्छ। थतिटोल पुगेको चार दिनपछि ज्योतिषले हेरेको साइतअनुसार रथ जावलाखेल पुऱ्याइन्छ। रथलाई जावलाखेल लग्ने अन्तिम दिनको रातमा पनि रथबाट नरिवल खसाल्ने कार्य सम्पन्न गरिन्छ। थतिटोलबाट रथ तानेर जावलाखेल पुऱ्याउँदा पुलचोकका बासिन्दासँग सातगाउँका बासिन्दा पनि संलग्न हुने सूचना पढ्ने कार्य आजसम्म गरिन्छ (शाक्य, ३७)। कीर्तिपुरको अग्लो पाटीमा पाञ्जुले सातगाउँका बासिन्दालाई सम्बोधन गरेर रथ तान्न आउने सूचना दिइन्छ (शाक्य, ऐजन: ३७)। स्थलगत अध्ययनका क्रममा सातगाउँका बासिन्दाको सहभागिता कम हुँदै गएको स्थानीयको गुनासो रहेको पाइएको छ।

जावलाखेल, चिडियाखानाबाहिरको चउरमा रथ पुऱ्याएपछि भोलिपल्ट विभिन्न रमाइला जात्राहरू सम्पन्न गरिन्छ। पुलचोकका रैथाने बासिन्दा मलेकुहरूले साँझपख भात छर्ने काम गर्दछन्। भूतप्रेतलाई भात खान दिएर सन्तुष्ट पार्न यसो गरिएको हो। जावलाखेलको चउरमा रथ पुगेको तेस्रो दिन भुजाया: र चौथो दिन जाहवलाया: (भात छर्ने काम) गरेर पूजा गरिन्छ। चौथो दिन नै मत्स्येन्द्रनाथ जात्राको सबैभन्दा ठुलो आकर्षण भोटो देखाउने कार्य धुमधामसँग सम्पन्न गरिन्छ।

यो भोटो कसको हो ? भोटोजात्रा

मत्स्येन्द्रनाथको रथयात्रामा समेटिएको भोटो देखाउने जात्रा नेपालमा सबैभन्दा लामो अवधिसम्म चल्ने जात्रा हो। भोटो देखाउने जात्रासँग सम्बन्धित थुप्रै रमाइला किंवदन्तीहरू पनि प्रचलित छन्।

भोटोजात्राको दिन जावलाखेलमा भक्तजनहरूको घुइँचो लाग्दछ। काठमाडौँ, भक्तपुर र नजिकैका जिल्लाबाट समेत अनगिन्ती मानिसहरू यस जात्रामा सहभागी हुन आउँछन्। ललितपुरका बासिन्दाको लागि त यो महत्त्वपूर्ण उच्च धार्मिक अनुष्ठान बोकेको सामाजिक चाड नै हो। ललितपुरका प्रत्येक घरबाट पूजा-उपासनार्थ जान अनिवार्य नै हुन्छ (जोशी, २०७३:८५)। जावलाखेलमा रथ पुऱ्याइएको चौथो दिनमा देखाइने भोटोको रङ्ग कालो छ। यसमा रत्न, मणिहरू जडिएका छन्। भोटोजात्रामा राष्ट्रप्रमुख, विभिन्न ओहदाका सरकारी कर्मचारी, सेना, प्रहरी, सशस्त्रका प्रमुख र विश्वविद्यालयका पदाधिकारीहरूको पनि उपस्थिति देखिन्छ। राष्ट्रिय चाडको रूपमा रथजात्रा सम्पन्न गर्न र भोटो अवलोकन गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरकारले काठमाडौँ उपत्यकामा सार्वजनिक बिदा नै दिने गरेको छ। जावलाखेलमा छरिएका असङ्ख्य नरनारीले देख्न पाउने गरी रथको बुर्जामा, चार कुनामा तीन-तीन पटक गरी सम्बन्धित अधिकृतले मत्स्येन्द्रनाथको नासो रहेको भोटो वाहिर ल्याई प्रदर्शन गर्दछन्। पाटनमा माइती भएका छोरीचेलीलाई परिवारसहित निम्तो पठाएर जात्रा सम्पन्न हुने दिन भोज खुवाउने चलन अझैँ छ।

भोटो देखाएर लामो जात्राको समाप्ति गर्नुभन्दा पहिला रथ तान्ने क्रममा पोडेटोलमा पुगेपछि सम्पन्न गरिने विधि र किंवदन्ती अनौठो र रोचक छ। मत्स्येन्द्रनाथलाई लामो रथयात्रामा बस्दा घरको याद आएको र न्यास्रो लागेकोले पोडेटोलमा पुगेको रात उनले एउटी केटी साथीसँग रात बिताउने निर्णय गरे। भनिन्छ, त्यसकै सम्झनामा पोडेटोलमा रथ पुगेको मध्यरात त्यहाँका पोडे जातिका केटीहरू नाङ्गै रथको तल सुत्ने प्रचलन रहेको छ (Locke, 272)। मत्स्येन्द्रनाथले वेला-वेलामा रथ छाडेर यताउता गएको लोकगाथा पाटनमा आज पनि प्रचलित छ। एक वर्ष उनी निरन्तर कीर्तिपुर जाने गरेको बताइन्छ। कीर्तिपुरकी एक कन्यासँग उनको गहिरो प्रेम सम्बन्ध भएको बताइन्छ आज पनि एकजना पुजारी कीर्तिपुर पुगी त्यहाँ महिलाले उनलाई पूजा गर्ने र सम्मान व्यक्त गर्ने गरेको प्रसङ्ग सान्दर्भिक देखिन्छ। जावलाखेलमा रथ तानेर पुऱ्याउनुभन्दा एक हप्ताअघि नै पन्जुहरू कीर्तिपुर जान्छन्। कीर्तिपुरको पुरानो किल्लाबाट नजिकै रहेको सानो बस्तीमा पुगेर विवाह नगरी बसेकी सबैभन्दा बढी उमेरकी केटीलाई पन्जुले अलग्गै फूल प्रसाद दिन्छन्। केटीले फूल-प्रसाद लिएर आफ्नो टोलका सबैलाई बाँड्ने प्रचलन छ। कीर्तिपुरका व्रत बसेका परिवारका सदस्यहरूले प्रसाद लगाएपछि व्रत समाप्त भएको मानेर खाना खाने चलन छ। कीर्तिपुरकी एकजना केटीसँग बुंगद्यको प्रेम कथालाई स्मरण गर्ने चाडको रूपमा पनि यसलाई लिइन्छ।

पाटन दरबार क्षेत्रस्थित मणिमण्डपमा साइत हेरेर तोकिएको दिन रथ तान्ने गरिन्छ। त्यसैले मत्स्येन्द्रनाथको भोटो देखाउने दिन सुरुमै तोक्न सकिँदैन। १००/१४० वर्षअघि पोडेटोलमा रथको पाङ्ग्रा नालीमा गाडिँदा जावलाखेलमा रथ पुग्नै ढिलो भएको थियो भनी बुढापाकाहरू अझै स्मरण गर्दछन्। निश्चित समयमा रथलाई जावलाखेल पुऱ्याएर भोटो प्रदर्शन गर्न सकिएन भने मत्स्येन्द्रनाथलाई भक्तपुरेहरूले खटमा राखेर भक्तपुर लैजान सक्छन्। राजा नरेन्द्रदेवले मत्स्येन्द्रलाई धेरै बिन्तीभाउ गरेर काठमाडौँ उपत्यका भित्र्याएको प्रसङ्ग माथि नै परिसकेको छ। यसैले पाटनमा उनको मन्दिर भए पनि कुनै कुरामा कमी आएमा भक्तपुर लगेर दैनिक पूजा गरिने व्यवस्थाको स्मरण भक्तपुरका बुज्रुकहरू गर्दछन्। १३७/३८ वर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिले पाटनबाट मत्स्येन्द्रनाथको मूर्ति भक्तपुर लगिएको प्रसङ्ग पनि भेटिन्छ । २०७७ सालमा कोभिड-१९ (कोरोना भाइरस) को महामारीले रथ तान्न ढिलो हुने डरले पाटनका स्थानीयहरूले आफ्नै निर्णयले रथ तानेका थिए ।



मत्स्येन्द्रनाथको मूर्तिलाई रथमा स्थापना गरेपछि पूजापाठ, भजन र स्तोत्र पढ्ने प्रचलन छ । पाटनकै विभिन्न टोलका बासिन्दाहरूले पालैपालो स्तोत्र पाठ गर्ने चलन देखिन्छ । स्तोत्र पढ्ने समूह तुतः खल, हरेक दिन पूजा गर्न आउने समूह, भगवान्को सेवा र रथ सेवामा आउने आदिको घुइँचो हुन्छ । स्तोत्र पढ्नेहरू प्रायः पाटनको वहा-वहीसँग सम्बन्धित रहेका हुन्छन् ।

भोटोबारे किंवदन्ती : मत्स्येन्द्रनाथको रथको बुर्जाबाट देखाउने भोटोजात्राबारे रोचक किंवदन्तीहरू प्रचलनमा छन् । कीर्तिपुरस्थित टौदहमा परिवारसहित बसेका नागराज कर्कोटकसँग भोटोजात्रामा प्रदर्शन गरिने भोटोको किंवदन्ती जोडिएको छ । पात्र र प्रस्तुतिमा सामान्य फरक भए पनि चुरो उस्तै छ । किंवदन्तीलाई सारमा तल दिइन्छ :

"नागराज कर्कोटककी धर्मपत्नी आँखासम्बन्धी रोगले ग्रस्त थिइन् । कर्कोटकले तात्कालिक समयका प्रसिद्ध वैद्य, ज्योतिषहरूको सर-सल्लाहअनुसार औषधि गरे । तर रोग कम भएन । रोग बिसबाट उन्नाइससम्म पनि नभएपछि कर्कोटक नाग आत्तिए । मनुष्यको स्वरूप धारण गरेर पोखरीबाट बाहिर घुम्दै वैद्यहरू खोज्न थाले । कर्कोटक आफ्नी पत्नीको पीडाले छटपटाउँदै आँखेवैद्यको खोजीमा निस्केको र बाटोमा एक किसान आँखे-वैद्यको रूपमा फेला पऱ्यो । किसान वैद्यलाइ आयुर्वेद र घरेलु औषधिबारे ज्ञान थियो । वैद्यले जडीबुटीको प्रयोग गरेर कर्कोटक नागकी पत्नीको रोग चट्टै बनाइदिए । रोग निको भएपछि नागराजले रत्नजडित अमूल्य भोटो उपहार स्वरूप दिए । विशेष प्रकारको डिजाइन र मूल्यवान् जडीबुटीको प्रयोग भएको त्यस भोटोले जसलाई पनि आकर्षण गर्दथ्यो । एकपल्ट त्यो भोटो चोरी भयो । किसानले चोरलाई समात्न सकेनन् । तर खोजी चाहिँ गरि नै रहे । लोकेश्वर मत्स्येन्द्रनाथको जात्राको समयमा जावलाखेलमा भोटो लगाइरहेको चोरलाई देखे । किसानले आफ्नो भोटो हो

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

भनी दावी गर्दा चोरसँग झगडा सुरु भयो। झगडा भैरहेको वेला मानिसका रूपमा आएका कर्कोटक पनि त्यहीँ पुगे। उनले पनि झगडा मिलाउन नसकेपछि सबैको सहमतिमा भोटो परमेश्वर लोकेश्वरलाई अर्पण गरियो" (वज्राचार्य, २०५५:१५५)। करुणामय माहात्म्यमा भएको यस किंवदन्तीलाई धेरैले साभार गरेका छन्।

यसै किंवदन्तीलाई कतिपयले सामान्य फरक ढङ्गले प्रस्तुत गरेको पनि पाइन्छ। किसानको भोटो चोरी भएपछि प्रमाणको अभावमा कसैले पनि पाएनन्। हरेक वर्ष "जसले प्रमाण ल्याउँछ त्यसलाई भोटो दिने" भन्ने सहमतिमा मत्स्येन्द्रनाथको रथयात्रामा रथकै बुर्जाबाट चारैतिर देखाएर सोध्ने चलनले निरन्तरता पायो। अर्को भनाइअनुसार, वैद्य किसानको भोटो दुईजना भूतले चोरे। भोटोलाई कसरी बाँड्ने भन्ने विषयमा दुवैजना भूत चुनिखेलको "इकुम्व" भनिने मुहानको पोखरी किनारमा बसेर सल्लाह गर्दै थिए। मत्स्येन्द्रनाथले त्यहीँ पुगेर एउटा सर्त राखे। तिमीहरू दुई जनामध्ये जसले यो पोखरीमा धेरै बेर पौडी खेल्न सक्छ, यो रत्नजडित भोटो त्यसैको हुन्छ। सर्त मन्जुर गर्दै दुवैजना पानीमा हामफाले। त्यही वेला मत्स्येन्द्रनाथले भोटो लिएर गए र कराएर भने, "जसको भोटो हो प्रमाणसहित आउनू र लिएर जानू"। यस भनाइलाई आज पनि बल पुगिरहेको छ। "कटुवाल दहबाट मत्स्येन्द्रनाथको कलश साधना गरेर ल्याउँदा उक्त पोखरीनिर पुग्दा मत्स्येन्द्रनाथलाई भूतले नसमातोस् भनेर मृत्यु हुने वेला बजाइने काहा बाजा बजाएर ल्याउने चलन रहेको छ (शाक्य, २०६८:३३)।"

मत्स्येन्द्रनाथको घामाः भएर बसेका कर्कोटक नागराज, वैद्य किसान भूत, चोर सबैलाई पात्र बनाएर प्रचलित किंवदन्तीहरू काठमाडौँमा थुप्रै छन्। चारै दिशामा तीनपल्ट भोटो देखाइने कारण बारे पनि यस्तो उल्लेख पाइन्छः (१) पहिलोपल्ट देवता, मानिस र नागहरू (२) दोस्रोपल्ट् बन्धुदत्त वज्राचार्य (मत्स्येन्द्रनाथलाइ काठमाडौँ ल्याउन भूमिका निर्वाह गर्ने) पाटनका रथचक्र र कर्कोटक नाग तथा (३) तेस्रोपल्ट भूत, किसान वैद्य, लोकजन र यस लोकलाई लक्षित गरेर भोटो देखाइएको भनिन्छ। भोटो देखाउने ज़ात्रा आफ्नो जीवन कालमा एकपल्ट भए पनि हेर्नैपर्ने मान्यता काठमाडौँका बासिन्दाको छ। मत्स्येन्द्रनाथलाई बुङमतीमा लगेको चार दिनपछि 'प्यन्हू विचाः' भनी काठमाडौँका तीनै सहरका भक्तजनहरू विचार पूजा चढाउन जाने प्रचलन छ। जावलाखेलमा भोटो देखाउने वेला पाटनकी कुमारीलाई पनि त्यही पाटीमा ल्याएर राख्ने गरिन्छ। कुमारीले भोटो देखाएको हेर्ने प्रचलन आजसम्म पनि कायमै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मत्स्येन्द्रनाथ : बाह्रबर्से रथयात्रा

पाटनका राजा श्रीनिवास मल्लले ने.सं. ८०१ (इ. १६८१) मा १२ बर्से रथजात्राको प्रचलन गराएका थिए। ने.सं. ८५२ (इ. १७३२) को एउटा ठ्यासफूमा बुङ्गतीमा मत्स्येन्द्रनाथको रथ बनाउने र रथ तान्ने नियम बारे उल्लेख छ। प्रत्येक बाह्रबर्समा विशेष रथयात्रा गर्ने परम्परा ललितपुरको रातो मत्स्येन्द्रनाथको रथयात्राबाहेक अरू नाथ देवताहरूको हुँदैन।



बाह्र-बाह्र बर्समा भोटो जावलाखेल र बुङ्मति दुवै ठाउँमा देखाइन्छ। बाह्र बर्सको एक पटक जावलाखेलको चउरमा राष्ट्राध्यक्ष र सरकारका विभिन्न निकायका प्रमुखहरू तथा विशाल जनसमुदायको उपस्थितिमा ३ पल्टसम्म रथको बुर्जाबाट भोटो देखाएपछि रथ नै तानेर बुङमती लगिन्छ। हरेक वर्षको भोटो जात्रापछि खटमा राखेर मत्स्येन्द्रनाथलाई बुङमती पुऱ्याएको भन्दा रथ नै तानेर बुङमती पुऱ्याउँदा निकै गाह्रो हुन्छ। रथ तानेर बुङमती लग्ने क्रममा नख्खु तरेर ख्याय्न्ह्व भन्ने स्थानमा पुगेपछि पान्जुहरूले पालो तिर्ने वा लिने गर्दछन्। बुङमतीमा देय् भ्वय् खुवाउने चलन पनि छ। देय् भ्वय् खुवाउने दिन हयग्रीव भैरवलाई क्षमापूजा गर्ने दिन निर्धारण गरिन्छ। तीन दिनको कार्यक्रमअनुसार पहिलो दिन छ्वयलाभू, दोस्रो दिन द्य् भ्वय् र तेस्रो दिन कौला अर्थात् खानपिन हुने गर्दछ। देय् भ्वयका दिन घामा र पाङ्ग्रालाई पूजा गरिन्छ। पूजा समाप्त भएपछि घामा र पाङ्ग्रा छुट्याएर व्यवस्थित ढङ्गले पाटीमा राखिन्छ। ३२ जना पान्जुहरूलाई भोज खुवाउँदा चिउरा, सियावजि, कालो भटमास, अदुवा, मुला, फर्सीको अचार, मासु, तातो रस (क्वा:घासा) चटामरी खुवाउने गरिन्छ। मत्स्येन्द्रनाथको रथ बुङमती पुगेपछि पूर्ण भएको मान्ने आधारहरू थुप्रै छन्। आनन्दमार्गीहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनाइअनुसार मत्स्येन्द्रनाथको रथ पुल्चोकको मण्डपपाटीमा पुग्दा स्वाधीस्थान चक्र, गाः बहालमा पुग्दा मणिपुर चक्र, नघलमा पुग्दा अनाहत चक्र, थतिमा पुग्दा विशुद्ध चक्र, जावलाखेल पुग्दा आज्ञा चक्र र त्यस्तै गरी बुङमती पुगेपछि सहस्रार चक्रमा पुगेको भनिन्छ। रथ बनाउने पीठलाई मूलाधार चक्र र पाङ्ग्रा घुमाउनेलाई कुलकुण्डलिनी भनिन्छ (शाक्य, २०६८:४१)। यसरी तन्त्रशास्त्र र योगमा उल्लेख भएका मेरुदण्डमुनि बाहिरी भागमा बायाँतिर रहेको इडा र दायाँतिर रहेको पिङ्गला नसा र मेरुदण्डभित्र बिचमा रहेको सुषुम्ना नसासँगै मूलधारबाट माथि जाँदै आँखिभुइँनिर त्रिवेणीमा जुटेर रहेका छन्। त्यसलाई यस रथ जात्रासँग पनि जोडिएको छ। शरीर, मन र आत्मालाई एकै ठाउँमा ल्याउने कामलाई जसरी योग भनिएको छ त्यही दर्शन मत्स्येन्द्रनाथको रथ निर्माण र रथयात्राको मूल आधार पनि हो। अष्टाङ्ग योग अर्थात् (१) समाधि (स्थिर हुने) (२) ध्यान (एकाग्र भएर बस्ने) (३) धारणा (चित्तलाई ध्येयमा लगाउने) (४) प्रत्याहार (५) प्राणायाम (श्वासमा संयम राख्ने (६) उत्तसन (शरीर स्वस्थ राख्नु) (७) नियम (राम्रो, असल काम गर्नु) र (८) यम (नराम्रो काम छोड्नु) यी आठ खुड्किला क्रमशः पार गर्दै आफूलाई परिष्कृत पार्ने अनि रोग र शोकमुक्त बनाउने क्रममा हाम्रा दैनिक जीवनसँग जोडिएका यात्रा-जात्रा सबै पर्दछन्।

वुङ्ग द्य (रातो मत्स्येन्द्रनाथ) को बारेमा उल्लेख भएका साहित्यिक र पुरातात्विक स्रोत प्राप्त छन्। मितिक्रमानुसार कालक्रम मिलाएर वुङ्ग दयको उल्लेख भएका प्रमुख स्रोतहरू पनि निकै पाइन्छन्। स्वयम्भूपुराण पन्ध्रौं शताब्दीमा लेखिएको मानिन्छ। भादगाउँका राजा नरेन्द्रदेको समयमा उनका गुरु बन्धुदत्त आचार्यले कल्प पहाडबाट अवलोकितेश्वर काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ल्याएको वर्णन स्वयम्भूपुराणमा पाइन्छ। भनिन्छ बाह्रबर्से अनावृष्टिलाई हटाउन अवलोकितेश्वरलाई काठमाडौं ल्याइएको थियो।

वाराणसीका नीलकण्ठले सय श्लोकको मत्स्येन्द्रनाथको स्तुति रचना गरेका थिए। यसमा हिन्दु देवताका रूपमा महायोगी मत्स्येन्द्रनाथ, आदिनाथ, लोकेश्वर र गोरक्षलाई प्रणाम गरेर प्रारम्भ गरिएको छ। महायोगी मत्स्येन्द्रनाथ, लोकनाथ र मीननाथको उल्लेख छ। सम्पूर्ण ग्रन्थमा अवलोकितेश्वर, करुणामय र वुङग दयको उल्लेख छैन। ४१ ओटा श्लोकमा मत्स्येन्द्रनाथको प्रशंसा गरिएको छ। मन्त्रको शक्तिले बन्धुदत्त कामरूप गएर मत्स्येन्द्रनाथको पूजा आराधना गरेपछि प्रसन्न भएर मत्स्येन्द्रनाथले सदा झैं वरदान दिए। मानिसको स्वरूपमा उनी (मत्स्येन्द्रनाथ) बन्धुदत्तसँग काठमाडौं जान तयार भए। काठमाडौंमा पुगेपछि उनी भँवरामा परिवर्तित भए। राजा नरेन्द्रदेवले बन्धुदत्तलाई मौरी देख्नेवित्तिकै समात्न अनुरोध गरे। राति आएको मौरीलाई बन्धुदत्तले समाते। तुरुन्तै वर्षा भयो। आकाशे पानीमा भरपर्ने किसान र गृहस्थीहरू प्रसन्न भए। बन्धुदत्तले तान्त्रिक मन्त्रको मदतले मत्स्येन्द्रनाथको मूर्ति तयार पार (Hodgson, 1971:120;Mitra, 1971:254)। सम्पूर्ण जनतालाइ पूजा अर्चना गर्ने नियम र विधान बताएपछि नरेन्द्रदेव र आचार्य बन्धुदत्त त्यही मूर्तिमा विलुप्त भए। पाटनका आशाकाजी वज्राचार्यले विभिन्न सामग्रीको आधारमा वुङ्ग दय नामक पुस्तक २०२४ मा प्रकाशित गरे। वज्राचार्यले प्राचीन पुस्तकहरूका आधारमा यी सबै सङ्कलन र लेखन गरेको देखिन्छ। नेवारी भाषा र लिपिमा लेखिएको "मणि रत्नमाला अभयदान कथा" नामक पुस्तकका आधारमा आशाकाजी वज्राचार्यले लेखेको प्रमाण पाइन्छ। बिसौं शताब्दीमा लेखिएका वंशावलीहरूमा मत्स्येन्द्रनाथको उल्लेख गरिएको छ। नेपाली र नेवारी भाषामा लेखिएको वंशावली अङ्ग्रेजी भाषामा पनि अनुवाद भएको छ। महाबौद्ध वहाका वज्राचार्यले तयार पारेको मत्स्येन्द्रनाथको कालक्रमलाई अङ्ग्रेजी भाषामा डेनियल राइटले सम्पादन गरेका थिए (Locke, 1980:283-288; Wright, 1993:14,52)। नेपालमा चलेको लाकोक्तिअनुसार महाशिवरात्रीको दिन मत्स्येन्द्रनाथले महादेवको र महादेवले मत्स्येन्द्रनाथको रूप लिने गर्दछन्। भनिन्छ, पशुपतिनाथले वर्षमा एक पटक आफ्ना सबै गहना र मालाहरू त्यागदछन् र बुद्धको मुकुट पहिरिएर छाया दर्शन गर्दै बुद्धका रूपमा प्रस्तुत हुन्छन् (रेग्मी, २०३९:६० स विवश, २०७०:७७)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्धशास्त्रअनुसार पद्मपाणि वोधिसत्त्वले शिवलाई योगज्ञान दिएका थिए। एकपल्ट समुद्रको किनारमा डुल्दाडुल्दै शिवले योगवारे पार्वती देवीलाई ज्ञान दिन थाले। पार्वतीले खुबै चाख मानेर ध्यान दिएर सुन्न थालिन्। सुरुमा विभिन्न प्रश्नहरू पार्वतीले गरिन्। केही बेरपछि पार्वती निदाइन्। तुरुन्तै लोकेश्वरले माछाको स्वरूपमा शिवको योग-दर्शन सुने। वेला-वेलामा प्रश्न गर्दै अभिव्यक्ति दिँदै रोचक माहोल पनि बनाए। योगको सम्पूर्ण पाठ समाप्त भएपछि शिवले पार्वती निदाएको र योग शिक्षा माछाले पाएको थाहा पाए। रिसाएका शिवले श्राप दिने डरले माछा लोकेश्वरको रूपमा परिवर्तित भए। त्यस वेलादेखि मत्स्येन्द्रनाथ अर्थात् माछाहरूका स्वामी भनेर चिनिन थाले (Locke, 1980: 289)। बन्धुदत्त, नरेन्द्रदेव एकजना सेवकसँगै कामारूपपीठ (आसाम) मा मत्स्येन्द्रनाथको खोजीमा गएको पनि उल्लेख पाइन्छ। मत्स्येन्द्रनाथका बाबुआमाले आफ्ना ५०० जना छोराहरूमध्ये एकजनालाई दिने वचन दिएका थिए। बन्धुदत्तले मत्स्येद्रनाथलाई नै छानेपछि बाबुआमाले आफ्नो वचन तोडेर नदिने निर्णय सुनाए। बन्धुदत्तलाई सारै पिर पऱ्यो। मत्स्येन्द्रनाथले आफैं नेपाल आउने कुरो उनीहरूलाई बुझाए। उनले पशुपतिमा वैशाख महिनामा आर्यतीर्थको जलभिषेक गर्ने सल्लाह दिए। आफू भमराका रूपमा कलशभित्र प्रवेश गरेर नेपाल आए। विभिन्न स्रोतमा भएका वर्णनबाट मत्स्येन्द्रनाथलाई भारतको आसामबाट नेपाल ल्याएको भनिएको छ। यता कतिपयले मत्स्येन्द्रनाथको उत्पत्तिका सम्बन्धमा विभिन्न प्रमाणका आधारबाट कामरूप कामाख्याबाट ल्याएको नभई एउटा ठ्यासफूमा उल्लेख भएजस्तो मत्स्येन्द्रनाथ (आर्यावलोकितेश्वर) लाई राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यले कपोतक पर्वतबाट ललितपुरमा ल्याएको कुरा स्वीकार गर्न सकिने बताएका छन् (न:घ:भनी, २०४७:१४१-१४८)। नाथपन्थीहरू नौजना नाथहरूमध्ये गोरक्ष (गोरखनाथालाई सबैभन्दा बढी मान्दछन्। यस परम्पराका आदिनाथ प्रथमलाई भगवान शङ्करको अवतार मानिन्छ। आदिनाथ, मत्स्येन्द्रनाथ र गोरखनाथ क्रमशः गुरु र शिष्यको रूपमा चर्चित छन्। मत्स्येन्द्रनाथका चेला गोरखनाथले नागहरूलाई बशमा पारेर आसनमा बसेको र आफ्ना गुरु मत्स्येन्द्रनाथको आगमनमा सत्कार गर्न उठ्ता नागहरू स्वतन्त्र भएर पानी परेको उल्लेख छ। नाथ सम्प्रदायले प्रमुख नौजनालाई नाथ मानेको छ, तिनीहरू हुन् : (१) गोरक्षनाथ (२) ज्वालेन्द्रनाथ (३) कारिणनाथ (४) गहिनीनाथ (५) चर्पटनाथ (६) रेवणनाथ (७) नागनाथ (८) भर्तृनाथ (९)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोपीचन्द्रनाथ। गोरक्षनाथ नै गोरखनाथको नामले प्रसिद्ध छन् (पाण्डेय, १९७८:३५८)।

हठयोग प्रदीपिका ग्रन्थअनुसार भने नाथ सम्प्रदायका सिद्धहरूमध्ये नौ नाथले प्रसिद्धि पाएका छन्, तिनीहरू हुन्: (१) श्रीआदिनाथ (२) मत्स्येन्द्रनाथ (३) शावर (४) आनन्दभैरव (५) चौरङ्गी (६) मीननाथ (७) गोरखनाथ (गोरक्षनाथ) (८) विरूपाक्ष (९) विलेश। उपर्युक्त नवनाथहरूमध्ये छ नाथ (श्रीआदिनाथ, मत्स्येन्द्रनाथ, आनन्दभैरव, मीननाथ, गोरक्षनाथ एवम् विरूपाक्ष) नेपालमै पाइएका छन् (जोशी, २०७०:४९१)।

गोरखनाथले नयाँ योग प्रणालीलाई जन्म दिए जसलाई हठयोग भनिन्छ। यसै सम्प्रदायका अनुयायीहरूले मत्स्येन्द्रनाथको रथको पाङ्ग्रामा विधिवत पूजा गर्दछन्। मत्स्येन्द्रनाथको रथजात्रा कुमारीजात्रा, विस्केटजात्रा र फर्पिङ् स्थित हरिशङ्कर जात्राका अवसरमा कनफटा योगीहरूले चक्रपूजा गर्ने परम्परा छ।

बाह्र वर्षमा गरिने रथ र भोटो देखाउने कार्यका लागि सम्पूर्ण नयाँ सामग्रीको व्यवस्था गरिन्छ। मत्स्येन्द्रनाथको रथयात्रा दसैँअगाडि नै समाप्त गरेर मूर्ति मन्दिरमा स्थापना गर्नुपर्ने मान्यता छ। मत्स्येन्द्रनाथको मूर्तिलाई दसैँको वेला मन्दिरमा पुऱ्याइएन भने भक्तपुरमा लाने कुरा सुनिन्छ (शाक्य, २०६८:२६-२८)। यसबाट कुनै पनि काम वेलैमा समाप्त गर्नुपर्ने शिक्षा दिन खोजेको प्रस्ट हुन्छ।

मत्स्येन्द्रनाथ जात्राभित्रः जीवित कुमारी

शाक्तधर्म र दर्शनको निचोड हो जीवित कुमारी पूजा। नेपालका सम्पूर्ण भूभागमा प्रायः विविध जातिबाट प्रकृति, मातृसत्तालाई आदर-सम्मान व्यक्त गर्दै पूजा गर्ने आ-आफ्नै ढङ्गको प्रचलन छ। काठमाडौँ उपत्यकामा तुलजाभवानी, जीवित कुमारीको रूपमा अवतरित भएको मान्यताअनुरूप पूजा-रथयात्रा, खटजात्रा सबै गर्ने चलन छ। नेपालमा चार प्रकारका कुमारीहरूको पूजा, आराधना, खटजात्रा, रथजात्रा गरिँदै आएको छ तिनीहरू हुन् : (१) राज्यको कुमारी (वसन्तपुरस्थित जीवित कुमारी) (२) सरकारी कुमारी (पाटन र भक्तपुरकी कुमारी) (३) स्थानीय कुमारी (उपत्यकाका विभिन्न वहाल, विहार, बुङमती एवम् दोलखाका कुमारी) (४) व्यक्तिगत कुमारी (शर्मा, २०७०:३१-३२)। नेपाल र नेपालीका लागि मात्र होइन समुच्च मानव जातिका लागि नै जीवित कुमारी प्रभावी मानिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलो पटक रजस्वला हुनुअगाडि नै विधिपूर्वक कुमारी चयन गरिन्छ। वास्तवमा देवी कुमारीप्रतिको आदरभाव भन्नु नै शक्तिको उपासना हो। नेपाली संस्कृतिको एक अनौठो र जीवन्त मौलिकता तथा धार्मिक सहिष्णुताको उच्चतम उदाहरण नै जीवित कुमारीप्रतिको हिन्दु एवम् बौद्ध धर्मावलम्बीहरूको समान आस्था हो। कुमारी परम्परालाई संरक्षण गर्नमा काठमाडौँ उपत्यकाका नेवार समुदायभित्रका वज्राचार्य, शाक्य, ज्यापु राजोपाध्याय, गुभाजु आदि थरको उल्लेखनीय भूमिका रहेको देख्न सकिन्छ (Poudel, 2019:118-144)।

नेपाल र नेपालीको लागि मात्र होइन समुच्चय मानवजातिको लागि नै जीवित कुमारी प्रभावि मान्छि। पहिलो पटक रजस्वला हुनु अगाडि नै विधिपूर्वक कुमारी चयन गरिन्छ। वास्तवमा देवी कुमारीप्रतिको आदरभाव भन्नु नै शक्तिको उपासना हो। नेपाली संस्कृतिको एक अनौठो जीवन मौलिकता र धार्मिक सहिष्णुताको उच्चतम उदाहरण नै जीवित कुमारीप्रतिको हिन्दु एवम् बौद्धधर्मावलम्बीहरूको समान आस्था हो। कुमारी परम्परालाई संरक्षण गर्नमा काठमाडौँ उपत्यकाका नेवार समुदाय भित्रका बज्राचार्य शाक्य, ज्यापु, राजोपाध्याय, गुमाजु आदि घरको उल्लेखनीय भूमिका रहेको देख्न सकिन्छ। (Poudel, 2019:118-144)।

पाटन र बुङमती दुवै स्थानकी जीवित कुमारीको उपस्थिति मत्स्येन्द्रनाथको रथजात्रामा रहन्छ। मातृसत्तात्मक समाजको एउटा स्वरूप कुमारी पूजाबाटै प्रस्ट हुन्छ। मत्स्येन्द्रनाथको रथजात्रामा पनि कुमारी पूजा र उनको उपस्थिति महत्त्वपूर्ण मानिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथयात्राको वेला लगनखेलको पाटी, तःपोखरी र जावलाखेलको पाटीमा कुमारीको सवारी चलाएर पाटीमै केही समय विश्राम गराइन्छ। कुमारीलाई भोटोजात्राको भोटो अवलोकन गराएपछि खटमा राखेर आफ्नै स्थायी वासस्थानमा पुऱ्याइन्छ। आज पनि कुमारीलाई खटमा राखेर ल्याउँदा र पाटीमा विश्राम गराउँदा दर्शन र पूजा गर्नेको घुइँचो लाग्दछ।

बुङमती तःवहालको मन्दिरमा मत्स्येन्द्रनाथको प्रतिमालाई राख्ने कार्य समाप्त भएपश्चात् देय् म्वय् (भोज) खाने चलन छ। यो रश्म गर्ने वेला आगम्पूजा र कुमारीपूजा अनिवार्य रूपले गरिन्छ। मत्स्येन्द्रनाथको काम र विधि विधानमा त्रुटिभए क्षमा माग्ने पूजा हो यो। शरीरमा घाउ, खटिरा नभएको, दाँत नझरेको र रजस्वला नभएकी आचार्यकी छोरीलाई कुमारी बनाइन्छ। यो चलन आजसम्म पनि कायमै छ। बत्ती बालेर नित्य पूजा गर्ने सम्पूर्ण कार्य स्थानीयहरूको पहलमा मात्रै हुँदै आएको छ। सरकारी निकाय, गुठी अड्डाहरूको आर्थिक सहयोग नपाएको गुनासो वेला-वेलामा सुनिन्छ।

बुङमतीमा मत्स्येन्द्रनाथलाई रक्षा गर्न हयग्रीव भैरवको मन्दिर निर्माण गरिएको छ। त्यही मन्दिरभित्रै गर्भगृहमा कुमारीको प्रतिमा पनि स्थापना गरिएको छ। कुमारीको कुम्व पूजा मत्स्येन्द्रनाथको महास्नान भन्दा ६ महिनाअघि नै गर्ने परम्परा छ।

यसरी मत्स्येन्द्रनाथको पूजा र रथारोहरणमा कुमारीको पूजा र उपस्थिति अनिवार्य देखिन्छ। मन्दिरकै आकृति र भावमा बनाइएको रथको तलालाई स्तूपको त्रयोदशभुवन मानिन्छ, जुन यस प्रकार छन्: प्रमुदिता, विमला, प्रभाकरी, अचिष्मती, षुदूर्जया, अभिमुखी, दुरुंगमा, अचला, साधुमती, धर्ममेधा, समन्तप्रभा, निरूप्रभा, वज्रभूमि ज्ञानमती। मत्स्येन्द्रनाथको प्रतिमा रथमा रहुन्जेल त्यहाँ ३३ कोटी देवताको वास रहने विश्वासमा दैनिक पूजा, आरती र भजन गर्ने गरिन्छ।

मीननाथ रथयात्रा

वुङगदयको स्नान, पूजा र भोटोजात्राको विकासक्रम हेर्दा यसको रथयात्रा लामो समयदेखि चल्दै आएको र केही अन्य देवताका रथयात्राहरू पनि यससँगसँगै समावेश हुँदै चलिरहेको देख्न सकिन्छ। मत्स्येन्द्रनाथको मूल गर्भगृहको पृष्ठभागमा पनि अर्को एउटा मूर्ति स्थाप गरिएको हुन्छ, जसलाई गोरखनाथ वा भीमेश्वर तथागतको रूपमा स्थापित मूर्ति भनिन्छ। पहिले ढलाँछे टोलमा लोकेश्वर, नारायण र मीननाथ (चक्वाद्य) को रथ तान्ने प्रचलन थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाटन भेकका प्रमुख देवी, देवताका खट र रथजात्रामध्ये मीननाथ रथजात्राले निरन्तरता पाइरहेको छ। मत्स्येन्द्रनाथको रथभन्दा मीननाथको रथको आकार सानो हुन्छ। मीननाथलाई बाबु र मत्स्येन्द्रनाथलाई छोराको रूपमा पूजा गर्ने र रथ तान्ने गरिन्छ। आसामको कामरूपबाट बाबुछोरा मत्स्येन्द्रनाथ र मीननाथ नेपाल आएको वर्णन वंशावलीहरूमा पाइन्छ। पर्वतीय वंशावलीमा अनावृष्टिका कारण नेपालमा अनिकाल परेको र वर्षा गराउन कामरूपबाट मत्स्येन्द्रनाथलाई ल्याइएको वर्णन छ। अभिनव गुप्तको इ. १०१५ को ग्रन्थ तन्त्रालोकमा मत्स्येन्द्रनाथको उल्लेख छ। १६ औँ शताब्दीको ग्रन्थ रत्नारजोपम कथामा पनि मीननाथ र मत्स्येन्द्रनाथ दुवै कामरूपका मछुवा थिए र तिनीहरूले आचार्य चर्पटसित शिक्षा-दीक्षा ग्रहण गरी सिद्ध भएका थिए भनिएको छ। शैव-कौल सम्प्रदायका सुप्रसिद्ध ग्रन्थ 'महाकौलज्ञानविनिर्णय' मत्स्येन्द्रनाथले नेपालमा ल्याएका थिए। नवौँ शताब्दीको मानिने उक्त ग्रन्थको पुष्पिकामा त्यस विषयको वर्णन पाइन्छ। तेह्रौँ शताब्दीमा नेपाल आएका तिब्बती यात्री धर्मस्वामिले मत्स्येन्द्रकोमूर्ति, काठको जात, रङगको प्रसङ्गको साथै मत्स्येन्द्रनाथबारे उल्लेख गरेका छन्। भनिन्छ, जयस्थिति मल्लको समयदेखि शरद ऋतुमा गरिने मत्स्येन्द्रनाथ यात्रालाई वसन्त ऋतुमा सारिएको थियो (जोशी, २०६०:३१-३३)। ने.सं. ४५७ (इ.१३३७) को महीरावणवध नाटकमा मत्स्येन्द्र बुङ्गेश्वरको यात्रा र त्यसमा सहभागी ब्राह्मण राजकुमारहरूको वर्णन छ। यस्तै ने.सं. ५०७ (इ.१३८७) मा जयस्थिति मल्लले आफ्ना ३ जना छोराहरूसँगै बुङगयात्रा गरेका थिए भनिएको छ (Bajracharya and Malla, 1985:119)। यसरी मल्लकालमा मत्स्येन्द्रनाथको जात्रा र प्रसिद्धि चुलिएको प्रस्ट हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिच्छविकालदेखि शाहकालसम्मका राजाहरूले आफ्ना संरक्षक देवताको रूपमा पशुपतिनाथलाई पूजा गरे। जनताहरूले पनि सारै श्रद्धाभक्ति गरेर मत्स्येन्द्रनाथलाई रथ र खटमा राखेर घुमाउने पूजा-उपासना गर्ने र एउटा महिमाशाली विरासदको रूपमा आत्मसात गर्ने परम्परा कायमै राखे। टोल-टोल, घर-घर मत्स्येन्द्रनाथलाई डुलाउने, पुऱ्याउने र सबैले हौसेर रथ तान्ने कार्य गरेबाटै उनको महिमा बुझ्न सजिलो हुन्छ।

भनिन्छ, अवलोकितेश्वर वासस्थलचाहिँ क्रमशः मगधको कोलम्ब र मालावारको पोटाला पर्वत हो। यहाँ कहीँ मत्स्येन्द्रनाथको ठाउँमा मीननाथ भनी सम्बोधन गरिन्छ। नेपालका बौद्ध धर्मावलम्बीहरू मीननाथलाई मत्स्येन्द्रनाथका कान्छा भाइका रूपमा पनि लिने गर्दछन्। कतिपयले मीननाथ र मत्स्येन्द्रनाथलाई बाबुछोराका रूपमा पनि प्रस्तुत गरेका छन्। यहाँको स्थानीय भाषामा बुङ्ग भन्ने गरिए पनि बोलचालको भाषामा भने मच्छिन्द्रनाथ नै भनिन्छ। मत्स्येन्द्रनाथका अनेक नाम र रूप दिइए पनि माछाबाट उद्भव भएको मानिएको हुँदा मत्स्येन्द्रनाथ भन्नु बढी उपयुक्त मानिन्छ। यता अतीतमा नेपाल आएका विदेशीले भने अनेक नामले सम्बोधन गरेको देखिन्छ, जस्तोः कर्कप्याट्रिकले भूगदेव (Bhoogadeo), पादरी गिसेपले वोघेरो (Boghero) आदि (Kirkpatrick, 2007:190-191; लेभी, २००५ : १९०, २१८-२२०: विवश, २०७०:५)

समष्टिमा नेपालको एक साझा, मिश्रित तथा मौलिक-संस्कृति परम्परालाई प्रत्यक्ष देख्न र पाठ सिक्न सक्ने धार्मिक सहिष्णुताको प्रतीक हो रातो मत्स्येन्द्रनाथ एवम् यससँग जोडिएका अन्य जात्रा। यस्ता पर्वले जीवनलाई सरस र सारपूर्ण बनाइरहेका छन् भने मैत्रीभाव, सांस्कृतिक समन्वय र सहकार्यको संस्कृतिलाई आत्मसात् गरिरहेको अनुभूत हुन्छ। नेपालकै रक्षक हिन्दु तथा बौद्धमार्गी दुवैका एक साझा स्थानीय देव एवम् स्वतन्त्रताका प्रतीक मानिन्छन् रातो मत्स्येन्द्रनाथ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवराज इन्द्रलाई पाता कस्ने : इन्द्रजात्रा

इन्द्रदेवको उल्लेख वेदमा धेरैपल्ट आइरहन्छ। अधिकांश हिन्दुहरू वेदलाई ब्रह्माको सृष्टि अर्थात् अपौरुषेय भन्न रुचाउँछन्। उनीहरूको विचारमा सामान्य मानिसले वेदमा उल्लेख गरिएको माथिल्लो स्तरको दर्शनलाई मनन गरेर व्यक्त गर्नै सक्तैनन्। महत्त्वपूर्ण सूक्त र मन्त्रहरूले भरिपूर्ण वेदको रचना साधारण मानवद्वारा सम्भव छैन। त्यसैले सर्वप्राचीन ग्रन्थ वेदको रचनालाई ब्रह्माको सृष्टिसँग जोडिएको देखिन्छ। दर्शन र धर्ममा पनि तर्क गर्न रुचाउने हिन्दुहरू भने वेद विशिष्ट गुण भएका मानिसहरूले देखेको अनुभव तथा विचारहरूको सङ्कलन मान्छन्। यसैले वेद अद्वितीय ग्रन्थ हो। यसमा इन्द्रदेवको आवाहन, स्तुति, पूजन र उनीसँग मागिएको सहयोगको विषय समावेश भएका सूक्तहरू थुप्रै छन्। वेदको समयदेखि आजसम्म वैदिक देव इन्द्रको आवाहनद्वारा सम्पन्न गरिने यज्ञ, हवन, पूजन, रथारोहण, रथयात्रा, रक्षासूत्रबन्धन र इन्द्रध्वज उत्सव-समारोह अविरल चलिरहकै छ। प्राचीनकालमा इन्द्रको उत्सवलाई इन्द्रमह भनेर वर्णन गरिएको छ (पौड्याल, २०७३)।

सनातन धर्मावलम्बीहरूका प्रमुख र प्रचलिंत चाड दसैं, तिहार र फागुभन्दा पनि इन्द्रजात्रालाई संस्कृतिविद्हरूले पुरानो चाड मानेका छन्। भदौ महिनाको शुक्लपक्षको द्वादशीमा प्रारम्भ हुने यो जात्रा आठ दिनसम्म मनाइन्छ। औपचारिक रूपमा द्वादशी अर्थात् वामन द्वादशीको दिनमा रथयात्रा गरेर यस जात्रालाई ठुलो जनसमूह, राष्ट्रप्रमुख र विदेशी कूटनीतिज्ञहरूको उपस्थितिमा भव्य रूपमा परिचालन गरिन्छ। इन्द्रजात्रा र लिङ्गो (ध्वजा) ठड्याउने प्रचलनको सम्बन्धमा वाल्मीकि रामायण, महाभारत, हरिवंशपुराण, कालिकापुराण, देवीपुराण, विष्णुधर्मोत्तरपुराण, बृहत्संहिता र भविष्यपुराणमा विस्तृत वर्णन पाइन्छ।

इन्द्रजात्रा (इन्द्रमह) को प्रमुख कार्य नै लिङ्गो (ध्वजा) स्थापना हो। पुराणअनुसार प्राचीनकालमा देवता र असुरहरू ठुलो युद्धको तयारीमा लागे। त्रिदेव र सम्पूर्ण देवगणले देवराज इन्द्रलाई विजयी गराउन ध्वजा बनाएर त्यसलाई पूजा गरेर इन्द्रलाई हस्तान्तरण गरे। इन्द्रले समातेकाले त्यस ध्वजालाई इन्द्रध्वज भनियो। देवासुर सङ्ग्राममा देवताहरूको विजय भएपछि इन्द्रध्वज पूजा र समारोहले निरन्तरता पायो। स्वर्गलोक र पृथ्वीमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समेत विजयको कामनाले राजाहरूले इन्द्रध्वज स्थापना गर्न थाले। पृथ्वीका राजा उपरिचर वसुलाई देवराज इन्द्रले इन्द्रध्वज दिएपछि उनले युद्धमा सजिलै विजय हासिल गरेको चर्चाले सबैमा यो पर्व मनाउने हौसला जाग्यो। आफ्नो राज्यमा सुख, समृद्धि बृद्धि गर्न इन्द्रध्वजा स्थापना गर्ने परम्परा बस्यो।

ज्योतिषशास्त्रका ज्ञाता वराहमिहिरको ग्रन्थ बृहत्संहितामा इन्द्रध्वजा स्थापनाको नियम, पूजा विधि र फल प्राप्तिको विस्तृत वर्णन छ। इन्द्रजात्राको अवसरमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा देवराज इन्द्रको डोरीले हात बाँधेको प्रतिमा प्रदर्शन गरिन्छ। अस्थायी रूपले बनाइएको मचान, खम्बा पाटीमा समेत इन्द्रका प्रतिमाहरू पूजा दर्शनको लागि व्यवस्थापन गरिएको हुन्छ। अष्टदिक्पालमध्ये इन्द्रदेव एक हुन्।

इन्द्रले पूर्व, यमले दक्षिण, निर्ऋतिले दक्षिण-पश्चिम, वरुणले पश्चिम, वायुले उत्तर-पश्चिम कुवेरले उत्तर, इशानले उत्तर-पूर्व र अग्निले दक्षिण-पूर्व दिशाको रेखदेख गर्ने जनविश्वास छ। अन्तरिक्षका देवता इन्द्रलाई वर्षा, उर्वराशक्ति र युद्धका देवताको रूपमा वेद र पुराणमा वर्णन गरिएको छ। इन्द्रलाई वृष्टि र वृतलाई अनावृष्टिको प्रतीक मानेर रचित सूक्तहरू वेदमा छन्। बृहत्संहिता अनुसार इन्द्रको मूर्ति बनाउँदा हातमा वज्र लिएको, हात्तीमा चढेको बनाउनुपर्छ। विष्णुधर्मोत्तरपुराणमा भने नीलो लुगा लगाएको स्वर्णजस्तो अनुहार, निधारमा तेस्रो आँखा, देब्रेतिर गहना लगाएकी शक्तिसहित चार दाँत भएका, सेतो रङ्को हात्तीमा (ऐरावत) बसेको देखाउनुपर्ने विधान उल्लेख छ। इन्द्रको प्रतिमा बनाउँदा हात्तीमा चढेको, चौडा छाती, लामो हात, हजारौं आँखा, हातमा कमलको फूल र वज्र लिएको बनाउने प्रावधानको वर्णन मत्स्यपुराणमा पनि दिइएको छ।

रूपमण्डनमा अष्टदिक्पालको मूर्ति बनाउँदा चारओटा हात निर्माण गर्ने प्रावधान छ। तर द्विभुजको लोकपाल प्रतिमा बनाउने विधान भने प्राचीन नै हो। मानसोल्लासमा सबै लोकपाल द्विभुज हुने वर्णन छ। बौद्ध र जैन मूर्ति विधानमा पनि दिक्पालको महत्त्व प्रस्ट पारिएको छ। अंशुमदभेदागममा इन्द्रका दुई आँखा र दुई हातमा शक्ति र अंकुश देखाउनुपर्छ भनिएको छ।

ग्रन्थहरूमा निर्देशन भएअनुरूप नै इन्द्रका मूर्तिहरू नेपालमा निर्मित भएका छन्। शैव परिवारका देवदेवीका निधारमा तेस्रो आँखा ठाडो गरेर र देवराज इन्द्रको तेर्सो गरेर बनाइन्छ। इन्द्रलाई सहस्रलोचन पनि भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हजारौँ आँखा हुनुको कारण पुराणहरूमा प्रस्ट पारिएको छ। सप्तऋषिहरूमध्ये एक गौतमको आश्रमको व्यवस्था, सरसफाइ र आध्यात्मिक चिन्तन-मनन, ध्यान र योगबारेको चर्चा देवलोकमा वेलावेला हुने गर्दथ्यो। स्वर्गलोकबाट देवताहरू ऋषि गौतमको आश्रममा कहिलेकाहीँ आउँथे। एकपल्ट देवराजले ऋषि गौतमको भेषमा आश्रममा आएर अहल्यासँग समागम गरे। नक्कली गौतमलाई गौतम ऋषिले देख्ता आश्चर्य मानेको र योनिमा लुब्ध भएकाले शरीरभर नै हजार योनि उत्पन्न हुने श्राप दिएको उल्लेख छ। ऋषि गौतमले पत्नी अहल्यालाई पनि ढुङ्गामा परिणत हुने अर्थात् कष्टकर जीवन आश्रममै लुकेर बसी आफ्ना दिनहरू बिताउनु परोस् भन्ने श्राप दिएका थिए। रङ्गनाथ रामायणअनुसार गौतम ऋषिको तपस्या भङ्ग गरेर, इन्द्रको आसन बचाउन इन्द्रले नै ऋषि पत्नी अहल्याको सतित्व नष्ट गरेका थिए। गौतमको श्रापमोचन गर्न इन्द्रले गौतमी नदीमा डुबुल्की लगाएको र देवीको वरदानपछि इन्द्रको शरीरमा भएका योनि आँखामा परिवर्तित भएको वर्णन पद्मपुराणमा छ।

बनेपा, पनौतीमा निर्मित इन्द्रेश्वर महादेव मन्दिरको परिसरमा अहल्या मन्दिरको अवशेष पत्थर अझै छ। इन्द्रले आफूले गरेको कुकर्मको प्रायश्चित्त गर्न पुण्यमती, रोशी र लीलावतीको सङ्गममा स्नान गरेर आफ्ना आराध्यदेव शिवको लिङ्ग स्थापना गरी इन्द्रेश्वर मन्दिर बनाएको किंवदन्ती प्रचलनमा छ।

इन्द्रको शरीरभर नै आँखा भएकाले उनलाई सहस्रलोचन पनि भनिन्छ। महाभारतको आदिपर्वमा भने शिवका चार मुख र इन्द्रका हजार आँखाको उत्पत्तिको रोचक वर्णन छ। दैत्य दाज्यूभाइ सुन्द र उपसुन्दको उपद्रोले गर्दा देवगणहरू हैरान भएका थिए। अप्सरा तिलोत्तमाको सहयोगले दुवै भाइलाई दमन गर्ने निर्णय देवताहरूले लिए। तिलोत्तमा अति नै सुन्दरी थिइन्। पृथ्वीमा भएका सम्पूर्ण उत्तम वस्तुको ससाना टुक्रा अर्थात् तिलांश जम्मा पारेर निर्माण गरिएको हुनाले उनको नाम तिलोत्तमा भयो। देवलोकमा देवताहरूलाई पूजा गरेर आफ्नो काममा जाने तयारीमा तिलोत्तमा लागिन्। तिलोत्तमाले देवतालाई वरिपरि घुमेर आराधना स्तुति र पूजा गरिन्। तिलोत्तमालाई बारम्बार आँखै नझिम्काएर हेर्दा शिवका चारै दिशामा शिरहरू उत्पन्न भए। देवराज इन्द्रका शरीरमा पनि आँखैआँखा निस्किए। यसरी शिवका चार मुख र इन्द्रका हजारौँ आँखाको उत्पत्तिबारे पुराणहरूमा रोचक वर्णन पाइन्छ। इन्द्र, देवताहरूका राजा हुन्। उनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सधैँ चनाखो, कुटनीतिपूर्ण भई सबैतिर दृष्टि पुऱ्याउनुपर्ने भएकोले हजारौँ आँखा भनेको सबैतिर विचार पुऱ्याउने अर्थमा पनि लिन सकिन्छ।

पेय पदार्थ सोमरसको उल्लेख वेदको धेरै ठाउँमा छ। इन्द्रलाई सोमरस पान गर्ने र त्यसको प्रशंसक र पारखीको रूपमा वर्णन गरिएको छ। इन्द्र र सोमरसको सम्बन्धको कारणले गर्दा उनलाई सोमपा पनि भनिन्छ। सोमरसलाई अमृतसँग तुलना गरिएको छ। सोमरस पिएर अमरत्व प्राप्त गर्न सकिने वर्णन ऋग्वेदमा छ। स्वर्गमा मात्रै उपलव्ध हुने सोमलता, मानिसलाई स्वस्थ निरोगी बनाउन पृथ्वीमा ल्याइएको थियो। सोमरस पिएर आरोग्य, आनन्द, आयु, वीर्य, प्रतिभा, मेधा, प्राप्त गर्न सकिने उल्लेख शास्त्रहरूमा छ। सोमरसलाई दुध, दही, घिउ, मह, पानी र जौको सातुसँग मिसाउने तरिकाको वर्णन वेदमा छ। वैदिक समयमा सोम पवित्र र सबैले ग्रहण गर्न सक्ने पेय पदार्थ थियो। तर सुराको अवगुणले गर्दा त्यसलाई हेय दृष्टिले हेरिन्थ्यो। असुरहरूको पतनको एउटा प्रमुख कारण नै अत्यधिक सुरापनालाई मानिएको छ। त्यागी र दानी ऋषि दधीचिको हड्डीबाट बनाइएको वज्रद्वारा देवराज इन्द्रले वृत्रासुरसहित आठ सयभन्दा बढी दैत्यहरूलाई मारेको वर्णन शास्त्रहरूमा छ।

देवराज इन्द्रको बेग्लै सम्प्रदाय नभए पनि हिन्दुहरूका अति चर्चित र पूजित देवतामा उनी समाहित छन्। वर्षा, उर्वरा र युद्धका देवताको रूपमा इन्द्रको पूजा वैदिक समयदेखि आजसम्म चलिरहेकै छ। पौराणिक समयमा श्रीकृष्णको प्रभुत्व बढेको वेला इन्द्रको पूजा कम गरिएको प्रमाण पुराणहरूमा छ। श्रीकृष्ण र इन्द्रको संवादबाट वैदिक देवताको पतन र पौराणिक देवताको उत्थानबारे धेरै तथ्य प्रस्ट हुन्छ। इन्द्रलाई सौरदेवताको रूपमा पूजा गरिन्छ पौड्याल, (२०७२:७)।

बाह्र महिनाका बाह्र आदित्यमध्ये भदौ महिना इन्द्रको विशेष महिना मानिन्छ। त्यसैले नेपालमा उनको उत्सव, पूजा, जात्रा भदौ महिनामै सम्पन्न गरिन्छ। इन्द्र ध्वजोत्थानको ८ दिनभित्र सम्पन्न गरिने कुमारी र भैरवको विशेष रथयात्रा काठमाडौँ उपत्यकावासीको महत्त्वपूर्ण ठुलो चाड हो। इन्द्रजात्रामा प्रदर्शन गरिने इन्द्रका काष्ठ र धातु मूर्तिमा दुवै हात डोरीले बाँधेको देखाइन्छ। यस प्रकारको मूर्ति प्रदर्शनबाट देवताका राजा भए पनि आफूले गरेको कर्मको सजाय, दण्ड सबैले पाउनैपर्छ भन्ने शिक्षाद्वारा जनसमुदायलाई सचेत बनाउन खोजिएको देखिन्छ। उपत्यकामा प्रचलित किंवदन्तीअनुसार इन्द्रले आमाका लागि पारिजात फूल र कर्कलो, एउटा कृषकको बारीबाट अनुमति नलिएरै टिपे। नसोधी फूल टिपेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आरोपमा कृषकले इन्द्रलाई समातेर, बाँधेर सहर परिक्रमा गराएर दण्ड दिए। हरेक वर्ष त्यही घटनाको स्मरणमा काठमाडौँ उपत्यकामा इन्द्रजात्राको दिन इन्द्रको हात बाँधेको अर्थात् पाता कसेको मूर्ति प्रदर्शन गरिन्छ। इन्द्रजात्रामा प्रदर्शित हात पसारेर बसेका इन्द्रको मूर्तिले सोही कुराको प्रतिनिधित्त्व गर्छ भन्ने लोकधारणा छ। हनुमानढोकाको प्राङ्गणतिर प्रदर्शन गरिने हात्तीको एउटा रमाइलो नाच छ जसलाई नेवारीमा "पुलुकिसि प्याखं" भन्ने चलन छ (वज्राचार्य, २०३३:१७६)। सत्रौं शताब्दीको अन्त्यतिर तिब्बत पुगेका एकजना पादरीले इन्द्रजात्राको वर्णन अनौठो ढङ्गले गरेका छन्। ती पादरीले काठमाडौँबाट भोट पुगेका एकजना सुनारलाई चाँदीको क्रस बनाउन दिँदा सुनारले ५ दिनसम्म धुमधामसँग पूजा गर्ने आफ्नो देशको प्रसिद्ध इन्द्रजात्राको स्मरण गरेका थिए।



काठमाडौँ उपत्यकामा सम्पन्न गरिने इन्द्रजात्रामा समयअनुसार रोचक प्रसङ्गहरू पनि थपिँदै गएका छन्। इन्द्रध्वजोत्थानको वीजारोपण वैदिककालमै भइसकेको थियो। सत्ययुगदेखि नै बेलावेलामा देव र दानवहरूको युद्ध भइरहन्थ्यो। गुरु शुक्राचार्यको सल्लाहअनुसार रणनीति बनाएकाले दानवहरूले देवहरूलाई विभिन्न युद्धमा हराए। देवताहरू विष्णुकहाँ सल्लाह लिन पुगे। सबै कुरो बुझेपछि देवराज इन्द्रलाई विष्णु भगवान्ले एउटा विशेष ध्वजा प्रदान गरे। देवगुरु बृहस्पतिको सल्लाहअनुसार विशेष रूपले ध्वजाको स्थापना र पूजन गरेर देवताहरू दानवसँग युद्धमा लड्न गए। विष्णुले प्रदान गरेको त्यो विशेष ध्वजा (इन्द्रध्वज) को प्रभावस्वरूप देवताहरूले युद्धमा विजय प्राप्त गरे।

भनिन्छ, त्यसैको स्मरणमा आजसम्म इन्द्रध्वज स्थापना र जात्रा सम्पन्न गरिन्छ। वर्तमान कालमा समेत मनाइने इन्द्रजात्रामा अनेक रोचक र ऐतिहासिक कुराहरू पनि थपिँदै आएका छन्। अहिलेको चलनअनुसार द्वादशीको दिन हनुमानढोकाअगाडि हुने राजकीय ध्वजोत्थानमा लिङ्ग गाड्ने समारोहबाट इन्द्रजात्राको उत्सव प्रारम्भ हुन्छ। सम्बद्ध विज्ञअनुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रजात्रामा हनुमानढोकाअगाडि ध्वजोत्थान गर्ने परम्परा भने पृथ्वीनारायण शाहका छोरा प्रतापसिंहले चलाएका थिए। यद्यपि इन्द्रचोक आदि स्थानहरूमा गाड्ने लिङ्गोको सांस्कृतिक परम्परा ज्यादै पुरानो देखिन्छ (वज्राचार्य, २०२५:५४)।



इन्द्र सरोवर

पृथ्वीलोकमा शासन गर्ने उपरिचर वसु नामका राजालाई इन्द्रले ठुलो समारोह आयोजना गरेर इन्द्रध्वज उपहारस्वरूप प्रदान गरे। उपरिचर वसुले युद्धमा लगातार विजय प्राप्त गरेको समाचारले पृथ्वीका विभिन्न राज्यका राजाहरूले पनि इन्द्रध्वज स्थापनालाई महत्त्व दिए। प्रसिद्ध ग्रन्थ वृहत्संहितामा इन्द्रध्वज स्थापनाको विधान र फलबारे विस्तृत वर्णन छ। काठमाडौँ उपत्यकामा मनाइने रथयात्राहरूमध्ये इन्द्रजात्राको दिन तानिने कुमारी, भैरव र गणेशको रथयात्रा विशेष मानिन्छ। वंशावलीअनुसार राजा गुणकामदेवको पालामै मनाइने यो जात्राको रौनक काठमाडौँका अन्तिम मल्ल राजा जयप्रकाशको समयमा झन् बढ्दै आयो। यसैगरी हुन त केहीअगाडि प्रताप मल्लको समयमा नै कुनै बौद्ध उपासककी बालिकालाई कुमारी नामकी प्रतीक बनाएर पूजा गर्ने प्रणाली चलिसकेको बाबुराम आचार्यले उल्लेख गर्नुभएको छ। त्यही परम्परालाई निरन्तरता दिँदै जयप्रकाश मल्लले अरू दुईजना कुमार ल्याएर गणेश र भैरवका प्रतीक बनाइ कुमारीको साथ पूजा गर्ने र इन्द्रजात्राका समयमा नै उनीहरूलाई अलग-अलग रथमा चढाइ काठमाडौँ सहरका तल्ला टोलमा चतुर्दशीका दिन परिक्रमा गराउने नियम गरिदिएका हुन्। राज्यले व्यवस्था गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुमारीघरमा बस्ने देवीकुमारीको भव्य रथयात्रा र कुमारी चयनको व्यवस्थापनको प्रारम्भ पनि जयप्रकाशमल्लको समयमा (इ. १७५६) भएको थियो । इन्द्रजात्रालाई भव्य बनाउन कुमारीको रथयात्रा सुरु गरेकाले नै यो चाडले इन्द्रजात्राको नामबाट प्रसिद्धि पाएको हो ।

इन्द्रलाई घमण्डी, कामुक र विलासी राजाका रूपमा पुराणमा चित्रण गरे पनि पृथ्वीका बासिन्दाले यिनका सम्मानमा यज्ञ, पूजा र जात्राको आयोजना लामो समयदेखि गरिरहेका छन् । वैदिक देवता इन्द्रको ध्वजालाई उच्च राख्ने यो इन्द्रयात्रा पृथक् रूपको एक वैदिक यात्रा हो भन्नु अत्युक्ति हुने छैन । तर यात्रा कहिलेदेखि कसले सुरु गऱ्यो भन्ने कुरा यकिन गर्न चाहिँ अझै बाँकी छ । काठमाडौँमा मात्र नभई ललितपुर, भक्तपुर र उपत्यकाका नेवार जातिका बाक्ला बस्तीमा समेत इन्द्रजात्राको अवसरमा प्रतीकात्मक मूर्ति प्रदर्शन गरिन्छन् । विक्रमको अठारौँ शताब्दीतिर लेखिएको एक ठ्यासफूको सन्दर्भ लिँदै गौतमवज्र वज्राचार्यले पहिले इन्द्रजात्राको अवसरमा हनुमानढोका राजदरबारभित्र एउटा कृत्रिम युद्ध गरिन्थ्यो भनी जिकिर गरेका छन् । यसमा एउटा नक्कली किल्ला बनाई युद्ध गरेको र आगो लगाएको दृश्य आकर्षक देखिन्थ्यो (वज्राचार्य, २०३३:१७५) । पछि अर्थात् वि.सं.१७३९ मा सो प्रदर्शनको क्रममा धेरै मानिस घाइते भएकाले यसले निरन्तरता पाउन सकेन ।

राजा प्रताप मल्लले इन्द्रजात्रा पर्वमा प्रदर्शन गर्न धातुको विश्वरूप मूर्ति ने.सं. ७७७ (इ. १६५७) मा बनाउन लगाएका थिए (पौड्याल, २०६२:१०३) । हनुमानढोकामा आज पनि त्यो उत्कृष्ट मूर्ति इन्द्रजात्राको अवसरमा प्रदर्शन गरिन्छ । इन्द्रजात्रामा डाँगीको कल्पना बौद्धहरूले गरेको तर्क पनि मननयोग्य छ । इन्द्रदेवका छोरा जयन्तले पारिजातको फूल नसोधी टिपेको लोकोक्ति भक्तपुरमा पनि प्रचलित छ । यसैको आधारमा भक्तपुरमा मुपात्र जात्राको चलन चलेकै छ (कोइराला, २०६६:२३-२४) । यस्ता विविध लोकोक्ति इन्द्रजात्रासँग जोडिएका छन् । जात्राको नाम इन्द्रजात्रा भए पनि प्रमुख रूपमा गणेश, भैरव र कुमारीको पूजा र रथ तान्ने कार्य गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीपङ्खा यात्रा: उपत्यका परिक्रमा

काठमाडौँ उपत्यकामा मनाइने जात्राहरूमा पाटनमा मनाउने गरेको दीपङ्खा यात्राको अत्यधिक महिमा छ। यो यात्रा सम्भवत: काठमाडौँ उपत्यकाभित्रका तीर्थस्थलहरू हिँडेर सम्पन्न गरिने ज्यादै दुर्लभ र कठिन लामो यात्रा हो। खास गरेर बौद्धग्रन्थ अवदानमा उल्लिखित कथामा आधारित यो यात्रा बौद्ध धर्मावलम्बीका लागि गौरवशाली यात्राको रूपमा रहेको छ। यात्रा पाँच योग परेको वेलामा मात्र मनाइने भएकोले यसको निश्चित समय तोकेर भन्न सकिँदैन। खास गरेर आश्विन शुक्ल पूर्णिमा, आश्विन क्षेत्र, आदित्यवार, हर्षणयोग र सङ्क्रान्ति एकै संयोग भएको समयमा यो जात्रा मनाउने संयोग पर्दछ। यसमा वृषलाई सम्मानस्वरूप यात्रा गर्ने गरिन्छ। अर्को कुरा दीपङ्खालाई दीपङ्कर बुद्धको रूपमा मानेर पूजा गरी यात्रा गरिएको प्रसङ्ग पनि उत्तिकै महत्त्वपूर्ण छ। दीपङ्खा यात्राको प्रसङ्गमा गाइने गीतको अन्तिम लाइनमा अठारौँ शताब्दी मध्यतिरका विष्णु मल्लको उल्लेख छ, जसले ने.सं. ८५७ (इ.१७३७) तिर शासन गरेका थिए (Vaidya, 1986:162)। यसबाट यसलाई प्राचीन मल्लकालसम्म सजिलै लान सकिन्छ। बौद्धग्रन्थ महावत्थु अवदानअनुसार भगवान् बुद्धले अनाथपिण्डिकको जेतवनराममा चैत्यपूजाको महिमाबारे धर्मदेशना गरेका थिए। यसमा चैत्यपूजाको ठुलो माहात्म्य रहेको र आश्विनशुक्ल पूर्णिमाको दिन चैत्यको पूजा गरी प्रदाक्षिणा गर्दा उत्तम पुण्य हुने प्रसङ्ग रहेको देखिन्छ। यसैवेला आनन्दको जिज्ञासामा नीलमहावृषरत्न (नीलथु), पूजा गर्ने परम्पराबारे भगवान् बुद्धले बन्धुमती नगरमा दीपङ्कर तथागतको पालामा एकजना ब्राह्मण रहेको कुरा बताएका थिए। उनी त्रिरत्नमा भक्ति भएका पुरुष थिए। उनकी एउटी कैली गाई थिइन्। एक दिन यी गाईले आश्विनशुक्ल पूर्णिमाको दिन एउटा बाछोलाई जन्म दिइन्। यो बाछो तेजस्वी नीलवर्णको सिङ भएको, रातो जिब्रो, काला आँखा आदि लक्षणयुक्त थियो। बाछोको जन्म भएपछि ब्राह्मण दम्पतीको पनि कोख पूर्ण भयो। धनधान्य र द्रव्यरत्नको बृद्धि हुँदै गयो। यो साक्षात् बाछोलाई कुनै अपूर्व शक्ति ठानी पूजा गर्नेको ताँती लाग्न थाल्यो। यसैले गाई र बाछाले रत्नमय र कान्तिमती भन्ने नामले प्रसिद्धि प्राप्त गरे। बाछाको बौद्ध चैत्यप्रति अगाध श्रद्धा देखेर बोधिसत्त्वको स्वरूप मानी श्रद्धा पनि गर्न थालियो।

क्रमश: दिनहरू पनि बित्न थाले। बाछोको यौवनावस्था पनि ढल्किँदै गयो। उत्सव वृद्ध अवस्थामा पुग्न थाल्यो। उसले आफ्नो शरीर पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमजोर भएको देखी यो लोकमा आफू बसिराख्नुपर्ने कुनै औचित्य नरहेको विचार गरी एक पटक भगवान् दीपङ्कर तथागतको दर्शन गर्ने विचार गऱ्यो। त्यस वेला दीपङ्कर भगवान् गन्धमादन पर्वतमा शिष्यसँग बसिराख्नुभएको थियो। नीलवृषलाई हेरेर तथागतले भविष्यमा भद्र कल्पमा कश्यप बुद्धपछि हुने बुद्धको बोधिसत्त्व रूप भनी सबैसँग परिचय गराइदिनुभयो। साथै तथागतले यो वृषलाई लोकको हितगर्ने, मारहरूमाथि विजय प्राप्त गरी धर्मचक्र प्रवर्तन गर्ने भनी भविष्यवाणी गर्नुभयो र यो पनि आशिष् दिनुभयो कि यिनको जन्म शाक्य कुलमा भई तथागतको भूमिमा वास हुने छ (शाक्य र अरूहरू, २०६२:३२-३३)। यसपछि वृषभ त्यहाँबाट प्रस्थान गऱ्यो। बाटोमा हिँड्दै जाँदा रात पऱ्यो। बाघ, सिंह आई आक्रमण गर्न थाले र उसले अब आफ्नो जीवनको अन्त्य ठानी पारमिताको पाठ गर्दै देहत्याग गऱ्यो।

वृष नआएको देखी ब्राह्मण परिवारमा ठूलो बेचैनी भयो। जङ्गलमा खोज्दै जाँदा उसको हड्डी मात्र फेला पऱ्यो। त्यही हाडमाथि बालुवाको थुप्रो लगाई चैत्य बनाइयो। साथै वृषको एउटा सिङ गजुर राखी अर्को सिङ्मा पानी भरी चैत्यमाथि अर्पण गरियो। ब्राह्मण दम्पतीहरूले त्यहाँ बसी पूजा गर्दा ३१ औं दिनमा त्यो चैत्य सुवर्णमय भयो भने सिंङ नीलवर्णको वृषाकारमा परिणत भयो। ब्राह्मण दम्पती वृषाकार मूर्तिलाई लिएर दीपंकर तथागत कहाँ गए। तथागतले त्यस चैत्य भएको ठाउँ गई प्रदक्षिणा गरी वृषाकार मूर्ति चैत्यअगाडि राखी प्राणप्रतिष्ठा गरी पूजा गरेपछि यसैको स्मरणमा यो यात्राको पनि प्रारम्भ भएको हो भनी जनविश्वास रहेको छ।

यसरी माथि उल्लिखित पाँच योग जुरेको वेलामा चैत्य निर्माण, परिक्रमा गर्दा उत्तम पुण्य प्राप्त हुने उल्लेख छ। शाक्यमुनि बुद्धअनुसार माथि उल्लेखित वृष, बुद्धको पहिलेको जन्म-चरित्र रहेको पनि अवदानमा उल्लेख गरिएको छ।

वंशावलीअनुसार वृषाकार नीलथुलाई अमूल्य रत्न मानी यसलाई सुरक्षित राख्न हिरण्यवर्ण महाविहारको योगाम्वरस्थित गुह्यचक्रमा राखियो। नीलथु वृषाकारको प्रभावले यहाँ धेरै अद्भुत कुराहरू देखिन आए। यस सन्दर्भमा यो पनि भनिएको छ कि शङकराचार्यको शास्त्रीय बलबाट यसलाई लिन खोज्दा सफल नभएको र अन्तमा नागवहालमा नीलथु बोधिसत्त्व सिद्ध भएको बताइएको छ।

यस प्रकार नीलवृषको सम्मानमा गरिने यो जात्रा दीपङ्खायात्राको नामले प्रसिद्धिको शिखरमा पुगेको हो। यसका लागि दीपङ्खा गुठी पनि रहेको छ। यसैबाट दीपङ्खा यात्रा व्यवस्थापन समितिले यात्राका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीपङ्खा यात्राः उपत्यका परिक्रमा

काठमाडौँ उपत्यकामा मनाइने जात्राहरूमा पाटनमा मनाउने गरेको दीपङ्खा यात्राको अत्यधिक महिमा छ। यो यात्रा सम्भवतः काठमाडौँ उपत्यकाभित्रका तीर्थस्थलहरू हिँडेर सम्पन्न गरिने ज्यादै दुर्लभ र कठिन लामो यात्रा हो। खास गरेर बौद्धग्रन्थ अवदानमा उल्लिखित कथामा आधारित यो यात्रा बौद्ध धर्मावलम्बीका लागि गौरवशाली यात्राको रूपमा रहेको छ। यात्रा पाँच योग परेको वेलामा मात्र मनाइने भएकोले यसको निश्चित समय तोकेर भन्न सकिँदैन। खास गरेर आश्विन शुक्ल पूर्णिमा, आश्विन क्षेत्र, आदित्यवार, हर्षणयोग र सङ्क्रान्ति एकै संयोग भएको समयमा यो जात्रा मनाउने संयोग पर्दछ। यसमा वृषलाई सम्मानस्वरूप यात्रा गर्ने गरिन्छ। अर्को कुरा दीपङ्खालाई दीपङ्कर बुद्धको रूपमा मानेर पूजा गरी यात्रा गरिएको प्रसङ्ग पनि उत्तिकै महत्त्वपूर्ण छ। दीपङ्खा यात्राको प्रसङ्गमा गाइने गीतको अन्तिम लाइनमा अठारौँ शताब्दी मध्यतिरका विष्णु मल्लको उल्लेख छ, जसले ने.सं. ८५७ (इ.१७३७) तिर शासन गरेका थिए (Vaidya, 1986:162)। यसबाट यसलाई प्राचीन मल्लकालसम्म सजिलै लान सकिन्छ। बौद्धग्रन्थ महावत्थु अवदानअनुसार भगवान् बुद्धले अनाथपिण्डिकको जेतवनराममा चैत्यपूजाको महिमाबारे धर्मदेशना गरेका थिए। यसमा चैत्यपूजाको ठुलो माहात्म्य रहेको र आश्विनशुक्ल पूर्णिमाको दिन चैत्यको पूजा गरी प्रदाक्षिणा गर्दा उत्तम पुण्य हुने प्रसङ्ग रहेको देखिन्छ। यसैवेला आनन्दको जिज्ञासामा नीलमहावृषरत्न (नीलथु), पूजा गर्ने परम्परावारे भगवान् बुद्धले बन्धुमती नगरमा दीपङ्कर तथागतको पालामा एकजना ब्राह्मण रहेको कुरा बताएका थिए। उनी त्रिरत्नमा भक्ति भएका पुरुष थिए। उनकी एउटी कैली गाई थिइन्। एक दिन यी गाईले आश्विनशुक्ल पूर्णिमाको दिन एउटा बाछोलाई जन्म दिइन्। यो बाछो तेजस्वी नीलवर्णको सिङ भएको, रातो जिब्रो, काला आँखा आदि लक्षणयुक्त थियो। बाछोको जन्म भएपछि ब्राह्मण दम्पतीको पनि कोख पूर्ण भयो। धनधान्य र द्रव्यरत्नको बृद्धि हुँदै गयो। यो साक्षात् बाछोलाई कुनै अपूर्व शक्ति ठानी पूजा गर्नेको ताँती लाग्न थाल्यो। यसैले गाई र बाछाले रत्नमय र कान्तिमती भन्ने नामले प्रसिद्धि प्राप्त गरे। बाछाको बौद्ध चैत्यप्रति अगाध श्रद्धा देखेर बोधिसत्त्वको स्वरूप मानी श्रद्धा पनि गर्न थालियो।

क्रमशः दिनहरू पनि बित्न थाले। बाछोको यौवनावस्था पनि ढल्किँदै गयो। उत्सव वृद्ध अवस्थामा पुग्न थाल्यो। उसले आफ्नो शरीर पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमजोर भएको देखी यो लोकमा आफू बसिराख्नुपर्ने कुनै औचित्य नरहेको विचार गरी एक पटक भगवान् दीपङ्कर तथागतको दर्शन गर्ने विचार गऱ्यो। त्यस वेला दीपङ्कर भगवान् गन्धमादन पर्वतमा शिष्यसँग बसिराख्नुभएको थियो। नीलवृषलाई हेरेर तथागतले भविष्यमा भद्र कल्पमा कश्यप बुद्धपछि हुने बुद्धको बोधिसत्त्व रूप भनी सबैसँग परिचय गराइदिनुभयो। साथै तथागतले यो वृषलाई लोकको हितगर्ने, मारहरूमाथि विजय प्राप्त गरी धर्मचक्र प्रवर्तन गर्ने भनी भविष्यवाणी गर्नुभयो र यो पनि आशिष् दिनुभयो कि यिनको जन्म शाक्य कुलमा भई तथागतको भूमिमा वास हुने छ (शाक्य र अरूहरू, २०६२:३२-३३)। यसपछि वृषभ त्यहाँबाट प्रस्थान गऱ्यो। बाटोमा हिँड्दै जाँदा रात पऱ्यो। बाघ, सिंह आई आक्रमण गर्न थाले र उसले अब आफ्नो जीवनको अन्त्य ठानी पारमिताको पाठ गर्दै देहत्याग गऱ्यो।

वृष नआएको देखी ब्राह्मण परिवारमा ठुलो बेचैनी भयो। जङ्गलमा खोज्दै जाँदा उसको हड्डी मात्र फेला पऱ्यो। त्यही हाडमाथि बालुवाको थुप्रो लगाई चैत्य बनाइयो। साथै वृषको एउटा सिङ गजुर राखी अर्को सिङ्मा पानी भरी चैत्यमाथि अर्पण गरियो। ब्राह्मण दम्पतीहरूले त्यहाँ बसी पूजा गर्दा ३१ औं दिनमा त्यो चैत्य सुवर्णमय भयो भने सिंङ नीलवर्णको वृषाकारमा परिणत भयो। ब्राह्मण दम्पती वृषाकार मूर्तिलाई लिएर दीपंकर तथागत कहाँ गए। तथागतले त्यस चैत्य भएको ठाउँ गई प्रदक्षिणा गरी वृषाकार मूर्ति चैत्यअगाडि राखी प्राणप्रतिष्ठा गरी पूजा गरेपछि यसैको स्मरणमा यो यात्राको पनि प्रारम्भ भएको हो भनी जनविश्वास रहेको छ।

यसरी माथि उल्लिखित पाँच योग जुरेको वेलामा चैत्य निर्माण, परिक्रमा गर्दा उत्तम पुण्य प्राप्त हुने उल्लेख छ। शाक्यमुनि बुद्धअनुसार माथि उल्लेखित वृष, बुद्धको पहिलेको जन्म-चरित्र रहेको पनि अवदानमा उल्लेख गरिएको छ।

वंशावलीअनुसार वृषाकार नीलथुलाई अमूल्य रत्न मानी यसलाई सुरक्षित राख्न हिरण्यवर्ण महाविहारको योगाम्वरस्थित गुह्यचक्रमा राखियो। नीलथु वृषाकारको प्रभावले यहाँ धेरै अद्भुत कुराहरू देखिन आए। यस सन्दर्भमा यो पनि भनिएको छ कि शङकराचार्यको शास्त्रीय बलबाट यसलाई लिन खोज्दा सफल नभएको र अन्तमा नागवहालमा नीलथु बोधिसत्त्व सिद्ध भएको बताइएको छ।

यस प्रकार नीलवृषको सम्मानमा गरिने यो जात्रा दीपङ्खायात्राको नामले प्रसिद्धिको शिखरमा पुगेको हो। यसका लागि दीपङ्खा गुठी पनि रहेको छ। यसैबाट दीपङ्खा यात्रा व्यवस्थापन समितिले यात्राका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्यक्रमहरू तय गर्दछ। यो जात्रा खासगरी नागबहालबाट सुरु गरी विभिन्न तीर्थस्थलहरू हुँदै लामो यात्रासाथ घुम्ने गरिन्छ। घुम्ने क्रममा यात्रामा सहभागीहरूले नौ प्रकारका अन्नसहित मिठाई, फूल र अक्षताहरू चढाउँदै जाने प्रचलन छ। यात्राको अवधि २४ घण्टाको रहन्छ। यस वेला दक्षिणमा वुङ्मती, चोभार र पश्चिममा इचङ्गु हुँदै स्वयम्भू महाचैत्यसम्मको दुरी पार गर्नुपर्दछ। स्वयम्भूमा केही हल्का खाना र विश्राम लिएपछि काठमाडौँको उत्तरी भागमा रहेको सखुन सरस्वती हुँदै बौद्धनाथ मन्दिर प्रस्थान गरिन्छ। बौद्धनाथमा केही क्षण विश्राम लिई गुह्येश्वरी, पशुपति, हुँदै कोटेश्वर महादेवसम्म र यसपछि ललितपुर क्षेत्रको बालकुमारी, लगनखेल अशोक स्तुपमा पूजा हुन्छ। यस यात्रामा सहभागीहरूलाई पानी, फलफूलको साथै उसिनेको अन्डा र तारेको माछा प्रज्ञा र उपायको प्रतीकको रूपमा वितरण गरिन्छ। खास गरेर यो कार्य लगनखेलस्थित भैरवस्थानमा आइपुग्दा आफन्तजनबाट सहभागीलाई प्रदान गते परम्परा छ (Vaidya, 1986:167)।



अभिलेखअनुसार यो यात्राबारे ने.सं. ९६५ (वि.सं. १९०२) सम्मको प्रामाणिक अभिलेख प्राप्त भएको छ। तर जात्राको प्रचलन भने यो मितिभन्दा धेरै अगाडिदेखि नै प्रारम्भ भएको स्वीकार गर्न सकिन्छ। यो यात्रा पछिल्लो पटक २०६२ सालमा आयोजना गरिएको थियो। पाँच योग जुरेको समयमा सञ्चालन गरिने भएकोले यो यात्रा एउटा पृथक् माहात्य रहेको उपत्यकाकै अनौठो यात्राको रूपमा प्रसिद्ध भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीपङ्खा यात्राको अर्को विशेष पक्ष भनेको यसमा बौद्धमार्गी मात्र नभई हिन्दुहरू पनि समान रूपले यात्रामा श्रद्धाकासाथ संलग्न हुन्छन्। साथै यस यात्रामा पूजा गरिने देवस्थलहरू र मूर्तिहरू पनि हिन्दु-बौद्ध दुवै धर्मसँग सम्बन्धित रहेका हुन्छन्। एकै समयमा विहारदेखि मन्दिरसम्म बुद्ध मूर्तिदेखि हिन्दु मूर्तिसम्म फूल, फल, चामल, नौ प्रकारका अन्न गेडागुडी चढाउने गरिन्छ। बौद्ध धर्मसँग सम्बन्धित रहे पनि यो यात्राले सर्वधर्म समन्वयको भावनामा जोड दिएको देखिन्छ। यस यात्रामा पूजा र प्रदक्षिणा गरिने हिन्दु तथा बौद्ध स्मारक, मन्दिर, शक्तिपीठ, मूर्ति आदि गरी जम्मा ६८ ओटा तीर्थस्थानका १३० देवदेवीहरूको क्रम रहेकोले यसको वैभव उच्च रहेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

दसैंको रौनकसँग गाँसिएको खड्गजात्रा (पाया:)

काठमाडौँ उपत्यकाभित्र प्राय: सबैजसो प्राचीन सहरहरूमा धेरै शताब्दी अगाडिदेखि खड्गजात्रा मनाउँदै आएको देखिन्छ। दसैंको वेलामा मनाउने यो जात्रा कसैले विजयादशमीको दिन मनाउँछन् भने कसैले यसको भोलिपल्ट अर्थात् एकादशीको दिन। जात्रा मनाउने शैली पनि प्रत्येक सहरपिच्छे केही फरक पनि रहेको छ।

खड्गलाई फलामबाट बनेको हतियार (तरबार जस्तै) को रूपमा लिइन्छ। यसलाई देवीको आयको रूपमा मानिन्छ। यसैले यसलाई देवीको शक्ति सम्पन्नताको प्रतीक मानेर पूजा गर्ने प्रचलन छ। देवीको प्रतीक खड्ग लिनु भनेको शक्ति प्राप्त गर्नु हो। यसै शक्तिद्वारा राज्य व्यवस्था स्थिर बनाई चलाउने परम्पराको थालनी भएको देखिन्छ। कालन्तरमा राजाको अनुपस्थिति रहेमा यसलाई प्रतीकको रूपमा राखेर कुनै पनि कार्य सम्पादन गर्ने प्रचलन रहन गयो। खड्गलाई देवीको प्रतीकको साथै राजाको प्रतिनिधिको रूपमा मान्ने प्रचलनको विकास पछिल्लो समयमा भएको देखिन्छ। उपत्यकाबाहिर पनि खड्गलाई देवीकै स्वरूपमा पूजा गर्ने परम्परा रहेको पाइन्छ। बन्दिपुरस्थित खड्गदेवी यसैको प्रतीक हो। यसका साथै प्राचीन कोटहरूमा आजसम्म पनि विजयादशमीको समयमा खेलिने सरायँ खेलले यसै कुरालाई समर्थन गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपत्यकाभित्र पनि विजयादशमीकै अवसरमा खड्गजात्रा निकालिनुले नेपालको सम्पूर्ण सांस्कृतिक परिवेशमा खड्ग र खड्गजात्राको महिमाबारे यकिन गर्न सकिन्छ। काठमाडौँ, भक्तपुर, टोखा, कीर्तिपुर र दोलखाको खड्गजात्रा मनाउने फरक शैलीले यस जात्राको विशेषतालाई सजिलै पहिचान गर्न सकिन्छ।

खड्गजात्राको शुभारम्भ कहिलेदेखि भएको हो भन्ने अकाट्य प्रमाण प्राप्त छैन। तथापि यस सम्बन्धमा प्रचलित किंवदन्ती र परम्पराबाट यसको सुरुवात लिच्छविकालदेखि नै भएको हो कि भन्ने भनाइ पनि रहेको छ। किनकि भक्तपुरमा मनाउने पायाः को अवसरमा नरेन्द्रदेवको खड्गलाई पूजा गर्ने प्रचलन भएकोले लिच्छविकालदेखि नै यो जात्रा मनाउन थालेको हुनसक्ने अनुमान गरिएको हो। अर्को पायाः मा देवीको खड्गलाई मूल जात्राको प्रतीक मान्दा देवी तलेजुको आगमन यहाँ मध्यकालमा सिम्रौनगढबाट भएको देखिन्छ। यसबाट खड्गजात्रालाई मध्यकालको उपज मान्न पनि सकिन्छ। गोपाल राजवंशावलीमा उल्लेख भएको विवरणअनुसार ने.सं. ५०२ (वि.सं. १४३९) मा आश्विन शुक्ल अष्टमीको दिन जयस्थिति मल्लले सारा भारदारहरूलाई चोकमा भित्र्याई खड्ग स्थापना गरेको (Vajracharya and Malla, 1985:116) प्रसङ्गबाट त्यस वेला खड्ग स्थापना गर्ने प्रचलनले महत्त्व पाइसकेको देखिन्छ। यसै प्रसङ्गमा "ढाल, तरबार १७०० निगाहा गरी दिइयो" भन्ने शब्द परेकोले जयस्थिति मल्लको पालामा खड्गजात्राको प्रचलन व्यापक रहेको देखिन्छ। यस जात्राको प्रसङ्गमा अर्को कुरालाई पनि यहाँ जोड्नुपर्ने हुन्छ। त्यो हो खड्ग साट्ने प्रचलन। यस प्रकारको प्रचलनबारे राजा शिवसिंह मल्लले पचलीभैरवको खड्ग साट्ने प्रचलनलाई पनि समावेश गरेका थिए। यस प्रकार मल्लकालमा आएर यो जात्राले प्रसिद्धि प्राप्त गरिसकेको देखिन्छ। खड्गजात्रा विजयादशमीकै दिनमा विधिपूर्वक खड्ग स्थापना गरी परिचालन गर्ने प्रसङ्गहरू ठ्यासफूहरूको विवरणमा परेको छ। यसैले खड्गजात्राको सम्बन्ध विजयादशमीको चाडसँग प्रत्यक्ष रहेको मान्न सकिन्छ।

पायाः निकाल्ने परम्परा

काठमाडौँ सहरभित्र रहेका हरेक टोलहरूमा समेत पायाः निकालिने परम्पराबाट यसको लोकप्रियता रहेको देखापर्छ। उदाहरणको लागि टेवहाः पायाः वटु पायाः कोहिटीपायाः र यट्खा पायाः हुन्। पायाः हिन्दु र बौद्ध दुवै धर्मावलम्बी सम्मिलित चाड हो। यसैले यसलाई दुवै धर्मको सम्मिश्रण रहेको जात्राको रूपमा मान्न सकिन्छ। सबैजसो पायाःहरू द्यो छें अर्थात् देवघरबाट सुरु गरिन्छ। सर्वप्रथम द्यो छेंमा दुर्गा भवानीको पूजा गर्नुपर्दछ। यसै अवसरमा पीठ पूजा, अष्टभैरव, क्षेत्रपाल र गणेश आदि देवताको पूजा गर्ने गरिन्छ। यसपछि बलि दिने कार्य नवमीको दिनमा गरिन्छ। दशमीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन कुभिन्डोलाई बलिको रूपमा काटिन्छ र देवीको पूजा विसर्जन हुन्छ। यस प्रकारको पूजा द्यो छें का थकालीहरूले सम्पन्न गर्ने गर्दछन्। साँझपख द्यो छें मा सबैजना भेला भई खड्गको पूजा गरिन्छ। खड्गको पूजा वज्राचार्य र आचार्यले गर्ने गर्छन्।

खड्गजात्रामा सबैभन्दा अगाडि लछ्याँ त्यसपछि वौपा, धिमे बाजा बजाउने व्यक्तिहरू, देवीका गणहरू र खड्ग धारणा गर्ने व्यक्तिहरू रहेका हुन्छन्। पायाः को मूल केन्द्र भने हनुमानढोका दरबार रहेको छ। यहाँ आएर दैत्यनृत्य र कुमारनृत्य प्रदर्शन गर्ने पनि प्रचलन छ। खास गरेर ओमवहालबाट निस्कने पायाः र असनटोलबाट निस्कने पायाःमा यो विशेषता रहेको पाइन्छ। खड्गजात्राको समयमा आ-आफ्ना टोलहरू र अन्य निश्चित टोलहरू घुमेर सम्पन्न गरिन्छ। असन पायाःको अर्को महत्त्व भनेको थकाली नियुक्त गर्नु हो। यसमा कम उमेरका बालकलाई शृङ्गार-पटार गरी बाजागाजासाथ आगम घरमा भित्र्याउने गरिन्छ (श्रेष्ठ, २०५०:४-१२)। यसरी काठमाडौँका टोलैपिच्छे पायाः निकाल्ने परिपाटीले यसको प्रसिद्धि रहेको मान्न सकिन्छ। काठमाडौँस्थित हनुमानढोका मूलचोकबाट निस्कने खड्गजात्रामा राजकीय खड्ग लिने व्यक्ति अघि लाग्ने गर्दछन्। यो खड्गजात्रा सिंहढोकाबाट निस्की मरुटोल, यट्खा, कम्पुकोट मखन, इन्द्रचोक पुगी सोही बाटो फर्किने गर्दछ। खड्ग धारण गर्ने व्यक्तिहरूमा कम्प पनि छुटेको हुन्छ। यसरी युद्धकै स्वरूप यहाँ देख्न सकिन्छ। खड्गजात्राकै प्रसङ्गमा कीर्तिपुरमा खड्गजात्रा भिन्न शैलीमा प्रस्तुत भएको पाइन्छ।

कीर्तिपुरको सिन्दूरजात्रा

कीर्तिपुरको जात्रालाई खड्गजात्रा भनिए पनि यो सिन्दूरजात्रा हो। दसैंको भोलिपल्ट यो जात्रा मनाइन्छ। कीर्तिपुर सहरको सबैभन्दा उच्च भागमा अवस्थित क्वाठअगाडि एकै पोसाकमा महिलाहरू जम्मा हुने गर्दछन्। यहाँ सर्वप्रथम प्रधानहरूद्वारा पूजा सम्पन्न भई सहर परिक्रमा गरिन्छ। यसबाट कीर्तिपुरमा चाहिँ सिन्दूरजात्राको नामबाट खड्गजात्रा प्रसिद्ध भएको देखिन्छ। यस सम्बन्धमा यो सन्दर्भ पनि जोड्नु उपयुक्त छ कि देवीको आह्वान गर्दै यो जात्रा मनाएको हुनाले देवीको प्रसाद सिन्दूरलाई प्रतीक मानी यस प्रकारको प्रचलन सुरु भयो। तर अर्को सन्दर्भमा पहिलेको खड्गजात्राको स्थानमा पृथ्वीनारायण शाहको पालादेखि उनकै आदेशअनुसार सिन्दूरजात्रा मनाउन थालिएको हो। भनिन्छ, हतियार लिएर जात्रामा निस्कँदा खतरा हुने भएकोले शक्तिको प्रतीक देवीको प्रसाद सिन्दूरलाई यहाँ अनुसरण गर्न थालियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टोखालगायत स्थानमा केही पृथक्, केही समानता

खड्गजात्राको प्रसङ्गमा टोखालगायत ठाउँमा खड्गजात्राको आफ्नै केही पृथक्, केही समान महत्त्व रहेका छन्। टोखामा बिहान तलेजु मन्दिरमा यन्त्रकारको पूजा सम्पन्न गरेपछि मूल नाइकेको अग्रसरतामा १२ ओटा खड्गलाई आह्वान गरिन्छ र विजयादशमीको दिन बाँसको ढुङ्ग्रोमा लुकाएर राखिएको खड्गलाई बाहिर फूलमालाले सिँगारी खड्गजात्रामा सरिक गराइन्छ। यस सम्बन्धमा प्रचलित भनाइअनुसार टोखामा रहेका खड्गहरू भक्तपुरबाट चोरेर ल्याइएका हुन्। भक्तपुरबाट खोजी हुने डरले यी खड्गहरू बाँसको ढुङ्ग्रोमा गोप्य रूपमा राख्ने र त्यसैलाई पूजा गर्ने प्रचलन भयो। यस खड्गजात्रामा कुमारीलाई पनि यहाँ समावेश गरिन्छ। सहर परिक्रमाको अवसरमा ज्यापु बाजा नाथखिअगाडि रहेका हुन्छन् र यसपछि ज्यापु समुदायका नायक रहेका हुन्छन्, यसपछि मात्र खड्गधारी रहन्छन्। सहर परिक्रमापछि तलेजु मन्दिर आइपुग्दा क्षेत्रपाल देवताको लागि कुभिन्डो काट्ने परम्परा छ। यो कार्य खड्गधारीले गर्दछन्। यस प्रकारको कुभिन्डो काट्ने परम्परा बोडेमा पनि रहेको छ। यसलाई 'भुईफसी पालेगु' भनिन्छ। यसमा काटिएको कुभिन्डो लिन तँछाडमछाड गर्ने गरिन्छ किनभने सो कुभिण्डोको टुक्रा धेरै औषधी कार्यमा प्रयोग हुने विश्वास जनमानसमा रहेको छ। यसपछि तलेजु मन्दिर फर्किसकेपछि खड्गलाई विसर्जन गर्ने कार्य हुन्छ। खड्गमा रहेका फूलमालाहरू जीवित देवी कुमारीलाई चढाइन्छ। यसरी टोखाको खड्गजात्रामा सेतोजामा, पटुका र पगरी पोशाकमा खड्गधारीहरू सिँगारिएका हुन्छन् भने अरूको सामान्य पहिरन रहेको हुन्छ।

यसैगरी साँखुमा खड्गजात्राको नेतृत्व खड्गी समुदायले गर्दछन्। खड्गीको नाइकेले बलि दिएको राँगाको टाउको एक हातमा र अर्को हातमा चुप्पी लिएको हुन्छ। अरू खड्गीले कलशको पानी छर्ने र यसपछि पानेजुले खड्ग हातमा लिई परिक्रमा गर्दछन्। यसबाट साँखुले खड्गजात्राको प्रसङ्गमा छुट्टै प्रस्तुति देखाएको छ। यस प्रकार खड्गजात्राको विविधताभित्र सांस्कृतिक एकता रहेको स्पष्ट देख्न सकिन्छ।

खड्गजात्राकै प्रसङ्गमा दोलखामा मनाउने खड्गजात्राको पनि आफ्नै पृथक् महत्त्व छ। दोखलामा दसैंको भोलिपल्ट मनाउने खड्गजात्रा वास्तवमा नक्कली युद्धकै रूपमा प्रदर्शन गरिन्छ। कोट छेंबाट देवीको प्रतिनिधित्व गर्दै सेतो जामासहित खड्ग लिएका पुरुषहरू राजकुलेश्वर मन्दिरमा जम्मा हुने गर्दछन्। यसमा मूल खड्गधारीले ढाल र तरबार लिएका हुन्छन्। यहाँ राजाको प्रतीक मूर्ति डबलीमा राखेर राक्षसको विरुद्ध युद्ध गरेको अभिनय गर्दछन्। यो युद्ध त्रिपुरासुन्दरी मन्दिर पुग्दासम्म कायम रहन्छ। यसरी खड्गजात्राको प्रस्तुति र रौनक अरू स्थानमा भन्दा यहाँ फरक रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आठदिने महालक्ष्मीजात्रा, लुभू

नेपालमा शक्ति अर्थात् नारीको स्वरूपलाई एउटा महत्त्वपूर्ण शक्तिको रूपमा मानेर पूजा गर्ने परम्परा धेरै अगाडिदेखि आएको देखिन्छ। हाम्रा वैदिक साहित्यले पनि यसै कुरामा जोड दिएको पाइन्छ। जहाँ देवता छन्, त्यहाँ उनको नारी शक्ति विद्यमान हुन्छिन्। प्राचीनता हेर्दा यसै कुरामा परवर्ती साहित्यहरूमा शक्तिपूजालाई महत्त्व दिन थालिएको देखिन्छ। उनको स्वतन्त्र अस्तित्वलाई अझ प्राथमिकताका साथ कलाका विभिन्न माध्यममा अभिव्यक्त गर्ने क्रम सुरु भयो। काठमाडौं उपत्यकाभित्र प्राप्त केही देवीका प्राचीन मूर्तिहरूबाट यो अनुमान गर्न सकिएको छ कि लिच्छविकालअगावै यहाँ देवीहरूलाई पूजा गर्ने परम्परा विद्यमान थियो। केही मातृकाका मूर्तिले यो कुरालाई समर्थन गरेका छन्। च्यासलटोल, पाटनस्थित गजलक्ष्मी र हौगलवहालस्थित मातृका देवीका मूर्तिहरूलाई विद्वान्हरूले इसापूर्वको समय निर्धारण गरेकाले त्यस वेलादेखि नै शक्तिस्वरूप देवीका मूर्तिहरूलाई प्रश्रय दिएको देखिन्छ। यसर्थ लिच्छविहरूको आगमनपूर्व अर्थात् किरातकालमै देवीप्रति श्रद्धा र भक्ति गर्ने प्रचलन रहेको अनुमान गर्न सकिन्छ। सम्भवतः किरातपूर्व गोपालहरूको शासनकालमै यो प्रचलन विस्तार हुन पुग्यो। यही प्रचलनलाई लिच्छविहरूले पछितिरका समयसम्ममा आत्मसात् गर्न पुगे।

प्रचलित परम्परा र धार्मिक ग्रन्थहरूबाट देवीका अनेक स्वरूपहरूको उपस्थिति रहेको मान्न सकिन्छ। प्रचलित रूपमा भन्ने हो भने सप्तमातृका, अष्टमातृका, नवदुर्गा र दशमहाविद्या भनी नामकरणमा पनि सङ्ख्यात्मक विकास भएको यकिन हुन्छ। यसै सन्दर्भमा महालक्ष्मीलाई अष्टमातृकाभित्र समावेश गरिएको पाइन्छ। काठमाडौं उपत्यकामा महालक्ष्मीको प्रसिद्धि निकै थियो र यो आजपर्यन्त पनि रहेकै छ। यहाँका प्रसिद्ध महालक्ष्मीका मन्दिर-संरचनाहरूमा बोडेको महालक्ष्मी, खोकनाको महालक्ष्मी, लगनखेलको महालक्ष्मी र लुभूको महालक्ष्मी रहेका छन्। अरू मन्दिरहरूमा थानकोट, नाला, ललितपुर थछेंका मन्दिर पनि त्यत्तिकै महत्त्वपूर्ण छन्। विभिन्न मल्ल राजाहरूले महालक्ष्मीका मन्दिरहरू ठाँउठाँउमा बनाई जात्रासमेत प्रचलनमा ल्याएका थिए। उदाहरणको लागि लुभूको महालक्ष्मीको स्थापना पाटनका राजा हरिहरसिंहले गरेका थिए र जात्रा पनि सञ्चालन गर्ने परम्पराको शुभारम्भ गरेकाले उनको देंवीप्रतिको भक्तिभाव देखिन्छ। साथै रत्न मल्लका छोरा अमर मल्लले खोकनाको महालक्ष्मी, भक्तपुरका राजा आनन्ददेवले भक्तपुरस्थित महालक्ष्मी, सिद्धिनरसिंह मल्लले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाटनस्थित महालक्ष्मीको स्थापना मात्र होइन जात्रासमेत चलाएको उल्लेख छ। महालक्ष्मी थर्छे ललितपुरको सन्दर्भमा वर्णन गर्दा देवमाला वंशावलीले भर्कुहरूलाई मार्नको लागि महालक्ष्मी पीठमा ठकुरी राजाले पूजा गरेको प्रसङ्ग उल्लेख गरेको छ।

यस्तै इन्द्रचोकस्थित महालक्ष्मीलाई राजा गुणकामदेवको स्वप्नमा आई कान्तिपुर सहर बसाउन सहयोग गरेको प्रसङ्ग पनि महत्त्वपूर्ण छ (योगी, २०१३:५०, ७६-७७)। यस प्रकार तान्त्रिक साधनाको लागि महालक्ष्मीलाई ठुलो महत्त्वका साथ मल्ल राजाहरूले आत्मसात् गरेको देखिन्छ।

उपत्यकाका महालक्ष्मीका जात्राहरूमध्ये लुभूस्थित महालक्ष्मीको जात्रा एक गरिमामय अग्रणी जात्रा हो। महालक्ष्मी जात्रालाई सिन्दूरजात्राकै रूपमा मनाउनेमा लेले, साँगा, चन्द्रागीरी, फर्पिङस्थित महालक्ष्मी स्थान आदि पर्दछन्। यहाँ कार्तिक पूर्णिमाको दिन यो जात्रा मनाइन्छ भने नाला र लुभूकी महालक्ष्मी देवीको जात्रा वैशाख शुक्ल तृतीयामा सम्पन्न गरिन्छ।

लुभूको महालक्ष्मी जात्रामा महाभैरव र आकाशभैरवको जात्रा पनि सँगसँगै हुने गर्दछ। जम्मा ८ दिनसम्म यो जात्रा मनाउने गरेको पाइन्छ। वैशाखशुक्ल तृतीयाबाट सुरु गरी वैशाखशुक्ल दशमीसम्म विभिन्न कार्यक्रमका साथ यो जात्रा मनाउने गर्दछन्। यस अवसरमा महाभैरव र आकाशभैरवको साथै गणेश र कुमारको पनि मखुन्डो खटमा राखी सहर परिक्रमा गरिन्छ।

सुरुको दिन अर्थात् वैशाखशुक्ल तृतीयाको दिन मन्दिर सफा गर्ने र साँझतिर 'छोयलाभू': गरिन्छ। यसमा राँगाको बलि दिई त्यसको पोलेको मासुसँगै समयबजी खाने प्रचलन छ। यसमा प्रमुख रूपमा सात थकालीहरू र उनीहरूका छोराहरू संलग्न हुने गर्दछन्। यसै अवसरमा देवीलाई विभिन्न गरगहनाले शोभायमान बनाइन्छ। यसै दिन मन्दिरमा क्षमापूजा पनि सम्पन्न गरिन्छ। देवताहरूलाई क्रमैसँग उठाई मूल स्थानबाट बोकेर खटमा राख्ने कार्य हुन्छ। यस कार्यको लागि सात जना थकाली संलग्न हुन्छन्। सबैभन्दा पहिले महालक्ष्मी, महाभैरवलाई खटमा राखिन्छ भने त्यसपछि गणेश र कुमारलाई आसिन गराइन्छ। जात्राको लागि दुईओटा खट तयार गरिएको हुन्छ। पहिलो खट महालक्ष्मी र दायाँ-बायाँ गणेश र कुमार अनि दोस्रो खटमा महाभैरव र दुईतिर गणेश र कुमार रहेका हुन्छन्। खटमा राख्नुपूर्व भन्सारीले स्वीकृति दिने क्रममा गङ्गा महारानीको आदेश भन्ने गर्दछन्। यसबाट गङ्गा महारानीले जात्राको शुभारम्भ गरेको अनुमान हुन्छ। मूर्तिहरूलाई खटमा राखेपछि सुरुमा थकालीहरूबाट पूजा हुन्छ। त्यसपछि गुठियारहरूले पूजा गरेपछि मात्र अरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टोलवासीले पूजा गर्दछन्। जात्रा प्रारम्भ हुनुअगाडि गोरखनाथ समुदायका कनफट्टा योगीले चक्र पूजा गर्नुपर्दछ। साँखु वज्रयोगिनीको जात्राको अवसरमा सहर परिक्रमा गर्दा पनि यस प्रकारको तान्त्रिक पद्धतिको पूजा गर्ने प्रचलन रहेको छ। यस अवसरमा भैरवको प्रतीक जाँडको घ्याम्पोको पूजा गर्ने गरिन्छ। पूजा सम्पन्न भएपछि ननीटोलबाट खटजात्राको शुभारम्भ हुन्छ। यसमा डुइयाँहरूको ठुलो जिम्मेवारी रहेको हुन्छ। पूजाबाट भएको नगद र जिन्सी यिनीहरूले नै लिने गर्दछन् र अरू कसैको यसमा हक लाग्दैन। खटजात्रामा पहिलो दिनको समाप्तिमा खटहरूलाई ल्याई मन्दिरको प्राङ्गणमा राख्ने गरिन्छ। यसको भोलिपल्ट अर्थात् दोस्रो दिन बाहिर राखिएका खटलाई पूजाआजा गरी बाजागाजासहित मन्दिरदेखि पूर्व रहेको पुरानो स्थान अर्थात् देवीको माइती जाने भन्ने स्थानमा व्यवस्थापन हुन्छ (थापा, २०६८:२६-२९)। यहाँ आएपछि द्योछेंको बाहिर खटलाई राखिन्छ। यसपछि मूल थकालीले खटमा रहेका मुकुटहरू जो महालक्ष्मी, महाभैरव, गणेश र कुमारका प्रतीक हुन् तिनलाई द्योछेंभित्र रहेका प्रस्तरका प्रतीकमाथि क्रमैसँग राख्ने गर्दछन्। यसै अवसरमा महाभैरवलाई कालो बोकाको बलि दिने गरिन्छ। यसपछि खटजात्रा पुनः सुरु भई माथि रहेको गोभ्राँटेश्वर महादेव स्थानमा लगी त्यहाँ रहेको आकाशभैरव मन्दिरअगाडि खटहरू राखिन्छ र राति आकाशभैरवको पूजा हुन्छ। आकाशभैरवको पूजाको लागि थकालीको घरमा छ माना चामलको भात बनाई त्यसलाई डल्लो पार्ने र त्यसमाथि भैरवको चित्र बनाउने गरिन्छ। चित्र बनाउनका लागि पाटनका चित्रकारीबाट गरिन्छ भने थकालीले भैरवको चित्रमा चाँदीको दृष्टि लगाइदिने गर्दछन्। यसपछि बोकाको बलि दिने गरिन्छ। तर आश्चर्यको कुरा, आकाशभैरवलाई खटभित्र राखे पनि यस दिन परिक्रमा गराइँदैन। आकाशभैरवको खटभित्र नोल राखी ८ जना ज्यापुहरूले पालैपालो बोक्ने गर्छन्। यो खटलाई भुइँमा राख्नु हुँदैन भन्ने विश्वास छ। भनिन्छ पूजा गर्न आउने व्यक्तिहरूले खट बोक्नेलाई छुनु हुँदैन।

तेस्रो पञ्चमीको दिन आकाशभैरवको खटलाई अगाडि लगाई पछिपछि महालक्ष्मी, महाभैरवको खट बोकेर जात्रा गरिन्छ। आकाशभैरवलाई अगाडि लगाउनुमा लुभूवासीको चाख लाग्दो भनाइ रहेको पाइन्छ। यसअनुसार लुभूबाट आकाशभैरव हिँड्दै बुङमतीमा पुगी उतै रात बिताएका थिए। अर्को दिन लुभूवासीले उनलाई लिन जाँदा लाजले मुख छोपेको प्रतीक स्वरूप उनको मुखमा चित्रले छोपेर जात्रा अगाडि लगाइएको विश्वास छ। यस दिन तिनओटै खटहरू गोभ्राँटेश्वर महादेव मन्दिर पश्चिम बिसाउने चलन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो दिन खटका देवतालाई दैनिक पूजाआजा सम्पन्न गरेपछि खटलाई बोकी सहर परिक्रमा गरिन्छ। परिक्रमा अगाडि स्थानीय व्यक्तिहरूले आफ्ना चेलीबेटी बोलाई भोज खुवाउने गर्दछन्। यसमा आकाशभैरवको खट भने संलग्न हुँदैन। यस अवसरमा खटलाई पहिले उठाएको ठाउँमा ल्याई बिसाइन्छ। यसपछि अगाडि बढाउन गुठियारहरू जम्मा भई बाजागाजासहित खटलाई 'तगोतूँ' नामक स्थानमा पुऱ्याएपछि चार माना चामलबाट बनाइएको जाँड खाने गरिन्छ।

पाँचौं दिन, सप्तमीमा सबेरैदेखि थकालीहरूबाट बाजागाजासहित खटको पूजा हुन्छ। साथै यसै दिन थकाली जात्रामा सहभागी भई काम गर्ने सबैलाई आकाशभैरवको रथ बोक्ने ८ जना चोपाला, नाईं तीन जना, नकर्मी, जोगी, सात थकाली र उनका ७ छोराका साथै भन्सारी सबैलाई भोज खुवाउनुपर्दछ। यस दिन खटलाई घुमाइँदैन।

छैटौं दिन नित्यपूजा सम्पन्न भइसकेपछि भन्सारीको तर्फबाट धुमधामले बाजागाजासहित खटको पूजा गरिन्छ। यस अवसरमा बोकाको बलि दिने गर्दछन् र त्यो बलि दिएको बोकाको मासु प्रसादको रूपमा बाँड्ने गरिन्छ। यो सरकारी स्तरबाट दिइने पूजा हो। यस दिन महालक्ष्मी र महाभैरवको खटलाई महालक्ष्मी मन्दिरदेखि पश्चिमतर्फ रहेको गणेश मन्दिरअगाडि राखिन्छ।

सातौं दिनमा पनि खट परिक्रमा नगरी थकालीहरूले पूजा गर्ने र समयबजी खाने चलन छ। खटलाई गणेश मन्दिरबाट महालक्ष्मी मन्दिरअगाडिसम्म ल्याई राख्ने गरिन्छ।

आठौं दिन जात्राको अन्तिम दिन हो। अरू दिन जस्तै यो दिन पनि बिहानै नित्यपूजा सम्पन्न गरी आकाशभैरवलाई देवघर लैजाने गरिन्छ। यो समयमा खटलाई दुईजना ज्यापूले देवता रहेको भाँडालाई मात्र लैजाने गर्दछन्। यसै अवसरमा समयबजी खाएर फर्किन्छन्। साथै सम्बन्धित गुठियारहरूलाई चौथीको दिनमा बलि दिएको बोकाको मासु बाँड्ने गरिन्छ। यसको साथसाथै जात्राको अन्तिम चरणमा गङ्गा महारानीको माइतीको नाममा पूजा हुन्छ (थापा, २०६८:३६)। यो पूजा कोतघरअगाडि लायकु चोकमा गरिन्छ। पञ्चेबाजासहित गरिने यो पूजामा बोकाको बलि दिइन्छ। यसरी पूजा समापनको साथै जात्रा पनि अन्त्य भएको जानकारी भन्सारीले दिने गर्दछन् र जात्रा समाप्त हुन्छ।

सङ्क्षेपमा भन्नुपर्दा लुभूमा भूज्याः जात्राको रूपमा नरिवल नखसालीकनै महालक्ष्मी र महाभैरवको खटयात्रा सम्पन्न हुन्छ। मत्स्येन्द्रनाथको रथमा भैरवको प्रतीकको रूपमा चार पाङ्ग्रामध्ये अगाडिको दायाँ पाङ्ग्रालाई लुभूको भैरवको रूपमा पुजिन्छ। यसैले मत्स्येन्द्रनाथको रथजात्रा जस्तै लुभूमा खटयात्रा गरी जात्रा गरिन्छ। लुभूको खट देवीस्थान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुगेपछि गा:बा.या:, तगु:तु:अनि नुगा : या: र तल्लो लाछीमा पुगेपछि भूज्या : गर्ने प्रचलन रहेको छ। मत्स्येन्द्रनाथको रथारोहणसँगै लुभूका विभिन्न बस्ती जस्तो:-माथिल्लो लाछी, शोभाभगवती मन्दिर, बाकुननी:, पाउली, नासल, तगु:तु:, तल्लो लाछी, ननी: र माथिल्लो लाछी आदिमा आठ दिन जात्रा चल्छ। अन्त्यमा भन्सारीबाट आकाशभैरव, महालक्ष्मी र महाभैरवको विशेष पूजा भएपछि आ-आफ्नो मन्दिरमा भित्र्याइन्छ। महालक्ष्मीलाई पार्वती र महाभैरवलाई शिवका रूपमा पूजा-उपासना गरिन्छ।



यहाँको जात्रामा धिमे, नायखिं, धाँ, बाँसुरी र कपाली बाजा आदि रहेका हुन्छन्। यता चुनिखेलमा पनि बुद्धजयन्ती र भोलिपल्ट लिङ्गेश्वर भद्रकालीको खटजात्रा हुन्छ जहाँ पाँच गुठीका गुठियार सहभागी हुने गर्दछन्। सुरुमा भद्रकाली मन्दिरबाट देवता बाहिर ल्याइन्छ भने दोस्रो दिन घर-आँगन, चोक-टोल सफा गरिन्छ र साँझपख रथलाई सिँगारपटार गरेर भद्रकाली मन्दिर पुऱ्याइन्छ। बुद्धजयन्तीको भोलिपल्ट सिनाजात्रा हुन्छ र नौ लिङ्गमा बलिसहितको पूजा गरिन्छ। चौथो दिन भद्रकालीको खट एकअर्कामा दर्शन भेट गराइन्छ र टुसालटोलको भद्रकालीलाई जात्रा गरेर मन्दिर भित्र्याइन्छ। भोलिपल्ट भने टुटेकटोलमा सिन्दूरजात्रा साथ देवता मन्दिरमा राखिन्छ। टुटेक र टुसालका भद्रकालीलाई दिदीबहिनीका रूपमा मानेर पूजा गरिन्छ (कान्तिपुर पब्लिकेसन्स, २०७५:१४)।

महालक्ष्मीको जात्राले काठमाडौँ उपत्यकाको एउटा महत्त्वपूर्ण सांस्कृतिक पक्षलाई प्रकाश पारेको छ। काठमाडौँमा नाचिने असङ्ख्य धार्मिक नाचहरूमा महालक्ष्मीको उपस्थिति अनिवार्य छ। श्वेतकाली गँप्याख, खोकनाको रुद्रायणी देवीको नाच, नकदेशको महाकाली नाच, भक्तपुरको नवदुर्गा नाच आदिमा महालक्ष्मीको स्थान सर्वोपरि हुन्छ। यसैले महालक्ष्मीप्रतिको आस्था कसै गरे पनि काठमाडौँ उपत्यकावासीहरूमा कमी रहेको देखिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जैसीदेवलकेन्द्रित कुमार खटजात्रा

शिवका पुत्र कुमार र गणेशलाई सांस्कृतिक जात्रा-उत्सव तथा संरचनाहरूमा समेत सँगसँगै प्रतिष्ठापन गरिएको देखिन्छ। कार्तिकेयको नामबाट समेत परिचित कुमारको वाहन मयूर हो। कुमारलाई मयूरमाथि चढेको नदेखाइएमा प्रतिमाको छेउमा मयूर देखाइन्छ। दक्षिण भारतमा कुमार कार्तिकेय वा सुब्रमण्यम नामका धेरै मन्दिर प्रतिष्ठापित छन्। पौराणिक अनुश्रुतिलाई आधार लिंदा एक पटक शिवको अह्राेट (आदेश) कुमारले परिपूर्ति गर्न सफल नभएको तर गणेशले पूरा गर्न सकेकोले उनले शिवबाट आशीर्वाद प्राप्त गरे र धार्मिक-सांस्कृतिक कार्यमा गणेश पूजाले प्राथमिकता प्राप्त गर्न पुगेको बताइएको छ (Majupuria, 2014: 86-87) ।

भनिन्छ, कृत्रिम गर्भाधानद्वारा गङ्गाजीका गर्भबाट कुमारको जन्म भएको हो। देवताहरूको आवश्यकताले उनी गङ्गाजीबाट जन्माइएका हुन्। कुमार कर्तिकेयको नामले प्रसिद्धि भएका कुमार अत्यन्त बलवान् हुनपुगे र देवताहरूका सेनापति बनेर अरुले परास्त गर्न नसकेका असुरहरूको विनाश गरी देवतालाई पुनः देवभूमिमा प्रतिष्ठापित गर्न सफल भए। बलशाली कुमारको संस्मरणमा उपत्यकामा उनको जन्मदिनलाई कुमारषष्ठी भनी विधिपूर्वक पूजा एवम् खटजात्रासहित विविध कार्यक्रम सम्पन्न गरिन्छन्। यो अवसरमा कतिपयले घर-घरमा मण्डलाकार वृत्तभित्र अष्टदल कमलको चित्र बनाई त्यसैमा कुमार कार्तिकेय प्रतिष्ठा गर्दै उनको षडमुखको पूजा-आराधना गर्दछन् (चालिसे, २०३९:१३-१५)। कुमारषष्ठीलाई 'रावणसंजिता षष्ठी' पनि भन्ने गरेको भेटिन्छ। यस वेला जैसीदेवलस्थित धार्मिक पीठमा विविध गेडागुडीबाट बनाइएका बारा, रोटी, तरकारी अर्थात् अझै सम्भव भएसम्म छ किसिमका मिठाई-रोटी, ६ किसिमकै फलफूल तथा सागपात चढाई पूजा-उपासना हुन्छ। यस वेला विविध विधि पूरा गरी पूजा-कार्य गर्नाले सर्वदोष नाश गर्ने र अष्टमहाभयबाट बचावट हुन्छ भन्ने जनविश्वास रहेको छ। कुमारको पूजापद्धति, जन्म एवम् महिमा आदि सम्बन्धमा पौराणिक स्रोतहरूमा रोचक आख्यानहरू परेका छन्।

काठमाडौं उपत्यकामा कहींकहीं यही षष्ठीको दिन नै कुलदेवता पूजा पर्ने र देवाली पनि गरिन्छ। केही अगाडिसम्म देव सेनापतिको संस्मरणमा साङ्केतिक वा नक्कली लडाइँको प्रदर्शन गराइन्थ्यो। भनिन्छ, कङ्केश्वरी मन्दिर क्षेत्रमा ढुङ्गा हानाहानलगायत जोखिमपूर्ण खेल हुन्थे। घाइते हुने अवस्था देखिएकोले यो चलन अहिले लुप्त भइसकेको छ। षष्ठीको अपभ्रंशको रूपमा आएको देखिने सिठी नखः नामक पर्व पनि कुमारजात्रासँग सामीप्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राख्तछ। तर सिठी नखःचाहिँ बढी कृषिकर्म, सरसफाइ र आउँदै गरेको वर्षाऋतुको स्वागतमा नै चाड मनाइएको प्रतीत हुन्छ। साँझ कुमार खटजात्रा सम्पन्नपश्चात् मिष्ठान्न खानपिन अर्थात् भोजनको व्यवस्था समेत हुन सक्तछ। कुमार (स्वामीकार्तिकेय) षष्ठी अर्थात् सिठीनखः उत्सवका मुख्य देव नै कुमार हुन् जुन उपत्यकाको एक लोकप्रिय जात्रा हो। उपत्यकाको जैसीदेवलकेन्द्रित कुमार उत्सव आजभोलि ठुलो धुमधामका साथ मनाउने नगरिए तापनि यसको ऐतिहासिक पक्ष महत्त्वपूर्ण रहेको कुरा निश्चित छ। प्रत्येक वर्ष वैशाखशुक्ल षष्ठीको दिन सिठी नखः मनाइने र यसैको अङ्गको रूपमा भोलिपल्ट सप्तमीको दिन कुमारको खटयात्रा गरिन्छ।

काठमाडौँ जेसीदेवलनेरको 'सिठीद्यो' नामले प्रसिद्ध त्यो मन्दिर नै यस जात्राको आकर्षक केन्द्रको रूपमा रहेको छ। 'सिठीद्यो' खास गरेर षष्ठीदेवी नै हुन्। ऐतिहासिक विवरणबाट सिद्ध हुन्छ कि प्राचीन दरबारहरूमा षष्ठीदेवी र कुमारको मूर्ति सँगसँगै स्थापना गर्ने प्रचलन थियो (वज्राचार्य, २०३३: १५८)। हाँडीगाउँमा रहेको अंशुवर्माको अभिलेखमा पनि 'षष्ठीदेवकुल' को चर्चा रहेकोले (वज्राचार्य, २०३०:३०२) यसको ऐतिहासिकता स्वतः सिद्ध हुन्छ।

प्रचलनलाई हेर्दा जात्रा सुरु हुनुभन्दा अगाडि अर्थात् जेष्ठ शुक्लतृतीयाको दिन कुमारको महास्नान गरिन्छ। यसमा थसीखेलबाट नेकुहरूले जलद्वारा कुमारको मूर्तिलाई जैसीदेवल मन्दिरअगाडिको डबलीमा ल्याई महास्नान गराउँछन्। अर्को दिन रङ्गरोगन गर्ने कार्य गरिन्छ। षष्ठीको दिन नेकुहरूले नै कुमारको मूर्तिलाई कुमारको मन्दिरसँगैको सानो पाटीमा राखी कर्माचार्य र देवभाजुद्वारा संस्कार सम्पन्न गर्दछन्। सप्तमीको दिउँसोतिर सबै पूजाआजा सम्पन्न भइसकेपछि खटमा राखेर परिक्रमा गरिन्छ। जहाँ एकजना पुजारी पनि बसेका हुन्छन्। खटलाई परिक्रमाका क्रममा अष्टकोनारायण मन्दिरनेर पुग्दा बलम्बु गाउँबाट पूजा गर्न आउने प्रचलन छ। यसपछि खट जैसीदेवल, लगन, ब्रह्मटोल, ह्यूमत, कोहिटी, भीमसेनस्थान, मरु, टेङ्गल, बाङ्गेमुढा, असन, मच्छेन्द्रवहाल, इन्द्रचोक हुँदै हनुमानढोका पुऱ्याइन्छ। यहाँ पुग्दा तलेजुको पुजारीले कुमारको पूजा गर्दछन् र खटलाई यहाँबाट जैसीदेवल पुऱ्याइन्छ। यसमा एउटा महत्त्वपूर्ण कुरा यो छ कि खट यात्राको मार्ग कुमारीजात्रा बाटोसँग मिल्छ (वज्राचार्य, २०३३:१६१)। यसर्थ कुमार र कुमारीको सम्बन्ध रहेको देखिन्छ। हिजोआज भने कुमार खटलाई सहर-टोल परिक्रमा गराउने परम्परामा कमी आइरहेको छ। हाल (वि.सं.२०७७) ६ जना सञ्चालकले पालैपालो खटयात्राव्यवस्थापनको नेतृत्व गरिरहेकोमा अहिले स्थानीय कृष्णदास श्रेष्ठको जिम्मेवारीमा परेको बताइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आजभोलि यो जात्रा ठुलो धुमधामका साथ मनाउने नगरिए तापनि यसको ऐतिहासिक पक्ष महत्त्वपूर्ण रहेको कुरा निश्चित छ। प्रत्येक वर्ष वैशाख शुक्ल सप्तमीको दिन बुझाएको खटयात्रा गरिन्छ। काठमाडौँ जैसीदेवलनेरको 'सिठीद्यो' नामले प्रसिद्ध मन्दिर नै यस जात्राको आकर्षण केन्द्रको रूपमा रहेको छ। 'सिठीद्यो' खास गरेर षष्ठीदेवी नै हुन्। ऐतिहासिक विवरणबाट सिद्ध हुन्छ कि प्राचीन दरबारहरूमा षष्ठीदेवी र कुमारको मूर्ति सँगसँगै स्थापना गर्ने प्रचलन थियो (वज्राचार्य २०३३:१५८)। हाँडीगाउँमा रहेको अंशुवर्माको अभिलेखमा पनि षष्ठी देवकुलको चर्चा रहेकाले (वज्राचार्य २०३०:३०२) यसको ऐतिहासिकता स्वतः सिद्ध छ।

जात्रा सुरु हुनुभन्दा अगाडि अर्थात् जेष्ठ शुक्ल तृतियाको दिन कुमारको माहास्नान गरिन्छ। यसमा थसीखेलबाट नेकुहरूले जलद्वारा कुमारको मूर्तिलाई जैसीदेवल मन्दिर अगाडिको डवलीमा ल्याई माहास्नान गराउँछन्। अर्को दिन रङ्गरोगन गर्ने कार्य गरिन्छ। षष्ठीको दिन नेकुहरूले कुमारको मूर्तिलाई कुमारको मन्दिरसङ्गैको सानो पाटीमा राखी कर्माचार्य र देवभाजुद्वारा संस्कार सम्पन्न गर्दछन्। सप्तमीको दिउसोतिर सबै पूजाआजा सम्पन्न भइसकेपछि खटमा राखेर परिक्रमा गरिन्छ। खटमा एकजना पुजारी पनि बसेका हुन्छन्। खटलाई परिक्रमाको क्रममा अष्टकोनारायण मन्दिरनेर पुग्दा वलम्वु गाउँबाट पूजागर्न आउँछन्। यसपछि खट जैसीदेवल, लगन, ब्रह्मटोल, हयूमत, कोहिटी, भिमसेनस्थान, मरु, टेङ्गल, बाङ्गेमुढा, असन, मच्छेन्द्रबहाल, इन्द्रचोक हुँदै हनुमानढोका पुऱ्याइन्छ। यहाँ पुग्दा तलेजुको पुजारीले कुमारको पूजा गर्दछन् र खटलाई यहाँबाट जैसीदेवल पुऱ्याइन्छ। यसमा एउटा महत्त्वपूर्ण कुरा यो छ कि यो खट यात्राको मार्ग कुमारी जात्राको बाटोसङ्ग मिल्छ (बज्राचार्य २०३३:१६१)। यसर्थ कुमार र कुमारीको सम्बन्ध रहेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घ्याम्पोमा स्वच्छन्दभैरव प्रतिमाः पचलीभैरवजात्रा

पुजनीय तर डर र त्रासका देव भैरवलाई शिवको विनाशक रूप मानिन्छ। नेपाली समाजको अत्यन्त प्रभावी सामाजिक-सांस्कृतिक जीवनमा संस्कारका विविध तहमा प्रसन्न पार्नुपर्ने पहिलो मान्यताका देवता हुन् भैरव। भैरव विविध रूप र आकारप्रकारमा देखा पर्दछन्। कहीँ मानव खप्परका माला लगाएका तथा हातहरूमा मानव टाउकाहातहतियार लिएका डरलाग्दा देवको रूपमा देखिन्छन्। मातृकालाई भैरवकी शक्तिको रूपमा पनि लिइन्छ, जसलाई शक्तिशाली माता भनी सम्बोधन गरिन्छ। उनलाई रोगविनाशक देवीको रूपमा पनि समाजले आत्मसात् गरेको छ।

नेपालमा असङ्ख्या भैरव मन्दिर-प्रतिमाहरू प्रतिष्ठापित भेटिन्छन्। प्राप्त सामग्री तथा संरचनाहरूबाट यो प्रस्ट हुन्छ कि प्राचीनकालदेखि आजसम्म नै विभिन्न नामका भैरवको पूजा-उपासना एवम् लोकप्रियतामा कहिल्यै कमी आएको छैन। काठमाडौँ उपत्यकाभित्र नै इन्द्रचोकका आकाशभैरव, हनुमानढोकाका कालभैरव, ज्ञानेश्वरभैरव, कीर्तिपुरका बाघभैरव, पशुपतिका उन्मत्तेश्वरभैरव, त्रिपुरेश्वर बाग्मती किनारछेउका पचलीभैरव तथा काठमाडौँ उपत्यकाबाहिर नुवाकोटभैरव, पनौतीका उन्मत्तेश्वरभैरव आदि प्रसिद्धिको शिखरमा पुगेका भैरवहरू मानिन्छन्। भैरवदेवको सूचीमा एक शक्तिशाली देव हुन् पचलीभैरव जसलाई नेपालभरि विभिन्न नामले स्थापित ६४ भैरव प्रतिमामध्ये एक मानिन्छ। भैरवको उद्भव, महिमाबारे विविध सामग्री, आख्यान-अनश्रुतिले प्रकाश पारेका छन्।

पौराणिक साहित्यिक स्रोतमा शिवका अनेक नाम एवम् स्वरूपको वर्णन गर्ने क्रममा कहीँ क्रूर, भयावह त कहीँ महाविनाशकारी देवता कतै चण्ड, महाकाल आदि रूपमा प्रस्तुत गरिएको छ। विविध सामग्री-संरचनाबाट सभ्यता-संस्कृतिको थालनी विकास सँगसँगै भैरव सम्प्रदाय लोकप्रिय हुँदै आएकोमा सन्देह रहन्न।

प्राचीन नेपालमै मुण्डशृङ्खलिक र शृङ्खलिक पाशुपत सम्प्रदाय भैरवसम्बद्ध रहेको बताइएको छ। प्राचीनदेखि मध्यकालसम्म आइपुग्दा कहिले वज्रभैरव, महाकाल नामका भैरव लोकप्रिय देखिन्छन् भने कहीँ आकाशभैरव, बाघभैरव, भीमभैरव, कालभैरव, उन्मत्तभैरव, श्वेतभैरव, गण्डकभैरव आदिको प्रसिद्धि उत्कर्षमा पुगेको प्रतीत हुन्छ। मन्दिर, दरबार, विहारको विभिन्न खण्ड, क्षेत्रभित्र रक्षक अर्थात् द्वारपालको रूपमा पनि भैरव प्रतिमाहरू प्रतिष्ठापन गरिएको पाउन सकिन्छ। प्रायः संरचनाहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तान्त्रिक प्रभावी देखिन्छन्। नेपालमा छपन्न लाख भैरव-भैरवी रहेका छन् भन्ने उक्ति छ।

पचलीभैरवलाई स्वच्छन्दभैरवको नामले पनि सम्बोधन गरिन्छ, जसको जात्रा गर्दा सहर घुमाइने धातुनिर्मित घ्याम्पोमा स्वच्छन्दभैरवको प्रतिमा अङ्कित गरिएको देख्न सकिन्छ। पचलीभैरवलाई मर्त्येश्वरी (मचली) सँग पनि सम्वद्ध मानिन्छ। बौद्धमार्गीहरू स्वच्छन्दभैरव र शिवमार्गीहरू पचली लिङ्गेश्वरभैरवको रूपमा आत्मसात् गर्दछन्। स्वच्छन्दभैरवसम्वद्ध स्वच्छन्दललितभैरव नामक ताडपत्रमा लेखिएको एउटा प्राचीन ग्रन्थको अन्तिम पत्रमा ने.सं. ३१६ (वि.सं. १२५२) फाल्गुणमा दक्षिणेश्वर स्वच्छन्द महादेवको प्रतिष्ठा भयो भनी उल्लेख छ।[1] पचलीभैरव काठमाडौं नगरको दक्षिणी भागका देवता भएकोले र भैरव महादेवकै अर्को रूप हुनाले यो ग्रन्थमा उल्लिखित भैरव पचलीभैरव नै हुनुपर्छ भन्ने धेरैको जिकिर छ। हस्तलिखित ग्रन्थमा टिपिएको मिति हेर्दा तात्कालिक काठामाडौंको शासन व्यवस्थामा प्रभावी रहेका वैश्य ठकुरी जसलाई पछि ठकुजुजु पनि भनिन्थ्यो, यिनीहरूकै पुर्खाले पचलीभैरवको जात्रा चलाएको अनश्रुति छ। यसबाट पूर्वमध्यकालमै पचलीभैरवको स्थापना भइसकेको अनमान हुन्छ। अनुश्रुतिलाई आधार लिने हो भने पूर्वमध्यकाल प्रारम्भका काठमाडौंका राजा गुणकामदेवले उपत्यकालाई खड्गाका रूपमा निर्माण गरी विभिन्न भागमा देवदेवी स्थापना गर्ने क्रममा दक्षिणी भेकमा पचलीभैरव प्रतिष्ठापन गरेको देखिन्छ।

जात्राको प्रचलन सम्बन्धमा देवमालावंशावलीले पूर्वमध्यकालिक वैश्यठकुरी शासकबाट नै पचलीभैरवको प्रतिमा अङकित माटाको घ्याम्पो बनाई काली, गणेशसमेत देखाई पीठमा मांसाहुति यज्ञ गरी पञ्चमीको दिन जात्रा गर्ने चलन सुरु भएको वर्णन गरेको छ (नाथ, २०१३:२९-३०)। अर्कोतिर मध्यकालिक राजा अमर मल्लले पचलीभैरव र अष्ठमातृका गणसहितको नाच देखाइने चलन सुरु गरेको किंवदन्ती पनि छ।

वि.सं. १३९० को काठमाडौं मरुसत्तलमा प्राप्त एक ताम्रपत्रमा पचलीभैरवलाई पांचालिभट्टाह्र भनिएको छ भने विक्रमको अठारौं शताब्दीतिरका सामग्रीहरूमा यी देवलाई पंचदि भैरव, पंचलि भैरव, पंचदि मण्डल तथा आजभोलि नेवारीमा पचिमह्रः आदि नामबाट सम्बोधन गरिएको देखिन्छ। काठमाडौं दक्षिण भागमा तात्कालिक पाञ्चालिकहरूको रेखदेखमा रहेका यी देवतालाई 'पांचालिभट्टाह्र' भन्नुलाई कतिपयले आफ्नै

१ स्वच्छन्दललितभैरव, राष्ट्रिय पुस्तकालय, पहिलो २२४, २०६ विषयसङ्ख्या, "श्रेयोस्तु सम्वत् ३१६ फाल्गुण शुक्ल चतुर्थी......पञ्चम्या। रेवतिघटि.....नक्षेत्रे शुक्लयोगे॥ सोमदिने....घटि २३ कर्कटलग्ने....दक्षिणेश्वर स्वच्छन्दमहादेवप्रतिष्ठा शुभमस्तु।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवता भएकोले यो सम्बोधनलाई स्वाभाविक मानेका छन् (वज्राचार्य, २०३०:३२६-३३१ स तेवारी र अरू, २०२१:५२-५४)। भाषावंशावलीमा सत्रौं शताब्दीका शासक शिवसिंहले पचलीभैरवको धातुनिर्मित घ्याम्पो बनाइदिएको उल्लेख छ। पछि अठारौं शताब्दीका भाष्कर मल्लको राज्यकालमा राजमाता भुवनलक्ष्मीले फेरि नयाँ घ्याम्पो बनाएको ठ्यासफूले वर्णन गरेको छ (लम्साल, २०२३:६० स वज्राचार्य, २०२३:३२)। समग्रमा हेर्दा प्राचीन दक्षिण कोलिग्राम अर्थात् आजको यङ्गलको इलाकामा हुने पचलीभैरव जात्रामा सहर घुमाइने घ्याम्पो भने गुठियारहरूको परम्परागत वासस्थानमा एकेक वर्ष पालो गरी राखिन्छ। यङ्गल इलाकामा पर्ने यस्ता वासस्थान जम्मा बाह्रओटा रहेको बताइन्छ।

पचलीभैरव पीठको दायाँपट्टि भैरवको प्रतिमा राख्ने सानो घर र यसको सँगै बिहान भजन गर्ने सतल रहेको छ। पीठसँगैको पाटीमा पचलीभैरवको वर्षदिनमा हुने जात्रा सहर परिक्रमा गराइने वेला सुनको मोलम्बा लगाइएको पचलीभैरव प्रतिमा चित्रित घ्याम्पो राखिन्छ। यस पाटीलाई स्थानीयवासी 'झासंफल्चा' भन्ने गर्दछन्। पचलीभैरवको दायाँतिर नै सदा बलिरहने अखण्ड धुनी देख्न सकिन्छ। टेकुस्थित पचलीभैरवको आकारहीन गोलाप्रस्तर प्रतिमाको दायाँबायाँ क्रमशः सिंहिनी, ब्याघ्रिनी र पङ्क्तिबद्ध अष्ठमातृका गणका अतिरिक्त गणेश, कुमार आदि प्रतिष्ठापित छन्। पचलीभैरवका चार वाहु, दुई पाउ देखिन्छन्। उनी पात्र, खड्ग, सर्प, कुण्डल, मुकुट आदिले सुसज्जित छन्।

पचलीभैरवको प्रत्येक दिन विविध सामग्रीसाथ वज्राचार्य र द्यःपालाको रूपमा रहेका महर्जन जातिबाट विधिपूर्वक नित्य पूजा हुँदै आएको छ। क्वाथवाहाःका थकुजुजुहरूका पनि शनिवारको पूजामा संलग्नता रहन्छ। पीठका द्यःपालाहरूका लागि गुठीको व्यवस्था पनि छ। यसबाट वर्षभरि नै पचलीभैरवका नाममा विभिन्न तिथिमा पर्ने पर्व पनि सम्पन्न गर्नुपर्ने हुन्छ।

जात्राको पूर्वार्ध र जात्रा प्रारम्भ : जात्रा प्रारम्भको पूर्वसङ्केत आश्विनशुक्ल प्रतिपदाबाट पचलीभैरवको प्रतिमा अङ्कित घ्याम्पो द्यःपाल गुठियारको वासस्थलबाट ल्याई चित्रकारको घरमा लगी विधिपूर्वक पूजा गरी साज सज्जा साथ चित्रकारीयुक्त बनाइन्छ। यसपछि तृतीयाको दिन थकुजुजुबाट पचलीभैरवसमक्ष निमन्त्रणा-पूजा पठाइन्छ। आश्विन चौथीमा भीमसेनस्थान नजिक क्वाथवाहाः निवास रहेका थकुजुको घरमा लगी राखिन्छ। पुऱ्याइएका पूजा सामग्रीको साथै भैरवलाई चढाउन पाँच माना भातलाई ठुलो-सानो गरी ३४/३४ भाग लगाई पठाउने गरिन्छ। पचलीभैरवको आफ्नो स्थान चाहिँ द्यःपाला पुजारी १२ जना र थकुजुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घरमा व्यवस्था गरिएको हुन्छ। वासस्थल गरिएको घर बेचबिखन भएमा पनि पचलीभैरवको स्थान चाहिँ जस्ताको तस्तै राख्नुपर्छ भन्ने परम्परागत कथन छ।

चौथीको रात्रि नै सर्वप्रथम चिकमुङ्गलस्थित अट्कोनारायणको पूजा हुन्छ जुन वेला पूजामा एक खड्कुलो पनि राखिन्छ। पूजा सकिएपछि सो खड्कुलोलाई काष्ठमण्डपअगाडिको भूतेश्वर महादेव र गोरखनाथ परिक्रमा गराई पचलीभैरवको निराकार प्रस्तर भएको खाल्डोमा खड्कुलोभित्र भएका वस्तुहरू खन्याइन्छ। यसपछि आश्विनशुक्ल पञ्चमीको दिन बिहानै पचलीभैरव प्रतिमायुक्त घ्याम्पो पीठमा पुऱ्याइन्छ। पञ्चमीकोदिन जात्राको मुख्य दिन भएकोले बिहानै पूजा हुन्छ। थकुजुजु, पुरोहित, जोशी, आचार्य र द्यःपाला गुठियारहरूबाट पूजा हुन्छ, जुन वेला पचली पीठबाट केही पर बोका बलि दिई मांसाहुति यज्ञ गरिन्छ। यज्ञमा बलि दिइएका मांसलाई तेह्र भाग लगाई होममा होमिन्छ। पञ्चमीको दिन दिनभर परम्परागत तान्त्रिक विधिका साथै श्रद्धालुहरूको भिडभाड साथ सर्वसाधारणबाट पूजा-उपासना आदि कार्य गरिन्छ (श्रेष्ठ, २०४९:५४-५६)। भनिन्छ, पहिले-पहिले राँगो, बोका, चराचुरुङ्गीको रगतसहित तान्त्रिक विधिबाट नै बलि दिइन्थ्यो तथा रातभरि विविध विधिअनुसार भजन-सङ्गीत धार्मिक कार्य सम्पन्न गरिन्थ्यो (Anderson, 1977:157-158)।

रात्रिको समयमा पचलीभैरवको प्रतिमा भएको घ्याम्पो र पचलीभैरवकी शक्ति अजिमाको प्रतिनिधित्व गर्ने सुरापत्र, पुत्र गणेश आदि देवदेवी गणसहित भव्यताका साथ बाजामण्डली लस्कर लागेर नगर परिक्रमा यात्रा हुन्छ। काठमाडौँ नगरका मचली, मतुलाक्षी, इनाखा, ब्रह्मटोल, लगन, ज्यावहाल, जैसीदेवल, चिकमुङ्गल, मरुटोल आदितिर घुमाउँदै पचलीभैरवको जात्रा हनुमानढोका दरबारको सुवर्णद्वारअगाडि पुग्दछ। यस वेला सरकारीतर्फबाट पचलीभैरवलाई सिङ्गै राँगो बलि चढाई परम्पराअनुसार पूजा हुन्छ। पूजा कार्य सकिएपछि गुठियारहरूको पालोअनुसार जहाँ पचलीभैरवलाई राख्नुपर्ने हो त्यहीँ लगी घ्याम्पो राखिन्छ र आउँदो वर्षको जात्रा नभएसम्म देवतालाई विराजमान गराइन्छ।

पचलीभैरव यात्रा चलाउने द्यःपाला गुठीका थकाली-थकाल्नी, अजिमाको पात्र-देवगण बोक्ने व्यक्ति, तान्त्रिक पूजा गर्ने गुभाजु-गुभाजुनी, पुरोहित आदि यात्रा नसिद्धिएसम्म निराहार बस्नुपर्ने, कपाल खौरिनुपर्ने आदि परम्परा छ। तान्त्रिक पूजापछि उपर्युक्त व्यक्तिहरूको हातमा स्यवजि वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

समयबजी राखिदिँदा होस् नै हराए जस्तो प्रतीत हुन्छ। जात्रा सकिएको चार-पाँच घण्टापछि निद्राबाट बिउँझिएजस्तो भई उनीहरू पहिलेकै अवस्थामा देखापर्दछन्। जात्रामा कल्हार-पुष्पको अनिवार्य प्रयोगसम्बन्धी पनि रोचक किंवदन्ती रहेका छन् (श्रेष्ठ, २०४९:५६-५७)।

प्रचलित एक आख्यानअनुसार कुनै कालखण्डमा भैरवनाथले छोरा गणेश र छोरी कुमारीलाई काठमाडौँ नगर घुमाउँदा शक्ति अजिमा र देवीहरू रिसाउन पुगे। पछि पचलीभैरवले उनीहरूलाई पनि राति कसैले नदेख्ने गरी घुमाएका थिए। यही क्रियाकलापको नक्कलस्वरूप पचलीभैरवको जात्रा रात्रिको समयमा पनि चलाएको बताइन्छ। यसै गरी पचलीभैरवले अर्की पत्नीको रूपमा कसाई केटीलाई ल्याएको र अघिल्ली पत्नी (महालक्ष्मी?) रिसाई बच्चा लिएर खोकनातिर गई वास बसेको आदि सम्बन्धी पनि किंवदन्ती रहेका छन्। पचलीभैरवको उद्भव, महिमा, जात्रा आदि सम्बन्धी एकअर्कामा मिल्दाजुल्दा धेरै आख्यान पाइन्छन्। अनुश्रुतिले पचलीभैरवलाई तात्कालिक फर्पिङका शासक मान्दै उनी साक्षात् भैरवावतार भएको र तन्त्रविद्यामा निपुण रहेको बताइएको छ। उनी फर्पिङदेखि आएर काठमाडौँमा रहेकी अर्की श्रीमती (कसाई?) सँग रात बिताउने र एक पटक कुनै कारणबस बिहानै फर्पिङ फर्किन नसक्ता यही कल्हर-पुष्पको झ्याङमा लुकेर बस्नुपरेको आदि अनुश्रुति छन्। यही संस्मरणमा विविध पूजा-जात्रा सुरु भएको बताइएको छ। पचलीभैरव र कसाई केटीको प्रसङ्ग धेरैतिर आइरहेको देख्न सकिन्छ। पचलीभैरव लुकेको ठाउँ नै पचलीभैरव पीठ भएको बताइएको छ।

पचली आजुलाई कुमारीले दर्शन गर्दा हनुमाढोकास्थित कोशीतोषाखानामार्फत् सरकारी पूजा पनि हुने र पचली आजु (भैरव) लाई राष्ट्रको रक्षक तथा शक्तिको स्रोतका रूपमा लिइन्छ। कुमारीले भैरवको दर्शन गर्दा कुमारीले हेर्न पुग्यो नभनेसम्म मूर्तिलाई उठाउन नहुने बताइन्छ। कुमारीले पचलीभैरवको दर्शन गर्दा मूर्तिलाई हेरिरहन्छिन्। कुमारीमाजुले हेर्न पुग्यो नभनेसम्म मूर्तिलाई फिर्ता लैजान नहुने मान्यता रहेको छ। उनले दुईतीन घण्टा हेरिरहे पनि कुरेरै बस्नुपर्ने भनिन्छ। तत्कालीन राजाहरूले शक्तिसञ्चितिको हरेक १२ वर्षमा पचलीभैरवसँग खड्गसिद्धि (खड्ग साट्ने) गर्ने र यस्तो गर्दा कुमारीले शक्ति पुनप्राप्ति गरेजस्तै हुने बताइएको छ (महर्जन, २०७५:१०)। एक अनुश्रुतिअनुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पचलीभैरव एक दिनमै काशी (वाराणसी) पुगेर फर्किन्थे र उनकी प्रेमिकालाई रातमा भेट्दथे ।

काठमाडौं उपत्यकाको समाजमा अत्यन्त प्रभावी पचलीभैरव जात्रा र भैरवसँगै सम्बद्ध पचलीभैरव र उनका अष्टमातृका गणसहित प्राचीन नाच काठमाडौं सहरका निश्चित ठाउँ तथा समयमा नचाइने परम्परा कायम नै छ । यसमा एक महत्त्वपूर्ण पक्ष के छ भने यम्बुको इलाकामा नाच नचाइने वर्ष मखनटोलमा पचलीभैरवको खड्गसँग गद्दीनशीन राजाको खड्ग साटासाट गर्ने परम्परागत चलन स्मरणीय मान्न सकिन्छ । नेपालको सांस्कृतिक इतिहासमा खड्गसिद्धि नामको यो रीतिमा अर्थात् पचलीभैरवको खड्गसँग आफ्नो खड्ग विनिमय गर्न राजा आफैँ सहभागी हुने परम्परा रहेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पचलीभैरव-देवदेवीगणको बाह्रबर्से नाच: खड्गसिद्धि

पचलीभैरवको जात्रा सकिएको बाह्र वर्ष पुगेपछि प्रत्येक बाह्र-बाह्र वर्षमा पचलीभैरव तथा उनका गणसहितको नाच काठमाडौं नगरका विभिन्न स्थानमा परिक्रमा गर्दै प्रदर्शन गरिन्छ। यस वेला विजयादशमीको अवसरमा काष्ठमण्डपको भूतेश्वरमण्डपको बिचको शिलालाई पचलीभैरवको प्रतीक मान्दै यसै ठाउँमा खड्गसँग गद्दीनशीन राजाको खड्ग तीन पटक विनिमय (सट्टापट्टा) गर्ने सांस्कृतिक विरासद रहेको देखिन्छ। यस वेला राजालाई शक्ति प्रदान गरेको भावभङ्गी प्रस्तुत गरिन्छ। नाचमा सहभागी हुने भैरव तथा अष्टमातृका देवगण सबैलाई प्रदर्शनअगाडि तान्त्रिक विधिसाथ गरिने नाचको लागि क्यावहलको एक आगमघरमा प्रशिक्षण दिइन्छ।

नाचमा सहभागी हुने व्यक्तिहरू प्रायः मालाकार थरका हुने हुँदा स्थानीय नेवारी भाषामा यो नाचलाई 'गठू प्याख' भन्ने गरिन्छ। भनिन्छ, यही समुदायमा देवदेवीहरू बढी प्रवेश गर्ने भएकोले जात्रा सञ्चालनमा पनि यिनीहरूकै भूमिका अग्रणी रहन्छ (अमात्य, २०४२)। पचलीभैरव र देवगण अतिरिक्त बाजा बजाउने, गीत गाउने, नाच सिकाउने आदि गरी करिब पचासजना जति नाचमा सरिक भएको देख्न सकिन्छ। घण्टाकर्णको दिनदेखि नाचको सुरुवात हुन्छ भने नाच सुरु हुनुअगाडि नै राजासमक्ष सुपारी-पैसा पठाउने गरेको देखिन्छ (श्रेष्ठ, २०४९:६०)। बाह्र बर्से जात्रामा भैरव देवदेवी गणका नाचको साथै राजासँग खड्ग साटासाट गर्ने परम्परा रहेकोले आश्विनशुक्ल दशमी अर्थात् विजयादशमीको दिन पचलीभैरव पीठमा बौद्ध-तान्त्रिक विधिअनुसार सहस्राहुति महायज्ञ गर्ने प्रचलन पनि छ। खड्गसिद्धि पूजा गर्दा बौद्ध चर्यागीत गाउने तथा जीवन्यास, आकर्षण, प्रवेश, बन्धन, तोषण, प्रतिष्ठा आदि विधि अपनाइन्छ। यस वेला तान्त्रिक विधि अपनाई 'ज', 'हु', 'ब', 'हो' आदि बीजाक्षरद्वारा तोषण गरिन्छ जसलाई सर्वसाधरणले बुझ्न कठिन पर्दछ (ताम्राकार, २०४४:१०)। खड्गसिद्धिपछि नृत्यमा भाग लिने पात्रले देवीदेवीको वर्णअनुसार पोसाक-पहिरन लगाउने क्रममा मकुन्डो, गहना, भोटो, जामा, बाजु आदि पहिरिएको देख्न सकिन्छ। आ-आफ्नो भावभङ्गी रङ-वर्ण, आवाज, पोसाकमा देवदेवीको रूपमा भाग लिइन्छ। वर्णअनुसार भाग लिने प्रमुख देवगण पात्रहरू यस प्रकार रहेका छन् :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. पचलीभैरव	८. इन्द्रायणी
२. सिंहिनी	९. वैष्णवी
३. व्याघ्रिनी	१०. कौमारी
४. गणेश	११. महालक्ष्मी
५. कुमार	१२. ब्रह्मायणी
६. चामुण्डा (अजिमा)	१३. रुद्रायणी
७. वाराही	१४. भद्रकाली (श्रेष्ठ, २०४९:६१)

यसमा पचलीभैरव हुनेको आवरण भने सम्पूर्णमात्रामा नीलो रहेको हुन्छ । यसवेला पचलीभैरव रुपधारण गर्ने पात्रले देवदेवी-गणहरुको पूजाद्वारा एकत्रित गरिएको शक्तिशाली खड्ग ग्रहण गर्दछन् । देवदेवी-गणले आ-आफ्नो मुद्रामा हातहतियार लिई नृत्यमा भाग लिन्छन् । नृत्यको प्रारम्भ र अन्तमा नाटेश्वरलाई अभिवादन गरिन्छ र बाजालाई ढोगिन्छ । नृत्यको शुभारम्भ पचली पीठबाट नै हुन्छ भने यसपछि थकुजुजु क्वाथवाहा: चोक हुँदै नासलचोक (हनुमानढोका दरवार) भएर अगाडि बढिन्छ । खड्गसिद्धिपछि काठमाडौं नगरका विभिन्न स्थानमा महिनौसम्म नाच प्रदर्शन भएको देख्न सकिन्छ । आषाढकृष्ण अष्टमीमा आइपुग्दा देवगण-पात्रहरुले पहिरिएका मुकुण्डो, पोशाक आदिलाई टेकू दोभान पुगेर तान्त्रिक विधिद्वारा विसर्जन गरी नृत्य पनि अन्त्य हुन्छ । पात्रहरुले पहिरिएका पोशाक टुक्रा-टुक्रा बनाइ बाड्ने र घरमा राख्ता खराव तत्वको प्रवेश हुँदैन भन्ने जनविश्वास छ ।

भनिन्छ, बाह्रवर्षे नाचको थालनी मध्यकालिक राजा अमरमल्लको समयदेखि भएको थियो । काठमाडौं उपत्यकाका अर्थात् चारभन्ज्याङभित्रका लोकप्रिय सांस्कृतिक महिमा भएका जात्राको सूचीमा पचलीभैरव तथा यसैसंग जोडिएको बाह्रवर्षे नाच एवं खड्गसिद्धि नृत्यको अग्रणी स्थान रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चार भन्ज्याङभित्रका अन्य केही जात्रा: नामावली

काठमाडौं उपत्यकाभित्र र केही जोडिएका जिल्लामा अरू असङ्ख्या पर्व-जात्राहरू जीवन्त छन्। अस्तित्वमा रहेका केही जात्राका नामावली मात्र तल प्रस्तुत गर्दछौं :

१. अजिमादेवी जात्रा (मनमैजुदेवीजात्रा)	३१. चापागाउँजात्रा
२. अन्नपूर्ण खटजात्रा	३२. चुनिखेलजात्रा
३. अशोकविनायकजात्रा	३३. छुमागणेशजात्रा
४. आकाशभैरवजात्रा, हलचोक	३४. जलविनायकजात्रा
५. इचङ्गुनारायणजात्रा	३५. टीकाभैरवजात्रा
६. इन्द्रस्थान जात्रा, दहचोक	३६. टुँडालदेवीजात्रा
७. इन्द्रायणीजात्रा, मनमैजु	३७. डाँछीजात्रा
८. उग्रचण्डीजात्रा, नाला	३८. तेमालजात्रा, बौद्धनाथ
९. ककनीजात्रा, नुवाकोट	३९. तौथली जात्रा
१०. कमलादी गणेशजात्रा	४०. त्रिपुरासुन्दरीजात्रा, सल्यानटार, धादिङ
११. करुणामयजात्रा, काभ्रे	४१. त्रिवेणीमेलाजात्रा, बाणस्थली, थानकोट
१२. कागेश्वरीजात्रा	४२. थैवजात्रा
१३. कान्तिभैरवजात्रा	४३. दुप्चेश्वरजात्रा, नुवाकोट
१४. कालिकाभैरवजात्रा	४४. धर्मस्थलीजात्रा
१५. कार्तिकनाच-जात्रा	४५. धापाखेलजात्रा
१६. किसिपिडी लाखेजात्रा	४६. नक्सालभगवतीजात्रा
१७. कुम्भेश्वरजात्रा	४७. नरदेवीजात्रा
१८. कृष्णजात्रा, थानकोट	४८. नवदुर्गाजात्रा, पनौती/ठेचो
१९. गङ्गा-जमुनाजात्रा, धादिङ	४९. नवदुर्गाजात्रा, भक्तपुर नगर
२०. गणेश-महालक्ष्मी-कुमारीजात्रा, बलम्बु	५०. नवदुर्गाजात्रा, ठिमी
२१. गणेश-भैरवजात्रा, आलापोट	५१. नाटेश्वरीजात्रा, नुवाकोट
२२. गहनापोखरीजात्रा	५२. नीलवाराहीजात्रा, बोडे
२३. गाम्छाजात्रा	५३. नृसिंहजात्रा, साँखु
२४. गुह्येश्वरीजात्रा	५४. नृसिंहजात्रा, ललितपुर
२५. गोकर्णेश्वर-भैरवजात्रा	५५. पचलीभैरवजात्रा, रानीवन
२६. गोपालीअम्वेजात्रा, चित्लाङ	५६. पञ्चमीजात्रा, धादिङ
२७. घण्टाकर्णजात्रा	५७. पलाञ्चोक भगवतीजात्रा, काभ्रे
२८. घ्याम्पो (घ्याम्पे) जात्रा, फर्पिङ	५८. पशुपति लाखेजात्रा
२९. चन्द्रविनायकजात्रा	५९. पाँगाजात्रा
३०. चम्पादेवीजात्रा, फर्पिङ	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६०. पाया:जात्रा, ललितपुर	८५. मातातीर्थ मेला-जात्रा
६१. पुलुकिसिजात्रा, भक्तपुर	८६. माधवनारायणजात्रा, ठेचो
६२. फिकुरीजात्रा, नुवाकोट	८७. माधवनारायणजात्रा, भक्तपुर
६३. फुटुङजात्रा	८८. मालीगाउँजात्रा
६४. फूलचोकीनाच जात्रा	८९. लाखेजात्रा, काठमाडौं नगर
६५. फूलबारीजात्रा, काभ्रे	९०. लयकुभैरवजात्रा, भक्तपुर
६६. बलामीसमाजजात्रा, बालाजु	९१. वज्रयोगिनीजात्रा, फर्पिङ
६७. बाँडेगाउँजात्रा	९२. वज्रवाराहीजात्रा
६८. बाइसधाराजात्रा, बालाजु	९३. वसुन्धराजात्रा, फर्पिङ
६९. बाह्रवर्षेजात्रा, चित्लाङ	९४. विजेश्वरीजात्रा
७०. बाह्रबर्से-रथजात्रा, बुङमती	९५. विशङ्खुनारायणजात्रा
७१. बाह्रबर्से-सङ्कटाजात्रा	९६. विष्णुमतीजात्रा, ठिमी
७२. बालकुमारी-जेलकुमारीजात्रा, लेले	९७. शिवपुरी-बागद्वारजात्रा
७३. बुढानीलकण्ठ मेला-जात्रा	९८. शोभाभगवतीजात्रा
७४. भद्रकाली-अजिमाजात्रा	९९. श्वेतभैरवजात्रा
७५. भाटभटेनीजात्रा	१००. साँगाजात्रा
७६. भीमसेनजात्रा, ललितपुर	१०१. सिद्धिपुरजात्रा, महालक्ष्मी नगरपालिका
७७. मतयाजात्रा, पाटन	१०२. सुनाकोठीजात्रा
७८. मनकामनाजात्रा, बुङमती	१०३. सूर्यविनायकजात्रा
७९. मनमैजुजात्रा	१०४. सेतो मत्स्येन्द्रनाथजात्रा
८०. मैतीदेवीजात्रा	१०५. हरिसिद्धिजात्रा,ललितपुर, आदि ।
८१. म्हेपी-अजिमाजात्रा	
८२. मरुगणेशजात्रा	
८३. महाचुनीजात्रा, चित्लाङ	
८४. महालक्ष्मी-इन्द्रंविनायकजात्रा, थानकोट	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भ-सामग्री

अधिकारी, ओमप्रकाश (२०६७), *त्रैलोक्यमङ्गलसूर्य स्तोत्रम्,* वाराणसीः सागर शर्मा ।

अधिकारी, ओमप्रकाश (२०६८), *सरस्वती पूजाविधि,* वाराणसीः सागर शर्मा ।

अमात्य, साफल्य (२०४२), भद्रकाली र पचलीभैरव नृत्य, *नेपाली संस्कृति,* वर्ष ९, अङ्क ३, काठमाडौँः मातृभूमि प्रेस ।

अमात्य, साफल्य (२०५३), *काठमाडौँ नगनारायण,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

अमात्य, साफल्य (२०६०), *पानी र संस्कृति,* काठमाडौँ : नेपाल खानेपानी संस्थान ।

आचार्य, उद्धव (२०४४), फर्पिङको हरिशङ्करयात्रा, *प्राचीन नेपाल,* सङ्ख्या १०० (असार, साउन) ।

आचार्य, उद्धव (२०६६), पनौती र मकरमेला, *सम्पदा नेपाल,* वर्ष १, अङ्क १ ।

आचार्य, चेतोनाथ शर्मा (२०४५), *हाम्रा धार्मिक चाडपर्व,* काठमाडौँः सनातन धर्म सेवा समिति ।

ईश्वरानन्द (२०५०), *गीता तात्पर्य,* द्वितीय संस्करण, स्वयम्भूः गीता-प्रचार आश्रम ।

कान्तिपुर पब्लिकेसन्स (२०७५), लुभूमा पनि जात्रा, *कान्तिपुर,* वर्ष २६, अङ्क ६९, कान्तिपुर पब्लिकेसन्स, १५ वैशाख ।

किसी, कृष्ण (२०७६), विस्काभित्रका गुमनाम जात्रा, *नागरिक,* वर्ष १०, अङ्क ३४८, २ वैशाख ।

कोइराला, कुलचन्द्र (२०४३), पशुपति क्षेत्रका जात्रापर्वहरू श्री वज्रेश्वरीदेवी (देवपत्तन), *प्रज्ञा,* वर्ष १५, अङ्क २ (पूर्णाङ्क ५६), कार्तिक, मङ्सिर, पुस, काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

कोइराला, कुलचन्द्र (२०५२), *नेपाली सांस्कृतिक जात्रापर्व,* काठमाडौँः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

कोइराला, कुलचन्द्र (२०६६), *नेपालको इन्द्रजात्रा पर्व,* काठमाडौँः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

कोइराला, कुलचन्द्र (२०७५), *शक्ति समुदाय र शक्तिपीठ,* काठमाडौँः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

खत्री, प्रेम (२०५०), बुङमती जहाँबाट मनसुनी वर्षाको उद्घोष हुन्छ, *मधुपर्क,* २६ (२९८), काठमाडौँ, गोरखापत्र संस्थान ।

खनाल, उत्तरा (२०७४), हाँडीगाउँको चोक्काथुनारायणजात्रा, *लालीमा,* पूर्णाङ्क ५, ललितपुरः त्रि.वि., पाटन संयुक्त क्याम्पस, संस्कृति विभाग ।

खनाल, मोहनप्रसाद (२०४०), *चाँगुनारायणका ऐतिहासिक सामग्री,* काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

Nepal Sanskrit Academy, Kathmandu Collection

खाइजु, ईश्वरकाजी (२०७३), देवीदेवतालाई सगुन चढाइयो, *अन्नपूर्ण पोष्ट,* वर्ष १४, अङ्क ३४२, ५ वैशाख ।

ख्वग:तेजेश्वरवाबु (२०७६), संस्कृतिको धरोहर गाईजात्रा, *खोपृङ* , नं. १९ ।

ख्वग: तेजेश्वरवाबु (२०७२), बिस्केटजात्राका आयाम, *कान्तिपुर,* वर्ष १४, अङ्क ३३६, २९ चैत्र ।

चालिसे, चक्रपाणि (२०५९), *नेपाली संक्षिप्त रामायण,* काठमाडौं: साझा प्रकाशन ।

चालिसे, रवि (२०३९), *हाम्रा चाडपर्व,* काठमाडौं: सूचना विभाग ।

जोशी, सत्यमोहन (२०३९), *नेपाली चाडपर्व,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

जोशी, सत्यमोहन (२०७३), *नेपाली चाडपर्व,* काठमाडौं: साझा प्रकाशन ।

जोशी, हरिराम (२०६०), *नेपालका चाडपर्व,* ललितपुर: जोशी रिसर्च इन्स्टीच्युट ।

जोशी, हरिराम (२०७०), *प्रदीप अभिनव संस्कृति विश्वकोश,* ललितपुर: वर्क्स पब्लिकेसन ।

जोशी, हरिराम (२०४०), *हाम्रो संस्कृति,* काठमाडौं : सञ्चार मन्त्रालय, सूचना विभाग ।

जोशी, हरिराम (२०५४), गोदावरीको मेला, *Voice of Culture*, Vol. 11, Kirtipur: संस्कृति विभाग, त्रि.वि.

टण्डन, गोविन्द (२०५३), *पशुपतिक्षेत्रका सांस्कृतिक अध्ययन,* काठमाडौं: झरेन्द्र शमशेर तथा मञ्जु राणा ।

टमोट, काशीनाथ (२०७५), *श्रीस्वस्थानी व्रतकथा,* काठमाडौं : नई प्रकाशन ।

ढकाल, प्रदीप (सम्पा.) (२०७७), *पाशुपतक्षेत्रको सांस्कृतिक सम्पदा,* काठमाडौं: पशुपति क्षेत्र विकास कोष ।

ताम्राकार, तेजरत्न (२०४४), पचलीभैरवको बाह्रवर्से खड्गजात्रा,*नेपाली संस्कृति,* वर्ष ४, अङ्क १, काठमाडौं ।

ताम्राकार, नुयुकाजी (२०६६), *पनौतीका प्राचीन कथाहरू,* पनौती साहित्य समाज ।

तेवारी, रामजी तथा अरू (सम्पा.) (२०२१), *ऐतिहासिक पत्रसङ्ग्रह,* भाग २, काठमाडौं: नेपाल सांस्कृतिक परिषद् ।

त्वानावासु, रेणु (२०७६), सकियो बिस्काजात्रा, *नागरिक,* वर्ष १० अङ्क, ६ वैशाख ।

थापा, शान्ति श्रेष्ठ (२०६८), *लुभू महालक्ष्मीजात्रा,* वानेश्वर: बी.बी. थापा ।

दीपङ्खा यात्रा व्यवस्थापन समिति (२०६२), *दीपङ्खा यात्रा,* यल: इतिहासहे नागहाथ ।

धौबन्जार, गोपाल (२०६५), *बिस्केट जात्रा: अष्ट प्रदेश उत्सव,* काठमाडौं: जोशी रिसर्च इन्स्टिच्युट ।

न:घ: भनी, तीर्थलाल (२०४७), रातो मत्स्येन्द्रनाथको उत्पत्ति, *अभिलेख,* वर्ष ८, अङ्क ८, काठमाडौं: राष्ट्रिय अभिलेखालय ।

नाथ, योगी नरहरि (२०१३), *देवमालावंशावली,* काठमाडौं: छिप्रानाथ योगी ।

नेपाल रिपब्लिक मिडिया (२०७३), मनाइयो सिन्दूर जात्रा, *नागरिक,* ७ (३४६), ३ वैशाख ।

नेपाल रिपब्लिक मिडिया (२०७३), जुजुभाइको आठौं जिब्रो छेडाइ, *नागरिक,* ७ (३४६), ३ वैशाख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाण्डेय, फणीन्द्रप्रसाद (२०५७), *संस्कृत-नेपाली वृहत शब्दकोश,* काठमाडौं : महेन्द्र संस्कृत विश्वविद्यालय ।
पाण्डेय, राजबलि (सं.) (१९७८), *हिन्दू धर्मकोश,* लखनउः उत्तरप्रदेश हिन्दी संस्थान ।
पौडेल, नयनाथ (२०२०), *भाषावंशावली,* काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय ।
पौड्याल, वीणा (१९९८), हिन्दू सांस्कृतिक परम्परामा देवराज इन्द्र, *Contribution to Nepalese Studies*, No. 1, January, *Vol.25, CNAS, T.U.*
पौड्याल, वीणा (२०६२), *वेदपुराणका रत्नहरू,* ललितपुरः साझा प्रकाशन ।
पौड्याल, वीणा (२०६७), *वेदपुराणका केही रत्नहरू,* (दोस्रो भाग), साझाः प्रकाशन
पौड्याल, वीणा (२०७२), समान दण्डको उदाहरण इन्द्रजात्रा, *कान्तिपुर,* १० असोज ।
पौड्याल, वीणा (२०७३), पुरानो चाड इन्द्रजात्रा, *कान्तिपुर,* २३ भदौ ।
पौड्याल, वीणा (२०७१), *वेदपुराणका केही रत्नहरू,* (तेस्रो भाग), काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
पौड्याल, वीणा (२०१५), होलीको रौनक र होसियारी, *कान्तिपुर,* ५ मार्च ।
पौड्याल, वीणा (२०६९), धर्मको आडमा निमुखा पशुपक्षीको निर्मम हत्या, *लालीमा,* पूर्णाङ्क २, ललितपुर : संस्कृति विभाग, त्रि.वि., पाटन संयुक्त क्याम्पस ।
पौड्याल, वीणा (२०७५), *श्रीस्वस्थानी व्रतकथा,* काठमाडौंः नई प्रकाशन ।
प्रजापति, सत्यनारायण (१९९०), भक्तपुरको चण्डेश्वरीजात्रा, *रोलम्वा,* वर्ष १०, सङ्ख्या २, पाटन ।
प्रधान, केदारनाथ (२०५०), भक्तपुरको विस्केट जात्रा र यसको प्रागैतिहासिक महत्त्व, *प्राचीन नेपाल,* सङ्ख्या १३५, काठमाडौंः पुरातत्त्व विभाग ।
प्रधान, प्रयागराज (२००९), कीर्तिपुरको पायाः (खड्गजात्रा) परम्पराको विशिष्टताः एक तुलनात्मक अध्ययन, *Contributions to Nepalese Studies, Vol. 36, No.1, Kirtipur: CNAS.*
प्रधान, माधवलाल (२०५७), भैरवी मन्दिर र सिन्दूरजात्रा : नुवाकोटको सांस्कृतिक झलक, *हाम्रो सम्पदा,* वर्ष ७, अङ्क ८, पुस नुवाकोटः नुवाकोट सम्पदा संरक्षण मञ्च ।
प्रसाईं, कञ्चनजङ्गा (सं.) (२०७५), *श्रीस्वस्थानी व्रतकथा,* काठमाडौंः नई प्रकाशन ।
भट्टराई, गोविन्दप्रसाद (२०४१), *मूर्तिकला,* काठमाडौं : इल्या भट्टराई ।
भट्टराई, माधव (२०७५), *श्रीस्वस्थानी व्रतकथा,* काठमाडौं : नई प्रकाशन ।
भट्टराई, वासुदेव (२०५२), *श्रीमद्भागवत महापुराण,* द्वितीय खण्ड, काठमाडौंः साझा प्रकाशन ।
भडेल, सुनिता (२०७३),. *चाँगुनारायण क्षेत्रमा मनाइने प्रमुख जात्रा-पर्वहरू,* मानविकी स्नानकोत्तर तह, संस्कृति विभाग त्रि.वि., कीर्तिपुरमा बुझाइएको शोधपत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महर्जन, तेजनारायण (२०७५), कुमारीलाई शक्तिदिने पचलीभैरव जात्रा, *नागरिक*, १० (१७२), २६ असोज ।

महर्जन, विजयकुमार (२०७३), फर्पिङगको हरिशङ्कर जात्रा, *कान्तिपुर*, ६ कार्तिक ।

मानन्धर, सुशिला (२०५९), *चापागाउँको सांस्कृतिक सम्पदा*, लगनखेलः सुशीला मानन्धर

माली, प्रशान्त (२०७५), सातगाउँले जात्रा, *कान्तिपुर*, वर्ष २६, अङ्क २९८, २१ असोज ।

माली, प्रशान्त (२०७५), टोखा विस्केटजात्राको रौनक, *कान्तिपुर*, वर्ष २६, अङ्क ५८, ४ वैशाख ।

माली, प्रशान्त (२०७४), कहीँ नभएको जात्रा हाँडीगाउँमा, *कान्तिपुर*, वर्ष २५, अङ्क २२८, २१ असोज ।

योगी, देवीनाथ (२०१३), *देवमालावंशावली*, काठमाडौँः शूर शमशेर ।

योगी, नरहरिनाथ (सं.) (२०१३), *देवमालावंशावली*, मृगस्थलीः क्षिप्रानाथ योगी ।

रेग्मी, जगदीशचन्द्र (२०३९), *नेपालको धार्मिक इतिहास*, काठमाडौँः रत्न पुस्तक भण्डार ।

लम्साल, देवीप्रसाद (२०२३), *भाषावंशावली* (द्वितीय भाग), काठमाडौँः नेपाल राष्ट्रिय पुस्तकालय ।

लेभी, सिल्भाँ (२००५), *नेपालः हिन्दु अधिराज्यको इतिहास* (अनु. डिल्लीराज उप्रेती), प्रथम खण्ड, ललितपुरः हिमाल किताब ।

वज्राचार्य, गौतमवज्र (२०३३), *हनुमानढोका राजदरवार*, काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान ।

वज्राचार्य, धनवज्र (२०२३), अप्रकाशित ठ्यासफू, *पूर्णिमा*, वर्ष ३, अङ्क ४, काठमाडौँः इतिहास संशोधन मण्डल ।

वज्राचार्य, धनवज्र (२०३०), *लिच्छविकालका अभिलेख*, काठमाडौँः नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

वज्राचार्य, धनवज्र (२०६४), *गोपालराजवंशावलीको ऐतिहासिक विवेचना*, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

वज्राचार्य, धनवज्र (१९८६), वर्षकृत्तिः एक अप्रकाशित ठ्यासफू, *Contributions to Nepalese Studies*, Vol. 14, No. 1, December, Kathmandu: CNAS, T.U.

वज्राचार्य, धनवज्र र टेकवहादुर, श्रेष्ठ (२०३२), *नुवाकोटको ऐतिहासिक रूपरेखा*, काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान ।

वज्राचार्य, मनवज्र (२०२५), *हाम्रा चाडपर्वहरूको विवेचना*, काठमाडौँः रत्न पुस्तक भण्डार ।

वज्राचार्य, मुनीन्द्ररत्न (२०५८), *नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर*, काठमाडौ.: प्रमोदहर्ष वज्राचार्य ।

वनमाला, अमित (२०७७), *फेसबुक* सेयर बाइ ॐ धौभडेल, ११ असोज ।

विवश, गोपाल पोखरेल (२०४५), *नेपाल अधिराज्यको ऐतिहासिक वृत्तान्त*, काठमाडौँः वीणा पोखरेल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवश, गोपाल पोखरेल (२०७०), मिश्रित संस्कृतिको प्रतीक रातो मत्स्येन्द्रनाथ रथयात्रा : पर्यटकीय गन्तव्य ललितपुर, *हाम्रो सम्पदा,* काठमाडौं : हाम्रो सम्पदा मिडिया ।

विवश, गोपाल पोखरेल (२०७०), *नवौं शताब्दीअगाडिको नेपालः केही परिदृश्य,* काठमाडौं : पुञ्ज पोखरेल ।

शर्मा, प्रयागराज (२०५४), *कुल, भूमि र राज्यः नेपाल उपत्यकाको पूर्वमध्यकालिक सामाजिक अध्ययन,* कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, रमा पाण्डेय (२०७०), *शक्ति उपासनाको परम्परा,* ललितपुरः रमा पाण्डेय शर्मा ।

शाक्य, धर्मरत्न, रवीन्द्र शाक्य र अरू (सम्पा.) (२०६२), *दीपङ्खा यात्रा,* ललितपुरः दीपङ्खा यात्रा व्यवस्थापन समिति ।

शाक्य, वुद्धाचार्य (२०६८), *बुंगद्य* (अनु.कुमार रञ्जित), रातो मत्स्येन्द्रनाथ, द क्वेस्ट ।

शास्त्री, रामनारायणदत्त (अनु.) (२०५३), *महाभारत* (आदिपर्व, अध्याय २१०), गोरखपुरः गोविन्द भवन ।

शास्त्री, रामनारायणदत्त (२०५३), *हरिवंशपुराण,* गोरखपुरः गोविन्द भवन कार्यालय ।

श्रेष्ठ, कल्पना (२०५०), काठमाडौंमा मनाउने पाया र यसको ऐतिहासिक महत्त्व, *प्राचीन नेपाल,* सङ्ख्या १३५ (कार्तिक), काठमाडौंः परातत्त्व विभाग ।

श्रेष्ठ, टेकवहादुर (२०३२), नुवाकोटको देवीजात्रा, *गोरखापत्र,* काठमाडौंः गोरखापत्र कर्पोरेसन, ७ आषाढ ।

श्रेष्ठ, टेकवहादुर र डिल्लीराज शर्मा (२०७२), *टोखा र यसवरिपरिका अमूर्त सम्पदाको अध्ययन, विश्लेषण, परिवर्तन र संरक्षण,* संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयमा प्रस्तुत प्रतिवेदन ।

श्रेष्ठ, टेकवहादुर र डिल्लीराज शर्मा (२०७५) (ने.सं. ११३९), *कि.पु. नगरपालिकामा ऐतिहासिक वा सांस्कृतिक सम्पदा,* कीर्तिपुरः नेपाल भाषा एकेडेमी ।

श्रेष्ठ, दमयन्ती (२०४९), *काठमाडौं टेकुस्थित पचलीभैरव पीठको सांस्कृतिक अध्ययन,* केन्द्रीय संस्कृति विभागमा प्रस्तुत स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि. ।

श्रेष्ठ, प्रकाशमान (२०५४), अप्सराहरूको प्रियव्रतः शालीनदी श्रीस्वस्थानी, *समाचारपत्र,* २३ माघ ।

श्रेष्ठ, मदन (२०७५), *ऐतिहासिक नगर टोखा,* टोखाः मिमिरे बचत तथा ऋण सहकारी संस्था ।

श्रेष्ठ, लीला (२०७५), बिस्कालाई होस्टे हैंसे....., *कान्तिपुर,* वर्ष २७, अङ्क ५२, २८ चैत्र ।

श्रेष्ठ, लीला (२०७३), जुजुभाइले आठौंपल्ट जिब्रो छेडाए, *कान्तिपुर,* वर्ष २४, अङ्क ५७, ३ वैशाख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रेष्ठ, विनोद (२०७०), *कीर्तिपुरमा मनाइने गाईजात्रा पर्वको सामाजिक एवम् सांस्कृतिक महत्त्व,* कीर्तिपुर: विनोद श्रेष्ठ ।

श्रेष्ठ, विनोद (२०७०), *गाईजात्रा पर्व* (देश शुद्ध, शान्ति र कल्याणका लागि), कीर्तिपुर: विनोद श्रेष्ठ ।

श्रेष्ठ, सूर्यराम (२०५७), *ऐतिहासिक सहर बोडे: एक परिचय,* भक्तपुर: भि पुच: सफू धुकू बोडे ।

श्रेष्ठ, हरिभक्त खोजू (२०४३), *धुलिखेलको सांस्कृतिक सर्वेक्षण,* कीर्तिपुर: नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

सिंह, अमर (१९९९), *अमरकोष* (सम्पा.मन्नालाल अभिमन्यु), वाराणसी: चोखम्वा विद्याभवन ।

सुवेदी, राजाराम (२०४७), सिद्ध र मननाथ, *प्राचीन नेपाल,* सङ्ख्या १२० (कार्तिक-मङ्सिर), काठमाडौँ: पुरातत्त्व विभाग ।

Amatya, Shaphalya (2006), *Water and Culture*, Kathmandu; Jalsrot Vikas Sanstha (JVS) Nepal

Anderson, Mary M. (1977), *Festivals of Nepal,* Calcutta: Rupa and Co.

Bhattacharya, S.(1988), *The Indian Iconography,* New Delhi: Motilal Banarasidas.

Hodgson, B.N. (1971), *Essay on the Language, Literature and Religion of Nepal and Tibet*, Varanasi.

Iltis, linda Louise (1985), *The Swasthani Vrata: Newar Women and Ritual in Nepal,* Part 1, A thesis submitted to University of Wisconsin-Madison to the partial fulfillment of requirement for the Degree of Doctor of Philosophy.

Kirkpatrick, W.J. (2007), *An Account of the Kingdom of Nepal,* New Delhi: Rupa & Co.

Locke, J.K.(1980), *Karunamaya*, Kathmandu: Sahayogi Prakashan for Research Centre for Nepal and Asian Studies.

Majupuria, Trilok Chandra (2014), *Gods, Goddesses & Religious Symbols of Hinduism, Buddhism & Tantrism,* Gwalior: M. Devi.

Mani, V. (1993), *Pauranic Encyclopedia,* Delhi: Motilal Banarasidas.

Mitra, Rajendralal (1971), *The Sanskrit Buddhist Literature of Nepal,* Calcutta.

Nepali, G.S. (1965), *The Newars,* Bombay: United Asia Publications.

Poudel, Rama Pandeya (2019), Kumari the Living Goddess: The Heritage of Nepal, *Landmarks of Nepal's Heritage* (Editor-in-Chief Gopal Pokharel Biwash), Kathmandu: Non-Resident Nepali Association (NRNA).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Shakya, Min Bahadur (1994), *The Iconography of Nepalese Buddhism,* Kathmandu: HAN.

Sharma, Dilli Raj and Tek Bahadur Shrestha (2016), *Sankhu, Historical and Cultural Heritage,* Kathmandu: Centre for Nepal and Asian Studies, T.U.

Sharma, Dilli Raj (2064), Inclusion through the participation: role of different castes and cultural group in the festival of Machhindranath, *Jamara* (Special issue 712) pp. 29-33.

Slusser, M.S. (1982), *Nepal Mandala: A Cultural Study of the Kathmdndu Valley,* Vol. 1, New Jercy: Princeton University Press.

Tiwari, Sudarshanraj (2002), *The Brick and the Bull,* Patan: Himal Books.

Vajracharya, Dhanabajra and Kamal Prakash Malla (1985), *The Gopalarajavamshavali,* Kathmandu: Nepal Research Centre Publication.

Vaidya, Karunakar (1986), *Buddhist Traditions and Culture of the Kathmandu Valley*, Kathmandu: Sajha Prakashan.

Wright, Daniel (1993), *History of Nepal,* New Delhi: Asian Educational Services.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 723831

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection